मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना पत्रिका

पूर्णाङ्क ११५, असार, २०८३



## नेपालमा भूमिहीनको अवस्थाः आवासको हक, चुनौती र समाधान

## अनुसन्धानकर्ताहरू

## विद्यार्थीहरू

## विद्धत वर्ग

## कार्यकर्ताहरू



# इन्सेक पुस्तकालयको प्रयोग गरौँ।

## मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

### पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू



- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू

### सुविधाहरू

० फोटोकपी ० इन्टरनेट ० कम्प्युटर

मानवअधिकारसम्बन्धी

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

समाचारपत्र, जर्नल

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाडौँ

टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np

वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

## संचेतना त्रैमासिक पत्रिका

वर्ष २८, अङ्क ११५, असार २०८३

*संस्थापक*
सुशील-प्रकाश

*सल्लाहकार*
विजयराज गौतम
अध्यक्ष, इन्सेक
डा. कुन्दन अर्याल
निवर्तमान अध्यक्ष, इन्सेक

*सम्पादक*
मदन पौडेल

*व्यवस्थापक*
शैलेश शर्मा

**मुद्रक**
ओपन प्रिन्टिङ्ग सर्भिस
कलङ्की, काठमाडौं

**प्राचीको विचार र विश्लेषण खण्डमा प्रकाशित लेख लेखकका निजी विचार हुन्। प्रकाशित लेखहरूले इन्सेकको नीति र विचारको प्रतिनिधित्व गर्दैन।**

- यथावत २
- सम्पादकीय ३
- भूमि, भूमि व्याङ्क .../देवेन्द्रप्रसाद अधिकारी ५
- भूमि अधिकारः सामाजिक.../ केशव दाहाल १३
- नेपालमा सुकुमवासीको.../टीकाध्वज खड्का २२
- रुपन्देही जिल्लामा.../टंक खनाल/अमृत गिरी २८
- भूमिहीन सुकुमवासीको.../विजयराज गौतम ४०
- नेपालमा भूमिहीनको..../यज्ञप्रसाद अधिकारी ४४
- भूमिहीनको प्रश्न किन.../प्रकाश भट्टराई ५०
- शासन फेरियो, तर.../दिवाकर उप्रेती ५६
- डोजर आतङ्कको.../कौशल काफ्ले ६३
- भूमि समस्या समाधानको.../प्रकाश अधिकारी ६७
- भूमिहीन, सुकुमवासी .../जगत देउजा ७३
- सुकुमवासी तथा .../अधिवक्ता वसन्त गौतम ८१
- सरकारको अवैध../भगवती अधिकारी ८५
- सुकुमवासी उठीवास बारेको प्रश्न र यथार्थ ...
  /अधिवक्ता राजु चापागाईं/निराजन थपलिया ८८
- भूमिहीनताः ऐतिहासिक .../विश्वास नेपाली ९६
- सुकुमवासी बालबालिका.../वरुण बस्याल १०२
- मधेस प्रदेशमा जबरजस्ती .../भोला पासवान १०५
- अधिकारविहीन मुक्त कमैया/भोला महत १०९
- कर्णाली प्रदेशमा भूमिहीन.../नारायण सुवेदी ११३
- प्रकाशको सम्झनामा ११६
- ३४ औं प्रकाश मानव अधिकार पुरस्कार.... ११७
- नागरिकलाई आवासको.../सुशील प्याकुरेल ११८

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np; www.inseconline.org

## यथावत



सुकुमवासीको व्यवस्थापन वाचापत्रअनुसार भयो ? अभिभावकीय राज्य यस्तै हुन्छ ? राज्यको कमजोरी र अक्षमता उजागर भएको छ।

**क्रान्तिशिखा धिता**
सचेतक, रास्वपा
https://bitly.cx/GAHYU



...प्रधानमन्त्री हुनुहुन्छ, नयाँ-नयाँ विश्वासका साथ उहाँ जनमतसहित आउनुभएको छ । के यो (गणेश नेपालीको घटना) राज्यको असफलता हो ? या गरिब, दुःखी, सुकुमवासीहरू संघीय राजधानी वा देशभरि बाँच्न पाउँदैनन् ? उनीहरूले गरिखान पाउँदैनन् भन्ने संकेत हो ?

**वर्षमान पुन**
सांसद, नेपाली कम्युनिष्ट पार्टी
https://bitly.cx/kT8z



हामीले २५ हजार दिएर होल्डिङ सेन्टर छाड्न भनिरहेका थियौँ। तर, उनीहरूले छाडेका थिएनन्। यही अवस्थामा पानी पसेर डुवानमा पऱ्यो। उनीहरूलाई कोठा नभेट्दासम्मका लागि खरिपाटी सारेर बस्ने व्यवस्थापन गरेका छौँ, तर खाना भने दिन सक्दैनौ।

**मचाकाजी महर्जन**
प्रमुख, अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति
https://bitly.cx/ihqS

नदीकिनारबाट सुरक्षित ठाउँमा लैजाने भनेर यस्तो डुब्ने ठाउँमा ल्याएर राख्यो । चार महिना हुन थालिसक्यो, तर अझै लालपुर्जा दिने कि स्थायी बास दिने स्पष्ट भनेको छैन । आफ्नै नागरिकलाई सरकारले दुस्मनसरह व्यवहार गरिरहेको छ । यस्तो ठाउँमा हामी रहरले बसेका छौँ होला ?

**रामकुमार राई**
कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा बस्दै आएका सुकुमवासी

## कार्टून




साभार : अनलाइनखबर डट कम

## प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ? प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?

कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।
email : prachi@insec.org.np

**सम्पादक**

# किनारामा परिएका सुकुमवासी

सामान्यतः भूमिहीन भन्नाले आफ्नो वा आफ्नो परिवारका नाममा जग्गा नभएको र आफ्नै आर्थिक क्षमताले जमिन खरिद गर्न नसक्ने व्यक्तिलाई बुझिन्छ। द्वन्द्व, प्राकृतिक विपत्ति, गरिबी वा अन्य बाध्यात्मक परिस्थितिका कारण आफ्नो थातथलो छोडेर सार्वजनिक वा सरकारी जग्गामा आश्रय लिन बाध्य भएका नागरिक सुकुमवासी हुन्। तर अन्य कुनै ठाउँमा जग्गा हुँदाहुँदै सार्वजनिक जग्गा अतिक्रमण गरेर बसेका व्यक्तिलाई यो वर्गमा राख्न मिल्दैन। यद्यपि व्यवहारमा यी तीनै समूहलाई एउटै श्रेणीमा राख्ने प्रवृत्तिका कारण वास्तविक भूमिहीन र अवसरको दुरुपयोग गर्ने समूहबीचको भिन्नता स्पष्ट हुन सकेको छैन।

राष्ट्रिय भूमि आयोगको तथ्याङ्क र विभिन्न स्थलगत प्रतिवेदनहरूलाई आधार मान्ने हो भने नेपालमा लाखौँ परिवार भूमिहीन र सुकुमवासीका रूपमा जीवन गुजारा गरिरहेका छन्। उनीहरू जतिबेला पनि सरकारले उठिबास लगाउन सक्छ भन्ने भयले बाँचिरहेका छन्। वास्तविक सुकुमवासीहरूको पहिचान र प्रमाणीकरणको कार्य सुस्त हुनु र राजनीतिक अस्थिरताका कारण भूमि आयोगहरू विघटन भइरहनुले यो समस्या झन् जेलिएको छ।

वर्षौंदेखि बसेको भए तापनि जग्गाको स्वामित्व दाबी गर्ने कानुनी प्रमाण (लालपुर्जा) नहुँदा उनीहरू राज्यबाट पाउने अन्य आधारभूत सेवा सुविधाबाट समेत वञ्चित छन्। सुकुमवासी बस्तीहरूमा बसोबास गर्ने बहुसङ्ख्यक नागरिकहरू दलित, जनजाति र आर्थिक रूपमा विपन्न समुदायका भएकाले उनीहरूले सामाजिक र आर्थिक विभेदको दोहोरो मार समेत खेप्नुपरिरहेको छ।

नेपालमा भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीहरूको समस्या दशकौँदेखि बल्झिँदै आएको राजनीतिक तथा सामाजिक सवाल हो। केन्द्रीय सरकार तथा स्थानीय सरकारले "सरकारी जग्गा संरक्षण र अतिक्रमण हटाउने" नाममा अपनाएको शैलीले यस समस्यालाई थप संवेदनशील र भयावह बनाएको छ। उपयुक्त र न्यायोचित वैकल्पिक व्यवस्थापन नै नगरी, कुनै पूर्वतयारी बिना बस्तीहरूमा एक्कासि डोजर चलाउने, भौतिक संरचनाहरू भत्काउने र नागरिकलाई उनीहरूको थातथलोबाट उठिबास लगाउने कार्यहरू भइरहेका छन्।

भूमिहीन तथा सुकुमवासीको समस्या दशकौँसम्म समाधान हुन नसक्नुको पहिलो कारण समस्याकै अन्तर्निहित जटिलता हो, जसलाई राजनीतिकीकरणले झन् जटिल बनाएको छ। भूमिहीनताको प्रश्न केवल जग्गाको स्वामित्वसँग सम्बन्धित विषय होइन, यो वर्गीय असमानता, जातीय विभेद, सशस्त्र द्वन्द्व, प्राकृतिक विपत्ति, आन्तरिक बसाइँसराइ तथा राज्यको विकास नीतिसँग गाँसिएको बहुआयामिक प्रश्न हो। एउटै "सुकुमवासी" भन्ने वर्गभित्र सशस्त्र द्वन्द्व र विभिन्न राजनीतिक आन्दोलनका कारण विस्थापित भएका

नागरिक, कमैया र हलिया मुक्तिपछि घरबारविहीन बनेका परिवार, बाढीपहिरो तथा अन्य प्राकृतिक विपत्तिका कारण आफ्नो थातथलो गुमाएका समुदाय, र पुस्तौँदेखि भूमिहीन रहेका परिवार सबै समेटिएका छन् । यति फरक पृष्ठभूमिका समुदायलाई एउटै नीतिगत ढाँचाभित्र राखेर समाधान खोज्ने प्रयास गरिँदा न त समावेशी नीति निर्माण हुन सक्यो, न दिगो समाधान नै सम्भव भयो ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई आवासको अधिकार सुनिश्चित गरेको छ। संविधानको धारा ३७ ले उपयुक्त आवासको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ । तर व्यवहारमा हजारौं परिवार अझै भूमिहीन, अव्यवस्थित बसोबासी वा असुरक्षित आवासको अवस्थामा रहेका छन् ।

भूमिहीन सुकुमवासीको समस्या केवल जमिनको स्वामित्वसँग मात्र सम्बन्धित विषय होइन । यो गरिबी, सामाजिक बहिष्करण, जातीय विभेद, शिक्षा, स्वास्थ्य, जीविकोपार्जन र मानव अधिकारसँग समेत जोडिएको विषय हो। त्यसैले यसको समाधान पनि समग्र र दिगो ढंगबाट खोजिन आवश्यक छ। सुकुमवासीलाई जग्गा दिँदैमा समस्या समाधान हुँदैन । सुकुमवासीको समस्या उठाउँदा हामीले उनीहरूको जीवनयापनको विषयलाई प्राथमिकता दिनुपर्छ।

भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीको समस्या केवल कानुनी वा प्रशासनिक विषय होइन, यो सामाजिक न्याय, समानता र मानव अधिकारसँग प्रत्यक्ष रूपमा जोडिएको प्रश्न हो। भूमि अधिकार भनेको केवल सम्पत्तिको स्वामित्वको विषय मात्र होइन, सम्मानजनक जीवन, सुरक्षित आवास र जीविकोपार्जनको आधार सुनिश्चित गर्ने अधिकार पनि हो । त्यसैले भूमिहीनताको समाधानलाई विकास वा प्रशासनिक व्यवस्थापनको सीमित दृष्टिकोणबाट होइन, मानव अधिकार र सामाजिक न्यायको दृष्टिबाट हेर्न आवश्यक छ।

कुनै बस्ती हटाएर शहरलाई व्यवस्थित वा सुन्दर देखाउन सकिएला। तर त्यसका कारण गरिब, भूमिहीन र सीमान्तकृत नागरिक अझ असुरक्षित, विस्थापित र अधिकारविहीन बन्छन् भने त्यसलाई दिगो समाधान भन्न सकिँदैन। वास्तविक समाधान भनेको सबै नागरिकका लागि सम्मानजनक आवास, सुरक्षित बसोबास र भूमि अधिकार सुनिश्चित गर्नु हो । त्यसका लागि भूमिहीन तथा सुकुमवासीको योजनाबद्ध, दिगो र सम्मानजनक व्यवस्थापन आवश्यक छ। त्यसरी मात्र उनीहरूले न्याय पाउन सक्छन्।

जमिन मानव जीवनको आधारभूत आवश्यकता हो। घर निर्माण, खाद्य उत्पादन, जीविकोपार्जन र सामाजिक सुरक्षाको आधार नै भूमि हो । मानिस मात्र होइन, पृथ्वीका अधिकांश जीवजन्तुको आश्रय पनि भूमि नै हो । प्रकृतिले भूमि सबैका लागि उपलब्ध गराएको भए पनि जनसङ्ख्या वृद्धि, असमान वितरण र ऐतिहासिक अन्यायका कारण भूमिमा पहुँच समान रहन सकेको छैन। लाखौँ नागरिकको सवालमा राज्यका निकायले देखाएको व्यवहार खेदजन्य छ । संविधान तथा कानुनका दृष्टिमा सबै नागरिक समान छन्। राज्यले कमजोर वर्गप्रति अझ ध्यान दिनुपर्ने हो तर, नेपालको सन्दर्भमा यो भइरहेको छैन।

# भूमि, भूमि ब्याङ्क र सरकारी नियत

देवेन्द्रप्रसाद अधिकारी

भूमि प्रकृतिप्रदत्त उपहार हो। भूमिको असमान वितरणको कारणले राज्यका नागरिकहरूले अपमानको अवस्था भोग्नु हुँदैन। भूमि समयकालसँगै शोषक र सामन्तहरूले सोझा र भूमिलाई उत्पादनमूलक बनाउने मेहनतबस किसान तथा आदिवासीहरूबाट जबर्जस्ती खोसेर लिएका हुन्। साथै राज्य सञ्चालकले आफ्ना नजिकका मानिस वा तावेदरलाई सहयोग गरेबापत दिएका हुन्। जसले गर्दा नै समाजमा भूमिपति र भूमिहीनको अवस्था सृजना भएको हो। समाजमा बस्ने प्रत्येक नागरिकको प्राकृतिक श्रोत तथा साधनहरूमा समान अधिकार रहन्छ। त्यसैले उपलब्ध भूमिलाई कसरी अधिकाधिक सदुपयोग गर्ने भन्नेतर्फ राज्यले सोच्नुपर्छ। भूमिमाथिको स्वामित्व असमान हुनुको पछाडि सबै नागरिकप्रति राज्यको समान व्यावहार नहुनु हो। कानुनको दृष्टिकोणमा सबै नागरिक समान भनिए तापनि समाजका उपल्लोवर्गका बोलवालाहरूको राज्यसम्मको पहुँच र तल्लो तहका नागरिकहरू तथा उनीहरूको राज्यसम्मको पँहुचमा भिन्नताले नै प्रष्ट्याएको अवस्था छ। यसका लागि राज्यले सरकार सञ्चालन गर्ने साझेदारहरूबीच सहमतिको वातावरण बनाई कार्यान्वयनमा जानुपर्छ। घर बनाउन घडेरी र खानका लागि अन्न पुग्ने जमिन प्रत्येक परिवारसँग हुनुपर्छ। यसका लागि राज्यले जनचाहना अनुरूपका नीति अवलम्बन गर्नु जरूरी छ। आज नेपाल अधिराज्यमा २० प्रतिशत खेतियोग्य जमिन बाँझै रहेको अवस्था पनि छ। यसरी बाँझो रहेको जमिनको पनि सदुपयोग हुनुपर्छ। भूमि व्यवस्थापनका लागि राज्यले बुझ्नुपर्ने कुरा के हो भने, यदि समयमा नै दृढ इच्छाशक्तिको आधारमा उचित र प्रगतिशील व्यवस्थापन गर्न सकिएन भने यसबाट उत्पन्न हुने परिणाम राज्यको लागि घातक हुँदै जान्छ।

मानवीय विकास सूचकाङ्कको आधारमा नेपाल १७२ औं गरीब देशमा पर्दछ। नेपालको सन्दर्भमा भूमिमाथिको पहुँच र स्वामित्व गरीबीको प्रमुख कारणमध्ये एक हो। ७६ प्रतिशत नेपाली कृषिमा निर्भर छन्। त्यसकारण भूमि र गरीबीबीचको अन्तरसम्बन्धलाई पहिचान गरेर सो अनुरूप नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयन गर्नसके मात्र नेपालको गरीबी निवारण हुन सक्नेमा दुई मत छैन। तर त्यसको लागि सशक्त भूमि व्यवस्थापन हुनु आवश्यक छ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २५(२) मा देशको उपलब्ध आर्थिक श्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धीको न्यायोचित वितरणको व्यवस्था मिलाइ कुनै पनि वर्ग वा व्यक्तिउपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गर्ने कुरा उल्लेख छ। तर यथार्थमा भूमिजस्तो महत्त्वपूर्ण श्रोत सीमित व्यक्तिको हातमा केन्द्रित रहेको तथ्याङ्कले पुष्टि गर्दछ। जमिनसँग जोडिएका थुप्रै आर्थिक अन्याय र शोषणहरू अझै पनि विद्यमान छन्। कमैया, कमलरी, हलिया आदि प्रथालाई उदाहरणका रूपमा लिन सकिन्छ। यस बाहेक मोहीहरूको समस्या पनि कम छैन।

भूमिसुधार र नेपालको राजनीति एक आपसमा गाँसिएका छन्। २००६ सालमा नेपाल कम्यूनिष्ट पार्टीको स्थापनापछि जारी गरिएको पर्चामा भूमिमाथिको असमान वितरण नै विषमताको मुख्य कारण भएको बताइएको थियो। सातसालको परिवर्तनपछि त्यतिखेरको प्रमुख राजनीतिक दल नेपाली कांग्रेसले विर्ता उन्मूलनको घोषणा गरेपछि जमीन्दार वर्ग प्रजातन्त्रको खिलाफमा गएको कारणले २०१७ सालको काण्डलाई सघाउ पुगेको मानिन्छ। २०४८ सालमा तत्कालीन भूमिसुधार मन्त्री जगन्नाथ आचार्यको भुमिसुधार योजना सम्बन्धी नीति सत्तारूढ नेपाली कांग्रेस भित्र व्यापक विरोध भएकोले आचार्यले मन्त्री पदबाट राजीनामा मात्र गरेनन् पार्टीसमेत त्याग गरे।

सुकुमवासी समस्या सामाधानको नारा सरकारमा पुग्ने र सरकार टिकाउनका लागि राजनीतिक पार्टीहरूको एक प्रमुख नारा बन्दै आएको छ। तर सरकारमा पुगेपछि ती सबै नाराहरू सेलाएर जाने र भूमिसुधार र सुकुमवासी समस्या समाधान आयोगहरू पनि विवाद मुक्त भएर काम गर्न नसक्ने अवस्था विद्यमान रह्यो। जसले गर्दा भूमिको उचित व्यवस्थापनको समस्या यथावत रहन गयो। भूमिको वितरणबाट मात्र भूमिसम्बन्धी समस्या समाधान हुन नसक्ने र यसका पछाडि अन्य थुप्रै सामाजिक सवालहरूको समुचित व्यवस्थापन गर्नुपर्ने कुरा थाहा भएर पनि तिनीहरूलाई समाधान गर्नकालागि चाल्नु पर्ने नीतिगत तथा प्रकृयागत विषयहरूलाई ध्यान दिइएन। केवल सतही रूपमा भूमिसम्बन्धी समस्या भएकोमा स्वीकार गर्ने समस्यालाई प्राथमिकीकरण गरी त्यसको निराकरण गर्ने सवालमा भने भूमिलाई न्यून प्राथमिकता दिइयो।

२००६ सालमा कम्यूनिष्ट पार्टीले उठाएको भूमिको असमान वितरणको विषयलाई नेकपा ( माओवादी)ले प्रमुखता दिँदै आएको छ। २०५८ सालमा शेरबहादुर देउवाको सरकारले भूमिमा हदबन्दीको नया व्यवस्था गऱ्यो। तर, २०२१ सालमा हदबन्दीबाट सरकारले प्राप्त गरेको भूमिको समेत वितरण हुन नसकेको अवस्थामा देउवा सरकारको भूमिसुधारले पनि गति लिन पाएन। उनको पार्टी भित्रैबाट पनि हदबन्दीको विरोध उत्तिकै भएको थियो।

०६१ माघ १९ पछिको राजाको अध्यक्षतामा गठित सरकारले घोषणा गरेको २१ बुदे कार्यक्रम तथा सोही कार्यक्रमलाई सफल पार्न धोषणा गरिएको आ.व ०६२/०६३ को बजेटमा पनि भूमि वितरण र उपयोगको क्षेत्रमा केही कुराहरू उल्लेख गरिएको पाइन्छ। यसमा विशेष गरेर भूमि ब्याङ्कको स्थापना गरी सुकुमवासीहरूलाई जग्गा वितरण गर्ने कार्यक्रम प्राथमिकताका साथ अघि सारिएको छ। भूमि ब्याङ्कको कार्यक्रमले सुकुमवासी, कमैया, हलिया, बाँधा श्रममा आश्रित परिवारहरूको समस्या समाधान गर्न सक्ने सम्भावन न्यून छ। साथै यस वर्षको वजेटमा पुनस्थापना कार्यक्रम अन्तर्गत जग्गा पाई विभिन्न कारणले भोग गर्न नपाएका परिवारको सम्वन्धमा र जमिनमाथिको दोहोरो स्वामित्वको अन्त्य गर्न मोही र जग्गा धनीहरूको बीचमा रहेको समस्यालाई समाधान गर्ने कुरा उल्लेख गरिएको छ। यस कार्यक्रमको लागि सरकारले बजेट छुट्टयाएको छ। यसलाई सरकारले वर्तमान द्वन्द्वको अवस्थामा कसरी कार्यान्वयन गर्ने हो, सबैको चासोको विषय रहेको छ।

**भूमिसुधारसम्बन्धी प्रयासहरू**

वास्तविक समस्या समाधान गर्ने दृढ अठोटकासाथ भूमिसुधारलाई कुनै पनि सरकारले गम्भीरतापूर्वक उठाउन चाहेको पाइँदैन। अहिलेसम्मका भूमिसम्बन्धी समस्याहरू समाधानार्थ जे जस्ता काम

कारवाही भए तिनको उद्देश्य भूमिपति र किसानहरूको संभावित सङ्घर्ष रोक्न र घुमाउरो तवरले भूमिपतिहरूलाई नै संरक्षण गर्नुमै सीमित रहेको पाइन्छ। भूमिसुधारको लागि विभिन्न अयोगहरू बने। यसमा भूमि जाँच आयोग २००८, भूमिसुधार आयोग २००९, उच्चस्तरीय भूमिसुधार आयोग २०५१, सुकुमवासी समस्या समाधान आयोगहरू २०५१ र २०५६ लाई लिन सकिन्छ। त्यस्तै भूमि व्यवस्थासम्बन्धी विभिन्न कानुनहरू बनेका छन्। यिनीहरूमा विर्ता उन्मूलन ऐन २०१६, भूमिसम्बन्धी ऐन २०२१, गुठी संस्थान ऐन, २०३३ र मालपोत ऐन, २०३४ प्रमुख छन्। भूमिसम्बन्धी ऐनमा ०४६ सालयता मात्र तीन चार पटक संशोधन भइसकेको भए पनि यसले जमिन जोतिरहेका बेदर्तावाल मोही किसानको समस्यालाई हल गर्न सकेको छैन। ०६० सालमा मोही लागेको जग्गा बाँडफाँड सम्बन्धी सरकारी सूचना कार्यान्वयनमा आउन कठिनाई भइरहेको छ। यसैगरी ०६१ मङ्सिर १४ गते श्री ५ को सरकारद्वारा स्वबासीहरूलाई जग्गा वितरणका लागि गठन गरिएको आयोगले पनि खासै काम गर्न सक्ने अवस्था छैन। भूमिसुधारका लागि तय गरिएका सुधारवादी कानुनी व्यवस्थाहरू समेत लगातार असफल हुदै आएका छन्।

**राज्यको दृष्टिकोण**

भूमि व्यवस्थापन सम्बन्धमा राज्यको दृष्टिकोण स्पष्ट नभएकोले वास्तवमै भूमि व्यवस्थापन गर्न नचाहेको प्रतीत हुन्छ। राज्यले भूमि व्यवस्थापनका लागि सम्पूर्ण राजनीतिक दलहरू, नागरिक समाज, हलिया, सुकुमवासी, कमैया, बाँधा श्रमिकको धारणा बुझेर सोहीअनुरूप एकीकृत योजना बनाउनु जरूरी छ। हालसम्म यस खालको पहल नभएकाले गर्दा जति पनि कार्यक्रम तय भए, प्राय: असफल नै साबित भइरहेका छन्। भूमिसुधारका लागि हालसम्म गरिएका प्रयासहरू नेपाली जनताको वास्तविक चाहनाबमोजिम हुन सकेनन्। सुधारका कामहरूमा आफ्नो मौलिकता छैन। आयातित नियम तथा कानुनहरू र संरक्षित परिपाटीले गर्दा नेपाली माटो सुहाउँदो भूमिसुधारको कार्यक्रम सञ्चालन हुन सकेको छैन। राज्यले भूमि व्यवस्थापन सम्बन्धमा समष्टीगत योजनाको खाका तयार गर्न सकेको छैन। राज्यस्तरीय दीर्घकालीन गुरूयोजना हालसम्म बन्न सकेको छैन। जसले राज्य सञ्चालन गर्ने हो, उसले योजना तर्जुमा गर्दा अन्य कुनै पक्षलाई समावेश गर्नु त परै जाओस् उनको सल्लाह र सुझावसमेत आवश्यक ठान्दैन। जसले गर्दा जनतासँग प्रत्यक्ष सरोकार राख्ने समस्यामा पनि राष्ट्रिय धारणाको विकास हुन सकेको छैन।

नेपाल अधिराज्यमा जम्मा १ लाख ४७ हजार १ सय ८१ वर्ग कि.मी. जमिन छ भने यसको २० प्रतिशत अर्थात् ३१ हजार ७ सय ९० वर्ग किमी मात्र खेती योग्य छ। कूल घरपरिवारहरूमध्ये २५ प्रतिशत भूमिहीन छन् र ५ प्रतिशत धनी परिवारको ३७ प्रतिशत जमिनको स्वामित्व रहेको छ। यो विसंगत तथ्य राज्यलाई थाहा नभएको होइन। करिब ३ लाखको संख्यामा हलियाहरू, २०५७ सालमा मुक्त घोषित करिव १ हजार ४ सय र २०५९ सालमा छुट भएका करिव १३ हजार कमैयाहरू, २ लाख ५० हजार दर्तावाल र करिब ४ लाख ५० हजारको संख्यामा रहेका बेदर्तावाल मोहीहरू, उखडा जमिन कमाउनेकै नाममा दर्ता गर्ने नियम बनेको ४० वर्ष हुँदा पनि कमाएको जग्गा आफ्नो नाममा नभएका करिब ५ हजार परिवारहरू (विशेषगरी रूपन्देही, नवलपरासी र कपिलवस्तु), र मुक्त भएको घोषणा गरिए तापनि बाध्यतावस मालिकको दास बन्न वाध्य बाँधा श्रमिकहरू अझै छन् भन्ने पनि राज्यलाई थाहा छ। विगत केही समय

अघिदेखि ६३ हजार भूमिहीनहरूले दर्ता गरेको निवेदनउपर संवेदनशील भएर सोच्नुपर्छ भन्ने पनि राज्यलाई थाहा छ। नेपालमा खेतियोग्य जमिनको २० प्रतिशत जमिन बाँझो र १२ प्रतिशत घाँसे मैदान छ। गुठी जग्गाले समाजमा झन् विकृति र विसंगति ल्याएको छ र यसलाई व्यवस्थित गर्नु पर्छ भन्ने पनि राज्यलाई थाहा छ। सामन्तहरूले विभिन्न व्यक्तिहरूको नाममा जग्गा राखेर त्यसको आयस्था आफूहरूले नै लिने गरेका छन्। यसबाहेक जग्गा दपोटको समस्या प्रति  पनि राज्य अनभिज्ञ छ भन्न सकिँदैन। तर किन हालसम्म पनि राज्यले भूमिसम्बन्धी समस्या समाधान गर्न चाहँदैन ? यसको पछाडि राज्यको नियतसँग गाँसिएका सवालहरूले प्रमुख भूमिका खेलेका छन् भन्ने स्पष्ट देखिन्छ।

ढिलो वा चाडो राज्य सञ्चालन गर्ने भनेको प्रजातान्त्रिक प्रकृयामा विश्वास राख्ने राजनीतिक पार्टीहरूले नै हो। राज्य संचालन गर्ने जिम्मेवारी पाएका राजनीतिक पार्टीहरूमा भूमिको न्यायोचित वितरणका लागि दृढ राजनीतिक इच्छाशक्ति जरूरी छ। राजनीतिक पार्टीहरूमा यस किसिमको इच्छाशक्ति नभएको अवस्थामा राज्यले जतिसुकै कडाइका साथ लागू गरौं भने पनि लागू गर्न नसकिने अवस्था रहन्छ। सबै राजनीतिक पार्टीहरूले भूमि व्यवस्थापन सम्बन्धमा एकै किसिमको दृष्टिकोण बनाउन सकेका पनि छैनन्। तसर्थ उनीहरूको नीति तथा कार्यक्रममा एकरूपता आउनु जरूरी छ। सबैले जनतालाई केन्द्रबिन्दू मानेर अगाडि बढेमा भूमिको उचित व्यवस्थापन गर्न सकिन्छ।

राज्य भूमिको वर्तमान जोताहा नीतिमा परिवर्तन गर्न चाहँदैन। अघिल्तिर देखा परेको तात्कालिक समस्यामात्र समाधान गर्न खोज्ने नीति तथा कार्यक्रम ल्याएर झिना-मसिना काम गर्नमा नै यसले आत्मसन्तुष्टि लिने गरेको छ। जड कुरामा नपुगी बाहिरीरूपमा नै समस्याको समाधान खोजिएको अवस्था छ। सरकार परिवर्तनसँगै भूमिसुधारका सम्बन्धमा विशेष योजनाहरू ल्याइए पनि तिनीहरू प्रभावकारी हुन सकेनन्। अर्थात वास्तविक भूमि मालिकले यसलाई राम्रोसँग लिँदैन। वास्तविक शक्ति भएकाहरूको शक्तिको केन्द्रबिन्दू भूमिको धरातलमा उभिएको हुनाले यसको व्यवस्थापन वास्तविक रूपमा गर्ने पक्षमा सो शक्तिकेन्द्र सहमत हुँदैन। उक्त शक्ति केन्द्रले नचाहेपछि 'लाए-अराएको' गर्नेले क्रान्तिकारी भूमिसुधारको काम गर्नसक्ने अवस्था नै रहँदैन। ग्रामीण सचेतनता जगाउने कार्यक्रमहरूको प्रभावकारी संचालनबिना यस दिशामा उपलब्धी हासिल गर्न सकिने अवस्था पनि छैन। अन्यथा राज्यले आफ्नो सोच र विवेकले भूमिको समुचित व्यवस्थापन नगर्ने प्रायः निश्चित छ। किनकी राज्य सञ्चालनको जिम्मेवारी पाएका नेतृत्व वर्गले अति गरीबमुखी भएर सोच्ने अभ्यास र कार्यान्यवन गर्ने इच्छाशक्ति उनीहरूकै सीमित स्वार्थ र प्रवृत्ति रहुन्जेल जागृत हुँदैन। वास्तविक भूमिसुधार गरी वास्तविक भूमिहीन, जोताहा र सुकुमवासीहरूलाई जग्गा उपलब्ध गराउन र राष्ट्रभित्र उपलब्ध भूमिमा सबैको हक स्थापित गर्न राज्य सञ्चालनको नेतृत्व गरिरहेकाहरूलाई ठूलै जनदबावको सृजना नगरी पीडितहरूले न्यायोचित रूपमा जमिन प्राप्त गर्ने अवस्था छैन। राज्य अञ्जुलीले लिने र मुठीले दिने नीति लिएर अगाडि बढेको अवस्थामा विकराल अवस्थामा रहेको भूमि व्यवस्थापनसम्बन्धी समस्यालाई कसरी समाधान गर्न सकिन्छ भन्नेतर्फ राज्यको स्पष्ट सोच र कार्यान्वयन आवश्यक छ।

**हरित क्रान्ति, बाली विविधीकरण र भूमि व्यवस्थापन**

कृषिमा आधारित जनसङ्ख्याको

गरीबीको मूल कारण भूमिको असमान वितरण प्रणाली नभइ कम उत्पादन हो भन्नेतर्फ ध्यान केन्द्रित गराउन सुनियोजित तवरले हरित क्रान्ति र बालि विविधीकरणको अवधारणा अघि सारिएको हो। भूमिको समुचित वितरण तथा व्यवस्थापन हुनुपर्ने तथा जमिन जोत्नेको हुनुपर्ने विषयमा विश्वव्यापी रूपमा उठिरहेका आवाजहरूलाई मत्थर गर्न विश्वभर यस्ता अवधारणा अगाडि सारिएको अवस्था छ। हरित क्रान्ति तथा बालि विविधिकरणको कथित क्रान्तिकारी अवधारणामा उन्नत प्रविधिहरूको प्रयोगबाट उत्पादन र उत्पादकत्व बढाइ विश्वमा भोकमरी र गरीबीको समस्या समाधान गर्ने अवधारणा अगाडि सारिएका छन्। यो नीति सतहीरूपमा राम्रो लागे तापनि यसले वास्तविक रूपमा प्राकृतिक श्रोत र साधनमाथि सबैको अधिकार रहेको कुरालाई पन्छ्याउन खोजेको छ। वास्तविक किसान तथा भूमिहीनहरूलाई जमिन उपलब्ध गराउने नारा कम्युनिष्टहरूको नारा भएको र यसलाई सहयोग पुग्ने खालका कुनै पनि नीति विश्वमा बनाउन नदिने घोषित नीति अमेरिका लगायतका देशहरूको रहेकाले हरित क्रान्तिको नारा ल्याएर जमिन जोत्नेहरूको हुनु पर्छ भन्नेहरूलाई दिग्भ्रमित गर्न खोजिएको आरोप लाग्दै आएको छ। यहाँ स्मरणीय के छ भने २०२१ सालमा भूमिसुधार आयोजनाका लागि नेपाललाई सहयोग गर्ने मुलुक पनि अमेरिका नै हो। असमान भूमि वितरणको कारणले निम्त्याएको समस्या र त्यसलाई समाधान गर्न अपनाउनु पर्ने विषयवस्तुतर्फ ध्यान नदिएर फगत झिना-मसिना कुरामा नै सबैलाई अल्झाउने र अन्तरविरोध सृजना गराउने प्रयत्न गरिएको छ।

**भूमि नै किन?**

ग्रामीण भेगमा बसोबास गर्ने अधिकांश नागरिकहरूको आम्दानी, रोजगारी, जीविकोपार्जन र निर्यातको माध्यम जमिन हो। जमिनमाथि पहुँचको आधारमा नै व्यक्तिको प्रशासनिक, राजनीतिक तथा सामाजिक क्षेत्रमा पहुँच स्थापित हुने अवस्था छ। सबैका लागि भूमिमा पहुँचको अवस्थाले दीर्घकालमा भूमिको उत्पादन तथा उत्पादकत्व बढ्ने, भूमिमा लगानी बढ्ने, समानुपातिक पहुँचले बढावा पाउने तथा द्वन्द्वको अवस्थामा कमी आउने सम्भावना बढ्दै जान्छ। तसर्थ, भूमि सबै नागरिकका लागि समानुपातिक रूपमा उपलब्ध हुनु जरूरी छ। व्यक्तिको जमिनमाथिको पहुँचको आधारमा मात्र उसले राज्य तथा समाजले उपलब्ध गराउने श्रोत र साधनको अधिकार प्राप्त गर्दछ। यदि उ सँग पर्याप्त मात्रामा जमिन नभएको अवस्था भएमा सिद्धान्तत उसले श्रोत र साधनमाथि उसको पहुँच कायम रहन्छ तर व्यवहारमा कायम हुँदैन तसर्थ भूमि व्यक्तिको व्यक्तित्व विकास तथा सामाजिक प्रतिष्ठाकालागि पनि हाम्रो जस्तो मुलुकमा जरूरी छ।

**विगतका भूमिसुधारका कार्यक्रम**

विगतका भूमिसुधारका कार्यक्रमहरूले कानुनीरूपमा जग्गाको हदबन्दी कम गर्ने काम गरे। तर जसरी हदबन्दी लागू गरिएको थियो, त्यसको कार्यान्वयन फितलो भएका कारण तथा हदबन्दीको नीति-नियम बनाउनेहरू नै जमिनको मालिक भएका कारण नीति नियमले मूर्त रूप नलिँदै आफ्नो नाममा भएका जग्गाहरू कानुन छल्नका लागि अन्य व्यक्तिको नामसारी गरी वास्तविक हदबन्दीभन्दा बढी जग्गा सरकारले प्राप्त गर्न नै सकेन। जसले गर्दा भूमिसुधारको कार्यक्रम ल्याएर पनि भूमिसुधार हुन सकेन। ०२१ सालमा र ०५८ सालमा गरिएका भूमिसुधार कार्यक्रमहरूले भूमिको हदबन्दी त किटानी

गरे तर त्यो किटानीको औचित्य पुष्टि हुन सकेन

यस्तो हदबन्दी कायम गर्नुको पछाडि कुनै पनि अध्ययन, अनुसन्धान गरेको पाइँदैन। त्यसैले पछिल्लोपटक ०६० सालमा मोही लागेको जग्गा बाँडफाँड र भदौ २२ गते राजपत्रमा प्रकाशित सूचना कार्यान्वयनमा आउन कठिनाइ भइरहेको छ। यसैगरी ०६१ मङ्सिर १४ गते सरकारद्वारा स्वबासीहरूलाई जग्गा वितरणका लागि गठित आयोगले पनि अहिलेसम्म तल्लो तहका जनतालाई राहत हुने कुनै कार्य गर्न सकेको छैन। यसरी भूमिसुधार गर्न भनी गरिएका सुधारवादी कानुनी व्यवस्थाहरूसमेत लगातार असफल हुँदै आएको अवस्थामा बिना अध्ययन र अनुसन्धानबाट गरिने निर्णयहरूले वास्तवमै कुनै किसिमको निकास दिन सक्दैन। विगतका भूमिसुधार कार्यक्रमबाट पाठ सिकेर मात्र भूमि व्यवस्थापन सम्बन्धमा आम नीति तर्जुमा गर्नु पर्नेमा सतही रूपमा नै फेरि भूमि बैंङ्कको अवधारणा ल्याइएको पाइन्छ। जसबाट विगतको फितलो परिपाटीलाई निरन्तरता मिलेको छ। यसबाट वास्तविक भूमिहीन तथा सुकुम्वासीहरूको समस्या समाधान हुन सक्ने देखिँदैन।

**भूमि ब्याङ्क के हो ? यसले के गर्छ ?**

भूमि ब्याङ्क विश्वव्यापीकरणका कारण एशियाली विकास बैङ्कको नीति र निर्देशनबमोजिम श्री ५ को सरकारले ल्याएको सुधारको कार्यक्रम हो। सामन्ती भू-स्वामित्वको अन्त्य गरी जोताहा र वास्तविक किसानलाई जमिनको मालिक बनाउनु पर्छ भन्ने आवाज उठिरहेको अवस्थामा सरकारले ती आवाज उठाउनेहरूको आँखामा छारो हाल्न मात्र भूमि ब्याङ्कको अवधारणा ल्याएको पाइन्छ। यसमा विशेष गरी राज्यले जमिन्दारहरूसँग जमिन किन्ने र मध्यपश्चिम तथा सुदूरपश्चिमका भूमिहीनहरूलाई वितरण गर्ने कुरा उल्लेख छ। यस वर्षको वजेटमा राज्य कोषवाट सरकारले ७९ करोड ९ लाख भूमिसुधारको क्षेत्रमा कार्यक्रम सञ्चालनकालागि बजेटबाट विनियोजन गरेको पाइन्छ। सो बजेट भूमि बैङ्क स्थापना गरी भूमिहीन तथा सुकुम्वासीहरूलाई व्यवस्थित गर्ने कार्यक्रम रहेको पाइन्छ। भूमि बैङ्क स्थापना नभएसम्म अल्पकालीन कार्यक्रमको रूपमा बाँके र कैलाली जिल्लाका छानिएका क्षेत्रमा कृषि विकास बैंक मार्फत भूमिहीन मुक्त कमैया तथा मोहीलाई जग्गा खरिद गर्न सहुलियत ब्याज दरमा दीर्घकालीन ऋण उपलब्ध गराइने उल्लेख छ। सरकारले हालै भएको अध्ययन समेतको आधारमा भूमिमा भूमिहीन कृषकहरूको पहुँच बढाउने गरी भूमि बैङ्कको स्थापना गरिनेछ भनिएतापनि सो अध्ययन अपर्याप्त छ। यसबाट यस वर्ष मुक्त कमैया वा मोहीले त्यस्ता सुविधा कुन आधारमा कतिजनालाई उपलब्ध गराउने हो, जग्गाको मूल्य तोक्ने आधार के हो, त्यसको निर्क्यौल छैन। जबसम्म जमिनमाथि भूमिहीनहरूको हक स्थापना गर्ने भन्ने विषयलाई केन्द्रबिन्दू बनाएर अध्ययन अनुसन्धान गरिन्न तबसम्म वास्तविक भूमिसुधारको कामलाई अगाडि बढाउन सकिन्न। एक तथ्याङ्कलाई आधार मान्दा हालसम्म कमैयाहरूकालागि मात्र विभिन्न श्रोतवाट करिब ६९ करोड ६० लाख ५० हजार खर्च भइसकेको अवस्था छ। तर यसले कमैयाहरूको जीवनमा खासै परिवर्तन आउन सकेको देखिदैन भने सरकारी क्षेत्रबाट स्थापना भएको भूमि बैङ्कले भूमिहीन किसानहरू बिना झन्झट सहुलियतपूर्ण तरिकाले ऋण उपलब्ध भई जीवन स्तरमा परिवर्तन आउने कुरा दिवा स्वप्न मात्र हो।

सम्भवत: श्री ५ को सरकारको समग्र भूमिसुधार कार्यक्रमकोरूपमा भूमि बैङ्कको स्थापना गर्न लागेको हुनसक्छ। यही

कार्यक्रममार्फत् भूमिसुधारको काम गर्ने महत्वकांक्षा सरकारले लिएको छ। तर यसले वास्तविकरूपमा भूमिहीनहरूलाई फाइदा गर्दैन। भूमिपतिहरूले उब्जाउ गर्न नसकेको र आफ्नो नाममा राखिछाडेको जमिन राज्यले खरिद गरी तिनै भूस्वामी गुण लागाउनेबाहेक अन्य केही हुन सक्दैन। यो भूमिपतिहरूलाई पोस्ने उपाय मात्र हो। ऋणको रूपमा जमिन उपलब्ध गराएर न त भूमिहीनले उक्त जमिन आफ्नो बनाउन सक्छ न यसबाट राष्ट्रलाई कुनै फाइदा हुन्छ। तसर्थ भूमि ब्याङ्कको अवधारणा ठीक छैन। सीमितवर्गको भू-स्वामित्व अन्त्य गर्न पुस्तौंदेखि कमाई आएको जग्गा बिनासर्त जग्गा कमाउनेको नाममा गरी भूमिअधिकार स्थापित गराउनुभन्दा अर्को उत्तम विकल्प नहुन सक्छ।

## आवश्यकता नयाँ भूमिसुधारको

हाम्रो मुलुकको भूमिसुधार कार्यक्रमले जमिनको हदबन्दीको न्यायोचित, किटानी र प्रभावकारी एवम् पारदर्शी रूपमा कार्यान्वयन गर्न सक्नुपर्छ। जमिन जोतिरहेका दर्तावाल र बेदर्तावाल जोताहाहरूका लागि पूर्ण मोहियानी हकको व्यवस्था गर्न सक्नुपर्छ। भूमिहीन तथा कृषि श्रमिकलाई जीविकोपार्जनका लागि उचित भूमिको व्यवस्था गर्नुपर्छ। जमिनमा आधारित विभिन्न शोषणहरू जस्तो: हलिया प्रथाको उपयुक्त विकल्पसहित(कमैयाहरूलाई जसरी होइन), योजनाबद्ध अन्त्य अर्थात जमिन जोतिरहेको समयावधिको आधारमा समुचित हक स्थापित हुने गरी व्यवस्थापन गर्नुपर्छ। गुठीको नाममा रहेको जग्गाको सही स्वामित्व पहिचान र व्यवस्थापन गर्नु पर्छ। विभिन्न कारणले गर्दा बाँझो रहेको खेतीयोग्य जग्गाको उचित प्रयोग गर्न सक्नुपर्छ। नापजाँचको वैज्ञानिकीकरण र भूमि अभिलेखनको कार्यलाई वैज्ञानिकीकरण गरिनु पर्छ। सरकारी जग्गा अतिक्रमणको विरूद्ध सशक्त कार्यक्रम निर्धारण गर्नुपर्छ। उखडा जग्गा जोताहाको नाममा दर्ता गर्ने कार्यक्रम समावेश हुनुपर्छ। भूमि अड्डाहरूको नयाँ व्यवस्थापन एवम् सुदृढीकरण गरी भूमिको कारणले गर्दा समस्याको सृजना हुन नदिने गरी नियम-कानुनको तर्जुमा गरिनु पर्छ। नयाँ जोताहामुखी नीति र जोताहाको हक सदैवसुरक्षित हुने गरी दीर्घकालीन योजना कार्यान्वयन गर्नुपर्छ।

## भूमि व्यवस्थापनको मूल समस्या

पूँजीवादीहरूले भूमिलाई उत्पादनको साधनको रूपमामात्र प्रचारित गरेर भूमिलाई पूँजीपतिहरूले आफ्नो आवश्यकता अनुसार किन्न र बेच्न सक्ने नियन्त्रित साधनको रूपमा राख्न खोजेको पाइन्छ। यसलाई आफ्नो आवश्यकता अनुसार पूँजी लगाएर किन्न सकियोस् र पूँजीको आवश्यकता भएमा फेरी बेच्न सकियोस् भन्ने उनीहरूको चाहना रहेको पाइन्छ। पूँजीको प्रयोगले भूमिलाई नियन्त्रणमा राख्ने र यसैको माध्यमबाट समाज र सत्तामासमेत आफ्नो प्रभुत्व कायम गर्न खोजेको पाइन्छ। सोही नियोजित प्रयोजनको आधारमा पूँजीवादीहरूले यसको परिभाषा र प्रयोग गरेको पाइन्छ। यही नै भूमि व्यवस्थापनको प्रमुख समस्या हो। भूमि व्यवस्थापन गर्नकालागि सरकार स्पष्ट हुन पर्छ कि भूमि सबैलाई दिनु पर्छ तर सबै भन्दा बढी उसलाई दिनु पर्छ जो प्रत्यक्षरूपमा उत्पादनमा संलग्न रहँदै आएको छ। अर्थात जोसँग उत्पादन गर्न सक्ने क्षमता छ र प्रत्यक्ष रूपमा उत्पादनमा संलग्न रहन्छ।

## नागरिकको दायित्व

भूमिसुधारको लागि नागरिक हस्तक्षेप एवम् भूमि अधिकारबाट वञ्चितहरूकै जागरूकताको खाँचो छ।

यसका लागि पीडितहरू नै अग्रसर भएर लाग्नुपर्ने र नागरिक समाजले उनीहरूको अभियानमा सघाउनुपर्ने अवस्था छ। सरकारी एवम् गैरसरकारी संघ-संस्थाहरू गरीबी निवारणको कार्यक्रम संञ्चालनमा व्यस्त छन्। तर, भूमिमाथिका अधिकार नभएका कारण बढिरहेको गरीबितर्फ उनीहरूको ध्यान गएको छैन। आम नागरिकहरूको सरोकारको विषय भएका कारण हाल नेपालमा भूमि अधिकारको क्षेत्रमा ३४-३५ वटा संघसंस्थाहरूले काम गरिरहेको अवस्था छ। हाल यिनै संस्थाको अथक प्रयासका बावजुद राष्ट्रिय भूमिअधिकार सरोकार समूह तथा राष्ट्रिय भूमिअधिकार मञ्च गठन भइसकेको छ। यी संघ-संस्थाहरूको अगुवाईमा हजारौंको सङ्ख्यामा भूमिहीनहरूको भूमि अधिकार प्राप्तिका लागि सङ्गठित भइसकेका छन्।

भूमिमाथिको अधिकारले मात्र मानिसलाई सामाजिक न्याय प्राप्त हुनसक्छ, मानवअधिकारलाई सुनिश्चित गर्न सकिन्छ र समाजलाई अग्रगति दिन सकिन्छ भन्ने कुरा सबैले बुझ्नुपर्छ। समाजमा सामाजिक न्याय प्राप्त भएमा लक्षित समुदायलाई विकासका क्रियाकलापमा सहभागी हुन, आफ्नो विचार र निर्णय राख्न, स्वास्थ्य, शिक्षा तथा प्राकृतिक श्रोतमाथिको पहुँचमा सघाउ पुऱ्याउन सजिलो हुन्छ। गरीबी निवारण गर्न र राजनीतिक द्वन्द्वहरूलाईसमेत समाधान गर्दै सामाजिक समुन्नतितर्फ अगाडि बढ्न भूमिअधिकार स्थापित गर्नु आवश्यक देखिन्छ।

**निष्कर्ष**

जमिनको असमान वितरणको स्थितिले आर्थिक विकास र सामाजिक न्यायको प्रक्रिया अवरूद्ध भइरहेको छ। आदिवासी जनजातिहरू क्रमश : भूमिहीन हुँदै जाने क्रम तीब्र छ। मोही किसानहरू कृषि उपजको उचित मूल्य प्राप्त नहुने तर उत्पादनका साधनको लागत क्रमश बढ्दै गएका कारण उनीहरू गरीबीको दलदलमा झन् फस्दै गइरहेका छन्। हलिया प्रथा, बाँधा प्रथालगायतका शोषणकारी प्रथाहरू विद्यमान छन्। बालश्रम, मानव बेचबिखन, बेरोजगारी बढ्दो छ। भूमि नहुँदा शिक्षा, साक्षरता एवं विकासका अवसरबाट गरीबहरू नै वञ्चित छन्। अत: उत्पादन बृद्धि, सामाजिक न्याय स्थापना, शोषणको अन्त्य एवं गरीब तथा दलित समुदायको विकासका अवसरहरूमा पहुँच बृद्धि, सामाजिक द्वन्द्वको न्यूनीकरण आदिको लागि भूमि अधिकार अपरिहार्य छ।

कुनै पनि समाज, जाति वा समुदायको प्रगति तथा सामाजिक अस्तित्व निर्धारण त्यस समाजको उत्पादन तथा श्रम सम्बन्धले गर्दछ। त्यही सम्बन्धको आर्थिक आधारले नै सामाजिक मर्यादा तथा साँस्कृतिक पहुँच स्थापित हुने गर्दछ। तसर्थ वर्तमान भूमि सम्बन्धलाई अलग्याएर नेपाली समाजका गरीब एवम् दलित समुदायको आर्थिक, राजनीतिक, सामाजिक, साँस्कृतिक विकास सम्भव छैन। भूमि अधिकारलाई विकासको पूर्व शर्तको रूपमा लिएमा द्वन्द्व र गरिबीलाई कम गर्न सहयोग पुग्नुकासाथै मानवअधिकारको स्थितिमा सुधार ल्याउन सहयोग पुग्दछ भन्ने कुरालाई दृष्टिगत गरेर मात्र समस्या समाधान हुन सक्छ। समग्र विश्लेषण नै नगरी ल्याइएको भूमि बैङ्कको सामान्य अवधारणा वाग्विलास लागिमात्र उपयोगी हुनेमा कुनै सन्देह छैन।

*(साभार : प्राची संचेतना द्वैमासिक, वर्ष १३, पूर्णाङ्क ५६, मंसिर २०६२)*

इतिहासको पानाबाट

# भूमि अधिकारः सामाजिक न्याय र समृद्धिको आधार

केशव दाहाल

**संसारलाई नियाल्दाः**

- अहिले विश्वमा करिब १८ करोड मानिसहरू खाद्य अभाव र कुपोषणबाट ग्रस्त छन्। लगभग १९ करोड मानिसहरू पूर्ण बेरोजगारीको अवस्थामा छन्। आगामी १० वर्षमा थप ५० करोड युवाहरू श्रमसंसारमा प्रवेश गर्दैछन्।
- एक अर्ब ३० करोड मानिसहरू २ अमेरिकी डलरभन्दा कम आयमा दैनिक घर चलाउन बाध्य छन्।
- संसारमा ५ अर्ब ३० करोड मानिसहरू सामाजिक सुरक्षाको अवसरबाट वञ्चित छन्। उनीहरू शिक्षा, स्वास्थका अवसरबाट पाखा पारिएका छन्। अझै १० करोडभन्दा धेरै बालबालिका प्राथमिक शिक्षा पाउनबाट वञ्चित छन्।
- विश्वमा १ अर्बभन्दा धेरै मान्छेहरू झुपडीमा बस्दछन् भने १२ करोड ३० लाख भोकमरीको चपेटामा छन्।
- २६ करोड २० लाख जनता जलवायु परिवर्तनबाट प्रभावित छन् भने ३३ करोड मानिसहरू बाढीका कारण विस्थापित भएका छन्। हरेक वर्ष २० लाख मानिसहरू वातावरण प्रदुषण र फोहोरका कारण मरिरहेका छन्। एसिया र अफ्रिकामा मात्रै आगामी सन् २०२५ सम्ममा १ अर्ब ८० करोड जनताले शुद्ध खानेपानी पाउने छैनन्।

**नेपाललाई नियाल्दाः**

- नेपालमा ३१ प्रतिशतभन्दा धेरै जनता गरिबीको रेखामुनि छन्। नेपालका ७६ प्रतिशत जनता कृषिमा आश्रित छन्।
- ग्रामीण किसान घरपरिवारमध्ये २९ प्रतिशतको आफ्नै जमिन छैन।
- नेपालका खेती नगर्ने ५ प्रतिशत व्यक्तिको हातमा ३७ प्रतिशत जग्गा छ।
- नेपालका कूल घरधुरीमध्ये २४ प्रतिशत किसानको आफ्नो खेती गर्ने जमिन छैन।
- हिमालका ७ प्रतिशत, पहाडका २१ प्रतिशत र तराईका ३१ प्रतिशत घरधुरी कृषि भूमिहीन छन्।
- कूल ४२.५३ लाख घरपरिवारमध्ये १०.३८ लाख घरपरिवारहरू कृषि भूमिहीन छन्।
- राष्ट्रिय दलित आयोगको सर्वेक्षण, २००४ अनुसार देशका ५३ प्रतिशत दलित किसानहरूसित कुनै जमिन छैन।
- १५ प्रतिशत पहाडी दलित भूमिहीन छन् भने तराईका ४४ प्रतिशत दलितहरू भूमिहीन छन्। खेतीयोग्य भूमिको १ प्रतिशत पनि दलितहरूको स्वामित्वमा छैन।
- काठमाडौं उपत्यकासमेत पहाडी जिल्लामा १ लाख ३४ हजार ५ सय

२७ रोपनी र तराईमा ९८,०२५ बिघा जमिन गुठी जग्गाको रूपमा रहेको छ।

- कुल खेतीयोग्य जमिनको लगभग २० प्रतिशत हिस्सा बाँझो राखिएको छ।
- करिब २ लाख १७ हजार परिवार बासविहीन छन्।
- १०.८४ प्रतिशत महिलाहरूसँग मात्र धेरथोर भूमिको स्वामित्व छ।

माथिका तथ्याङ्कहरूको श्रोत मूलतः गरीब मुलुकहरू हुन्। आधारभूत रूपमा एसिया, अफ्रिका र ल्याटिन अमेरिकामा बसोबास गर्ने जनताहरू सामाजिक न्याय र समृद्धिबाट वञ्चित छन्। यसको मूलकारण सम्बन्धित देशको सामाजिक अर्थराजनीति हो। जसले करोडौं जनतालाई श्रोतहरूमाथिको स्वामित्वबाट बेदखल गरिदिएको छ भने किसानहरू भूमिको अधिकारबाट वञ्चित बनाइएका छन्। परिणामत गरिबी बढिरहेको छ, असामानता चुलिँदो छ, विभेद र शोषणले विश्वका अरबौं जनता  कष्टपूर्ण जीवन बाँच्न बाध्य रहेका छन् ।

नेपालमा सामाजिक रूपान्तरणको बहस गरिरहँदा अहिलेसम्म अन्यायमा पारिएका गरीब र अपहेलित वर्गको समुन्नति नै  सबैभन्दा मुख्य र महत्वपूर्ण कुरा हो। त्यसका लागि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण हुनु अपरिहार्य छ। तर, यस्ता वर्गीय सवालहरूसँगै जातीय, लैङ्गिक, क्षेत्रीय समस्याहरूलाई समेत जोडेर हेर्नु पर्दछ। अधिकतम पाखा पारिएका, अधिकारबाट वञ्चित र गरीब समुदाय मूलत कृषि पेसासँग सम्बधित भएको हुँदा उनीहरूको भूमिअधिकारको सुनिश्चितता बिना नयाँ नेपालको कल्पना सम्भव हुँदैन। यसो भएपछि भूमिलगायतका प्राकृतिक स्रोतमाथिको अधिकारबाट वञ्चित दलित, गरिब, हलिया, हरूवा, चरुवा, मुक्त कमैया, कृषिश्रमिक, अव्यवस्थित बसोबासी, मोही तथा साना किसान, गुठी एवम् चुरेपीडित, गाउँ ब्लकवासी, भूमिहीन तथा सुकुमवासीहरूको समस्याको न्यायिक हल नभई मुलुकको पुर्नसंरचनाले मूर्त रूप लिन सक्दैन।

## १. विषय प्रवेश

नेपालमा अहिले सामाजिक न्याय र आर्थिक उन्नतिको बहस सबैभन्दा तीव्र छ। विद्यमान शोषण, विभेद र गरिबीको अन्त्य गर्ने राजनीतिक प्रयत्नहरू जारी छन्। कसरी सामाजिक, आर्थिक र राजनीतिक न्याय सबैको पहुँचमा पुऱ्याउन सकिन्छ यसैको सेरोफेरोमा राज्य पुर्नसंरचनाको खाका कोरिँदै छ। नेपालका दलितहरू, महिलाहरू, जनजातिहरू र गरीब किसानहरूको जीवनमा खुसियाली ल्याउन विगतमा भएका प्रयत्नहरूको समीक्षा र भावी रूपरेखा कोर्न छलफल र बहसहरू भइरहेका छन्। यो स्वभाविक पनि छ, किनभने नेपालका गरीब र पछाडि पारिएको समुदायको जीवनमा परिवर्तन र उनीहरूका लागि न्याय स्थापित नगरी न त जनआन्दोलनको सपना पूरा हुन्छ न त नयाँ नेपाल नै बन्ने छ।

सामाजिक न्याय र आर्थिक समृद्धिको चर्चा गर्दा स्वभाविक रूपमा श्रोतको न्यायोचित वितरण र पहुँच मुल मुद्दाको रूपमा अगाडि आउँछ। किनभने श्रोतहरू माथिको अधिकार नै यस्तो अधिकार हो जसले अन्य अधिकारहरू सुरक्षित गर्न हरेक समुदायलाई सक्षम, सबल र सशक्त बनाउँछ। आर्थिक, सामाजिक र राजनीतिक

अधिकारहरूको उपयोग त्यो अवस्थामा मात्र सम्भव हुन्छ जुनबेला कहालिलाग्दो गरिबीबाट व्यक्ति र समुदायलाई मुक्त गर्न सकिन्छ। त्यसपछि मात्र गरीबीबाट मुक्ति सम्भव हुन्छ, जुनबेला श्रोतहरूमाथि सबैको र मूलभूत रूपमा गरिब समुदायको अधिकार सुनिश्चित हुन्छ।

नेपालको सन्दर्भमा वा सबै गरीब र सामन्तवादी आर्थिक ढाँचा भएका मुलुकहरूमा भूमि जीविकाको महत्त्वपूर्ण श्रोत र समृद्धिको आधार भएको हुँदा भूमिअधिकार र भूमिको वितरण व्यवस्थाले सम्बन्धित देशको विकासको आधारहरू निर्धारण गर्दछ। त्यसैले भूमिसुधार र भूमिमाथि किसानहरूको अधिकार नेपालका लागि, नेपाली किसानहरूका लागि समृद्धि र सामाजिक न्यायको महत्त्वपूर्ण श्रोत हो। नेपालको सन्दर्भमा भूमि वितरण र व्यवस्थापनमा देखिएका अन्यायपूर्ण अवस्थाहरूका कारण नै सामाजिक-आर्थिक अन्तरविरोधहरू सृजना भएका हुन्। यिनै कारणहरूको समाधानका लागि लामो द्वन्द्व र रक्तपातका समेतको पृष्ठभूमिमा दृष्टिगत गर्दै किसानको अधिकार स्थापित गर्नु आवश्यक छ।

## २. नेपालमा भूमिसुधारको राजनीति

नेपालमा भूमिअधिकारको सवाल २००६ सालदेखि नै उठाइएको सवाल हो। यो नेपालको प्रजातान्त्रिक आन्दोलनसँगै अगाडि बढाइएको उत्तिकै पुरानो आन्दोलन पनि हो। तर, राजनीतिक उतार-चढावहरू, परिवर्तनहरू र आन्दोलनहरूले राजनीतिक ढाँचा र प्रणलीमा धेरै परिवर्तन गरेको भए पनि आर्थिक सामाजिक संरचनामा कुनै महत्त्वपूर्ण एवम् सार्थक परिवर्तन गर्न सकेको छैन। त्यसैले भूमिसुधार नेपालमा राजनीतिक नाराको रूपमामात्र रहेको छ। त्यसैले अहिले पनि भूमि अधिकारको आन्दोलन जारी छ। सामन्तवादी आर्थिक रूपान्तरणको मुद्दा जस्ताको तस्तै छ। किसानहरू उही अभाव, गरीबी र शोषणमा बाँच्न बाध्य छन्।

भूमिसुधार भनेको राज्यको चरित्रको रूपान्तरणसँग जोडिएको विषय हो। यो वर्गीय शक्तिसम्बन्धसँग सम्बन्धित विषय हो। यो नेपाली समाजको क्रान्तिकारी रूपान्तरणसँग जोडिएको सवाल हो। नेपालको वर्तमान भूमि वितरण व्यवस्था सामन्तवादी जगमा उभिएको छ। यो व्यवस्थामा ठूला भू-स्वामीहरूले आफ्नो खेतीपाती गर्नका लागि जमिन नहुने वा थोरै हुनेको श्रम शोषण गर्दछन्। पहाड, तराई र भित्री मधेशमा पाइने विभिन्न कमैया, बटैया, हलिया, उखडा र हरूवा-चरुवा जस्ता मध्ययुगीन दासप्रथा यही प्रणालीका उपज हुन्। कृषिमा अर्धबेरोजगारी हुनु, गैरकृषि क्षेत्रको विकास नहुनु, सुकुमवासी समस्या, अव्यवस्थित आवासका कारणहरू पनि यही त्रुटिपूर्ण भूमि व्यवस्था नै हो। किसानलाई जग्गासँग जोडिदिने तर अधिकार भने नदिने र सँगै पेटभर खानबाट पनि वञ्चित गर्ने अवस्था सृजना गरी वर्तमान भूमि व्यवस्थाले मुलुकको उत्पादक, श्रमजीवी शक्तिलाई स्वतन्त्र हुनबाट वञ्चित गरेको छ। यो अन्यायलाई टिकाउन हाम्रो भूमि प्रशासनले भूमिपतिहरूको पक्षमा काम गरिरहेको छ। खेतमा काम गर्ने अन्न फलाउने तर जमिनको अधिकार पनि नपाउने र अघाउँजी खानबाट पनि वञ्चित गरीबहरू नै राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक रूपमा शोषित छन्। र,वर्तमान शक्ति सम्बन्धले यस्तो अन्यायपूर्ण भूमि वितरण र व्यवस्थापनलाई जोगाइ राखेको छ।

नेपालको सन्दर्भमा जमिन हुनेहरू नै सबै तहबाट माथि देखिएका छन्। राजनीतिमा यही वर्ग माथि छ। कर्मचारीतन्त्रमा भूमि हुनेहरूकै वर्चस्व छ। कसैलाई राजनीति, जागिर, ठेकेदारी, विदेशयात्रा र राज्यप्रदत सुविधाहरू सबै उपलब्ध हुने तर गरीब किसानहरूलाई जमिन समेत प्राप्त नहुनु आफैँमा अन्याय हो। राज्यको नीतिगत तहमा हुनेहरू कृषिमा सुधार गरेर उत्पादन बढाउने र प्रविधिको विस्तार गर्ने कुरा गरिरहेका छन्। तर एकोहोरो उत्पादन वृद्धिले मात्र सामाजिक रूपान्तरण हुँदैन। भूसम्बन्ध जस्ताको त्यस्तै राखेर उत्पादन बढ्दैमा गरीब किसानलाई नै फाइदा पुग्छ भन्ने निश्चित छैन। उत्पादन बढ्दैमा सामन्ती शोषण समाप्त हुन्छ भन्ने पनि छैन। जमिनको न्यायोचित वितरणले मात्र शोषणको अन्त्य, उत्पादन वृद्धि, आधारभूत अधिकारको प्रत्याभूत, किसानको समुन्नत जीवन सम्भव छ। किसानहरूलाई जमिन दिएरमात्र पुग्दैन। सो जमिन फेरि सामन्तको हातमा नपुग्ने व्यवस्था सँगैसँगै गरिनु पर्दछ।

## ३. खाद्य सुरक्षा र प्राकृतिक श्रोतको अधिकार

भूमिअधिकारको सवाल खाद्य सम्प्रभुताको समेत मुख्य सवाल हो। खेतमा काम गर्नेहरू भोकै बस्नुपर्ने अन्यायपूर्ण उत्पादन सम्बन्धले खाद्य अधिकारलाई कुण्ठित पारेको छ। खासगरी उत्पादन सम्बन्धमा नै फेरबदल नगरी उब्जनी बढाउन सम्भव छैन र उब्जनी नबढाई सबैका लागि खाद्यान्न सुनिश्चित गर्न सकिँदैन। खेत जोत्नेहरूले आफ्नो भकारीमा धान थन्क्याउन नपाउने र व्यापारीले धानको मूल्य तोक्ने असङ्गतिपूर्ण व्यवस्था रहेसम्म खाद्य सुरक्षाले गरीबलाई भोकबाट बचाउन सक्दैन। त्यसैले भूमिअधिकारको सवाल खाद्य सम्प्रभुताको समेत सवाल हो। यसर्थ, खाद्य सम्प्रभुताको बहस भूमिसुधारसँग नजोड्ने हो भने यो सतही तर्क मात्र बन्न जान्छ।

प्राकृतिक श्रोतमाथिको अधिकारका विषयमा आई.एल्.ओ. १६९ को समेत अहिले व्यापक चर्चा र बहस भइरहेको छ । राज्यको पुर्नसंरचनासँग सम्बन्धित यी मुद्दाहरू भूमिअधिकारसँग समेत सम्बन्धित छन्। स्थानीय श्रोत साधनका मालिक स्थानीय जनता नै हुन्। यसको अर्थ स्थानीय जमिनका मालिक पनि स्थानीय जनता नै हुन्। यसर्थ खाद्य सुरक्षाको प्रत्याभूत प्राकृतिक श्रोतमाथि स्थानीय जनता र आदिवासी जनजातिहरूको अधिकार स्थापनाका लागि समेत भूमिअधिकार सुरक्षित गर्न आवश्यक छ।

## ४. भूमिसुधार आधा शताब्दीदेखिको राग :

### (क) पञ्चायत कालमा भूमिसुधारः

राणाकालमा जमिन मुठ्ठीभर मान्छेहरूमा केन्द्रित हुँदै जाने, उनीहरूले नै राजकीय सविधा प्राप्त गर्ने र जमिन नहुने गरीब सबै सुविधाहरूबाट वञ्चित हुनुपर्ने कारण जनतामा विद्रोहको वीजारोपण भयो। नक्कली तमसुक बनाउने, तालुकदारी प्रथा, चक्रबृद्धि ब्याज र भूमिपतिहरूको धेरैखाले चरम आर्थिक, सामाजिक शोषणबाट जनता आक्रान्त हुँदै गए। विश्वभर फैलिएको राजनीतिक चेतना विकसित बन्दै गयो र त्यसले प्रजातान्त्रिक चाहनालाई सङ्गठित गर्‍यो। वि.सं. २००४ सालमा स्थापित काँग्रेस पार्टी तथा वि.सं. २००६ सालमा स्थापित कम्युनिष्ट पार्टीले सामाजिक, आर्थिक

विभेदबाट भड्किएको गरीब जनताको मनलाई राजनीतक ढङ्गले मलमपट्टी लगायो र सुरु भयो राणाशाही विरुद्धको जनआन्दोलन।

जनआन्दोलनमा बहुमत गैरराजनीतिक समुदायको सहभागिता जुटाउन राजनीतिक दलहरूले किसानको पक्षमा नारा घन्काए। तत्काल सपना पूरा नहुँदा "जसको जोत उसको पोत" को नाराबाट जुर्मुराएका किसानहरू ००७ सालको प्रजातन्त्र पछिपनि विद्रोहमा उत्रिए। बारा, पर्सा, रौतहट लगायतका जिल्लाहरूमा किसानहरूले अधिकारको लागि बगावत गरे। २००८ सालदेखि नै ब्यापक किसान आन्दोलन उठ्यो। भकारी फोड आन्दोलन, तमसुक जलाउने आन्दोलन, कृषि मजदुरहरूको हलो बन्द आन्दोलन जस्ता चर्चित किसान आन्दोलनहरू भए। किसान नेता भीमदत्त पन्तको सहादत भयो र यसले नेपालका जोताहा किसानहरूको सङ्गठित आन्दोलनको विजारोपण गऱ्यो।

२०१६ सालमा ल्याइएको विर्ता उन्मूलन ऐनले मुलुकका सामन्तहरूको मुटुमा ढ्याङ्ग्रो बज्यो। जमिनदारहरू दलहरूसँग त्रसित भए र राजालाई तत्काल केही गर्न दवाब दिन थाले। सँगसँगै बढ्दै गएको राजनीतिक अन्तरविरोधले उग्ररूप लिएपछि तत्कालीन राजा महेन्द्रले दलहरूमाथि प्रतिबन्ध लगाए। राजा महेन्द्रलाई भलिभाती के थाहा थियो भने आफ्नो कदमलाई टिकाउने हो भने किसानहरूलाई विद्रोह गर्ने अवसर दिनु हुँदैन। त्यसैले सस्तो लोकप्रियता, किसान आन्दोलनको स्थगन र अनुपस्थित भूमिपतिहरूलाई जमिनमा स्वामित्व स्थापित गरिदिन भूमि ऐन २०२१ को घोषणा गरियो।

पञ्चायती कालखण्डमा पनि नेपालको अर्थराजनीतिको मूल प्रश्न भूमि नै रह्यो। खासगरी राजा महेन्द्रको सामन्ती भूमि वितरण, कम्युनिष्टहरूको जनवादी भूमि वितरण र काँग्रेसको कृषि उत्पादकत्व बृद्धि बीचको आन्तरिक राजनीतिक टकराव, वर्गीय स्वार्थ र मुक्तिको आपसी लडाइ पञ्चायतकाल भर चलिरह्यो।

**(ख) प्रजातन्त्रमा भूमिसुधार**

२०४६ सालमा प्रजातन्त्र स्थापना होउन्जेलसम्म पनि नेपालको आर्थिक प्रणाली कृषिनिर्भर नै थियो। जनसङ्ख्याको ठूलो हिस्सा रहेको कृषक वर्गलाई आफ्नो पक्षमा ल्याउन "जमिन कस्को जोत्नेको" भन्ने नारालाई चरितार्थ गर्नैपर्ने अवस्था आयो। त्यसैले आफ्नो सैद्धान्तिक दिशा निरूपण गर्दा वा संसदीय निर्वाचनमा सहभागी हुँदा दलहरूले किसानहरूको समस्या सम्बोधन गर्न केही महत्त्वपूर्ण प्रगतिशील प्रस्तावहरू पनि प्रस्तुत गरे।

सबैभन्दा पुरानो राजनीतिक दल नेपाली काङ्ग्रेसले २०४८ सालको चुनावी घोषणापत्रमा नै जमिनमा जोत्नेको अधिकार कायम गराउने र द्वैध स्वामित्वको अन्त्य गर्ने नीति र कार्यक्रम अगाडि सार्‍यो। मोहीको हित संरक्षण गर्ने, उत्पादन बृद्धिका लागि किसानहरूलाई प्रोत्साहन गर्ने, सीमाभन्दा बढी जमिन राख्नेलाई कर लिने र सुकुमवासी जनताहरूलाई भूमि वितरण गरी बसोबास गराउने कार्यक्रमहरू काँग्रेसको चुनावी घोषणापत्रमार्फत सार्वजनिक गरियो। २०५१ सालको दोस्रो निर्वाचनमा पनि काँग्रेसले

अघिल्लो प्रतिबद्धतालाई पूरा गर्ने कुरा दोहोऱ्यायो। तर उसले आफ्नो घोषणापत्रलाई कार्यान्वयन गर्न सकेन। तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री जगन्नाथ आचार्यले २०४८ सालको आफ्नो कार्याकालमा शुरु गरेका नयाँ कामहरूको कार्यान्वयन नहुँदै उनी मन्त्रीमण्डलबाट हटाइनु र काङ्ग्रेसको नेतृत्वबाटै न्यायोचित भूमि वितरणमा भाँजो हालिनुले भूमि राजनीतिमा नेपाली काँग्रेसको प्रतिबद्धता र उसको चरित्र माथि पुनरावलोकन गर्नु पर्ने आवश्यकता देखियो।

झापा किसान विद्रोह र वर्गीय युद्धको घोषणाबाट जन्मिएको नेकपा एमालेले आफ्नो राजनीतिको मुख्य शक्ति किसानलाई ठान्यो र भूमिहीन, गरीब र शोषितहरूको पक्षमा नयाँ जनवादी सत्ता स्थापना गर्ने राजनीति सुरु गऱ्यो। किसानहरूले सचेत विद्रोह गरी आफ्नो हक सामन्तहरूबाट छिन्ने छन् भन्ने मान्यताबाट राजनीति सुरु गरेको एमाले बहुदलीय जनवादको बाटो हुँदै अहिलेसम्म आइपुग्दा हदमाथिको जमिन सामन्तलाई क्षतिपूर्ति दिएर राष्ट्रियकरण गरिने मान्यतामा आइपुगेको छ।

२०४८ सालको निर्वाचनमा बेघरबारलाई घर घरेडी, बेरोजगारलाई काम, जोताहालाई खेतबारी भोकालाई माम भन्ने नाराबाट चुनावी अभियान सुरु गर्ने नेकपा एमालेले सामन्ती उत्पीडनबाट किसानहरूलाई मुक्त गर्ने घोषणा गऱ्यो। मोहीयानी हक दिई जमिनको द्वैध स्वामित्व अन्त्य गर्ने, भूमिको न्यायोचित वितरण गर्ने, विर्ता, गुठी जमिन जोताहालाई दिने, सहकारितालाई प्रोत्साहन गर्ने र भूमिमा प्रगतिशील सुधार गर्ने एमालेले कार्यक्रम अगाडि साऱ्यो। बहुमत नआएको कारण ०४८ मा एमाले सरकारमा जान सकेन। २०५१ सालमा सबैभन्दा ठूलो राजनीतिक दलको रूपमा संसद्मा उपस्थित भई एमालेले नौ महिना सरकार सञ्चलान गर्ने अवसर प्राप्त गऱ्यो। "सामन्ती भू-स्वामित्वको अन्त्य, कृषिको आधुनिकीकरण र खाद्यान्नमा आत्मनिर्भरता" भन्ने नाराका साथ विजय हासिल गरेको एमालेले सामाजिक न्याय र उत्पादन बृद्धिका लागि नेपालको भूमि व्यवस्था र कृषि विकासका लागि सुझाव पेश गर्न केशव बडालको अध्यक्षतामा ०५१ सालमा बडाल आयोगको गठन गरी काम गर्ने तत्परता देखाए तापनि त्यसले निरन्तरता पाउन सकेन। यो पार्टीले त्यसपछिका वर्षहरूमा आफूलाई भूमिसुधारको आन्दोलनको नेताको रूपमा स्थापित गर्न सकेन।

पूर्वपञ्चहरू सम्मिलित राष्ट्रिय प्रजातन्त्र पार्टीले २०५६ सालको आफ्नो चुनावी घोषणापत्रमा "उत्पादन वृद्धि र न्यायका लागि भूमिसुधार" भनेर आफ्नो अवधारणालाई अगाडि सारे। नेकपा एमाले र काँग्रेसको झैँ यसले पनि जमिनमा दोहोरो स्वामित्वको अन्त्य गर्ने र भूमिहीनका समस्या समाधान गर्ने घोषणा गऱ्यो। तर आफ्नो पुरानो पञ्चायती पृष्ठभूमि, वर्गीय चरित्रका कारण राप्रपाले आफ्नो घोषित कार्यक्रमहरू कार्यान्वयन गर्न प्रयत्न गरेको देखिँदैन।

## (ग) लोकतन्त्रमा भूमिसुधार

लोकतान्त्रिक आन्दोलनमा अधिकतम् गरीब किसानहरूको सहभागिता थियो। त्यसो त १० वर्षे माओवादी जनयुद्धमा समेत गरीबहरूको सहभागिता र आकर्षण व्यापक थियो। यसको मूल कारण हो कि गरीब

किसानहरू तत्कालीन राजनीतिक प्रणालीले उनीहरूको जीवनमा परिवर्तन ल्याउन सकेन र लोकतन्त्रले उनीहरूलाई समृद्धि दिने छ भन्ने अपेक्षामा थिए। जनअपेक्षा अनुसार नै पार्टीहरूले समेत जनतालाई आश्वस्त गरेकै हुन्। त्यसैले भूमिसुधारलाई शान्ति सम्झौता अन्तरिम संविधान र अन्य सबै सम्झौता र बाचाहरूमा समेत प्रमुखताका साथ उठाइएको थियो। संविधानसभाको निर्वाचनमा दलहरूले आफ्नो घोषणा र प्रतिबद्धतापत्र जारी गरेका थिए र त्यसमा पनि भूमिसुधारले यथेष्ठ स्थान पाएको थियो। तर फेरि पनि नेपालका राजनीतिक दलहरूको बाचा बिर्सिने समस्या दोहोरियो। उनीहरूको भूमि सुधारको प्रतिबद्धता कमजोर हुँदै गयो। लोकतान्त्रिक आन्दोलन पछिको अन्तरिम सरकार र संविधानसभाको निर्वाचनपछि बनेको एनेकपा माओवादीले नेतृत्व गरेको सरकारले समेत भूमिसुधारका पक्षमा काम गर्न सकेन। माओवादी जनयुद्धकालमा जमिन कब्जा गरेर उधुम मच्चाएको एमाओवादीले न त कब्जा गरिएको जमिनको स्वामित्वको छिनोफानो गऱ्यो न त भूमिसुधार नै। एमाले कालमा बनेको उच्चस्तरीय भूमिसुधार आयोगकै निरन्तरताको रूपमा भूमिसुधारको सुझाव दिन माओवादी सरकारले समेत हरिबोल गजुरेलको अध्यक्षतामा उच्चस्तरीय भूमिसुधार आयोगको गठन गऱ्यो। तर, आयोगले आशातित रूपमा कामलाई अगाडि बढाउन सकेन। माओवादी सरकारको विघटनपछि बनेको नेकपा एमालेको नेतृत्वमा बनेको संयुक्त सरकारले समेत उही पुरानै बाटो समात्यो।

अहिलेको सन्दर्भमा सुझाव आयोग नभई कार्यान्वयन आयोगको आवश्यकता हो। तर सरकार भूमिसुधारको अपेक्षा पूरा गर्न कार्यान्वयको चरणमा प्रवेश नै गरिरहेको छैन। बरु, उस्तै प्रकृतिका सुकुमवासी आयोग, कमैया आयोगहरू बनाई विषयलाई अल्झाईरहेको छ। जसका कारण लोकतन्त्र प्रति नै गरिब किसानहरूको अनास्था सृजना भइरहेको छ। निरासा अझ गहिरो हुँदै गएको छ। विद्यमान विभेद र शोषणको अन्त्य हुने सपना सपनामा मात्र सिमित भएको छ।

राजनीतिक दलहरू स्वार्थमुखी देखिए। आफ्ना सिद्धान्तबाट विचलित, मूल्य मान्यताहरूलाई भत्काउने र सत्तालिप्त हुने हुँदा राजनीतिक दलहरूका लागि भूमि अधिकारको सवाल फगत किसानको भोट तान्ने खेलमात्र बन्न पुग्यो। विश्व व्यापार सङ्गठनमा नेपालको सदस्यता, कृषि अनुदान कटौती लगायतका प्रस्ताब किसानको विपरीत गरिएका सरकारी प्रस्तावहरू हुन्।

### ५. भूमिअधिकार स्थापनाका लागि राजनीतिक दलहरूको भूमिका :

किसान सङ्घ सङ्गठनहरूमा पदासिन गैरकिसानहरूबाट किसानहरूमा नेतृत्व हस्तान्तरण गर्नु, आन्दोलनमा गरीब किसानहरूको नेतृत्व स्थापित गर्नु, आन्दोलनका सवालहरूलाई जनताका आधारभूत सवालहरूसँग जोड्नु र समस्या समाधानको लागि किसानहरूलाई व्यापक परिचालन गर्नु आवश्यक छ। यसरी किसानहरूको आन्दोलन बलियो हुँदै जान्छ।

भूमिसुधारका लागि राजनीतिक दलहरूको सहयोग चाहिन्छ। किनभने भूमिसुधार राजनीतिक काम हो। यसलाई सामाजिक आन्दोलनले सहयोग गर्नु पर्दछ। अर्को तिर राज्यको वर्तमान शक्ति सन्तुलन

र चरित्रबाट किसानहरूको हित प्रवर्द्धन हुन सक्ने अवस्था नदेखिएको हुँदा राज्यको संरचनागत परिवर्तन, लोकतान्त्रिकीकरण र व्यापक जनसहभागितामा जनअधिकारको बहालीका लागि हुने आन्दोलनमा ऐक्यबद्धता साथ अगाडि बढ्नु आवश्यक छ। सबै परिवर्तनको केन्द्र राजनीति नै हो अत: किसान आन्दोलनलाई राजनीतिक आन्दोलन र रूपान्तरणसँग जोडेर हेर्नु पर्दछ। लोकतन्त्रलाई भूमिसुधारसँग जोड्न आवश्यक छ। अनिमात्र लोकतन्त्र नेपालका गरिब किसानहरूको आगन र खेतमा समेत आएको आभास मिल्नेछ।

**६. भूमिसुधारका लागि केही प्रस्तावहरू:**

- भूमिसुधार भनेको भूमिको स्वामित्वलाई किसानमुखी बनाउनु मात्र हैन अझ अगाडि बढेर उत्पादकत्व बृद्धि, कृषिको आधुनिकीकरण, सहकारिकरण र बजार प्रवर्द्धनहरू पनि हुन्। यो गरीब किसानहरूको मात्र मुद्दा नभइ आधुनिक र औद्योगिक राष्ट्र निर्माण र पूँजीको विकास गर्ने काम पनि हो। यो निरन्तर अगाडि बढाउनु पर्ने राज्यको आधारभूत काम हो। यसका लागि निम्नानुसार काम थाल्न सकिन्छ।
- खेतीमा आश्रित, खेतीमै श्रम गर्ने भूमि अधिकारबाट वञ्चितहरूका लागि भूमिअधिकार सुनिश्चित हुने गरी जनमुखी र सामाजिक न्यायमा आधारित भूमिसुधार कार्यक्रम यथाशीघ्र कार्यान्वयन आवश्यक छ।
- जोताहामुखी भूमिसुधारका निम्ति जोत्नेलाई भूमिको मालिक बनाउने र अन्यायपूर्ण ढङ्गले जमिन कब्जा गर्नेहरूलाई विना "क्षतिपूर्ति" (सर्तयुक्त क्षतिपूर्ति) लगाउन सकिने संवैधानिक प्रावधान स्थापित गर्ने गरी जल, जमिन, जङ्गल जस्ता प्राकृतिक स्रोतलाई निजी सम्पत्ति मानिने संवैधानिक व्यवस्था खारेज गरी सामुदायिक स्रोतको रूपमा स्थापित गरिनु पर्दछ।
- सामन्ती भूमि व्यवस्थाका कारण सृजित कुप्रथाहरू कमैया, कम्लरी, हलिया, बालीघरे, डोली, गुहारे, हरूवा चरुवाहरू र उनीहरूको नाममा रहेको ऋण खारेज गरी जोत भोगका आधारमा पाउने मोहियानी हक कायम गरी जमिनको मालिक बनाउन राज्यले नै तत्काल तदारुकता लिनु पर्दछ।
- वास्तविक सुकुमवासीलाई बास र कृषिमा आधारित सुकुमवासी किसान परिवारलाई खेतीका लागि आवश्यक (स्थानीय स्तरमा भूमि नक्शाङ्कनका आधारमा) जमिन उपलब्ध गराई उनीहरूको जीविकाको प्रत्याभूत गरिनुपर्दछ। अव्यवस्थित बसोबासीहरूले भोग गरिरहेको जग्गा उनीहरूकै नाममा दर्ता गरी जमिनको मालिक बनाउनु पर्दछ।
- गुठीका जग्गालाई वर्गीकरण गरी शहरी क्षेत्रका गुठीका जग्गाहरूलाई व्यापारिक भवनहरूमा उपयोग गर्ने र खेतीमा उपयोग भइरहेका गुठीका जग्गाहरू जोताहा कृषकहरूको नाममा रैकर गरिनु पर्दछ। बाग, बगैंचा र मठ मन्दिरले ओगटेका जग्गा गुठी संस्थानकै नाममा रैकर

गरिनु पर्दछ।

- दर्ता नभएका तर जोतिरहेका सबै मोहीहरूको स्थलगत लगत लिई स्थानीय निकायको सिफारिश, सर्जमिन र साक्षीहरूको बयान समेतका आधारमा तत्काल मोहियानी हक दर्ता प्रमाणपत्र वितरण गरी हकले पाउने जग्गा दिने व्यवस्था मिलाइनु आवश्यक छ।
- एक व्यक्ति वा परिवारका नाममा देशभरि एउटै धनीपूर्जा नम्बर कायम गरी लैङ्गिक समानताको ग्यारेन्टीका लागि त्यस्तो धनीपूर्जा पति पत्नी दुवैको संयुक्त नाममा वितरण गरी महिलालाईसमेत जमिनको मालिक बनाउनु पर्दछ।
- आदिवासी जनजातिले परम्परागत रूपमा चर्चिर्दै आएका एवं संरक्षण गर्दै आएका सामुदायिक भू-क्षेत्रलाई (चरन, खोरिया इत्यादी) सम्बन्धित जनजातिको सामूहिक अधिकार स्थापित हुने कानुनी व्यवस्था गर्नु आवश्यक छ।
- कुनै पनि विदेशी बहुराष्ट्रिय कम्पनीले नेपाली भूमिको स्वामित्व पाउन सक्ने तथा कृषि उत्पादनको क्षेत्रमा लगानी गर्न बन्देज आवश्यक छ। कृषि उद्यमका निम्ति किसानहरूकै सहकारीलाई प्रोत्साहन गरी कृषिमा संलग्न नहुने विशुद्ध नाफामुखी लगानीकर्ताहरूलाई कृषि क्षेत्रमा प्रवेश नदिने व्यवस्था गरिनु पर्दछ।
- अहिलेको न्याय प्रशासन ढिलो, झन्झटिलो र खर्चिलो छ। त्यसैले जमिनको विषयलाई लिएर हुने विवादमा गरीबहरू नै मर्कामा पर्ने गरेका छन्। भूमि सम्बन्धी मुद्दाहरूलाई सही ढङ्गले निरूपण गर्न भूमि अदालत खडा गरिनु पर्दछ।
- भूमि वितरण, व्यवस्थापन र सुधार सम्बन्धी व्यवस्थालाई नियमन गर्न र सरकारलाई सघाउनको लागि भूमिअधिकारबाट वञ्चित, अधिकारवादी र विज्ञहरू समेतको सहभागितामा अधिकारसम्पन्न स्थायी प्रकृतिको भूमिसुधार प्रतिष्ठान खडा गरिनु पर्दछ।
- गयल जमिन्दारीमाथि कानुनत: प्रतिबन्ध लगाउनु पर्दछ। जमिनमाथि हदबन्दी तोकिनु पर्दछ। हदबन्दी तोक्दा जग्गाको गुणस्तर, मूल्य र भौगोलिक बनावट एवम् जग्गाको उपलब्धताको आधारमा तोकिनुपर्दछ। कीर्ते बाँडफाँड, झुठा, व्यक्तिका नाममा जग्गा दर्ता वा नक्कली पारपाचुके गरी लुकाइएका जग्गाको राष्ट्रियकरण गरिनुपर्दछ।
- कुनै मुनासिब कारण बिना दुई वर्षभन्दा बढी बाँझो जग्गा राखेमा सो जग्गा राष्ट्रियकरण गरिनुपर्दछ। खेतीयोग्य जग्गामा घर बनाउने र बस्ती बसाल्ने कुरामा प्रतिबन्ध लगाइनु पर्दछ। शहरी विकास र भूउपयोगको राष्ट्रिय नीति तर्जुमा गरिनु पर्दछ।

*(साभार : प्राची संचेतना द्वैमासिक, वर्ष १७*
*पूर्णाङ्क ७३ कार्तिक २०६७)*

# नेपालमा सुकुमवासीको सवाल र राज्यको दायित्व

अधिवक्ता, टीकाध्वज खड्का

सामान्यत: आफ्नो नाममा तथा आफूले अंश पाउनुपर्ने अंशियारको नाममा (बाबु, बाजे, दाजुभाई आमा जससँगै पैत्रिक सम्पत्ति भएको तर आफूले भने अंश लिइ नसकेको) समेत जग्गा जमिन नभएकोले सार्वजनिक जग्गामा बसोबास गरी आएको र जीवन निर्वाहको लागि पर्याप्त र दिगो आयस्रोत समेत नभएको व्यक्ति वा परिवारलाई सुकुमवासी भनी बुझिन्छ।

बेला-बेला नेपालमा सुकुमवासीको सवाल चर्चाको विषय बन्ने गरेको छ। राज्यले बागमती खोला किनारबाट यही वैशाख २६ गते सुकुमवासीको घरटहरा भत्काएको बेला प्रहरीसँगैको मुठभेडमा अग्रभागमा देखिएका स्कूल ड्रेस लगाएका बालबालिकाको त्रासदी, अन्यत्र वैकल्पिक व्यवस्था बिना घरटहरा भत्काउँदा वास्तविक सुकुमवासीहरू केवल त्रिपाल र प्लास्टिक टाँगेर बाग्मती खोलाकिनारा छेउमा पुन बसोबास गर्दा उनीहरूको स्वास्थ्यमा परेको नकारात्मक असर तथा उनीहरूको स्वास्थ्य सेवामा सक्रिय चिकित्सकका अनुसार लगभग एक दर्जन गर्भवती महिलाको गर्भ तुहिएको भन्ने समाचार आदिले पनि बैकल्पिक व्यवस्था बिना वास्तविक सुकुमवासीहरूको घरटहरा भत्काउने राज्यको कार्यले सबैलाई स्तब्ध बनाएको छ।

यसरी राज्यले सुकुमवासीको घरटहरा भत्काई सार्वजनिक जग्गा खाली गर्ने कार्यको पक्ष र विपक्षमा प्रशस्त तर्कहरू विभिन्न क्षेत्रमा आउने गरेको सुन्न सकिन्छ। अन्यत्र वैकल्पिक व्यवस्था नगरी राज्यले राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुनी प्रावधानबमोजिम सुकमबासीको आवासको अधिकारको प्रत्याभूति नगरी तथा बालबालिकाको शिक्षा तथा स्वास्थ्यको अधिकार समेतको उलङ्घन हुने गरी राज्यले बर्बर दमनको सहारा लिई सुकुमवासीलाई हटाउँदा राज्यले सुकुमवासीप्रतिको दायित्व बहन गर्न चुकेको र उक्त कार्य मानवअधिकार विरोधी भएको भन्ने पक्षमा पनि वकालत पाइन्छ भने सार्वजनिक जग्गाको संरक्षणको लागि राज्यले ठिक गऱ्यो भन्ने तर्क पनि पाइन्छ। यिनै सन्दर्भकाबीचमा यस लेखको उद्देश्य सुकुमवासी तथा राज्यको पक्ष विपक्षमा भन्दा राष्ट्रिय अन्तराष्ट्रिय कानूनी मापदण्डका आधारमा सुकुमवासीप्रतिको राज्यको दायित्व के हो र खासगरी शहरी क्षेत्रका सुकुमवासीका अवस्था कस्तो छ र उनीहरू के चाहन्छन् तथा कसरी सुकुमवासीको सवाल हल गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित छ।

**नेपालमा सुकुमवासी**

नेपालमा सुकुमवासी कति छन् भन्नेबारे अनेक अन्तरविरोधयुक्त अध्ययन र प्रतिवेदनहरू देखिएका छन्। २०४८ सालको कृषि गणनाले नेपालमा जम्मा भूमिहीन किसान ३२ हजार १ सय ९ मात्र उल्लेख गरेको छ। यो भित्र बिल्कुल जमिन नभएको सङ्ख्या सामेल छैन। यो गणनाले मधेशमा ८ धुर भन्दा कम जमिन र पहाडमा ४ आना

भन्दा कम जमिन भएको परिवार सामेल गरेको छ। अर्को एक अध्ययनअनुसार ठ्याम्मै जमिन नभएका भूमिहीन परिवार ४ लाख ९७ हजार ९ सय ६९ छन् भनेर किटान गरेको छ। उक्त परिवारको औसत प्रतिपरिवार सङ्ख्या ४ मान्दा पनि झण्डै २० लाख व्यक्ति सुकुमवासी छन्। यो परिवार नै सबैभन्दा निरक्षरता र अज्ञानताको अन्धकारमा समेत छ र मूलत: गरिबीको रेखामुनि समेत रहेका छन्।

काठमाडौँ, ललितपुर, भक्तपुर, कीर्तिपुर र ठिमीसमेत पाँच वटा शहर मिलेर बनेको काठमाडौं उपत्यकामा भित्र सुकुमवासीबस्तीहरू खासगरी खोला किनाराका छेउछाउमा प्रशस्त मात्रामा पाइन्छन्। यद्यपि काठमाडौँ उपत्यकामा सुकुमवासी बस्तीहरूको विकास कहिलेदेखि भयो र कति जनसङ्ख्या छ भन्ने विषयमा काठमाडौँ महानगरपालिकाले सन् १९८५ बाट अध्ययन थालेको पाइन्छ, जसअनुसार सन् १९८५ मा १७ स्थानमा सुकुमवासी बस्ती रहेकोमा उक्त बस्तीमा २ हजार १ सय ३४ जनसङ्ख्या, १९८८ मा २४ बस्तीमा ३ सय ४८ परिवार र ३ हजार ९ सय ६५ जनसङ्ख्या १९९० मा २९ स्थानमा ८ सय ५९ परिवार र ४ हजार २ सय ९५ जनसङ्ख्या १९९२ मा ३३ बस्तीमा १ हजार २ सय ७१ परिवार र ६ हजार ३ सय ५५ जनसङ्ख्या १९९५ मा ४६ बस्तीमा १ हजार ७ सय ८३ परिवारका ८ हजार ९ सय २६ जनसङ्ख्या १९९८ मा ४९ बस्तीमा २ हजार २१ परिवारका १० हजार ३ सय २३ जनसङ्ख्या र सन् २००० मा ६१ बस्तीका उनीहरूमा २ हजार २३ परिवारका ११ हजार ८ सय ५२ जनसङ्ख्या बसोबास गरिरहेकोमाघ हालसम्म आइपुग्दा झण्डै सयौँ स्थानमा कयौँ बस्ती र लगभग १ लाखको हारहारीमा सुकुमवासीको काठमाडौं उपत्यकामा बसोबास भएको पाइन्छ।

### काठमाडौं उपत्यकामा रहेका सुकुमवासीहरूको अवस्था

दयनीय अवस्थामा काठमाडौं उपत्यकाममा बासोबास गरिरहेका सुकुमवासीहरूले अनेकौं समस्याहरूको सामना गरिरहेका छन्। उनीहरूको उचित र उपयुक्त आवास तथा भूमिमा वैधानिक पहुँच छैन। आफू बसोबास गरिरहेको भूमिमा उनीहरूको कानुनी पहुँच नभएकोले कतिखेर वैकल्पिक व्यवस्था बिना नै राज्यले उठीबास लगाउने हो भन्ने सँधै त्रासमा उनीहरू छन्।

शौचालय, धारा, ढल पर्याप्त बाटो आधारभूत कुराहरूको सुविधा बिना नै उनीहरू दुर्गन्धित तथा प्रदुषितस्थानमा बसोबास गरिरहेको देख्न सकिन्छ। सय परिवारलाई आधार मानी गरेको एक सर्वेक्षणमा उनीहरूमध्ये ६५ प्रतिशत न्यूनतम ज्यालामा दैनिक ज्यालादारी गरेका छन् भने १० प्रतिशत विभिन्न अनौपचारिक क्षेत्रमा नोकरी गर्दछन्। यसैगरी १० प्रतिशतले चिया पसल, १० प्रतिशतले सवारी चालक, २ प्रतिशतले समाजिक सेवामा तथा २ प्रतिशतले लुगा सिलाउने, जुत्ता बनाउने तथा ६ प्रतिशत व्यापारमा समेत संलग्न भएको पाइन्छ।

परिवार, सङ्ख्या जति ठूलो भए पनि उनीहरूले टहरा बनाई ओगटेको जग्गा भने अपर्याप्त देखिन्छ। उनीहरूमध्ये ५ प्रतिशतले आधा आना, २० प्रतिशतले १ आना, २० प्रतिशतले ११।२ आना, २५ प्रतिशतले २ आना, १५ प्रतिशतले २१।२ र १५ प्रतिशतले ४ आना जग्गा ओगटेको पाइन्छ।

उनीहरूले सामना गरेको

समस्याहरूको बारेमा अवलोकन गर्दा ६० प्रतिशत भन्दा बढीले राज्यले विना क्षतिपूर्ति र उचित बसोबास बिना उठिबास लगाउने हो कि  भन्ने त्रास र चिन्ता व्यक्त गरेका छन् भने ४५ प्रतिशत बेरोजगार, ६० प्रतिशतले उचित र पर्याप्त आवास नभएको, २० प्रतिशतले टहरा चुहिने तथा कमजोर संरचना भएकोले कतिखेर भत्कने हो भन्ने त्रास समेत व्यक्त गरेका छन्। त्यसैगरी १० प्रतिशतले बाटोको समस्या, ३० प्रतिशतले खानेपानीको समस्या, १५ प्रतिशतले ढलको समस्या, २० प्रतिशतले शौचालयको समस्या, २० प्रतिशतले गर्मीयाममा खान नपुग्ने समस्यालाई व्यक्त गरेका छन्। धेरैजसो परिवारले एक भन्दा बढी समस्याको सामना गरिरहेका छन्।

देशका विभिन्न भागबाट काठमाडौं आएका सुकुमवासी बस्तीमा बसोबास गर्ने उनीहरूलाई काठमाडौँ आउनुको कारण सोध्दा  ८५ प्रतिशतले बेरोजगारीले गर्दा काम खोज्न काठमाडौं आएको बताएका छन् भने ३० प्रतिशतले पर्याप्त जग्गा नभएकोले खाद्यान्न अभावले जीवन निर्वाह गर्न गाउँमा गाह्रो भएकोले काठमाडौं आएको बताए भने ६० प्रतिशतले भूमि विहीनता (जग्गा नभएको) को कारण बताए। यसैगरी विगतमा भएको माओवादी द्वन्दको कारणले १५ प्रतिशत पहिरो लागेर १० प्रतिशत ऋण तिर्न नसकी १० प्रतिशत मुद्दा मामिलाले घरबारविहीन भएर आएको ५ प्रतिशतले व्यक्त गरे। यसरी देशको विभिन्न भागबाट काठमाडौँ आएका उनीहरूलाई तपाइँहरूले किन खोलाकिनारका सार्वजनिक जग्गा बसोबासको लागि छनौट गर्नु भयो भनी सोद्धा गर्दा उनीहरूमध्ये ६० प्रतिशतले घरभाडा बचाउन, ७५ प्रतिशतले खाली जग्गामा बसोबास गर्दा कसैले पनि बाधा अवरोध नगर्ने हुँदा, २० प्रतिशतले काम गर्न पायक पर्ने ठाउँ भएकोले, २५ प्रतिशतले पैसा बिना नै जग्गा पाइने हुँदा तथा ६० प्रतिशतले अन्यन्त्र आफ्नो नाममा जग्गा नभएकोले भनेका थिए। उनीहरूको माझमा गई गरेको अध्ययनले काठमाडौं उपत्यकाको खोला किनारामा सार्वजनिक जग्गामा बसेका मध्ये ६० प्रतिशत वास्तविक सुकुमवासी रहेका तर ४० प्रतिशत भने अन्यत्र आफ्नो नाउँमा जग्गा जमिन रहेका हुकुमबासीहरूको बसोबास पाइयो।

**सुकुमवासीहरूको हितमा आकर्षित हुने अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू**

**संयुक्त राष्ट्रसङ्घको वडापत्र, १९४५**

मौलिक मानवअधिकारहरूमा मानवीय व्यक्तिको मर्यादा र मूल्यमा ठूला र साना राष्टहरूमा एवम् नरनारीको समान हकमा विश्वास पुनः दृढ गराउने तथा सन्धि र अन्तर्राष्ट्रिय कानुनका अन्य स्रोतहरूबाट उत्पन्न भएका दायित्व प्रति न्याय र समानको स्थिति कायम राख्ने एवम् बृहत्तर स्वतन्त्रतामा सामाजिक प्रगति र जीवनको उच्चस्तर बढाउने। (प्रस्तावना)

**मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र १९४८**

- प्रत्येक व्यक्तिलाई बैयक्तिक स्वतन्त्रता र आत्म सुरक्षाको अधिकार हुने छ। धारा-३
- प्रत्येक व्यक्ति र निजको परिवारको स्वास्थ्य र कल्याणको लागि जीवनस्तरको अधिकार छ र यसअन्तरगत खाना, कपडा, घर, तथा औषधोपचारका सुविधाहरू र आवश्यक सामाजिक सेवाहरू पनि सम्मिलित छन् र विरामी, असमर्थता,

विधवा बूढेसकाल वा निजको शक्ति बाहिरको अरु कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार छ। धारा २५(१)

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र ,१९६६**

प्रत्येक व्यक्तिलाई जीवनको अन्तरनिहित अधिकार छ। कानूनद्वारा यस अधिकारको संरक्षण गरिनेछ। स्वेच्छाचारी रूपले कसैको पनि जीवन हरण गरिने छैन। धारा ६(१)

- प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार। धारा ९

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६**

- प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको प्रयाप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवन स्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन्। धारा ११

**महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९**

- महिलाहरूको खासगरी आबास, सरसफाई, विधुत्, खानेपानी, यातायात तथा सञ्चारका सम्बन्धमा प्रयाप्त जीवनयापनको अवस्थाको उपभोग गर्ने अधिकार हुनेछ। धारा १४, २(ज)

**बालबालिकासम्बन्धी महासन्धि, १९८९**

- कुनै पनि बालबालिकाको गोपनीयता, परिवार घर वा पत्राचार उपर स्वेच्छाचारी वा गैरकानुनी हस्तक्षेप गरिने छैन न त उनीहरूको प्रतिष्ठा तथा ख्यातिका गैरकानूनी रूपमा आक्रमण नै गरिने छ। धारा-१६(१)
- बालबालिकालाई यस्तो हस्तक्षेप वा आक्रमण विरुद्ध कानुनी संरक्षण पाउने अधिकार हुने छ। धारा-१६(२)
- पक्ष राष्ट्रहरू बाल अधिकारको कार्यान्वयन गर्न बाबु आमा तथा बालबालिकाको लागि जिम्मेवार व्यक्तिहरूलाई सहयोग गर्न उचित उपायहरू अपनाउने तथा आवश्यक भएको अवस्थामा खास गरी पोषण, लुगाफाटो तथा आवासका सम्बन्धमा भौतिक सहयोग उपलब्ध गराउने एवं त्यस सम्बन्धी कार्यमा सहयोग गर्नेछन्। धारा २७(३)

**सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि– १९६५**

- जाति वर्ण वा राष्ट्रिय वा सामाजिक उत्पत्ति सम्बन्धी कुनै पनि भेदभाव विना प्रत्येक व्यक्तिलाई आवासको अधिकार, सार्वजनिक स्वास्थ्य, औषधोपचार, सामाजिक सुरक्षा तथा सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार हुनेछ। धारा ५,ङ (३,४)

**राष्ट्रिय कानुनी प्रावधानहरू**

**नेपालको आन्तरिम संविधान, २०६३**

- प्रत्येक व्यक्तिलाई समानपूर्वक बाँच्न पाउने हक हुनेछ। धारा १२(१)
- महिला, दलित, आदिवासी, जनजाति, मधेसी वा किसान मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, बृद्ध तथा

अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने। धारा-१३(३)

- शिक्षा स्वास्थ्य आवास, रोजगारी र खाद्य सम्प्रभूतामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति राज्यले लिने। धारा ३३(ज)
- सुकुमवासी, कमैया, हलिया, हरवा चरवा लगायतका आर्थिक सामाजिकरूपले पिछडिएका वर्गलाई जग्गालगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने। धारा ३३(झ)

**नागरिक अधिकार ऐन, २०१२**

- प्रचलित नेपाल कानूनको अधिनमा रही सबै नागरिकलाई नेपाल राज्यभर जुनसुकै भागमा पनि निवास गर्ने र घरजम गर्ने, सम्पत्ति आर्जन गर्ने, भोग गर्ने र बेचविखन गर्ने अधिकार हुनेछ। दफा ६(५,६)
- प्रचलित नेपाल कानुनको अख्तियार बिना कुनै नागरिकको बासस्थानमा जबरजस्ती प्रवेश गर्नुहुँदैन। दफा १०
- प्रचलित नेपाल कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता हरिने छैन। दफा १२

**जग्गा नापजाँच ऐन, २०१९**

- ऐलानी जग्गा, सार्वजनिक जग्गा र निर्धारित भएको वन सीमाना भित्रको जग्गा बाहेक दर्ता तिरो केही नभई परापूर्व देखि बेनिस्सा हकभोग भई आवास गरी खाई आएको जग्गा प्रक्रिया पूरा गरी भोग गर्नेको नाउमा दर्ता गरिदिनुपर्ने। दफा ५
- जग्गा नाप जाँच गर्दा दर्ता तिरो नभएको घर जग्गाको स्वामित्व घरायसी लिखतको आधारबाट पाई कम्तीका पन्ध्र वर्षसम्म आफ्नो हक जानी अटुट भोग गरेको र सो अवधिमा सो लिखतलाई लिएर कुनै अदालतमा नालिस उजुर नपरेको भए सो लिखत राजिष्ट्रेशन नभएको भए तापनि सो लिखतलाई सदर मानी त्यस्तो घरजग्गा सोही भोगवाला व्यक्तिको नाउमा दर्ता गरिदिनु पर्दछ। दफा ५(क)

**मालपोत ऐन, २०३४**

- नेपाल सरकारले आवश्यक देखेमा कुनै व्यक्ति, वर्ग वा क्षेत्रको जग्गा दर्ता गर्ने प्रयोजनको निमित्त उठेको समस्या समाधानगरी जग्गा दर्ता सम्बन्धी निर्णय गर्नको लागि आयोग वा समिति गठन गर्न सक्ने छ। दफा ७(१)

**राष्ट्रिय मानवअधिकार आयोगको निर्णय**

- मानवअधिकारको संरक्षण सम्बर्द्धनका लागि मानवअधिकार उल्लङ्घनको घटनाको उजुरी सुन्ने र पीडितलाई राहत तथा उपचार र पीडकलाई कारबाहीको सिफारिस समेतका कार्य गर्ने गरी गठन भएको राष्ट्रिय मानवअधिकार आयोगले ललितपुर उपमहानगरपालिकाले सार्वजनिक जग्गामा टहरा बनाई बसोबास गरी आएका सुपारी मिजारको टहरा भत्काई उठिबास लगाएकोमा सुपारी मिजारले राष्ट्रिय मानव अधिकार

आयोगमा उजुरी दिएकोमा आयोगले नेपाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को पक्ष भएको र उक्त प्रतिज्ञापत्रले आवासको अधिकारको प्रत्याभूत गरेकोले निवेदक सुपारी मिजारको बसोबासको व्यवस्था गर्न २०५९ साल जेठ २१ गते विपक्षी ललितपुर उपमहानगरपालिकालाई पत्राचार गरेको थियो।

**निष्कर्ष**

भूमिको अधिकार र आवासको अधिकार मानवको लागि नभइ नहुने तथा आधारभूत र महत्त्वपूर्ण अधिकार हुन्। भूमि र आवास बिना मानव जीवन असम्भव छ। यही महत्त्वलाई ध्यान दिई मानव अधिकारसम्बन्धी माथि उल्लेखित विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा प्रतिज्ञापत्रहरूले भूमिअधिकार, पर्याप्त र उचित आवास तथा स्वास्थ्यको अधिकारको प्रत्यायभूत गरेको छ जसको नेपाल पक्ष समेत भइसकेको छ। यसरी, नेपाल विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूको पक्ष भई अन्तर्राष्ट्रिय जगतमा नेपालले भूमि, आवास तथा स्वास्थ्यको अधिकारको प्रत्यायभूत गर्ने प्रतिबद्धता तथा सो बमोजिम नेपालको अन्तरिम संविधान तथा अन्य विभिन्न कानूनहरूमा भएका व्यवस्था बमोजिम वास्तविक सुकुमवासीहरूको पहिचान गरी उनीहरूको अधिकारको रक्षा गरी उचित व्यवस्थापन गर्नुपर्नेमा वैकल्पिक व्यवस्था बिना नै उठिबास लगाउने राज्यको कार्यले उनीहरूको मानवअधिकार तथा संवैधानिक अधिकारको व्यापक उल्लङ्घन भएको छ।

**सन्दर्भसामग्री सूची**


- उच्चस्तरीय भूमिसुधार (बडाल) आयोगको प्रतिवेदन,२०५१
- Khadka Tika Dhwoj, Rights of Slum Dwellers: A Study in Nepalese Perspective, 2004, Seminar Pape
- संयुक्त राष्ट्रसङ्घको वडापत्र, १९४५
- मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र, १९४८
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र ,१९६६
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६
- महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९
- बालबालिका सम्बन्धी महासन्धि, १९८९
- सबै किसिमका जातिय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि- १९६५
- नेपालको अन्तरिम संविधान, २०६३
- नेपाल सन्धि ऐन, २०४७
- नागरिक अधिकार ऐन २०१२
- जग्गा नापजाँच ऐन, २०१९
- मालपोत ऐन, २०३४
- बार्षिक प्रतिवेदन, राष्ट्रिय मानवअधिकार आयोग, २०५९



*(साभार : प्राची संचेतना द्वैमासिक, वर्ष १९ पूर्णाङ्क ७८ साउन २०६९)*

# रुपन्देही जिल्लामा सुकुमवासी समस्या

टंक खनाल/अमृत गिरी

**१. पृष्ठभूमि**

नेपाल राज्य एकीकरणको सिलसिलामा पृथ्वीनारायण शाहले वि.सं. १८२५ देखि शासन सुरु गरेयता काठमाडौँ उपत्यकासहित मुलुकभर खस जातिका अतिरिक्त अन्य जातिसमेतको प्रवेश हुँदै गएको पाइन्छ। यसरी शासककै आवश्यकताले प्रवेश गर्नेहरूलाई त्यस बखतका शासकले बसोवासका लागि जग्गाजमिन उपलब्ध गराउने समेत व्यवस्था भएको इतिहासमा उल्लेख छ। नेपालमा जबसम्म राणा शासन थियो, तबसम्म उपत्यकाबाहिरबाट आई अस्थायी रूपमा बासोवास गर्ने वर्ग भनेको राज्यको शासन यन्त्रका रूपमा रहेका राणा शाहीका कर्मचारी मात्र पर्थे। पशुपतिनाथलगायत धार्मिकस्थलको भ्रमणमा, बन्द व्यापारको सिलसिलामा आउने अन्य मानिस धर्मशाला तथा पाटीपौवामा बस्ने र आफ्नो काम सकिएपछि घर फर्कने चलन थियो। राणा शासनको अन्त्यसँगै शासन सञ्चालनमा देशैभरिका राजनीतिक प्रतिनिधि काठमाडौँ उपत्यकामा आउने र डेरा खोजी बसोवास गर्ने अभ्यास सुरु भएको इतिहास छ।

जमिन्दारहरूका काम गर्ने हरुवा, चरुवा, हलिया, कमैयाहरू हुने गर्थे। वर्षभरिमा यति अन्नपात यति नगद लिने दिने गरेर यी श्रमिकहरू सम्झौता गरी बसेर काम गर्थे। यी जनशक्तिका बाबजुद पनि जमिन्दारहरूले सबै भूमिमा खेती गर्न उत्पादन गर्न सक्दैन थिए। अब्बल र दोयम भूमि मात्र उपयोग गर्थे। सिम र चहार क्षेत्रका भूमि आमनागरिकहरूलाई अलिअलि करको रूपमा शुल्क लिएर खेती गर्न दिन गर्थे। यस्तै जमिन्दारहरूले उब्रेको भूमिमा खेती गर्न दिने व्यवस्थालाई उखडा भन्ने गरिन्छ। वसन्तकुमार शर्म्मा नेपालद्वारा रचित शब्दकोश 'नेपाली शब्द सागर'मा सुकुम्बास र सुकुमवासी शब्दको यसरी व्याख्या गरिएको छ। सुकुम्बास (सुखिम +बास) (ना) (घर) जमिन (धनसम्पदा सम्पत्ति केही नभएको स्थिति) जीविकोपार्जन नभएको अवस्था। सुकुमवासी (सुकुमबास+ई) (वि) सुकुम्बास भएको। कुनै प्रकारको जायजेथा नभएको (ना) त्यसप्रकारको नागरिक अथवा व्यक्तिलाई जनाउँदछ।

'भारतको सिक्किमलाई पहिले सुखिम भनिन्थ्यो। त्यहाँबाट नेपालको पूर्वी क्षेत्रमा शरणार्थीका रूपमा आएका नेपाली मूलका बासिन्दालाई सुखिमबासी भनिन्थ्यो। पछि अपभ्रंश हुँदै सुकुमवासी भएको संस्कृतिविद्हरूको भनाइ छ। कालान्तरमा देशभित्रकै घरबारविहीन, आफ्नो नाममा घरजग्गा नभएका र सरकारी तथा सार्वजनिक जमिनमा बसेकाहरूलाई समेत सुकुमवासी भन्न थालियो।'

सुकुमवासीका नाममा अनेक समस्या आउन थालेपछि ०५२ साउन १९ गतेको मन्त्रिपरिषद् बैठकले सुकुमवासीका नाममा यस्तो परिभषा बनायो : 'सुकुमवासी भन्नाले जीविकाका लागि कुनै ठोस विकल्प नभएका, आफ्नो वा आफ्नो अंशियारका नाममा वा

कब्जामा कुनै घर वा जग्गा नभएका तथा घर (जग्गा जोड्न सक्ने कुनै साधन, स्रोत नभएका भूमिहीन तथा नि:सहाय (कृषि मजदुर, कमैया, हली, हरुवा, चरुवा आदि) व्यक्ति र दैवीप्रकोपबाट घर (जग्गाविहीन हुन पुगेका व्यक्ति एवम् निजप्रति आश्रित परिवारका सदस्य समेत जनाउँछ।

नेपालमा राणाहरूकै पालादेखि वनजङ्गल र भूमिमाथिको राजनीति सुरु भएको हो। दास प्रथाको उन्मूलन गर्ने बहानामा तराईको अमलेखगन्जमा सयौँ हेक्टर जङ्गल फँडानी गरी दासदासीहरूलाई बसोवास गराइएको थियो। राणा र तत्कालीन अङ्ग्रेजको साँठगाँठमा नेपालको तराईका भूभागका सालका काठले जर्मनीमा रेलको लिक बनेको थियो। जङ्गल उजाड हुँदै गएपछि तराईका भूमि त्यसबेला पनि अतिक्रमण भएको थियो। तर, कम जनसङ्ख्याको बखत नापीको समयमा यसरी फँडानी भएका भूमि नापी भई अतिक्रमण गर्नेहरूले वैधानिकता पाउँदै आएका थिए।

'राणा शासनको अन्तपछि राजा महेन्द्रले ०१४ सालमा चितवनको जङ्गल फँडानी गरी बस्ती बसाल्ने क्रममा हजारौँ हेक्टर जमिनभित्रको जङ्गल सखाप भएको थियो। त्यसपछि सुकुमवासीलाई जमिन वितरण गर्ने काममा पुनर्वास कम्पनी स्थापना गरियो। पुन:वासको नामबाट नवलपरासीको गैँडाकोट, माकर गाविसका वर्दघाटलगायतका क्षेत्र र आसपासका जङ्गल तथा रुपन्देही जिल्लाका रुद्रपुर, पक्लिहवालगायतका केही भाग, कपिलवस्तु हुँदै बर्दिया, कैलाली र महेन्द्रनगरसम्मका हजारौँ हेक्टर जमिन राजा महेन्द्रकै निर्देशनमा वितरण गरिएको इतिहास छ'।

सुकुमवासी समस्या खासगरी सहरीकरणको समस्याका रूपमा लिइन्छ तर नेपालमा सुकुमवासीहरू भनेर सहरीकरण र सहरभित्रको समस्या भनेर मात्र बुझ्न हुँदैन किनकि यो समस्या गाउँमा समेत छ। वि.सं. २०२१ को भूमि सुधारले पश्चिम तराईमा उखडा, गाउँ ब्लक, पाँच नम्बरी र आठ नम्बरीजस्ता नयाँ समस्या जन्मायो। यसबाट पीडित गरिब मोही किसानको समस्या अहिले पनि यथावत् छ। यसबाहेक भूमि नै नहुनेको सङ्ख्या पनि सबैतिर बढ्दै गयो। यस्तै हरुवा-चरुवाहरूको समस्या अझै पनि विद्यमान छ। अर्कोतिर बाढी पीडित, आगलागी पीडितहरू विपन्नताका कारण प्रतिजग्गा आवाद गरी बस्ने, भारतका पूर्वोत्तर राज्यहरू मेघालय आसाम, बर्माबाट लखेटिएर मातृभूमिमा आएका नेपालीहरू पनि सकुमवासीका रूपमा रहेका छन्। यसै गरी हिमाल र पहाडबाट साहुको ऋण तिर्न नसकी दामासाही भई परिवारको जिविका चलाउन नयाँ व्यवसाय र जीविकोपार्जनको खोजीमा तराई झरी आश्रय लिन खोज्नेहरू नै बढी सुकुमवासीको रूपमा रहेका छन्। यसमध्ये पनि दलित, जनजातिको ठूलो हिस्सा यसभित्र पर्दछ। तराईमा औलो उन्मूलनअघि बस्ती बढाउन र आवाद गर्न सरकारी पहलमै भारतबाट ल्याइएका मानिसहरू, पहाडबाट तराई झरेका निमुखा समुदाय र यहाँ सयौँ वर्षदेखि बसोवास गर्ने, थारु, मुसहर, मल्लाहलगायतका गरिब किसानहरू भूमिहीन अवस्थामै छन्।

## २. अध्ययनको महत्त्व

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ११ मा प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वयम् तथा आफ्नो परिवारको पर्याप्त जीवनस्तर तथा जीविकाको अवस्थाको

निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्ने उल्लेख छ। यसले नागरिकको बसोवासको अधिकारलाई प्रत्याभूत गरेको छ। नेपाल यस महासन्धिको पक्षराष्ट्र भएको हुँदा आफ्ना नागरिकका लागि उचित बसोवासको व्यवस्था मिलाउनु उसको दायित्व हुन आउँछ।

सुकुमवासी समस्या राष्ट्रिय समस्याका रूपमा विकसित भएको छ। मुलुकका प्राय: सबै सहरहरूमा यो समस्या व्याप्त छ। विभिन्न पहाडी भेगबाट कामको खोजीमा तथा सुविधाको खोजी गर्दै सहरतिर झर्ने र त्यही खाली ठाउँमा झुपडी बनाएर बस्ने चलन वर्षौं पहिलेदेखि चलेको पाइन्छ। रुपन्देहीमा खास गरी ०३४ सालतिर राजा वीरेन्द्रले चुरे पहाडको फेदमा रहेका केही बस्तीलाई असुरक्षित ठानेर नलपरासीको हर्दिया, कीर्तिपुर, भाटा क्षेत्रमा सार्ने व्यवस्था गरेका थिए। त्यससँगै बस्तीलाई व्यवस्थित गर्ने क्रम सुरु भए पनि बिस्तारै खाली रहेको जग्गामा बस्ती बस्ने क्रम रोकिएन। त्यसअघि राजा महेन्द्रले रुपन्देहीको रुद्रपुर र पक्लिहवामा बस्ती बसालेका थिए। त्यतिबेला रुपन्देहीका अहिलेका सहरहरूका अधिकांश जग्गा खाली नै थिए। रुपन्देहीमा कति सङ्ख्यामा सुकुमवासी छन् भन्ने आधिकारिक तथ्याङ्क कुनै पनि निकायमा छैन। जिल्ला विकास समितिले वास्तविक सुकुमवासी चार/पाँच हजार भएको अनुमान गर्दछ। राजनीतिक दलहरूले बीसौं हजार सुकुमवासी भएको हुनसक्ने अनुमान गर्दछन्। यथार्थमा जिल्लामा सुकुमवासीको अवस्था के छ ? के कति सुकुमवासी बसोवास गर्दै आएका छन् ? उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था के छ ? कुन-कुन स्थानमा सुकुमवासी बस्दै आएका छन् ? वास्तविक सुकुमवासी को हुन् ? भन्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार गर्दा यो समस्या समाधान गर्न मद्दत पुग्ने भएकाले यो अध्ययन गरिएको हो।

## ३. अध्ययन विधि

जिल्लामा सुकुमवासीहरूको बसोवास भएको स्थानको स्थलगत रूपमा अध्ययन, सुकुमवासी र तिनका परिवारसँग भेटघाट, कुराकानी, सरोकारवाला सरकारी निकाय, गैरसरकारी निकाय, राजनीतिक दल एवम् तिनका प्रतिनिधिहरूसँग अन्तर्वार्ता र कुराकानी गरिएको थियो। साथै, सुकुमवासी समस्याका बारेमा पूर्वप्रकाशित सामग्री, पत्रपत्रिकामा प्रकाशित लेख, विशेषज्ञबाट लेखिएका पुस्तकहरू, सान्दर्भिक वेबसाइटहरूको अध्ययन गरेर यो प्रतिवेदन तयार पारिएको हो।

## ४. अध्ययनको सीमा

जिल्लामा सुकुमवासी समस्या प्रमुख रूपमा रहेको छ। सुकुमवासीहरू सहरका विभिन्न स्थान तथा नदी किनारामा अस्थायी प्रकृतिको घरटहरा निर्माण गरेर बसोवास गर्दै आएका छन्। उनीहरू असुरक्षित र अव्यवस्थित रूपमा बस्दै आएको पाइन्छ। भूमिहीन सुकुमवासीका रूपमा बसोवास गर्दै आएका उनीहरूको समस्याका बारेमा पहिचान गर्ने र त्यसको समाधानका लागि पहल गर्नका लागि यो अध्ययन गरिएको छ। सुकुमवासी समस्यामध्ये प्रमुख समस्या उखडा र अव्यवस्थित बसोबासलाई यसमा समावेश गरिएको छ।

## ५. रुपन्देहीका सुकुमवासी

रुपन्देहीमा १८औं शताब्दीअघिदेखि नै बस्तीको विकास भएको इतिहास छ। यहाँ दक्षिणको भन्दा उत्तरतिरको बस्ती अलि

पुरानो हो। उत्तरतिर चुरे पर्वत र जङ्गलका छेउछाउमा फँडानी गरेर बस्ती बस्न थालेको वि.सं. १८९१ भन्दा पहिलेदेखि नै हो।

नेपालको पछिल्लो जनगणना ०६८ मा उल्लेख भए अनुसार रुपन्देहीको जनसङ्ख्या ८ लाख ८० हजार १ सय ९६ छ, जसमा महिला ४ लाख ४८ हजार ३ र पुरुष ४ लाख ३२ हजार १ सय ९३ रहेको छ। यहाँ १ लाख ६६ हजार ८ सय ३५ परिवार छन्। जसमध्ये १ लाख ३७ हजार १ सय १६ परिवार मात्रै आफ्नो घरबार भएका छन्। रुपन्देहीमा ८ हजार ६ सय १४ जति परिवार घरजग्गा केही पनि नभएका छन्।

रुपन्देहीमा सुकुमवासीका नाममा ऐलानी, पर्ती जमिन, खोलाकिनार, र गुठीका जमिनहरूमा अतिक्रमण गरी बस्नेहरूको वस्ती बढेको छ। रुपन्देहीको तिनाउ, दानव, घाघरा तथा रोहीणी नदी किनार र नहरका छेउछाउमा सुकुमवासी बस्ती बसेका छन्। रुपन्देहीका बुटवल नपा, सिद्धार्थनगर नपासहित ६९ ओटै गाविसमा सुकुमवासीका नाममा बस्ती बसेका छन्। सबैभन्दा बढी बुटवलको तिनाउ नदी किनार र त्यस आसपासका नदी किनारमा छन्। त्यहाँ मात्रै करिब १० हजार  सुकुमवासी बस्ती रहेको अनुमान छ। तिनाउ नदी किनारमा टप मजुवा, सिरान गाउँ मजुवा, दुर्गानगर, न्यु दुर्गानगर, बुद्धनगर, तिलोत्तमा नगर, सिर्जना नगर, न्युसिर्जना नगर गरी आठओटा बस्ती बसेका छन्। यस्तै पहिला सुकुमवासीका रूपमा बसेका तर पछि लालपुर्जा पाएका यी बस्तीहरूमा मात्र ३ हजार ३ सय २० घरधुरी रहेको जिल्ला मालपोत कार्यालयका मालपोत अधिकृत शङ्करप्रसाद सुवेदीले माघ ९ गतेको कुराकानीमा बताए।

यहाँ सुकुमवासी समस्यामध्ये उखडा, गाउब्लक, बेदर्ता, झोडासम्बन्धी बढी छन्। त्यसमध्ये पनि सबैभन्दा बढी उखडा जग्गासम्बन्धी छन्। उखडा जग्गाका बारेमा अध्ययन गर्दै आएका प्रा.डा. गितु गिरीका अनुसार रुपन्देहीमा मात्र २ हजारभन्दा बढी परिवार उखडा समस्यामा छन्। वर्षौंदेखि जोतभोग गर्दै आएका नापजाँच भएका तर, जग्गाको स्वामित्व नभएकालाई उखडा समस्या भनिन्छ। त्यसैगरी पहिलेदेखि नै बसोवास गरेका तर जग्गाको स्वामित्व आफूसँग नभएका परिवारको सङ्ख्या ६ हजारभन्दा बढी रहेको छ। यो समस्यालाई झोडा भनिन्छ।

दक्षिणको मर्चवार क्षेत्रदेखि उत्तरका बुटवलको तिनाउ, दानव, घाघरा तथा रोहीणी नदी किनार र १६/३६ नहरको डिलमा बसेका बस्तीहरूको विकास दिनप्रतिदिन बढ्दो छ। यिनै नदी किनारमै सुकुमवासी समस्या बढ्दो मात्रामा रहेको छ। जहाँका बस्तीहरू जोखिमपूर्ण र असुरक्षित पनि छन्। यी बस्तीहरूमा समुदायले नै आफ्नै स्रोतबाट (पैसा सङ्कलन गरेर) खानेपानीको व्यवस्था गरेका छन्। बिजुलीका लागि पनि उनीहरूले सामुदायिक विद्युतीकरणमार्फत एक जनाको नाममा मिटर जडान गरी त्यसैबाट सबैलाई वितरण गरेका छन्।

रुपन्देहीलाई भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीहरूको बाहुल्य रहेको जिल्ला पनि भनिन्छ। यहाँ छिमेकका विभिन्न जिल्लाहरूबाट बसाइँसराइ गरी आउने क्रम तीव्र भएकाले पनि यहाँ दक्षिणतर्फ मोही किसान, भूमिहीन श्रमिक, उखडा, गाउँब्लक पीडित किसानको बढी सङ्ख्या छ भने उत्तरतर्फका बस्तीहरूमा सुकुमवासी र अव्यवस्थित बसोवासीहरूको बाहुल्य छ। अर्कोतिर न्यून जमिन हुने गरिब किसानको ठूलो सङ्ख्यासमेत यही जिल्लामा रहेको छ। पछिल्ला समयमा तिनाउ नदी किनारमा सयौं

बस्तीहरू बसेका छन्। बगरमा छाप्रा बनाएर बस्ने हजारौँ जनता छन्। वास्तविक सुकुमवासीको पहिचान गरेर समाधान गर्न उनीहरू पटकपटक माग गर्दै आए पनि त्यो सुनुवाइ भएको छैन। संविधानसभा चुनावमा यही सुकुमवासी बस्ती नै सबैको नजरमा पऱ्यो। सुकुमवासी बस्तीमा मात्रै १० हजारभन्दा बढी मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख तुलसीराम ज्ञवालीले बताए। यही बस्तीलाई थुप्रै दलहरूले भोट बैंकका रूपमा लिँदै सुकुमवासी समस्या समाधान गर्न पहल गर्ने प्रतिबद्धता जनाएका थिए।

### ५.१ के हो उखडा समस्या ?

जग्गा कमाएबापत तोकिएको हिस्सा किसानले जग्गाधनीलाई बुझाउने सिलसिलामा उखडा प्रथाको प्रादुर्भाव भएको देखिन्छ। जमिन्दारको सेवा चाकडी गर्ने, नि:शुल्क श्रम गर्ने, बेठबेगारी दिने आदि क्रममा किसानहरू आसपासमा बस्ने-बसाउने गर्दा यो प्रचलन सुरु भएको थियो। खासगरी बाँझो जग्गाको मालपोत नेपाल सरकारलाई बुझाउन असजिलो परेका बखत बाहिरबाट किसानहरू ल्याई तोकिएको बोलकबोलबमोजिम जग्गा कमाउन दिँदा कालान्तरमा यस्तो सङ्ख्या बढ्दै गयो र उखडा जग्गालाई व्यवस्थित गर्नुपर्ने बाध्यता आयो। यस परिवेशमा पश्चिम तराई क्षेत्रमा अवस्थित नवलपरासी, रुपन्देही र कपिलवस्तु जिल्लामा उखडा प्रथा सुरु भएको हो। करिब २ हजार परिवार यो समस्यामा रहेका छन्।

वि.सं. ०६१ मा रुपन्देहीमा २ हजार परिवारले उखडासम्बन्धी निवेदन दिएका थिए। सरकारको कार्य सम्पादन नियमावली, २०४७ को अनुसूची १ को खण्ड क.१ अनुसार उखडा समिति गठन गरिएको थियो। यस समितिलाई तोकिएबमोजिम कारबाही गर्न थाल्दा निकै कम सङ्ख्यामा निवेदन आएका थिए। तर, विभिन्न अड्चनले यी समस्या जीवन्त नै देखिएकाले किसानहरूको आन्दोलन तथा नागरिक समाजको दबाबको कारणले ०६९ सालमा यसको अधिकार मालपोतलाई दिए पनि कानुनी अडचनले काम पूरा गर्न नसकिएको देखिन्छ। मालपोत कार्यालय रुपन्देहीको तहसिल फाँटको तथ्याङ्कमा उखडा जग्गाका करिब २ हजार थान मिसिल रहेको ०७० पुस १० गतेको कुराकानीमा मालपोत अधिकृत शङ्करप्रसाद सुवेदीले बताए।

सूचनाको अभावले पनि कैयन् किसानहरू भूमि अधिकारबाट वञ्चित भएका छन्। सरकारले उखडा जग्गासम्बन्धी समस्या हेर्ने स्थायी निकाय वा अधिकार प्राप्त निकायको व्यवस्था गर्नुपर्दछ। तोकिएको म्यादमा काम गर्ने अधिकारी वा समिति गठन भएको सूचना सरकारले राजपत्रमा प्रकाशित गरे पनि सर्वसाधारण किसानको पहुँचबाहिर पर्दछ। गाउँ पञ्चायत वा गाउँ विकास समितिमा सूचना टाँस गर्नुपर्ने र सबैले देख्ने ठाउँमा राख्नुपर्ने कानुनी प्रावधान भए पनि गाउँका जमिन्दार वा टाठाबाठाले मात्र थाहा पाउने परम्परा हुँदा सामान्य किसानहरू सूचनाबाट समेत वञ्चित भएको अध्ययनका क्रममा जानकारी प्राप्त भयो।

### ५.२ वास्तविक सुकुमवासी कति ?

नेपालको जनसङ्ख्या ०६८ को जणगणना अनुसार २ करोड ६६ लाख पुगेको छ। देशमा अहिले ४७ लाख ६७ हजार १ सय ९६ घर र ५६ लाख ५१ हजार ९ सय ८४ घरपरिवार छन्। जनसङ्ख्याको चाप अनुसार ग्रामीण क्षेत्रमा भन्दा सहरी क्षेत्रमा जनघनत्व निकै उच्च रहेको देखिन्छ। जस

अनुसार सहरी क्षेत्रमा १ हजार ३ सय ८१ जना र ग्रामीण क्षेत्रमा १ सय ५३ जना प्रतिवर्गकिलोमिटर मानिसको बसोवास रहेको छ।

पछिल्लो तथ्याङ्क अनुसार सबैभन्दा धेरै जनघनत्व काठमाडौं जिल्लामा रहेको छ। जहाँ ४ हजार ४ सय १६ जना प्रतिवर्गकिलोमिटर मानिसको बसोवास रहेको छ। बस्ती बसोवास संरक्षण समाजको तथ्याङ्क अनुसार नेपालमा अझै ४० लाख सुकुमवासी छन्। राजधानीमा मात्रै करिब ७० स्थानमा सुकुमवासी र अव्यवस्थित बसोवासीका बस्ती बसेका छन्। काठमाडौंपछि मुलुकका प्रायः सहरमा सुकुमवासी बस्ती बसेको छ।

०५१ सालमा एमाले सरकारमा रहेको बखत ऋृषिराज लुम्सालीको अध्यक्षतामा सुकुमवासी आयोग गठन गरिएको थियो। त्यति बेला आयोगले ४८ जिल्लाका कुल ५८ हजार ३ सय ४० घर परिवारलाई २१ हजार ९ सय ७४ बिघा जमिन वितरण गरेको थियो। त्यसरी दिइएको जमिन विवादमा परेका कारण कतिपयले हालसम्म लालपुर्जा प्राप्त गर्न सकेका छैनन्।

डा. बाबुराम भट्टराई सरकारको नेतृत्वको सरकारद्वारा गठित पछिल्लोपटकको सुकुमवासी समस्या समाधान आयोगले तराईका दुईसहित मुलुकभरका २५ जिल्लामा समिति गठन गरेको थियो। सोही आयोगले मुलुकभरबाट ३ लाख ९५ हजार ४ सय ५६ सुकुमवासीहरूले दिएको निवेदनमध्ये प्रमाणित सुकुमवासीको सङ्ख्या १ लाख ५१ हजार ६ सय ३३ रहेको छ। उक्त आगोगले कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, सुर्खेत, दाङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी, कास्की, चितवन, मकवानपुर, सिन्धुली, रौतहट, उदयपुर, धनुषा र पर्सालगायत २५ जिल्लामा सुकुमवासीका नाममा परिचयपत्र वितरण गरेको थियो। विगतको आयोगका तथ्याङ्क अनुसार हालसम्म २५ जिल्लाबाट ४ लाख २२ हजार सुकुमवासी रहेकामा पछिल्लो आयोगले नेपालमा कुल ८९ हजार सुकुमवासीलाई परिचयपत्र बाँडेको छ।

तर, पछिल्लोपटक एमाओवादी नेता डा. बाबुराम भट्टराई नेतृत्वको सरकारका पालामा गठन भएको सुकुमवासी समस्या समाधान आयोगले रुपन्देहीमा सुकुमवासीका फारम सङ्कलन गर्ने र टोकन दिने काम गरेको थियो। उक्त आयोगका सदस्य तथा एमाओवादीका ४ नम्बर क्षेत्रीय संयोजक कृष्ण पोखरेलका अनुसार फारम मात्रै ३० हजार सङ्कलन भएका थिए। तर, ३ हजार जतिलाई मात्र उक्त आयोगले टोकन दिएको थियो। आयोगको रुपन्देही अध्यक्षमा भूपराज चापागाईं थिए। उक्त आयोगले रुपन्देहीमा एक जनालाई पनि जग्गाको पुर्जा वितरण नगरेको सदस्य पोखरेलले बताए। फराम सङ्कलन हुँदै गर्दा आयोग नै विघटन भएको उनी बताउँछन्।

### ३. सुकुमवासीका मागहरू र यसको वैधानिकता

स्वायत्त शासन लोकतान्त्रिक गणतन्त्रको मुख्य तत्त्व हो। स्थानीय स्वायत्त शासन ऐन जनतालाई स्थानीय तहमा शासनको अभ्यास गर्न र अधिकारको विकेन्द्रीकरणका लागि ल्याइएको ऐन हो। स्थानीय स्वायत्त शासन ऐन, ०५५ र त्यसको विनियमावली ०५६ बमोजिम अधिकार प्रयोग गरी दफा २८ (च) बमोजिम भू-उपयोग नीति बनाउने, भू-उपयोग नीतिबमोजिम सुकुमवासीप्रति जग्गा, वन क्षेत्रको जग्गाको व्यवस्थापन नियमावली बनाएर गाउँ परिषद्बाट पारित गर्ने र धेरै

सुकुमवासी भएका गाविसले आफ्नै खालको स्थानीय घरजग्गा व्यवस्थापन एकाइ बनाएर मालपोत कार्यालयले जस्तै जग्गा खरिद बिक्री र त्यसको पास गर्ने व्यवस्था गर्ने काम गर्न सक्छ। यसो गर्दा गाविसको आम्दानी वृद्धि गर्न सुकुमवासी जग्गा व्यवस्थापन शुल्क लिने र लगत अभिलेख राख्ने, सार्वजनिक जग्गा सीमाङ्कन गर्ने काम गर्न सक्छ।

अहिले गाउँमा सामुदायिक वनहरूले धेरै सार्वजनिक र खाली जग्गा एवम् वनलाई सामुदायिक वनमा रूपान्तरण गरी विधानसमेत स्वीकृत गरी व्यवस्थापन गरेकाले अतिक्रमण निकै कम भएको छ। यसकारण अब बाँकी जग्गामा अतिक्रमणको पनि त्यति सम्भावना छैन। अर्कोतिर सरकारले बाटोघाटो, खानेपानी, विद्युत्, टेलिफोन, विद्यालयजस्ता सुविधा सुकुमवासी क्षेत्रमा उपलब्ध गराएर यी वस्तीहरूलाई वैधानिकता प्रदान गरिसकेको हुँदा तत्काल गाविस र नगरपालिकाले स्थानीय तहमा अस्थायी आधार जग्गा प्रमाणपत्र उपलब्ध गराउन सक्छ। सुशासनको एउटा नमुना भूमिहीनहरूलाई भूमि, बस्तीहीनहरूलाई बस्ती र जीवीकोपार्जनको माध्यम जुटाइदिनु पनि हो।

## ६. सुकुमवासी समस्या हल नहुनाका कारणहरू

सुकुमवासीका समस्याका सम्बन्धमा राजनीतीकरण बढी हुने गरेको स्वयम् राजनीतिक दलहरू नै स्वीकार गर्दछन्। शक्तिशाली सुकुमवासी समस्या समाधान आयोग गठन हुनुपर्नेमा उनीहरू सहमत भए पनि सुकुमवासी बस्तीलाई भोट बैंकका रूपमा प्रयोग गरिँदा यो समस्या समाधान हुन नसकेको देखिन्छ। यसका साथै वास्तविक सुकुमवासी कति छन् भन्ने नै पहिचान गरिएको छैन। यसको पहिचान गरी तथ्याङ्क अद्यावधिक गर्नु जरुरी छ। राज्यका निकाय र राजनीतिक दलहरूका बीचमा साझा धारणा बन्न नसक्नु र दलहरूका प्रतिबद्धता कार्यान्वयन नहुनु पनि सुकुमवासी समस्या बल्झिनुका कारण हुन्। साथै, सुकुमवासी समस्या समाधानसम्बन्धी राज्यको स्पष्ट नीतिको अभाव र भएका नीतिको समेत कार्यान्वयन नहुनु नै हो।

### ६.१ सुकुमवासीका समस्याहरू र आधारभूत अधिकार

अधिकांश सुकुमवासी भनिएकाहरूको बस्ने स्थान भनेको नदी किनारजस्ता असुरक्षित स्थानहरू रहेका छन्। उनीहरू सुरक्षित स्थानमा व्यवस्थित तरिकाले बसोवास गर्न सक्दैनन्। राज्यका निकायसमेत सुकुमवासी समस्यालाई सम्बोधन गर्न तर्फ ध्यान दिँदैन। शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत अधिकारको उपभोग गर्नबाट सुकुमवासीहरू वञ्चित रहेका छन्। रुपन्देहीका सुकुमवासी बस्तीमा विद्यालय जाने उमेरका ५ हजार बालबालिका रहेका छन् भने सातओटा सरकारी र तीनओटा निजी विद्यालयमा उनीहरूले अध्ययन गर्दै आएका छन्। सुकुमवासी बस्तीमा स्वास्थ्य सस्थाहरू छैनन् भने बिरामी हुँदा छिमेकी गाविसस्थित स्वास्थ्यचौकी तथा जिल्ला एवम् अञ्चल अस्पतालमा उपचार गर्न जाने गरेको सिर्जनानगर बस्ती विकास तथा संरक्षण समितिका अध्यक्ष नहकुल शाहीले बताए।

नदी किनारामा बसोवास गर्ने भएकाले दैवीप्रकोपको समस्या छ। विशेषगरी वर्षाको समयमा उनीहरूले जोखिम बेहोर्नुपर्दछ। वर्षाका समयमा भौतिक तथा मानवीय क्षतिसमेत हुने गरेको छ, सुकुमवासी बस्तीमा। सुकुमवासी बस्तीहरूमध्ये तिनाउ

नदीको किनारमा रहेका बासिन्दाले आफैँ जनश्रम गरेर सङ्कलन गरेको रकमबाट सामुदायिक विद्युतीकरणका माध्यमबाट बिजुली र खानेपानीका लागि बोरिङ निर्माण गरेका छन्। वर्षामा तिनाउ नदीको बाढी सीधै झुपुडीसम्म पुग्ने खतरा छ। हरेक वर्ष बाढीमा परी जनधनको क्षति हुने गरेको छ। अधिकांश सुकुमवासी बस्तीहरू जोखिमपूर्ण, असुरक्षित र अव्यवस्थित रहेका छन्। यसका साथै समय-समयमा राजनीतिक प्रभावका कारण सुकुमवासी बस्ती हटाउने हल्लाले समेत सुकुमवासीलाई त्रस्त बनाउँदै आएको छ। उनीहरू सरकारले व्यवस्थित ढङ्गले बसोवासको व्यवस्था मिलाइदेओस् भन्ने चाहन्छन् । राज्यले भने सुकुमवासी समस्यालाई गम्भीरतापूर्वक लिएको देखिँदैन।

### ७. सुकुमवासी समस्या समाधानका लागि राज्यबाट भएका प्रयासहरू

राणाशासनको पतनपछि जमिन्दार र साहू-महाजनको शोषण/उत्पीडनविरुद्ध किसानहरूले विभिन्न नामका सङ्घ तथा सङ्गठनहरू गठन गरे। अखिल नेपाल किसान सङ्घलगायतका सङ्गठनमार्फत सुकुमवासीलाई जग्गाको मालिक बनाउनुपर्ने माग राख्दै विभिन्न चरणका आन्दोलन पनि भए।

सुकुमवासीलाई जग्गा बाँड्ने सरकारी प्रयास ०१३ सालदेखि हुँदै आएको छ। पञ्चायतकालमा तराई र भित्री मधेसका जिल्लामा क्षेत्रीय बसोवास समिति, अञ्चल बसोवास समिति, वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न आयोग र वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगलगायतका धेरै निकाय गठन भएका थिए, जसलाई सुकुमवासीको छानबिन, बसोवास क्षेत्र पहिचान र जग्गा दर्ता गर्नेसम्मको अधिकार दिइएको थियो। तर, तिनले धेरैजसो जग्गा वास्तविक सुकुमवासीको भन्दा पनि गैरसुकुमवासीकै नाममा दर्ता गरेको गुनासो अझै पनि छ। यतिबेलादेखि नै बल्झिएको सुकुमवासी समस्या दिनदिनै बढ्दो छ। ०२१ मा जारी भूमिसम्बन्धी ऐनले गरेको कृषि ऋणको छानबिन गर्ने व्यवस्थाले कृषि दास र बँधुवा मजदुरसरह जीवन बिताइरहेका सुकुमवासीहरूलाई उन्मुक्ति दिएको थियो। तर, सो कानुनमा भएको हदबन्दीभन्दा बढी जग्गा त्यसकै मोही तथा सुकुमवासीहरूलाई दिने व्यवस्था पनि कार्यान्वयन भएन।

प्रजातन्त्रको पुन:स्थापना ०४६ सालमा भएपछि मात्रै सुकुमवासी समस्या समाधानका नाममा बनेका विभिन्न आयोगहरूमार्फत मुलुकमा डेढ लाख परिवारलाई जग्गा वितरण गरेको भूमिसुधार मन्त्रालयको तथ्याङ्कमा छ। तत्कालीन भूमिसुधार मन्त्री बुद्धिमान तामाङको अध्यक्षतामा ०५३ वैशाखमा बनेको आयोगले २५ जिल्लामा समिति गठन गरी लगत उठाएको थियो। काङ्ग्रेस नेता चिरञ्जीवी वाग्ले नेतृत्वको आयोगले ६८ जिल्लामा समिति बनाएर लगत सङ्कलन गरेको मन्त्रालयको तथ्याङ्कमा छ। आयोगले फागुन ०५९ मा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ४२ जिल्लामा गठन गरेको समितिमार्फत ०६१ भदौसम्म ३ हजार ८१ सुकुमवासी र ४१ हजार ३५ अव्यवस्थित बसोवास गरेकालाई लालपुर्जा वितरण गरेको थियो।

यसअघि गठन भएको आयोगमा ओम अर्याल जिल्ला अध्यक्ष थिए। उक्त आयोगले रुपन्देहीको सिक्टहन गाविसका ११ जना सुकुमवासी परिवारलाई सर्वदलीय सहमतिमा लालपुर्जा वितरण गरेको आयोगका उपाध्यक्ष तथा नेमकिपाका जिल्ला

अध्यक्ष हरिसुन्दर बासीले बताए। उनका अनुसार बुटवललगायत विभिन्न बस्तीका १ सय ८५ जनालाई पुर्जा वितरणको काम सुरु भएको तर विवादको अन्तिम टुङ्गो लाग्न नसकेको बताए । उनका अनुसार त्यसरी प्रक्रिया चलाइएको १ सय ८५ परिवारको जग्गामा अहिले स्रेस्ता चल्नेलगायतका काम भएको छ। त्यतिबेला कागजात पूर्ण नभएको र सबै दलको सहमति नभएकाले विवाद उत्पन्न भएको बासीले बताए। उक्त आयोगको समयावधि सकिनु दुई दिनअगावै मुलुकका विभिन्न जिल्लाका आयोगले सङ्कलन गरेका कागजातहरू अख्तियारले नियन्त्रणमा लिएको थियो।

**७.१ राष्ट्रिय कानुन तथा व्यवस्था**

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा मौलिक हकको रूपमा सम्पत्तिको अधिकारलाई उल्लेख गरिएको छ। त्यस्तै संविधानको भाग ४ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरूको व्यवस्था गरिएको छ। जस अन्तर्गत राज्यको दायित्व अन्तर्गत धारा ३३ (झ) मा सुकुमवासी, कमैया, हलिया, हरुवा, चरुवालगायतका आर्थिक, सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति राज्यले लिने उल्लेख छ।

यी सबै संवैधानिक नीति, नियम र व्यवस्था अनुसार पनि राज्यले समष्टिको सर्वोत्तम हित गर्न भूमिको न्यायोचित वितरण गर्नु जरुरी छ। भूमि उत्पादनको अनिवार्य र आवश्यक तत्त्व हो। विडम्बना के छ भने नेपालमा भूमिको न्यायोचित वितरण हुन सकेको छैन। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको शासनकालमा (०५८ साउन ३२ गते) आठबुँदे क्रान्तिकारी कार्यक्रमको घोषणा हुँदा भूमिको नयाँ हदबन्दीको घोषणा गरिएको थियो।ज्ञज्ञ संसद्मा भूमिको नयाँ हदबन्दीसम्बन्धी विधेयक पेस हुँदा सबै दलहरूले सो विधेयकको विरोध गरेका थिए। राजनीतिक दलका नेताहरू आफूहरू दीनदु:खी र गरिबहरूप्रति सहानुभूति राख्ने पक्षमा रहेको तर व्यावहारिक रूपले गरिबी उन्मूलन गर्ने पक्षमा नरहेको स्वत: स्पष्ट पारेका छन्। प्रजातन्त्र प्राप्तिको ६३ वर्षपछि पनि राष्ट्रमा रोग, भोक, अशिक्षा, गरिबीले जरो गाडेकै छ। योजनाबद्ध कार्यक्रम थालनीको ५७ वर्षपछि पनि राष्ट्रमा निरपेक्ष गरिबीको रेखामुनि जीवन बिताउन बाध्य नेपालीहरूको सङ्ख्या २५ प्रतिशतभन्दा तल झर्न सकेको पाइन्न।

जीवन बाँच्न चाहिने न्यूनतम आधारभूत आवश्यकताहरू (जस्तै खाद्यान्न, आवास, लत्ताकपडा, शिक्षा, स्वास्थ्य, सुरक्षा, सेवा गर्न पाउने अवसरहरूको उपलब्धता र व्यक्तित्व विकासको समान सु-अवसरहरू आदि)को आपूर्ति राज्यका निकायबाट व्यवस्थित हुन सकेको छैन।

म्यानमारमा (तत्कालीन वर्मामा) क्रान्ति हुँदा कैयन् नेपालीहरू लखेटिए र शरणार्थीका रूपमा नेपाल आए। त्यस बेला श्री ५ महेन्द्रबाट यी शरणार्थीहरूलाई रुपन्देही जिल्लाको छपियामा भैरहवादेखि पश्चिम बसाल्ने काम भएको थियो।

लुम्बिनी अञ्चलमा तराईका जिल्लाहरू रुपन्देही, कपिलवस्तु र नवलपरासीमा उखडा कृषकहरू छन्। नियमानुसार दस्तुर लिएर, छानबिन गरेर, उखडा जग्गा दर्ता गरिदिने सरकारी निर्णय अनुसार उखडा अदालत खडा गरिएको थियो। रुपन्देहीका उखडा न्यायाधीशको सडक दुर्घटनामा असामयिक निधन भएपछि उखडा

अदालत न्यायाधीशविहीन बन्न पुगेको थियो। हाल प्रमुख मालपोत अधिकृतलाई सो अदालतको समेत कामकाज गर्ने गरी जिम्मेवारी तोकिएकामा बढी जसो गैरनेपाली नागरिक (भारतीय) भएकाले मात्र २ सय ५० उखडा किसानहरूको (नेपाली नागरिकहरूको) दाबी पर्न आए अनुसार ६५ जनालाई जग्गाधनी प्रमाणपुर्जा प्रदान गरिसकेको र बाँकीलाई पनि क्रमश: जग्गाधनी प्रमाणपुर्जा (जाँचबुझ गरेर) दिने प्रक्रिया रहेको मालपोत कार्यालयको भनाइ छ। सुकुमवासीको सम्बन्धमा नेपालमा पटक-पटक सुकुमवासी आयोगहरू गठन भएको, भूमि वितरण पनि हुँदै आएकामा पछिल्लोपटकको सुकुमवासी आयोग विघटन हुँदासम्म पनि रुपन्देही जिल्लामा २३ हजारदेखि २४ हजार निवेदकहरूको निवेदन परेकामा आयोग विघटन भएपछि सबै कागजातहरू पोको पारी थन्काइएको छ।

**८. रुपन्देहीको सुकुमवासी समस्या समाधानका लागि प्रमुख राजनीतिक दलका स्थानीय नेताहरूको भनाइ**

सुकुमवासी समस्या राष्ट्रिय समस्या रहेको विषयमा दलका स्थानीय नेताहरूबीच मतैक्य देखिन्छ। यसको समाधानका लागि सरकारको स्पष्ट नीति तथा कार्यक्रम चाहिन्छ भन्नेमा सबैको समान दृष्टिकोण पनि छ। एमालेका अध्यक्ष भोजप्रसाद श्रेष्ठ शक्तिशाली सुकुमवासी समस्या समाधान आयोग बनाएर वास्तविक सुकुमवासीको पहिचान गरी एउटा नीति बनाएर निश्चित अवधिका लागि निश्चित रकम लिएर बसोवासको व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गर्छन्।

उनको भनाइ अनुसार रुपन्देहीमा हाल पनि झन्डै ३० हजारजति परिवार सुकुमवासी र अव्यवस्थित बसोवासीका रूपमा रहेको अवस्था छ। ४०/५० वर्षदेखि नै यस्ता बस्तीहरू बस्न थालेका हुन्। यसमा पनि कोही वास्तविक र कोही अन्यत्र पनि जग्गा भएर सुविधाका लागि सहरको नजिकमा आएका हुनसक्ने उनको धारणा छ।

काङ्ग्रेस महासमिति सदस्य युवराज गिरी यस समस्यालाई जटिल मान्दै दलहरू नै जिम्मेवार बन्न जरुरी रहेका ठान्दछन्। राज्यले पनि राजस्वका नाममा अव्यावहारिक नीति बनाएको उनको आरोप छ। उनको तथ्याङ्क एमाले नेताको तथ्याङ्कभन्दा निकै फरक देखिन्छ । उनको अनुमानमा रुपन्देहीमा वास्तविक सुकुमवासी बढीमा चार-पाँच हजारजति मात्र रहेका छन्। वास्तविक सुकुमवासीको पहिचानका लागि राज्यले एउटा मापदण्ड र निष्पक्ष आयोग बनाउनुपर्ने उनको धारण छ।

राजनीतिक दलले भोट बैंकका रूपमा पनि यस्ता बस्तीहरू बसाल्ने गरेका छन्। साथै स्वरोजगारका कार्यक्रमहरूमा पनि प्राथमिकता दिनुपर्छ। काम गर्ने वातावरण बनाइदिएपछि वास्तविक सुकुमवासी काममै लाग्छन् भने अरू ठगी गरेर बसेकाहरू आफैँ छुट्टिन्छन्।

एमाओवादी रुपन्देहीका संयोजक यज्ञ पोखरेल पनि सुकुमवासी समस्या समाधानका लागि राज्यका निकाय र सबै राजनीतिक दलहरूबीच सहकार्य जरुरी रहेको धारणा व्यक्त गर्दछन्। उनी पनि सुकुमवासीलाई भोट बैंकका रूपमा प्रयोग गरिएको स्वीकार गर्दछन्।

स्थानीय विकास अधिकारी पेशलकुमार पोखरेल यस समस्यालाई समाधान गर्न राजनीतिक दलहरूको भूमिका नै महत्त्वपूर्ण ठान्दछन्। उनी रुपन्देहीमा बढीमा ५ हजार जति परिवार सुकुमवासी

हुन सक्ने विचार व्यक्त गर्दछन्।

नगरपालिका मात्रै यसमा दोषी छैन्। यहाँका राजनीतिक दलहरू पनि जिम्मेवार छन्। सुकुमवासी समस्या समाधानका लागि राज्यले नै एउटा स्पष्ट नीति बनाउनुपर्छ र वास्तविक सुकुमवासीको पहिचान गरी तिनलाई निश्चित अवधिका लागि निश्चित रकम लिएर लिजमा जग्गा उपलब्ध गराउनुपर्छ। साथसाथै उनीहरूलाई स्वरोजगार बनाउने, सीपमूलक तालिमहरू दिने र काममा लगाउने खालका योजनाहरू बनाउन जरुरी छ। राज्यका निकाय नै उदासिन र गैरजिम्मेवार बन्दा समस्या झन् जटिल बन्दै गएका छन्।

बुटवल नगरपालिकाका विभिन्न स्थानमा मात्रै सुकुमवासीका नाममा करिब १० हजारजति परिवारहरूका बस्ती बसेका छन्। त्यस्ता बस्तीहरू तिनाउ, दानव नदीका किनारमा, सोह्रछत्तीस नहरका डिलमा र जङ्गलका छेउछाउमा छन्। जुन बस्तीहरू जोखिमपूर्ण अवस्थामा पनि छन्। यस्ता बस्तीलाई सुरक्षित बनाउन सकिएन भने भविष्यमा जनधन दुवैको ठूलो क्षति हुन सक्ने खतरा छ।

## ९. निष्कर्ष

विगतमा सुकुमवासीका रूपमा निःशुल्क रूपमा प्राप्त भूमिको कदर नगरी औनेपौने दाममा भूमि बेच्ने प्रवृत्ति थियो। प्राकृतिक विपत्ति, बाढी, पहिरोले गर्दा मानिसहरू सुकुमवासी हुने गर्छन्। तर, विगतका आयोगहरूमा छदम्भेषी सुकुमवासीहरूलाई पार्टीका आफ्ना कार्यकर्ताहरू, आसेपासेहरूलाई पनि भूमि दिने प्रयासहरू भएको पाइन्छ। रुपन्देहीका नदीहरू, खोलाहरूको नगरमा, सरकारी भूमिमा रातारात सुकुमवासी बनेर टहरा र झुप्रा ठड्याउने, वनजङ्गल अतिक्रमण गरेर टहराहरू बनाउने व्यवसाय बनेको पाइन्छ। यसो दुष्प्रयासमा केही राजनीतिक दलहरू उनका नेता तथा कार्यकर्ताहरू एवम् भू-माफियाहरू संलग्न हुने गरेका छन्। यस्तो अवस्थामा राज्यले स्पष्ट भूमिसम्बन्धी नीति तर्जुमा गरेर बास्तविक सुकुमवासीको पहिचान गरी उनीहरूलाई सुरक्षित आवासको व्यवस्था मिलाइदिनु पर्दछ। नागरिकको मौलिक अधिकारका रूपमा रहेको आवासलाई राज्यले व्यवस्थित गर्न सकेमा मात्र भूमिसम्बन्धी समस्याको समाधान हुन सक्दछ। राज्यका नीति नियमहरूसमेत कार्यान्वयन हुन नसक्दा नेपालमा सुकुमवासी समस्या समाधानतर्फभन्दा जटिलतातर्फ उम्मुख हुँदै गएको छ। यस्तो अवस्थामा समाजमा बेरोजगारी बढ्ने, आपराधिक घटनाक्रम मौलाउने हुँदा सुकुमवासी समस्यालाई गम्भीरतापूर्वक लिएर राज्य र राजनीतिक दललगायतका सरोकारवाला निकायले विशेष योजना र पहल गर्नुपर्ने देखिन्छ।

## १०. सुझाव

- प्रत्येक जिल्लामा शक्तिशाली सुकुमवासी आयोग गठन गरिनुपर्छ। वास्तविक भूमिहीन घरबाट विहीन, सुकुमवासी, मुक्त कमैया, हलिया, हरुवा, चरुवाको पहिचान गरी घडेरी र खेती गर्न स-शुल्क रूपमा ( किस्ताबन्दीमा मूल्य लिएर जग्गावालालाई क्षतिपूर्ति दिने र राजस्व उठाउने) भूमि वितरण गरिनुपर्छ।
- वास्तविक सुकुमवासीको पहिचान गरेर जग्गाधनी प्रमाणपत्र दिइनुपर्छ।
- बुटवल नगरक्षेत्रभित्र तिनाउ नदीको

किनार (झोलुङ्गेपुल वरिपरि, पक्कीपुलमुनि, बुद्धनगर क्षेत्र)मा पक्की घरहरू निर्माण भएका छन्। यी को हुन् ? कसरी त्यहाँ पक्की घरहरू निर्माण भए ? सत्यतथ्य बुझेर यदि वास्तविक सुकुमवासी हुन् भने जग्गाधनी पुर्जा दिने नीति बनाउनु पर्छ।

- निःशुल्क रूपमा घडेरी, जग्गा प्रदान गर्नुहुन्न। भूमिबाट उत्पादकत्व वृद्धि गर्ने सत्प्रयास गरिनुपर्छ। त्यो उत्पादकत्व वृद्धि अन्नपात अथवा राजस्व वृद्धिका रूपमा हुनुपर्छ।
- अव्यवस्थित बसोवास हटाएर व्यवस्थित र सुरक्षित बसोवासको व्यवस्था मिलाउनुपर्दछ।

**सन्दर्भ सामग्री**



१. श्रेष्ठ, डम्बरकृष्ण। सुकुमवासी समस्या कहिल्यै सुल्झेन । हिमाल खबर पत्रिका। वर्ष १९। अङ्क १६। ०६६ पुस १-१५
२. गिरी, प्रा.डा.गितु। नेपालमा उखडा प्रथा । रुपन्देही : लुम्बिनी प्रतिष्ठान। ०६८
३. राष्ट्रिय जनगणना-२०६८। केन्द्रीय तथ्याङ्क विभाग
४. राष्ट्रिय जनगणना, २०६८। केन्द्रीय तथ्याङ्क विभाग,http://cbs.gov.np/wp content/uploads/2014/01/NPHC2011%20(Tables%20from%20Form-II).pdf
५. भट्टराई, सिद्धिचरण। लालपुर्जा देऊ । बुटवल : बीजी डिजाइनर्स। ०६९
६. श्रेष्ठ, डम्बरकृष्ण। सुकुमवासी समस्या कहिल्यै सुल्झेन। हिमाल खबर पत्रिका। ०६६ पुस १-१५
७. राष्ट्रिय भू-उपभोग नीति, २०६९ http://www.molrm.gov.np/downloadfile/Land_Use_Policy_%20Final%20Version_1336114962.pdf
८. भट्टराई, सिद्धिचरण। लालपुर्जा देऊ । बुटवल : विजी विजाइनर। ०६९ फागुन
९. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, ०६५ http://www.molrm.gov.np
१०.नेपालको अन्तरिम संविधान, २०६३
११. उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदन, २०६५
१२.भट्टराई, सिद्धिचरण। लालपुर्जा देऊ । बुटवल : विजी विजाइनर। ०६९ फागुन
१३. घिमिरे पुष्प, तुलसी, स्तम्भकार। बुटवल : मेचीकाली दैनिक। ०७० पुस १६ : पृ. २
१४.घिमिरे पुष्प, तुलसी, स्तम्भकार। बुटवल : मेचीकाली दैनिक। ०७० पुस १६ : पृ. २


*(साभार : नेपाल मानव अधिकार वर्ष पुस्तक २०१४)*

## सामयिक

# भूमिहीन सुकुमवासीको सवाल र इन्सेक अभियान

**आज देशका विभिन्न स्थान, विशेषतः काठमाडौँ उपत्यकाका नदी किनारका सुकुमवासी बस्ती विस्थापन अभियानले विकास र मानव अधिकारबीचको सम्बन्धलाई पुनः बहसको केन्द्रमा ल्याएको छ। सहरलाई व्यवस्थित बनाउने, नदी अतिक्रमण हटाउने वा सार्वजनिक सम्पत्ति संरक्षण गर्ने राज्यको दायित्वमा कुनै विवाद छैन। तर त्यही दायित्व पूरा गर्ने क्रममा नागरिकको आधारभूत मानव अधिकार, सम्मानजनक जीवन र पुनर्स्थापनाको अधिकार बेवास्ता गरिनु भने स्वीकार्य हुन सक्दैन।**



विजयराज गौतम

नेपालको लोकतान्त्रिक यात्राले सात दशकभन्दा बढी समय पार गरिसकेको छ। यस अवधिमा देशले शासन व्यवस्था, संविधान र राजनीतिक संरचनामा ऐतिहासिक परिवर्तनहरू अनुभव गऱ्यो। राणाशासनको अन्त्य, बहुदलीय व्यवस्थाको पुन:स्थापना, सशस्त्र द्वन्द्व, जनआन्दोलन, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा नयाँ संविधानको कार्यान्वयनले नेपाली समाजलाई नयाँ राजनीतिक दिशातर्फ उन्मुख गराएको छ। यी परिवर्तनहरूको मूल उद्देश्य नागरिकको जीवनमा न्याय, समानता र सम्मान सुनिश्चित गर्नु थियो। यदि समाजको सबैभन्दा कमजोर र सीमान्तकृत नागरिक अझै पनि सुरक्षित आवास, जीविकोपार्जन र आधारभूत अधिकारबाट वञ्चित छन् भने राजनीतिक परिवर्तनको उपलब्धिमाथि प्रश्न उठ्नु स्वाभाविक हुन्छ। आज भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको प्रश्न यही दृष्टिले नेपालको लोकतान्त्रिक अभ्यासको गम्भीर परीक्षण बनेको छ।

मानव अधिकारको अवधारणा समयसँगै विकसित हुँदै आएको छ। प्रारम्भिक चरणमा नागरिक तथा राजनीतिक अधिकारलाई केन्द्रमा राखिएको भए पनि अहिले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई मानव अधिकारकै अभिन्न अङ्गका रूपमा स्वीकार गरिएको छ। सम्मानपूर्वक बाँच्न पाउने अधिकार, सुरक्षित आवास, खाद्य, स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाबिनाको लोकतन्त्र अपूरो हुन्छ। नेपालको संविधानले पनि प्रत्येक नागरिकलाई उपयुक्त आवासको अधिकार, खाद्यको अधिकार तथा सामाजिक न्यायको प्रत्याभूति गरेको छ। त्यसैले भूमिहीनताको प्रश्न केवल जग्गा वितरणको विषय होइन, यो मानव अधिकार, सामाजिक न्याय, समान अवसर र लोकतान्त्रिक राज्यको उत्तरदायित्वसँग प्रत्यक्ष जोडिएको विषय हो।

इन्सेकले स्थापना कालदेखि नै मानव अधिकारलाई केवल राजनीतिक स्वतन्त्रताको प्रश्नका रूपमा हेरेन। समाजका सीमान्तकृत, उत्पीडित र राज्यको पहुँचबाट बाहिर रहेका समुदायको अधिकार संरक्षणलाई संस्थाको मूल दायित्वका रूपमा अघि बढायो। विगत तीन दशकभन्दा लामो अवधिमा इन्सेकले मानव अधिकार उल्लङ्घनका घटनाको तथ्यमा आधारित अभिलेखीकरण, अनुसन्धान, पैरवी र जनचेतनामार्फत नेपालमा मानव अधिकार संस्कृतिको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। सशस्त्र द्वन्द्वका बेला बेपत्ता पारिएका व्यक्ति, गैरन्यायिक हत्या, यातना, महिला तथा बालअधिकारका सवालदेखि आर्थिक-सामाजिक अधिकारसम्म इन्सेकले निरन्तर आवाज उठाउँदै आएको छ। पछिल्ला वर्षहरूमा आवासको अधिकार, भूमि अधिकार, जलवायु न्याय तथा विकासका नाममा हुने विस्थापनजस्ता विषय पनि इन्सेकको मानव अधिकार बहसका महत्त्वपूर्ण आयाम बनेका छन्।

कमैया, कमलरी र हलिया प्रथाले हजारौँ परिवारलाई पुस्तौँसम्म भूमिहीनता, ऋणको चक्र र सामाजिक विभेदमा बाँधेर राख्यो। कानुनी रूपमा यी प्रथाको अन्त्य घोषणा भए पनि प्रभावित समुदायका धेरै परिवार आज पनि सुरक्षित आवास, भूमि स्वामित्व, दिगो जीविकोपार्जन र सामाजिक पुनर्स्थापनाको अधिकारबाट पूर्ण रूपमा लाभान्वित हुन सकेका छैनन्। यसले स्पष्ट गर्छ कि कानुनी मुक्ति मात्र पर्याप्त हुँदैन, त्यसलाई आर्थिक तथा सामाजिक न्यायमा रूपान्तरण गर्ने प्रभावकारी राज्य संयन्त्र अपरिहार्य हुन्छ।

यही यथार्थलाई दृष्टिगत गर्दै इन्सेकले स्थापना कालदेखि नै कमैया, कमलरी र हलिया समुदायको मानव अधिकारको अवस्थालाई निरन्तर अभिलेखीकरण, अनुसन्धान, अनुगमन र सार्वजनिक पैरवीको विषय बनाउँदै आएको छ। मानव अधिकार वर्षपुस्तक, विषयगत अध्ययन, तथ्यमा आधारित प्रतिवेदन तथा सार्वजनिक संवादमार्फत इन्सेकले श्रम शोषण, भूमिहीनता, पुनर्स्थापनामा देखिएका कमजोरी, राज्यका अपूरा प्रतिबद्धता तथा प्रभावित समुदायले भोगिरहेका चुनौतीलाई राष्ट्रिय बहसमा निरन्तर उठाएको छ। विशेषगरी कमैया प्रथा अन्त्य (२०५७) र हलिया मुक्तिको घोषणा (२०६५) पछि पनि पुनर्स्थापना, भूमि वितरण, नागरिकता, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाको अवस्था कस्तो छ भन्ने विषयमा इन्सेकले निरन्तर अनुगमन गर्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ।

भूमिको प्रश्न केवल स्वामित्वको प्रश्न होइन, यो मानव मर्यादा, समान अवसर र सामाजिक न्यायसँग प्रत्यक्ष जोडिएको विषय हो। कानुनी रूपमा मुक्ति घोषणा गरिएका समुदायसमेत भूमि, आवास र जीविकोपार्जनको सुनिश्चितताबिना पुनः गरिबी, असुरक्षा र सामाजिक बहिष्करणको चक्रमा फस्ने जोखिममा रहन्छन्। त्यसैले भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको वर्तमान सवाललाई विगतका कमैया, कमलरी र हलिया मुक्तिका अनुभवबाट अलग गरेर हेर्न सकिँदैन। ती अभियानहरूले सिकाएको पाठ स्पष्ट छ– राज्यको दायित्व घोषणा गर्नेमा मात्र सीमित हुनु हुँदैन, सम्मानजनक पुनर्स्थापना, भूमि अधिकार, सामाजिक सुरक्षा र दिगो जीविकोपार्जन सुनिश्चित गरेर मात्र वास्तविक न्याय स्थापित हुन्छ।

आज देशका विभिन्न स्थान, विशेषतः काठमाडौं उपत्यकाका नदी

**भूमि तथा आवासको समस्या समाधानका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय अपरिहार्य छ। एकातिर सङ्घीय सरकारले भूमिहीनको व्यवस्थापन गर्ने नीति अघि सार्ने र अर्कोतिर स्थानीय तहले वैकल्पिक व्यवस्था नगरी विस्थापनको प्रक्रिया अघि बढाउने अवस्थाले नागरिकलाई अन्योल र असुरक्षामा धकेल्छ। यस्तो विरोधाभासले संविधानले परिकल्पना गरेको सहकारी सङ्घीयताको मर्मलाई पनि कमजोर बनाउँछ।**

किनारका सुकुमवासी बस्ती विस्थापन अभियानले विकास र मानव अधिकारबीचको सम्बन्धलाई पुन: बहसको केन्द्रमा ल्याएको छ। सहरलाई व्यवस्थित बनाउने, नदी अतिक्रमण हटाउने वा सार्वजनिक सम्पत्ति संरक्षण गर्ने राज्यको दायित्वमा कुनै विवाद छैन। तर त्यही दायित्व पूरा गर्ने क्रममा नागरिकको आधारभूत मानव अधिकार, सम्मानजनक जीवन र पुनर्स्थापनाको अधिकार बेवास्ता गरिनु भने स्वीकार्य हुन सक्दैन। विकास र मानव अधिकार एकअर्काका विरोधी होइन, बरु दिगो विकासको आधार नै मानव अधिकारको सम्मान हो। विकासका नाममा आफ्नै नागरिकलाई विकल्पविहीन बनाउने, उनीहरूको जीविकोपार्जन नष्ट गर्ने र सामाजिक असुरक्षातर्फ धकेल्ने कार्यले लोकतान्त्रिक राज्यको संवेदनशीलतामाथि गम्भीर प्रश्न उठाउँछ।

भूमिहीनता नेपालको इतिहासमा गहिरो सामाजिक तथा आर्थिक असमानतासँग जोडिएको संरचनागत समस्या हो। शताब्दीयौँदेखि भूमि वितरणमा रहेको असमानता, सामन्ती भूमि सम्बन्ध, जातीय विभेद, गरिबी, प्राकृतिक विपत्ति, आन्तरिक बसाइँसराइ, सशस्त्र द्वन्द्व तथा योजनाविहीन सहरीकरणका कारण ठूलो सङ्ख्यामा नागरिक आफ्नै भूमिबाट विस्थापित भए। उनीहरूमध्ये धेरैले सार्वजनिक जग्गा, नदी किनार तथा जोखिमयुक्त क्षेत्रमा आश्रय लिन बाध्य भए। उनीहरू रहरले सुकुमवासी बनेका होइनन्, राज्यका ऐतिहासिक नीति, सामाजिक बहिष्करण र आर्थिक अवसरको अभावले उनीहरूलाई त्यहाँ पुऱ्याएको हो। त्यसैले सुकुमवासीलाई केवल कानुन उल्लङ्घन गर्ने समूहका रूपमा चित्रण गर्नु समस्याको वास्तविक जडलाई बेवास्ता गर्नु हो।

नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानजनक आवासको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३७ ले उपयुक्त आवासको अधिकारलाई प्रत्याभूत गरेको छ भने धारा ३६ ले खाद्य अधिकार र धारा ४२ ले सामाजिक न्यायको अधिकारलाई संस्थागत गरेको छ। यसले स्पष्ट रूपमा देखाउँछ कि लोकतान्त्रिक राज्यको दायित्व नागरिकलाई केवल राजनीतिक अधिकार प्रदान गर्नुमा सीमित हुँदैन, उसले सम्मानजनक जीवनका लागि आवश्यक सामाजिक र आर्थिक आधार पनि सुनिश्चित गर्नुपर्छ। त्यसैले भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको सवाललाई केवल सार्वजनिक जग्गाको व्यवस्थापन वा सहरी विकासको प्राविधिक विषयका रूपमा होइन, संविधानले प्रत्याभूत

गरेका मौलिक अधिकारको कार्यान्वयनसँग जोडेर हेर्न आवश्यक छ।

नेपाल अन्तर्राष्ट्रिय मानव अधिकार प्रणालीको पक्ष राष्ट्र हो। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICESCR) को पक्ष राष्ट्रका रूपमा नेपालले प्रत्येक नागरिकको सम्मानजनक आवासको अधिकारको संरक्षण गर्ने दायित्व स्वीकार गरेको छ। यस महासन्धिअन्तर्गत विकसित व्याख्यात्मक मापदण्डहरूले कुनै पनि व्यक्तिलाई उसको आवासबाट विस्थापित गर्नु अन्तिम विकल्प हुनुपर्ने स्पष्ट गरेका छन्। यदि सार्वजनिक हितका कारण विस्थापन अपरिहार्य भए पनि प्रभावित समुदायसँग पर्याप्त पूर्वसूचना, सार्थक परामर्श, सम्मानजनक वैकल्पिक आवास, जीविकोपार्जनको सुनिश्चितता तथा प्रभावकारी कानुनी उपचारको अवसर उपलब्ध गराइनुपर्छ। यी आधारभूत सिद्धान्तहरूको पालना नगरी गरिने कुनै पनि विस्थापनले मानव अधिकारका अन्तर्राष्ट्रिय मान्यतामाथि प्रश्न उठाउँछ।

पछिल्लो समय काठमाडौँ उपत्यकासहित देशका विभिन्न स्थानमा सञ्चालन भएका विस्थापन अभियानहरूले यही प्रश्नलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याएका छन्। सार्वजनिक जग्गा संरक्षण, नदी प्रणालीको व्यवस्थापन तथा सहरी योजनाको कार्यान्वयन राज्यका वैधानिक जिम्मेवारी हुन्। तर ती उद्देश्य हासिल गर्ने क्रममा प्रभावित समुदायको मानव अधिकार, सामाजिक सुरक्षा तथा जीविकोपार्जनको अधिकारलाई समान प्राथमिकता दिनुपर्छ। कुनै पनि लोकतान्त्रिक राज्यको शक्ति बल प्रयोगमा होइन, नागरिकसँग संवाद गर्ने क्षमता, संवेदनशीलता र न्यायपूर्ण निर्णय प्रक्रियामा निहित हुन्छ। त्यसैले विकास र मानव अधिकारबीच कृत्रिम द्वन्द्व सिर्जना गर्नु आवश्यक छैन, बरु मानव अधिकारलाई केन्द्रमा राखेर गरिने विकास नै दिगो र न्यायपूर्ण विकासको आधार हो।

भूमिहीन सुकुमवासीको समस्या समाधान हुन नसक्नु नेपालको दीर्घकालीन नीतिगत असफलताको परिणाम पनि हो। विगत तीन दशकमा विभिन्न सरकारहरूले भूमिसम्बन्धी आयोग, सुकुमवासी आयोग तथा उच्चस्तरीय कार्यदल गठन गरे। लाखौँ परिवारको विवरण सङ्कलन गरियो, अध्ययन प्रतिवेदन तयार भए, नीतिगत प्रतिबद्धता पनि व्यक्त गरियो। तर सरकार परिवर्तनसँगै आयोग परिवर्तन हुने, नीति निरन्तरता नपाउने र कार्यान्वयन राजनीतिक प्राथमिकताभन्दा बाहिर पर्ने प्रवृत्तिका कारण समस्या जस्ताको तस्तै रह्यो। यसले भूमिको प्रश्नलाई सामाजिक न्यायको विषयभन्दा पनि राजनीतिक लाभ र निर्वाचनमुखी वाचाको माध्यम बनाएको देखिन्छ।

भूमि तथा आवासको समस्या समाधानका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय अपरिहार्य छ। एकातिर सङ्घीय सरकारले भूमिहीनको व्यवस्थापन गर्ने नीति अघि सार्ने र अर्कोतिर स्थानीय तहले वैकल्पिक व्यवस्था नगरी विस्थापनको प्रक्रिया अघि बढाउने अवस्थाले नागरिकलाई अन्योल र असुरक्षामा धकेल्छ। यस्तो विरोधाभासले संविधानले परिकल्पना गरेको सहकारी सङ्घीयताको मर्मलाई पनि कमजोर बनाउँछ। त्यसैले भूमि व्यवस्थापन, सहरी योजना र मानव अधिकार संरक्षणबीच स्पष्ट नीतिगत समन्वय स्थापित गर्नु आजको आवश्यकता हो।

*(लेखक : इन्सेकका अध्यक्ष हुनुहुन्छ ।)*

# नेपालमा भूमिहीनको अवस्था: आवासको हक, चुनौती र समाधान

**पृष्ठभूमि**

२०४६ सालको राजनीतिक परिवर्तनपछि भूमि समस्या समाधानका लागि विभिन्न आयोग बने पनि यो समस्या अझै सम्म समाधान हुन सकेको छैन। राजनीतिक अस्थिरता र हरेक सरकारको परिवर्तनसँगै पुरानो आयोग विघटन गर्दै सरकारले आफू अनुकूलता समिति वा आयोग गठन गर्दै आएका छन्। भूमिसम्बन्धी समस्या समाधान गर्ने भन्दै प्रजातन्त्रको पुनर्स्थापना यता ३६ वर्षमा १६ वटा आयोग र एक समिति गठन भइसकेका छन्। वर्तमान सरकारले आयोगको साटो समिति गठन गरेपछि यो सङ्ख्या १७ पुगेको छ। तर हालसम्म पनि अव्यवस्थित बसोबास र सुकुमवासीको समस्या भने सुल्झन सकेको छैन।



यज्ञप्रसाद अधिकारी

राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा वर्तमान सरकार गठन भए लगत्तै प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) ले सुरक्षा निकाय प्रमुखहरूलाई सुकुमवासी बस्ती हटाउन निर्देशन दिएसँगै २०८३ वैशाख १२ गतेदेखि काठमाडौँ बागमती किनारमा बसोबास गर्ने सुकुमवासी बस्तीमा सुरक्षाकर्मीले बल प्रयोग गरी सुकुमवासीको घर टहरामा डोजर चलायो। तथापि सरकारका प्रवक्ता शिक्षामन्त्री सस्मित पोखरेलले (वैशाख १० गते) सुकुमवासी बस्ती हटाउने बारे मन्त्रिपरिषद्को बैठकमा कुनै निर्णय नै नभएको बताउनु भएको थियो। काठमाडौँ उपत्यका लगायत देशका विभिन्न भागका नदी किनार क्षेत्र,सार्वजनिक पर्ति जग्गामा बसोबास गर्दै आएका सुकुमवासी र अव्यवस्थित बसोबासीले सुरक्षित आवास शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता आधारभूत अधिकारबाट बञ्चित रहिआएका थिए।

जिल्ला प्रशासन कार्यालय, काठमाडौँले २०८३ वैशाख १० गते नदी किनारका सार्वजनिक, पर्ति जग्गामा सुकुमवासीले हक भोग गरी आएका घर टहराहरू वैशाख ११ गते बेलुकी ७ बजेभित्र खाली गर्न, १२ गते बिहान ६ बजेदेखि घर टहरा भत्काउने र अतिक्रमित जग्गा पूर्ण रुपमा खाली गर्ने कार्य हुनेछ भन्ने व्यहोराको सूचना प्रकाशन गरेको थियो। सार्वजनिक सूचना बमोजिम नै १२ गते बिहानदेखि काठमाडौँको बागमती किनारमा रहेका थापाथली, सिनामङ्गल, गैरीगाउँ, मनोहरा, विष्णुमती नदी किनारमा सुरक्षा फौज तैनाथ गरी डोजर लगाई घर टहरा भत्कायो भने वास्तविक सुकुमवासीको तथ्याङ्क सङ्कलनको लागि त्रिपुरेश्वर स्थित रङ्गशालामा राखी विस्थापित भएका व्यक्ति परिवारलाई काठमाडौँका विभिन्न होल्डिङ सेन्टरमा राखेको छ।

**नेपालमा सुकुमवासी समस्या समाधानका लागि भएका प्रयास**

२०४६ सालपछि भूमि समस्या समाधानका लागि प्रत्येक सरकारले नयाँ आयोग र समिति गठन गर्ने, सरकार

परिवर्तनसँगै तिनको विघटन हुने क्रम चलिरह्यो। २०४६ सालदेखि हालसम्म ३६ वर्षको अवधिमा १६ वटा आयोग गठन भए। पहिलोपल्ट २०४७ सालमा बलबहादुर राईको संयोजकत्वमा आयोग गठन भएको थियो। २०४८ सालमा शैलजा आचार्यको अध्यक्षतामा दोस्रो आयोग गठन भयो। उक्त आयोगले सुकुमवासी परिवारको पहिचानका लागि आह्वान गर्दा २ लाख ६३ हजार ३८ परिवारले आवेदन दिएका थिए। २०५१ सालमा ऋषिराम लुम्सालीको नेतृत्वमा गठन भएको आयोगले २४ हजार ४ सय ७० सुकुमवासी र २४ हजार ५२ जना अव्यवस्थित बसोबासी, १ सय ९५ कमैया र ३ हजार ३ सय २ भन्दा बढी पहिरो पीडित गरी कुल ५८ हजार ३ सय ४० परिवारलाई जग्गा वितरण गरेको थियो। २०५२ सालमा बुद्धिमान तामाङ र २०५४ सालमा चन्द्रा शाहको नेतृत्वमा आयोग गठन भयो। २०५४ सालमै बुद्धिमान तामाङ दोस्रोपटक आयोगको अध्यक्ष बने भने २०५५ सालमा तारणीदत्त चटौत, २०५६ मा गंगाधर लम्साल, २०६३ मा कैलाश महतो, २०६६ सालमा गोपालमणि गौतम र २०६८ मा भक्तिप्रसाद लामिछानेले आयोगको नेतृत्व गरेका थिए। त्यसैगरी २०७१ सालमा शारदाप्रसाद सुवेदी, २०७३ सालमा गोपाल दहित, २०७६ मा देवीप्रसाद ज्ञवाली र २०७८ मा केशव निरौलाले आयोगको नेतृत्व गरे भने अन्तिम आयोगको रूपमा हरिप्रसाद रिजालले नेतृत्व गरेका थिए। सुशीला कार्की नेतृत्व सरकारले उक्त आयोगलाई खारेज गरे पनि सर्वोच्च अदालतले उक्त निर्णय उल्टाइदिएको थियो। तर रासपा नेतृत्वको सरकारले अध्यादेश मार्फत आयोग खारेज गऱ्यो। त्यसको लगत्तै २०८३ जेठ १९ गते बलभद्र वास्तोलाको नेतृत्वमा नयाँ समिति गठन गरेको छ।

**भूमिहीन सुकुमवासी समेतको स्थिति :**

पछिल्लो तथ्याङ्क अनुसार नेपालमा भूमिहीन सुकुमवासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासी गरेर करिब १२ लाख परिवार रहेका छन्। जससँग ५० लाख भन्दा बढी जनसङ्ख्या प्रत्यक्ष अप्रत्यक्ष जोडिएका छन् भूमि आयोगको तथ्याङ्कअनुसार १२ लाख २० हजार १ सय ९४ भन्दा बढीको आवेदन परेको छ। जसमध्ये ७७ प्रतिशत ( ९ लाख ३७ हजार ५ सय १५ अव्यवस्थित




*०८३ वैशाख १८ गते  बल्खु र वंशीघाटस्थित सुकुमवासी बस्ती स्काभेटरले हटाएपछिको अवस्था*

बसोबासीको समस्या रहेको १५ प्रतिशत १ लाख ८२ हजार ६ सय ९८ भूमिहीन सुकुमवासी र ८ प्रतिशत ९९ हजार ९ सय ८९ दलित रहेका छन्। राष्ट्रिय स्तरमा भूमिहीन भन्दा अव्यवस्थित बसोबासको व्यवस्थापन मुख्य चुनौतीका रूपमा रहेको छ। समयमा नै नक्साको नाँप जाँच नहुँदा देशैभर अव्यवस्थित बसोबासीको समस्या विकराल रहेको छ कतिपय ठूला सहर र गाउँ नै ऐलानी जग्गामा बसेका छन्।

### सुकुमवासी बस्तीमा मानव अधिकारको अवस्था

नेपालको संविधानको धारा २४९ बमोजिम राष्ट्रिय मानव अधिकार आयोगले सुकुमवासी बस्तीमा उक्त दिन बिहानैदेखि अनुगमन गरेको थियो। सुकुमवासी बस्तीमा ११ गते माइकिङ गरी बस्ती खाली गराउन सूचित गरेको, सुरक्षाकर्मीको बाक्लो उपस्थितिमा २०८३ वैशाख १२ गते बिहानैदेखि घर, टहरा, विद्यालय, धार्मिक स्थल लगायतका सम्पूर्ण संरचना भत्काएको थियो। सुकुमवासीको समान व्यवस्थापन अव्यवस्थित रहेको, बिहानैदेखि डोजर चलाएको कारण त्यहाँ बस्ने परिवार भोकभोकै रहेको त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा विवरण तथ्याङ्क सङ्कलन गरी होल्डिङ सेन्टरमा राखेको अवस्थाको समेत अनुगमन गरेको पाइन्छ। सुरक्षा अवस्थाको समेत अनुगमन गरेको पाइन्छ। सुरुमा खुल्ला टहरामा टेन्टले बेरेको ठाउँमा राख्दा गोपनीयताको  हक हनन भएको, ठूलो सङ्ख्यामा परिवार एकै ठाउँमा राख्दा अस्तव्यस्त रहेको, पोषणयुक्त खाना उपलब्ध नगराएको तर खानेपानी तथा शौचालयको राम्रो प्रबन्ध रहेको प्रतिवेदनमा उल्लेख छ। कतिपय बिमारीले आफ्नो मेडिकल स्वास्थ्य परीक्षणका कागजातहरू समेत निकाल्न समय नपाएको, हराएको कारण नियमित औषधि सेवनमा समस्या भएको र स्वास्थ्य परीक्षण समस्या नगराएका जस्ता गुनासा रहेको पाइन्छ।

त्यसैगरी नियमित रूपमा विद्यालय जानुपर्ने बालबालिकालाई साथीबाट टाढा रहनुपर्दा र मानसिक रूपमा त्रसित रहेको अशक्त बालबालिकाको लागि विशेष प्रबन्ध नभएको परीक्षा दिइरहेका विद्यार्थीलाई परीक्षा केन्द्रसम्म जान असहज भएको देखिन्छ। रोजगारी र जीविकोपार्जनतर्फ हेर्दा नियमितरूपमा दैनिक ज्यालादारी र घरायसी



*०८३ वैशाख १८ गते  बल्खु र वंशीघाटस्थित सुकुमवासी बस्ती स्काभेटरले हटाएपछिको अवस्था*

रुपमा काम गर्ने महिला मजदुरी गर्ने व्यक्ति लगायत कार्यस्थलमा जान लामो विषय रहेको पाइन्छ। बालबालिका र महिलालाई महिनावारी हुँदा सेनिटरी प्याडको अभाव, घर टहराबाट आफ्नो समान निकाल्न कठिनाइ भएको, सुत्केरी र नवजात शिशु थप समस्यामा परेको जस्ता विषय रहेको पाइन्छ मूलत नियमानुसारका मानव अधिकार हनन् भएको देखिन्छ।

**सम्मानपूर्वक बाँच्न पाउने हक**

नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ। सरकारले पूर्व तयारी तथा वैकल्पिक व्यवस्था कानुनको उचित प्रक्रिया र क्षतिपूर्ति बिना सुकुमवासी बस्ती हटाउने कार्यबाट नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक हनन् भएको देखिन्छ। एकातर्फ पर्याप्त सूचना बिना नै जबरजस्ती प्रहरी बल डोजरसहित सुकुमवासी बस्तीमा प्रवेश गरी आतङ्कित वातावरणमा हस्तक्षेप गरेको छ, भने तीन महिना अवधि नाघिसक्दा पनि पुन:स्थापनातर्फ प्रभावकारी कदम चाल्न सकेको छैन। होल्डिङ सेन्टरमा अत्यन्त असुरक्षित र असहज तथा अमानवीय अवस्थामा बस्न बाध्य पारिएको भन्दै होल्डिङ सेन्टरको प्रतिनिधित्व गर्दै दलमर्दनले २०८३ असार १ गते सम्माननीय प्रधानमन्त्री समक्ष ज्ञापन पत्र बुझाएको देखिन्छ।

**स्वास्थ्यको अधिकार**

होल्डिङ सेन्टरमा रहेका ज्येष्ठ नागरिक, सुत्केरी महिला, बालबालिका, दीर्घ रोगीका लागि पर्याप्त औषधो उपचारको प्रबन्ध अनिवार्य आवश्यकता हो। होल्डिङ सेन्टरमा पर्याप्त उपचार नपाएर भेषराज दर्जीको मृत्यु भएको भनी मानव अधिकार आयोगमा उजुरी दर्ता भई अनुसन्धानको क्रममा रहेको छ। त्यस्तै थापाथलीबाट सुकुमवासीलाई हटाई कीर्तिपुरस्थित राधास्वामी होल्डिङ सेन्टरमा रहेका विभिन्न व्यक्तिको स्वास्थ्य अधिकार हनन भएको उल्लेख छ।

**आवासको अधिकार**

नेपालको संविधानको धारा ३७ को उपधारा (१) ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक सुनिश्चित गरेको छ। त्यसैगरी उपधारा (२) ले कानुन बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भन्ने उल्लेख छ। त्यसैगरी राज्यका नीति अन्तर्गत धारा ५१ को (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति अन्तर्गत (६) नम्बरमा भूमिहीन सुकुमवासीको पहिचान गरी बसोबासकालागि घर घडेरी तथा जीविकोपार्जनकालागि कृषि योग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनस्थापना गर्ने उल्लेख छ। यसरी हेर्दा विद्यमान आवासको अधिकार सम्बन्धी ऐन २०७५ मा प्रत्येक नागरिकलाई उपयुक्त र सुरक्षित आवास उपलब्ध गराउने उल्लेख गरेको छ। सोही ऐनको दफा ५ (१) मा सार्वजनिक प्रयोजनका लागि प्रचलित कानुन बमोजिम कुनै नागरिकलाई निजको आवासबाट हटाउन सकिने व्यवस्था रहेको देखिन्छ। दफा ५ को उपदफा (४) अनुसार नागरिकलाई निजको आसबाट हटाउँदा नागरिकसँग परामर्श गरिएको पर्याप्त र कारण सहितको सूचना सम्प्रेषण गरिएको, हटाइने व्यक्ति वा परिवारको उपयुक्त पहिचान भएको, हटाउने समय र स्थानमा अधिकार प्राप्त अधिकारीको उपस्थिति हुनुपर्ने र रातिको समय वा त्यस्तै अनुपयुक्त समय हुनुपर्ने जस्ता कानुनी प्रावधान रहेको छ त्यस्तै उपदफा (५) ले



*०८३ वैशाख १८ गते बल्खु र वंशीघाटस्थित सुकुमवासी बस्ती स्काभेटरले हटाएपछिको अवस्था*

राष्ट्रिय मानव अधिकार आयोगले बागमती, विष्णुमती लगायत क्षेत्रमा रहेका सुकुमवासीको मानव अधिकारको अनुसन्धान गरी २०६९ जेठ १ गते सिफारिस गरेको छ। उक्त सिफारिसमा सुकुमवासीको घर टहरा भत्काउँदा उक्त स्थानबाट विस्थापित भएका सुकुमवासीको हुन गएको क्षतिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउन र अतिक्रमित सरकारी जग्गा खाली गराउँदा बसोबासको वैकल्पिक व्यवस्था मिलाएर मात्र खाली गराउने तर्फ कारबाही गर्नुका साथै सोको जानकारी आयोगलाई दिनु भन्ने सिफारिस भएको देखिन्छ। सुकुमवासी समस्याको समाधानका विषयमा सर्वोच्च अदालतबाट भएका आदेश तथा आयोगबाट वास्तविक सुकुमवासीको पहिचान गरी निजहरूको बसोबासको वैकल्पिक व्यवस्था मिलाएर मात्र सुकुमवासी व्यवस्थापन गर्ने लगायतका सिफारिस कार्यान्वयन गर्न सरकार को जिम्मेवारी हो। तथापि आयोगका पूर्व सिफारिसलाई नजरअन्दाज गरी सुकुमवासी बस्ती हटाउने तर्फ सरकार अग्रसर हुनु कानुन विपरीत भई न्यायोचित समेत देखिँदैन भन्ने आयोगको अनुगमन प्रतिवेदनबाट देखिन्छ। अर्थात दुई दिन अगाडि मात्र जिल्ला प्रशासन कायर्मलय काठमाडौँले आवासबाट हटाउने क्रममा ज्येष्ठ नागरिक, बिमारी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, असहाय, गर्भवती महिलाको संरक्षणमा उचित ध्यान दिनुपर्ने जस्ता प्रावधान रहेको छ।

**आवासको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुन**

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २५ को उपधारा (१) ले हरेक नागरिकलाई खाना, कपडा, आवास स्वास्थ्य सेवा लगायत पर्याप्त जीवनस्तरको अधिकार हुने र कठिन अवस्थामा रहेका व्यक्तिको सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ। त्यस्तै आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र १९६६ को धारा ११ ले प्रत्येक व्यक्तिलाई खाना, कपडा, आवाससहित उचित जीवनस्तरको अधिकार हुने उल्लेख छ। नेपाल पक्ष राष्ट्र भएको उक्त महासन्धिमा अतिरिक्त बाल अधिकार सम्बन्धी महासन्धि १९८९ ले बालबालिकालाई पोषणयुक्त खाना लुगा, आवास सहितको अधिकार रहने उल्लेख गरेको छ।

**सुकुमवासी व्यवस्थापनमा मानव अधिकार आयोगको सिफारिस**

अपरझट जरुरी सूचना जारी गरी पानी परिरहेको बेला बिहानैदेखि घर टहरा भत्काउने कार्य कानुनको उचित प्रक्रिया Due Process Of Law विपरित रहेको देखिन्छ घर टहरा भत्काउनु पूर्व नागरिकसँग परामर्श नगरिएको पर्याप्त र कारणसहितको सूचना सम्प्रेषण नगरिएको, पहिचान नभएको समेत कार्यबाट मानव अधिकारको हनन् भएको पुष्टि गरेको छ।

**सुकुमवासी व्यवस्थापनमा सर्वोच्च अदालतको आदेश**

बागमती, विष्णुमती लगायतका क्षेत्रमा सुकुमवासीको अधिकार सम्बन्धमा सम्माननीय सर्वोच्च अदालतले २०८३ साल वैशाख २५ गते आदेश जारी गर्दै चरणबद्ध कानुनी प्रक्रिया अवलम्बन नगरी सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई जबरजस्ती बस्तीबाट हटाउने वा विस्थापन गर्ने कार्य नगर्नु नगराउनु भनी भनी गोपाल रणपहेली समेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको उत्प्रेषण समेतको रिट निवेदनमा अन्तरिम आदेश जारी गरेको छ।

**निष्कर्ष**

नेपालमा भूमिहीन सुकुमवासी दलित अव्यवस्थित बसोबासीको समस्याको ७० प्रतिसत भन्दा बढी हिस्सा अव्यवस्थित बसोबासी रहेकोले भूमिहीन र अव्यवस्थित बसोबासीको लागि फरक-फरक समाधानको नीति हुनुपर्ने देखिन्छ। त्यस्तै दलित भूमिहीनको लागि नेपालको संविधानको धारा ४ को उपधारा (५) बमोजिम कानुन बमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्ने देखिन्छ त्यसैगरी विगतका आयोगले गरेका कामको अपनत्व ग्रहण गर्दै त्यहीबाट कार्य प्रारम्भ गरी कार्यसम्पादन हुन सकेमा मात्र सफलता प्राप्त गर्न सकिन्छ त्यसको लागि विधान समितिले प्रदेश सरकार र स्थानीय तहसँग प्रभावकारी समन्वय गर्नु आवश्यक छ। सुकुमवासी र अव्यवस्थित बसोबासको विगतदेखिको समस्या सरकारको नीतिगत अस्पष्टता कानुनी जटिलताको कारण सृजित समस्या हो। त्यस्तै प्रकृतिक प्रकोप बाढी, पहिरो, भूकम्प आदिका कारण आफू बसोबास गरेको जग्गा बस्न योग्य नभई बाध्यताले सुकुमवासीमा परिणत हुन परेको अवस्था पनि देखिन्छ। सशस्त्र द्वन्दको क्रममा आफ्नो थातथलो छाडेर सुकुमवासी हुनुपरेको जस्ता मानवीय कारण समेत देखिन्छ तसर्थ समग्रतामा हेरी प्रतिशोधको आधारमा नभई सामाजिक न्यायको आधारमा सुकुमवासी समस्या समाधान हुन उपयुक्त देखिन्छ।

**सुझाव**

सरकार नागरिकको अभिभावक हो। सरकारले नागरिकका मौलिक हकसहित कानुनको उचित प्रक्रिया Due Process of Law पालना गर्नु पहिलो कर्तव्य हो। २०८३ सालको सुरुमै सुकुमवासी हटाउने प्रक्रिया कानुनले तोकेको मापदण्डप्रतिकुल रहेकोले नेपालको संविधानद्वारा प्रदत्त मौलिक हकको कार्यान्वयनतर्फ विशेष ध्यान दिन जरुरी छ। त्यसैले राज्यका नीति अन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति, श्रम र रोजगार सम्बन्धी नीति समेतको कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहले आफ्ना नीति योजना र बजेट कार्यक्रममा सुकुमवासी र अव्यवस्थित बसोबासका समस्या समाधानका विषयलाई प्राथमिकतामा राखी कार्य गरिनु पर्दछ नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेको प्रतिबद्धतालाई व्यवहारमा उतार्न आवश्यक छ।

*(लेखक : राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव हुनुहुन्छ ।)*

# भूमिहीनको प्रश्न किन दशकौंसम्म अनुत्तरित ?

केही साताअघि शिलापत्र न्युज पोर्टलमा प्रकाशित मेरो लेख "विकासको नाममा गरिबमाथि राज्यको भद्दा मजाक" मा काठमाडौँ उपत्यकाका सुकुमवासी बस्तीमा डोजर चलाउने राज्यको निर्णयलाई राज्यप्रायोजित हिंसाको एउटा रूपमा चित्रण गरेको थिएँ। त्यस लेखमा मेरो मुख्य प्रश्न राज्यको कार्यशैलीप्रति केन्द्रित थियो– संवाद र सहमतिबाट समाधान खोज्नुको सट्टा किन राज्यले बल प्रयोगलाई प्राथमिकता दिन्छ ? तर त्यो लेखले एउटा गम्भीर प्रश्नलाई केवल छोएको मात्र थियो, त्यसको गहिराइसम्म पुग्ने प्रयास गरेको थिएन। यही प्रश्नलाई थप विस्तार गर्दै यस लेखमा काठमाडौँ मात्र होइन, देशभर नै भूमिहीन तथा सुकुमवासीको समस्या किन दशकौँदेखि समाधान हुन सकेन भन्ने विषयलाई केही तथ्य र विश्लेषणका आधारमा केलाउने प्रयास गरिएको छ।



डा. प्रकाश भट्टराई

भूमिहीनता र सुकुमवासीको प्रश्न नेपालको सबैभन्दा जटिल सामाजिक-आर्थिक तथा राजनीतिक समस्यामध्ये एक हो। यसको गहिराइ बुझ्न केही तथ्याङ्क पर्याप्त छन्। नेपाल सरकारद्वारा गठित भूमि समस्या समाधान आयोगका अनुसार सन् २०२६ को मे महिनासम्म १२ लाखभन्दा बढी परिवारले जग्गाको स्वामित्वका लागि निवेदन दिएका छन्। तीमध्ये ९८ हजार ८ सय ५१ भूमिहीन दलित, १ लाख ८१ हजार ३ सय ७८ भूमिहीन सुकुमवासी तथा ९ लाख ३३ हजार ५ सय ८३ अव्यवस्थित बसोबासी रहेका छन्। तर, सबैभन्दा महत्त्वपूर्ण तथ्य के हो भने सरकारकै अनुमानअनुसार यीमध्ये करिब २ लाख ८० हजार परिवार मात्र वास्तवमै भूमिहीन छन्, अर्थात् नेपालभर कतै पनि आफ्नो नाममा एक टुक्रा जमिन नभएका परिवार। बाँकीमध्ये धेरैसँग अन्यत्र केही न केही जमिन भए पनि प्राकृतिक विपत्ति, विकास आयोजना, द्वन्द्व वा अन्य सामाजिक-आर्थिक कारणले विस्थापित भएर अहिले अव्यवस्थित बसोबास गर्न बाध्य भएका हुन्। यसले भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासी एउटै प्रकृतिका समूह होइनन् भन्ने स्पष्ट पार्छ। यही विविधताले समस्या समाधानलाई अझ जटिल बनाएको छ।

नेपालको संविधान, २०७२ ले धारा ३७ मार्फत प्रत्येक नागरिकको आवासको हक सुनिश्चित गरेको छ। त्यस्तै, धारा ४०(५) ले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउने राज्यको दायित्व तोकेको छ भने धारा ५१(ञ)(६) ले सीमान्तकृत समुदायको संरक्षण, पुनर्स्थापना र सशक्तीकरणलाई राज्यको नीतिगत दायित्वका रूपमा स्वीकार गरेको छ। तर संवैधानिक प्रतिबद्धता र व्यवहारबीचको दूरी अझै घट्न सकेको छैन। संविधान जारी

भएको एक दशक बित्न लाग्दा पनि यी व्यवस्था ठूलो हदसम्म कागजमै सीमित छन्।

प्रजातन्त्र पुन:स्थापनापछि मात्रै भूमिहीन तथा सुकुमवासीको समस्या समाधान गर्न करिब १९ वटा आयोग, समिति तथा कार्यदल गठन गरिएका छन्। नयाँ संविधान जारी हुनुअघि करिब १ लाख ४२ हजार परिवारले लालपुर्जा प्राप्त गरेको तथ्याङ्क छ। संविधान जारी भएपछि भने हालसम्म जम्मा ९ हजार १२ परिवारले मात्र लालपुर्जा पाएका छन्। कुल निवेदकको सङ्ख्यासँग तुलना गर्दा यो उपलब्धि अत्यन्तै न्यून देखिन्छ। त्यसमाथि लालपुर्जा प्राप्त गरेका सबै परिवारले वास्तवमै बसोबास र जीविकोपार्जनका लागि उपयुक्त तथा उपयोगयोग्य जग्गा प्राप्त गरेका छन् वा छैनन् भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ। यसरी हेर्दा तीन दशकभन्दा बढी समय, दर्जनौँ आयोग र ठूलो सार्वजनिक स्रोत खर्च हुँदासमेत समस्या समाधान किन अपेक्षित रूपमा अघि बढ्न सकेन भन्ने प्रश्न अझ सान्दर्भिक बनेको छ। यसको उत्तर खोज्न समस्या सिर्जना गर्ने संरचनागत कारण, नीतिगत कमजोरी र राजनीतिक इच्छाशक्तिको अभावलाई गम्भीर रूपमा विश्लेषण गर्न आवश्यक छ। यस लेखमा तीमध्येका तीन प्रमुख अन्तरनिहित पक्षमाथि चर्चा गरिएको छ।

### एक : समस्याको जटिलता र राजनीतीकीकरण

भूमिहीन तथा सुकुमवासीको समस्या दशकौँसम्म समाधान हुन नसक्नुको पहिलो कारण समस्याकै अन्तर्निहित जटिलता हो, जसलाई राजनीतिकीकरणले झन् जटिल बनाएको छ। भूमिहीनताको प्रश्न केवल जग्गाको स्वामित्वसँग सम्बन्धित विषय होइन, यो वर्गीय असमानता, जातीय विभेद, सशस्त्र द्वन्द्व, प्राकृतिक विपत्ति, आन्तरिक बसाइँसराइ तथा राज्यको विकास नीतिसँग गाँसिएको बहुआयामिक प्रश्न हो। एउटै "सुकुमवासी" भन्ने वर्गभित्र सशस्त्र द्वन्द्व र विभिन्न राजनीतिक आन्दोलनका कारण विस्थापित भएका नागरिक, कमैया र हलिया मुक्तिपछि घरबारविहीन बनेका परिवार, बाढीपहिरो तथा अन्य प्राकृतिक विपत्तिका कारण आफ्नो थातथलो गुमाएका समुदाय, र




*डोजर आतङ्कविरुद्ध बुटवलमा सुकुमवासीहरूले निकालेको र्‍याली*

पुस्तौँदेखि भूमिहीन रहेका परिवार सबै समेटिएका छन्। यति फरक पृष्ठभूमिका समुदायलाई एउटै नीतिगत ढाँचाभित्र राखेर समाधान खोज्ने प्रयास गरिँदा न त समावेशी नीति निर्माण हुन सक्यो, न दिगो समाधान नै सम्भव भयो।

समस्याको अर्को जटिल पक्ष यसको अत्यधिक राजनीतिकीकरण हो। भूमिहीन तथा सुकुमवासीको प्रश्नलाई सामाजिक न्याय र संरचनात्मक सुधारको विषयका रूपमा भन्दा पनि राजनीतिक लाभ, भोट बैंक र दलगत स्वार्थसँग जोडेर हेरियो। समस्या समाधानका लागि गठन गरिएका आयोगहरूमा विषयविज्ञभन्दा दलीय कार्यकर्ताको नियुक्ति हुने प्रवृत्ति मौलाउँदै गयो। फलस्वरूप, आयोगहरू वास्तविक समाधानका संयन्त्रभन्दा पनि राजनीतिक भागबन्डा व्यवस्थापन गर्ने माध्यममा सीमित भए। विशेषगरी तराई, काठमाडौं उपत्यका र प्रमुख शहरी क्षेत्रका सुकुमवासी बस्तीहरू चुनावका बेला राजनीतिक दलका लागि मतदाता केन्द्र बने, जहाँ समाधानका आश्वासन धेरै बाँडिए तर कार्यान्वयन भने हुन सकेन। यही राजनीतिक स्वार्थका कारण दशकौँसम्म समस्या यथावत् रह्यो।

पछिल्ला घटनाक्रमले पनि यही प्रवृत्तिलाई निरन्तरता दिएको देखिन्छ। वर्तमानमा काठमाडौं महानगरपालिकाले अघि बढाएको बस्ती विस्थापन अभियानलाई धेरैले विगतका विवाद र राजनीतिक द्वन्द्वको निरन्तरताका रूपमा पनि हेरेका छन्। शान्तिपूर्ण संवाद, सहमति र पुनर्स्थापनालाई प्राथमिकता दिनुको सट्टा बल प्रयोगलाई समाधानको माध्यम बनाइयो। यसको प्रभाव काठमाडौंमा मात्र सीमित नरही देशका अन्य स्थानीय तहसम्म फैलिएको देखिन्छ।

यसका अतिरिक्त, सरकार परिवर्तनसँगै भूमिहीन तथा सुकुमवासी समस्या समाधानका लागि गठन गरिएका आयोगहरू पटक-पटक विघटन र पुनर्गठनको दुष्चक्रमा परे। प्रत्येक नयाँ सरकारले आफ्नै कार्ययोजना र मापदण्ड अघि सार्दै अघिल्लो सरकारले गरेको कामलाई निरन्तरता दिनुको सट्टा बेवास्ता गर्ने वा खारेज गर्ने प्रवृत्ति अपनायो। एउटा आयोगले सङ्कलन गरेको तथ्याङ्क अर्को आयोगले प्रयोग नगर्ने, तयार गरिएका मापदण्ड फेरि परिवर्तन गर्ने र कामलाई पुन: शून्यबाट सुरु गर्ने अभ्यासले नीतिगत निरन्तरता नै कमजोर बनायो। परिणामस्वरूप, समस्या स्थिर रह्यो तर समाधानको प्रक्रिया भने निरन्तर अस्थिर बनिरह्यो।

**दुई : को भूमिहीन, को सुकुमवासी, को 'हुकुमवासी'?**

भूमिहीन तथा सुकुमवासी समस्या समाधानमा देखिएको दोस्रो प्रमुख चुनौती विश्वसनीय तथ्याङ्क र लाभग्राहीको वैज्ञानिक पहिचानको अभाव हो। कुनै पनि पुनर्स्थापना वा वितरणमुखी नीतिको पहिलो आधार वास्तविक लाभग्राहीको पहिचान हो। तर नेपालले आजसम्म विश्वसनीय रूपमा को साँच्चिकै भूमिहीन हो, को परिस्थितिवश सुकुमवासी बनेको हो, र को अन्यत्र जग्गा हुँदाहुँदै सार्वजनिक वा सरकारी जमिन अतिक्रमण गरेर बसेको व्यक्ति हो भन्ने स्पष्ट वर्गीकरण गर्न सकेको छैन।

सामान्यत: भूमिहीन भन्नाले देशभरि कतै पनि आफ्नो वा आफ्नो परिवारका नाममा जग्गा नभएको र आफ्नै आर्थिक क्षमताले जमिन खरिद गर्न नसक्ने व्यक्तिलाई

बुझिन्छ। सुकुमवासी भने द्वन्द्व, प्राकृतिक विपत्ति, गरिबी वा अन्य बाध्यात्मक परिस्थितिका कारण आफ्नो थातथलो छोडेर सार्वजनिक वा सरकारी जग्गामा आश्रय लिन बाध्य भएका नागरिक हुन्। तर अन्यत्र पर्याप्त जग्गा हुँदाहुँदै सार्वजनिक जग्गा अतिक्रमण गरेर बसेका व्यक्तिलाई यी दुई वर्गसँग एउटै मापदण्डमा राख्न मिल्दैन। यद्यपि व्यवहारमा यी तीनै समूहलाई एउटै श्रेणीमा राख्ने प्रवृत्तिका कारण वास्तविक भूमिहीन र अवसरको दुरुपयोग गर्ने समूहबीचको भिन्नता स्पष्ट हुन सकेको छैन।

यही कारण वास्तविक भूमिहीन नागरिकले आफ्नो हक प्रमाणित गर्न कठिनाइ भोगिरहेका छन् भने अर्कोतर्फ राज्यले "नक्कली सुकुमवासी" भन्ने भाष्य निर्माण गरेर समग्र समुदायप्रति अविश्वास सिर्जना गर्ने अवसर पाएको छ। भूमि समस्या समाधान आयोगका अनुसार १२ लाखभन्दा बढी परिवारले निवेदन दिएका छन्, तर सरकारकै प्रारम्भिक अनुमानअनुसार तीमध्ये करिब २ लाख ८० हजार परिवार मात्र पूर्ण रूपमा भूमिहीन छन्। यी दुई तथ्याङ्कबीचको ठूलो अन्तरले तीन दशकदेखि वर्गीकरण, प्रमाणीकरण र पुनर्स्थापनाको प्रभावकारी प्रक्रिया अघि बढाउन नसकेको राज्यकै असफलतालाई उजागर गर्छ। विडम्बना, यही अस्पष्टतालाई आधार बनाएर अहिले बस्ती विस्थापनलाई उचित ठहर्याउने प्रयास भइरहेको छ, जुन लोकतान्त्रिक मूल्य, सामाजिक न्याय र मानव अधिकारका दृष्टिले गम्भीर प्रश्नको विषय बनेको छ।

तथ्याङ्क व्यवस्थापनको कमजोरी आज पनि कायमै छ। देशका अधिकांश स्थानीय तहले विवरण उपलब्ध गराए पनि केही स्थानीय तहबाट अझै पूर्ण विवरण प्राप्त भएको छैन। त्यसैले राज्यले प्रस्तुत गर्ने तथ्याङ्कसमेत पूर्ण र अद्यावधिक मान्न सकिने अवस्था छैन। जुन समस्याको वास्तविक आकार, स्वरूप र लाभग्राही नै स्पष्ट छैन, त्यसको दिगो र न्यायपूर्ण समाधान कसरी सम्भव हुन्छ भन्ने प्रश्न आज पनि उत्तिकै सान्दर्भिक बनेको छ।

### तीन : समाधान केवल जग्गा वितरण मात्र हो?

भूमिहीन तथा सुकुमवासी समस्याको समाधानका बारेमा सबैभन्दा कम बहस भएको, तर सबैभन्दा महत्त्वपूर्ण प्रश्न भनेको समाधानको स्वरूप नै हो। दशकौँदेखि यो समस्यालाई मुख्यत: जग्गा वितरणसँग जोडेर हेरिँदै आएको छ। तर के भूमिहीनताको समाधान केवल जग्गा वितरणबाट मात्र सम्भव छ? यो प्रश्नको स्पष्ट उत्तर र राष्ट्रिय सहमति आजसम्म बन्न सकेको छैन। कतिपय अवस्थामा जग्गा वितरण उपयुक्त उपाय हुन सक्छ, तर सबै अवस्थामा त्यही एकमात्र विकल्प हुन सक्दैन। योजनाबद्ध बस्ती विकास, सुरक्षित तथा किफायती आवास कार्यक्रम, भाडामा आधारित सामाजिक आवास, जीविकोपार्जन र रोजगारीसँग जोडिएको पुनर्स्थापना, सहकारी वा सामुदायिक आवास मोडलजस्ता विकल्पहरू पनि उत्तिकै महत्त्वपूर्ण हुन सक्छन्। समस्या एउटै भए पनि त्यसका कारण र प्रकृति फरक-फरक हुने भएकाले समाधान पनि बहुआयामिक हुनुपर्छ भन्ने बुझाइ अझै नीतिगत तहमा स्थापित हुन सकेको छैन।

जग्गा वितरणकै सन्दर्भमा अर्को महत्त्वपूर्ण प्रश्न उठ्छ– अहिले जहाँ बसोबास भइरहेको छ, त्यहीं स्वामित्व दिने

कि सुरक्षित र योजनाबद्ध स्थानमा पुनर्स्थापना गर्ने? यो केवल प्राविधिक वा प्रशासनिक प्रश्न होइन। यससँग बाढी, पहिरो र अन्य प्राकृतिक जोखिम, वातावरणीय संरक्षण, सार्वजनिक जग्गाको उपयोग, नागरिकको जीविकोपार्जन, सामाजिक सञ्जाल तथा मानवीय गरिमा सबै गाँसिएका छन्। नदी किनार, वन क्षेत्र वा उच्च जोखिमयुक्त भूभागमा बसोबास गरिरहेका परिवारलाई त्यहीँ जग्गाको स्वामित्व दिनु दीर्घकालीन रूपमा सुरक्षित र दिगो विकल्प नहुन सक्छ। तर अर्कोतर्फ, वर्षौँदेखि बसोबास गर्दै आएको समुदायलाई कुनै वैकल्पिक व्यवस्था नगरी विस्थापित गर्नु पनि सामाजिक न्यायको सिद्धान्तविपरीत हुन्छ। यी दुई पक्षबीच सन्तुलन खोज्ने गम्भीर राष्ट्रिय बहस कहिल्यै हुन सकेन। बरु सरकार परिवर्तनसँगै फरक-फरक नीति र तदर्थ निर्णयहरू लागू भए, जसले समस्या समाधानभन्दा अन्योल र अस्थिरतालाई बढावा दियो।

यद्यपि, विद्यमान कानुनी व्यवस्थाले समाधानको आधार तयार नगरेको भने होइन। भूमिसम्बन्धी ऐन, २०२१ (आठौँ संशोधन, २०७६) को दफा ५२(ग) ले निश्चित मापदण्ड पूरा गरेका अव्यवस्थित बसोबासीलाई एकपटकका लागि जग्गा उपलब्ध गराउने व्यवस्था गरेको छ। तर कानुनमा भएको व्यवस्था व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन। एकातर्फ संविधान र कानुनले नागरिकको आवास तथा भूमिसम्बन्धी अधिकारलाई स्वीकार गर्छन् भने अर्कोतर्फ राज्यका विभिन्न निकायबाट पुनर्स्थापनाको व्यवस्था नगरी बस्ती विस्थापन गरिन्छ। यही विरोधाभासले कानुनी प्रतिबद्धता र व्यवहारबीचको गहिरो दूरीलाई उजागर गर्छ।

**अहिलेको कदम : समस्याको जराभन्दा विस्थापनमा केन्द्रित दृष्टिकोण**

भूमिहीन तथा सुकुमवासी समस्याका यी आधारभूत कारणहरूलाई सम्बोधन गर्नुको सट्टा पछिल्ला सरकारी कदमहरू तत्कालीन व्यवस्थापनमा केन्द्रित देखिन्छन्। दशकौँदेखिको नीतिगत कमजोरी सच्याउने अवसरका रूपमा लिनुपर्ने विषयलाई बलपूर्वक बस्ती विस्थापनमार्फत समाधान गर्न खोजिएको छ। यसले समस्या समाधान गर्नुको सट्टा नयाँ मानवीय र सामाजिक चुनौती सिर्जना गर्ने जोखिम बढाएको छ।

सबैभन्दा पहिलो प्रश्न अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्डको पालनासँग सम्बन्धित छ। संयुक्त राष्ट्रसंघीय संयन्त्र तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले कुनै पनि अनैच्छिक विस्थापनअघि प्रभावित समुदायसँग अर्थपूर्ण परामर्श, पर्याप्त पूर्वसूचना, वैकल्पिक आवासको व्यवस्था, उचित क्षतिपूर्ति तथा कानुनी उपचारको अवसर सुनिश्चित गर्नुपर्ने मान्यता स्थापित गरेका छन्। विकास आयोजना वा सार्वजनिक हितका परियोजनाका कारण बस्ती स्थानान्तरण गर्नुपर्ने अवस्था आए पनि यी प्रक्रिया अनिवार्य मानिन्छन्। तर हाल सञ्चालन भएका विस्थापन प्रक्रियामा यी आधारभूत मापदण्ड पर्याप्त रूपमा पालना भएको देखिँदैन। संवादको स्थानमा अल्टिमेटम र सहमतिको स्थानमा बल प्रयोगलाई प्राथमिकता दिइएको आरोप बारम्बार उठिरहेको छ।

दोस्रो, विस्थापनको सबैभन्दा ठूलो असर महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूजस्ता संवेदनशील समूहमा पर्छ। गर्भवती महिला, विद्यालय जाने उमेरका बालबालिका, उपचार

आवश्यक पर्ने ज्येष्ठ नागरिक वा सहायक सेवामा निर्भर व्यक्तिका लागि बासस्थान गुम्नु केवल आवासको समस्या होइन, यो स्वास्थ्य, शिक्षा, सुरक्षा र सम्मानजनक जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो। अस्थायी आश्रयस्थल वा होल्डिङ सेन्टरहरूमा यी समूहका विशेष आवश्यकतालाई सम्बोधन गर्ने पर्याप्त व्यवस्था नहुँदा उनीहरू थप जोखिममा पर्ने सम्भावना रहन्छ। त्यसैले विस्थापनका प्रभावलाई घरको सङ्ख्याले मात्र होइन, त्यसबाट प्रभावित मानव जीवनका आयामबाट पनि मूल्याङ्कन गर्न आवश्यक छ।

तेस्रो, कुनै पनि विस्थापन प्रक्रिया पुनर्स्थापनाको स्पष्ट, समयबद्ध र विश्वसनीय योजनाविना अघि बढाइनु हुँदैन। राज्यले पहिले वास्तविक लाभग्राहीको पहिचान, पुनर्स्थापनाको स्थान, जीविकोपार्जनको व्यवस्था र कार्यान्वयनको समयरेखा सार्वजनिक गर्नुपर्थ्यो। त्यसपछि मात्र बस्ती स्थानान्तरणको प्रक्रिया सुरु गरिनुपर्थ्यो। व्यवहारमा भने धेरै स्थानमा पहिले बस्ती खाली गराउने र त्यसपछि व्यवस्थापनको आश्वासन दिने क्रम देखिएको छ। यस्तो अभ्यासले पुनर्स्थापनाप्रतिको विश्वास कमजोर बनाउनुका साथै प्रभावित समुदायलाई थप असुरक्षामा धकेल्ने जोखिम बढाउँछ।

**निष्कर्ष : लक्षण होइन, समस्याको जरामा पुग्नुपर्छ**

भूमिहीन तथा सुकुमवासी समस्या दशकौँसम्म समाधान हुन नसक्नुका पछाडि समस्याको जटिलता, यसको निरन्तर राजनीतिकीकरण, लाभग्राहीको वैज्ञानिक पहिचानको अभाव र समाधानको स्वरूपबारे राष्ट्रिय सहमति नबन्नुजस्ता आधारभूत कारण रहेका छन्। यी संरचनागत चुनौतीहरूलाई सम्बोधन नगरी केवल बस्ती विस्थापनलाई समाधानका रूपमा अघि सार्दा समस्या झन् जटिल बन्ने खतरा रहन्छ। बस्ती हटाउन सकिए पनि भूमिहीनता, गरिबी र असमानताको मूल समस्या भने यथावत् रहन्छ।

अबको आवश्यकता राजनीतिक भागबन्डाभन्दा माथि उठेर विषयविज्ञ, स्थानीय समुदाय र सरोकारवालाको सहभागितामा स्थायी संयन्त्र निर्माण गर्नु हो। वास्तविक भूमिहीन, परिस्थितिवश विस्थापित भएका नागरिक र अन्य समूहको वैज्ञानिक पहिचान गर्ने विश्वसनीय तथ्याङ्क प्रणाली विकास गर्नुपर्छ। जग्गा वितरणसँगै सामाजिक आवास, योजनाबद्ध बस्ती विकास, जीविकोपार्जनमा आधारित पुनर्स्थापना लगायत बहुआयामिक समाधानबारे राष्ट्रिय सहमति निर्माण गर्न आवश्यक छ। साथै, जहाँ विस्थापन अपरिहार्य हुन्छ, त्यहाँ अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्ड, संवेदनशील समुदायको विशेष संरक्षण तथा सम्मानजनक पुनर्स्थापनालाई अनिवार्य सर्तका रूपमा लागू गरिनुपर्छ।

राज्यका सबै समस्या बल प्रयोगबाट समाधान हुँदैनन्। लोकतान्त्रिक शासनको आधार संवाद, सहमति र सामाजिक न्याय हो। डोजरले बस्ती हटाउन सक्छ, तर भूमिहीनताको समस्या हटाउन सक्दैन। जबसम्म राज्यले समस्याको जरामा पुगेर दीर्घकालीन, न्यायपूर्ण र मानव अधिकारमैत्री समाधान खोज्दैन, तबसम्म भूमिहीनताको प्रश्न अनुत्तरित नै रहनेछ।

*(लेखक: सेन्टर फर सोशल चेन्जका कार्यकारी निर्देशक हुनुहुन्छ ।)*

# शासन फेरियो, तर फेरिएन सुकुमवासीको पीडा

नेपाली पात्रोमा 'वैशाख १२' एउटा यस्तो कहालीलाग्दो दिन हो, जसले प्रत्येक नेपालीको मानसपटलमा २०७२ सालको विनाशकारी महाभूकम्पको सम्झना र त्यसले छोडेको गहिरो पीडालाई पुनः जीवित गराइदिन्छ। त्यो प्राकृतिक विपत्ति थियो, जसमा हजारौँले ज्यान गुमाए, लाखौँ नागरिक घरबारविहीन भए र देशको अर्थतन्त्र दशकौँ पछि धकेलियो। त्यो मानव नियन्त्रणभन्दा बाहिरको विपत्ति थियो।

तर, ठीक ११ वर्षपछि, २०८३ साल वैशाख १२ को बिहान काठमाडौंको थापाथलीस्थित सुकुमवासी बस्तीमा घटेको घटना भने प्राकृतिक होइन, राज्यद्वारा सिर्जित मानवीय संकट थियो। राजनीतिक परिवर्तन र नयाँ समीकरणपछि बनेको शक्तिशाली सरकारले आफ्नै नागरिकमाथि प्रशासनिक शक्तिको प्रयोग गर्दै एउटा नियोजित विस्थापन अभियान सञ्चालन गर्‍यो, जसले लोकतान्त्रिक शासनप्रतिको नागरिक विश्वासलाई गम्भीर रूपमा चुनौती दियो।



दिवाकर उप्रेती

त्यो बिहान थापाथलीमा डोजर चलेको दृश्य अझै पनि मानवअधिकारकर्मी, सञ्चारमाध्यम, सामाजिक सञ्जाल प्रयोगकर्ता र प्रत्यक्षदर्शीहरूको स्मृतिबाट मेटिएको छैन। प्रहरीका साइरन, सशस्त्र सुरक्षाकर्मीको बाक्लो घेरा, भत्किँदै गरेका झुपडीहरू र आफ्नो आश्रय गुमाउँदै गरेका बालबालिका, सुत्केरी महिला तथा ज्येष्ठ नागरिकको रुवाबासीले लोकतान्त्रिक राज्यको संवेदनशीलतामाथि नै प्रश्न उठायो।

त्यही अफरातफरीका बीच एक चार वर्षका बालकले आमाको मोबाइलबाट काममा गएका बुबालाई पठाएको सन्देश राष्ट्रिय समाचार बन्यो– "बाबा, छिटो घर आउनुहोस्। पुलिस आएको छ, घर भत्काउँदै छ।" यो एउटा बालकको सामान्य पुकार मात्र थिएन, यसले नेपाली लोकतन्त्रको मानवीय संवेदनशीलता, राज्यको कल्याणकारी चरित्र र नागरिकप्रतिको उत्तरदायित्वमाथि गम्भीर प्रश्न उठायो।

वर्षौंदेखि बागमती र धोबीखोलाको किनारमा सानो झुपडी बनाएर बसेका, सहरको फोहोर व्यवस्थापन गर्ने, निर्माण क्षेत्रमा ज्यालादारी गर्ने तथा न्यून आयमा जीवन निर्वाह गरिरहेका नागरिकहरू एकैदिन आफ्नै बसोबासबाट विस्थापित भए। उनीहरूलाई वैकल्पिक व्यवस्थाविना घरबारविहीन बनाइयो।

नेपालमा सुकुमवासी र भूमिहीनताको समस्या कुनै आधुनिक सहरीकरणको उपज मात्र होइन। यो सामन्ती भू-स्वामित्व प्रणाली, अपूरो भूमि सुधार र राज्यको असन्तुलित विकास नीतिको ऐतिहासिक परिणाम हो। राणाकालदेखि पञ्चायतकालसम्म राजनीतिक शक्ति र पहुँच भएका वर्गले भूमि र प्राकृतिक स्रोतमा नियन्त्रण कायम राखे भने श्रमजीवी, दलित,

आदिवासी जनजाति तथा अन्य सीमान्तकृत समुदाय भूमि अधिकारबाट निरन्तर वञ्चित भए।

यो समस्या समाधानका नाममा विगत सात दशकमा दुई दर्जनभन्दा बढी आयोग गठन भए। तर अधिकांश आयोगले वास्तविक भूमिहीनको पहिचान र व्यवस्थापनभन्दा पनि राजनीतिक दलहरूको चुनावी प्रतिबद्धता र कार्यकर्ता व्यवस्थापनको माध्यमका रूपमा काम गरे। हरेक निर्वाचनअघि लालपुर्जाको आश्वासन बाँड्ने, तर निर्वाचनपछि त्यही समुदायलाई "अतिक्रमणकारी" को संज्ञा दिएर हटाउने प्रवृत्तिले राज्यप्रतिको विश्वास कमजोर बनाउँदै लग्यो।

काठमाडौँको सन्दर्भमा २०४६ सालपछिको राजनीतिक परिवर्तन, त्यसपछि दशक लामो सशस्त्र द्वन्द्व र ग्रामीण क्षेत्रमा बढ्दो आर्थिक संकटका कारण ठूलो संख्यामा मानिसहरू रोजगारी र सुरक्षाको खोजीमा राजधानी पुगे। उनीहरूमध्ये धेरैले नदी किनार र ऐलानी जग्गामा आश्रय लिए। शहर निर्माण, सफाइ, यातायात, होटल, निर्माण तथा अनौपचारिक क्षेत्रमा यही श्रमजीवी समुदायको श्रम अपरिहार्य बन्यो। तर उनीहरूलाई न्यूनतम आवासको अधिकार सुनिश्चित गर्ने विषय राज्यको प्राथमिकतामा कहिल्यै परेन। त्यसैले आज काठमाडौंका नदी किनार केवल अनधिकृत बस्ती मात्र होइनन्, श्रमजीवी नागरिकहरूको संघर्ष, पसिना र राज्यको बेवास्ताको इतिहास पनि हुन्।

**सहरी सौन्दर्यीकरणको भ्रम र होल्डिङ सेन्टरको अमानवीय यथार्थ**

हाल काठमाडौं महानगरपालिका र संघीय सरकारले अघि सारेको सहरी विकासको मोडलमा भौतिक पूर्वाधार र सहरी सौन्दर्यलाई मानव जीवन र आवास अधिकारभन्दा माथि राखिएको देखिन्छ। नदी सौन्दर्यीकरण, बाढी जोखिम न्यूनीकरण र करिडोर निर्माणका नाममा गरिबका बस्तीमाथि डोजर चलाउने कार्यलाई विकास र सुशासनको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ।

यही नवउदारवादी विकास अवधारणाको आलोचना भारतीय लेखिका महाश्वेता देवीले आफ्ना साहित्यिक कृतिहरूमार्फत गरेकी छन्। उनले देखाएझैँ, राज्य र बजारको गठबन्धनले विकासका नाममा जल, जमिन र जंगलमा निर्भर सीमान्तकृत समुदायलाई अन्ततः "अतिक्रमणकारी" का रूपमा चित्रित गर्छ। काठमाडौंका सुकुमवासीहरूको अवस्था पनि फरक छैन। नदी किनारमा बसेर श्रम बेच्ने, सडकमा मकै पोल्ने वा दैनिक ज्यालादारी गरेर जीवन धान्ने उनीहरूको संघर्ष राज्यको दृष्टिमा सहरी कुरूपताको पर्याय बनाइयो।

वास्तविक विकास भनेको केवल पुल, सडक र कङ्क्रिटका संरचना निर्माण गर्नु होइन। विकासको मापन नागरिकको जीवनस्तर, सुरक्षा, सम्मान र अवसरबाट हुनुपर्छ। यदि विकासका नाममा नागरिकलाई विस्थापित गरिन्छ, बालबालिकाको शिक्षा अवरुद्ध हुन्छ, बिरामी उपचारबाट वञ्चित हुन्छन् र हजारौँ मानिस घरबारविहीन हुन्छन् भने त्यो विकास होइन, त्यो राज्यद्वारा सिर्जित संरचनात्मक हिंसा हो।

सहरलाई सुन्दर बनाउने नाममा श्रमजीवी वर्गलाई शहरको भूगोलबाटै विस्थापित गर्ने नीति सामाजिक विभेदको नयाँ रूप हो। सहर निर्माण गर्न उनीहरूको श्रम आवश्यक पर्ने, तर उनीहरूका लागि बसोबासको न्यूनतम अधिकारसमेत सुनिश्चित नगर्ने नीति न्यायसंगत हुन सक्दैन।

यस निर्णयबाट करिब २,६०० भन्दा

बढी परिवारका ११,००० भन्दा बढी नागरिक प्रत्यक्ष प्रभावित भएका छन्। सरकारले प्रति परिवार एकमुष्ट २५ हजार रुपियाँ र मासिक १५ हजार रुपियाँ राहत दिने घोषणा गरे पनि काठमाडौंजस्तो महँगो सहरमा यस्तो सहायता दीर्घकालीन समाधान त परै जाओस्, न्यूनतम जीवनयापनका लागि समेत पर्याप्त छैन।

झन् चिन्ताजनक पक्ष भनेको राज्य नेतृत्वबाट आएका असंवेदनशील अभिव्यक्तिहरू हुन्। नागरिकका पीडालाई हल्का रूपमा प्रस्तुत गर्ने अभिव्यक्तिहरूले सरकार र प्रभावित समुदायबीचको दूरी अझ बढाएको छ। कुनै समस्या दशकौं पुरानो हुन सक्छ, तर त्यसको समाधान खोज्ने क्रममा नागरिकलाई वैकल्पिक व्यवस्था नगरी घरबारविहीन बनाउनु कुनै पनि लोकतान्त्रिक राज्यको दायित्वसँग मेल खाँदैन। विकासको नाममा गरिने प्रत्येक हस्तक्षेपले मानव मर्यादा, आवासको अधिकार र सामाजिक न्यायलाई केन्द्रमा राख्नुपर्छ।

सौन्दर्यीकरणको यही भ्रमपूर्ण र कठोर नीतिका कारण अन्ततः सुकुमवासीहरू 'होल्डिङ सेन्टर' वा अस्थायी शिविरहरूको अमानवीय यथार्थ भोग्न बाध्य भए। ती शिविरहरूको अवस्था कुनै पनि सम्मानजनक अस्थायी आवास व्यवस्थाभन्दा निकै टाढा देखिन्छ। सरकारले १५ दिनभित्र वैकल्पिक व्यवस्थापन गर्ने आश्वासनसहित उनीहरूलाई त्यहाँ सारिएको थियो। तर महिनौँ बितिसक्दा पनि ३ सय ८८ घरपरिवारका १ हजार ४ सय ८८ जना नागरिक उकुसमुकुस र कष्टकर जीवन बिताउन बाध्य छन्।

होल्डिङ सेन्टरहरूमा न्यूनतम मानवीय सुविधासमेत पर्याप्त रूपमा उपलब्ध छैनन्। एउटै सानो कोठामा परिवारका सबै सदस्य कोचिएर बस्नुपर्ने अवस्था छ, जसले गोपनीयता र सुरक्षाको गम्भीर अभाव सिर्जना गरेको छ। सञ्चारमाध्यममा प्रकाशित समाचारअनुसार खानेपानी र सरसफाइको अवस्था विशेष चिन्ताजनक देखिएको छ। आपूर्ति गरिएको पानीमा ढलको प्रदूषण मिसिएको पाइएकाले झाडापखाला, हैजा, टाइफाइड तथा छालासम्बन्धी रोग फैलिने जोखिम बढेको छ। स्वास्थ्य सेवाको अभावका कारण बिरामीहरूले सामान्य उपचारसमेत सहज रूपमा पाउन सकेका छैनन्। समयमै उपचार नपाएको र दूषित वातावरणमा बस्नुपरेको कारण एक जना दीर्घरोगी सुकुमवासी नागरिकको मृत्यु भएको समाचार पनि सार्वजनिक भएको छ। यदि यस्तो अवस्था राज्यको व्यवस्थापकीय कमजोरीका



*थापाथलीस्थित सुकुमवासी बस्ती भत्काउनु अघि तैनाथ सुरक्षाकर्मी*

कारण सिर्जना भएको हो भने त्यसले राज्यको उत्तरदायित्वमाथि गम्भीर प्रश्न उठाउँछ।

सुकुमवासी बस्तीको यो पीडा र उत्पीडनलाई केवल जग्गा वा आवासको समस्याका रूपमा मात्र हेर्न मिल्दैन। यसको गहिराइमा वर्ग, जात, लि  र सामाजिक पहिचानसँग जोडिएका संरचनागत विभेद पनि रहेका छन्। भारतीय लेखिका अरुन्धती रोयले आफ्नो उपन्यास द मिनिस्ट्री अफ अटमोस्ट ह्‍यापिनेस मार्फत यस्तै बहुआयामिक विभेदको चर्चा गरेकी छन्। उनको विश्लेषणअनुसार विकासका नाममा गरिने राज्यका हस्तक्षेपहरूले जात, वर्ग, लिङ्ग र स्थानगत असमानतालाई झन् गहिरो बनाउन सक्छन्।

काठमाडौंका विस्थापित सुकुमवासी समुदायमा दलित, मधेशी तथा आर्थिक रूपमा विपन्न वर्गका नागरिकहरूको उल्लेख्य उपस्थिति छ। पितृसत्तात्मक र असमान सामाजिक संरचनाका कारण विस्थापनको सबैभन्दा ठूलो असर महिला, गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूमाथि परेको देखिन्छ। होल्डिङ सेन्टरको असुरक्षित वातावरणले महिला तथा बालिकामाथि यौनजन्य हिंसा र दुर्व्यवहारको जोखिमसमेत बढाएको छ। रोयले भनेझैं, विकासको मूल भाष्य निर्माण गर्दा यस्ता समुदायका आवाजहरू प्रायः ओझेलमा पर्छन्। काठमाडौंका विभिन्न विद्यालयमा अध्ययनरत सयौं सुकुमवासी बालबालिकाको पढाइ बीचैमा प्रभावित हुनु र अभिभावकहरूको आयस्रोत अवरुद्ध हुनु यस विस्थापनको दीर्घकालीन सामाजिक असरका उदाहरण हुन्। यस्तै परिस्थितिमा राज्यले होल्डिङ सेन्टरसमेत खाली गर्न अल्टिमेटम दिएको घटनाले विस्थापित समुदायको भविष्यप्रति थप अन्योल सिर्जना गरेको छ।

नवउदारवादी सहरीकरणको सबैभन्दा गम्भीर पक्ष भनेको यसले गरिबी र सिमान्तकृत समुदायलाई सामाजिक-आर्थिक समस्याका रूपमा होइन, सहरको 'सुरक्षा' र 'सौन्दर्य' का लागि चुनौतीका रूपमा हेर्ने प्रवृत्ति हो। राज्य र निजी पुँजीको सहकार्यमा सार्वजनिक जग्गा, नदी किनार र खुला क्षेत्रहरूलाई व्यावसायिक तथा उच्च आय वर्गको उपयोगका लागि पुनःपरिभाषित गरिन्छ। यस प्रक्रियामा वर्षौंदेखि आफ्नै श्रमले सहरलाई सञ्चालन गरिरहेका न्यून आय भएका श्रमिकहरूलाई 'अतिक्रमणकारी' वा 'अवाञ्छित' का रूपमा चित्रण गर्दै सहरको भूगोलबाटै विस्थापित गरिन्छ। यो केवल भौतिक विस्थापन मात्र होइन, उनीहरूको आर्थिक, सामाजिक र नागरिक अधिकारमाथिको संरचनागत हस्तक्षेप पनि हो। सार्वजनिक स्थानहरूको क्रमशः निजीकरण र गरिबको उपस्थितिलाई 'कुरूपता' का रूपमा हेर्ने शासकीय मानसिकताले सहरलाई साझा सार्वजनिक थलोबाट सीमित वर्गको उपयोगमा केन्द्रित संरचनातर्फ धकेलिरहेको छ।

यस सन्दर्भमा अर्को महत्वपूर्ण पक्ष के हो भने, निर्वाचित सरकारले आफ्ना विवादास्पद निर्णयलाई 'कानुन कार्यान्वयन' र 'प्रशासनिक सुधार' को आवरणमा वैध ठहर गर्ने प्रयास गर्छन्। लोकतान्त्रिक शासन व्यवस्थामा कानुनको मूल उद्देश्य सामाजिक न्यायको स्थापना र कमजोर नागरिकको संरक्षण हुनु हो। तर जब राज्य कल्याणकारी भूमिकाबाट पछि हटेर बजारमुखी नीतितर्फ उन्मुख हुन्छ, तब कानुन र प्रशासनिक संयन्त्र नै सिमान्तकृत समुदायमाथि दबाब सिर्जना गर्ने माध्यम बन्ने जोखिम रहन्छ। नागरिकलाई न्यूनतम आवास र सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित नगरी प्रशासनिक आदेशका आधारमा बल प्रयोग गर्नु लोकतान्त्रिक मूल्य र मानव अधिकार




**सरकारले वैशाख १० गते दिएको निर्देशन अनुसार वैशाख १२ गतेदेखि काठमाडौँ उपत्यका तथा देशका अन्य केही स्थानमा सुकुम्बासी बस्ती हटाइएपछिको अवस्था**

१. टेकुको वंसीघाटमा रहेको सुकुम्बासी बस्तीमा डोजर लगाइसकेपछिको अवस्था
२. सुकुम्बासी बस्ती हटाउने सरकारी निर्णयको विरोधमा प्रदर्शनरत नवयुवाहरू
३. सप्तरी जिल्ला तिलाठी कोइलाडी गाउँपालिका-३ सकरपुरा टोलमा वैशाख ४ गते बिहान सुकुम्बासी बस्तीमा डोजर चलाइएपछि विस्थापित परिवार
४. मनोहरा खोला छेउमा बसेका सुकुम्बासी बस्तीमा डोजर चलाएपछि देखिएको अवस्था
५. सिमलचौर पोखरा-८ स्थित लिटल स्टेप्स सेकेण्डरी स्कूलको संरचना २०८३ जेठ १९ गते भत्काईंदै
६. बाँकेको कोहलपुरस्थित होल्डिङ सेन्टरमा राखिएका सुकुम्बासी परिवारहरू
७. वीरेन्द्रनगर नपा-७ खारखोलीस्थित सुकुम्बासी बस्ती खाली गर्न सरकारले गरेको निर्णयपछि दुःख व्यक्त गर्दै सुकुम्बासी महिला
८. कीर्तिपुरको सुन्दरीघाटस्थित राधास्वामी सत्संग आश्रम राखिएका सुकुम्बासी परिवारको सरसामान
९. थापाथलीस्थित सुकुम्बासी बस्ती हटाउँदा परिचालित सुरक्षाकर्मी
१०. बल्खुमा रहेका सुकुम्बासी बस्तीमा डोजर चलाइएपछि सरसामान खोज्दै पीडित परिवार



























संयोजनः गीता माली

फोटोः १ गीता माली, २/१० कृष्ण गौतम, ३ राजु पासवान, ४/९ अनमोल पन्त, ५ गणेश भण्डारी, ६ भोला महत, ७ जगतदल जनाला, ८ गोविन्द त्रिपाठी

दुवैका दृष्टिले गम्भीर बहसको विषय हो। जनताबाट निर्वाचित सरकार नागरिकका पीडा र आवाजप्रति असंवेदनशील बन्दा विधिको शासनको सार कमजोर हुन्छ र लोकतान्त्रिक संस्थाहरूमाथिको नागरिक विश्वाससमेत क्षीण हुँदै जान्छ।

**निष्कर्ष र निकासको बाटो**

नेपालको आधुनिक इतिहास राजनीतिक परिवर्तन, आन्दोलन र क्रान्तिहरूले भरिएको छ। २००७ सालको प्रजातन्त्र, २०४६ सालको जनआन्दोलन, दशक लामो सशस्त्र द्वन्द्व, २०६२/६३ को जनआन्दोलन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासम्म आइपुग्दा नेपाली जनताले व्यवस्था परिवर्तनका लागि ठूलो रगत र पसिना बगाएका छन्। यी सबै आन्दोलनमा सुकुमवासी, भूमिहीन र उत्पीडित समुदाय अग्रपङ्क्तिमा उभिए। उनीहरूलाई नयाँ व्यवस्थाले सामाजिक न्याय, सम्मान र सुरक्षित जीवन सुनिश्चित गर्ने आश्वासन दिइयो। तर विडम्बना, शासन व्यवस्था फेरियो, राजतन्त्रको स्थानमा गणतन्त्र आयो, सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुगेको घोषणा गरियो र सरकारहरू पटक-पटक फेरिए, तर समाजको सबैभन्दा पिँधमा रहेका सुकुमवासीहरूको नियति भने उल्लेखनीय रूपमा बदलिन सकेन। सत्ता परिवर्तन भए पनि उनीहरूले भोग्ने असुरक्षा, विस्थापन र अधिकारविहीनताको चक्र निरन्तर दोहोरिइरह्यो। हिजो निरङ्कुश शासनले प्रयोग गर्ने बल, दमन र निष्कासनका उपायहरू आज लोकतान्त्रिक सरकारहरूको कार्यशैलीमा पनि देखिनु गम्भीर चिन्ताको विषय हो।

महाश्वेता देवी र अरुन्धती रोयले आफ्ना कृतिमार्फत उठाएका प्रश्नहरू यही यथार्थसँग मेल खान्छन्। राज्यले सिमान्तकृत समुदायलाई अधिकारसम्पन्न नागरिकका रूपमा होइन, 'समस्या' वा 'अवरोध' का रूपमा हेर्ने प्रवृत्ति कायम रहेसम्म न्यायपूर्ण समाज निर्माण सम्भव हुँदैन। काठमाडौँका सुकुमवासी बस्तीमाथि भएको पछिल्लो कारबाहीले नेपालको राजनीतिक नेतृत्व, प्रशासनिक संयन्त्र र लोकतान्त्रिक शासनको मानवीय संवेदनशीलतामाथि गम्भीर प्रश्न उठाएको छ।


अब राज्यले बल प्रयोग र जबर्जस्ती विस्थापनको नीति त्यागेर संवाद, सहमति र मानव अधिकारमा आधारित समाधानको बाटो रोज्नुपर्छ। होल्डिङ सेन्टर खाली गर्न दिइएका अमानवीय अल्टिमेटम तत्काल फिर्ता लिनुपर्छ। वास्तविक भूमिहीन र सुकुमवासीको वैज्ञानिक र पारदर्शी पहिचान गरी उनीहरूको सम्मानजनक पुनर्स्थापना, सुरक्षित आवास र जीविकोपार्जनको दीर्घकालीन व्यवस्था सुनिश्चित गर्नुपर्छ। यसका लागि स्थानीय सरकार, समुदाय, प्राविधिक निकाय र नागरिक समाजको सहभागितामा विश्वासिलो प्रक्रिया निर्माण गर्नु आवश्यक छ।

नागरिकलाई आफ्नै देशमा बेघर र अधिकारविहीन बनाएर निर्माण गरिने कुनै पनि 'स्मार्ट सिटी' वा 'सुन्दर सहर' न त दिगो हुन्छ, न त न्यायपूर्ण। विकासको वास्तविक मापन सडक, पुल वा भवनको स[ियाले होइन, समाजको सबैभन्दा कमजोर नागरिकले कति सम्मान, सुरक्षा र अधिकारसहित जीवन बिताउन पाएको छ भन्ने आधारमा हुनुपर्छ। शासन व्यवस्था फेरिनुको सार्थकता पनि त्यतिबेला मात्र पुष्टि हुन्छ, जब समाजको सबैभन्दा पिँधमा रहेको नागरिकले राज्यलाई आफ्नो अभिभावकका रूपमा अनुभूति गर्न सक्छ र यो देशमा आफ्नो पनि सम्मानजनक स्थान र भविष्य सुरक्षित छ भन्ने विश्वास गर्न सक्छ।

*(लेखक : युवा अधिकारकर्मी हुनुहुन्छ।)*

# डोजर आतङ्कको ओझेलमा परेको मानवीय संवेदना

देशको मूल कानुनले नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने र सुरक्षित बासस्थानको अधिकार सुम्पियो। कानुन छाडेर सामान्य मानवीय चेतनाले हेर्दा पनि यी आधारभूत कुरा हुन्। कसैको घर उजाड्ने कुरा निको मान्न सकिँदैन। अझ राज्यले नै आफ्नै नागरिको बासस्थान भत्काइनु यो समयको सबैभन्दा क्रुर दृश्य थियो, जुन हालै नदी किनारका सुकुमवासी बस्तीहरूमा देखियो।



**कौशल काफ्ले**

काठमाडौँका नदीकिनारमा बगेका सुकुमवासीका आँसु र उनीहरूका भत्किएका झुपडीले सिंहदरबारलाई गिज्याइरहेका छन्। कारण, सहर सुन्दर बनाउने सनकमा राज्यले आफ्नै सबैभन्दा असहाय नागरिकमाथि डोजर चलाएर क्रुरताको नयाँ मानक खडा गऱ्यो। साना बालबालिका, सुत्केरी र बृद्धबृद्धाहरूलाई बिचल्ली बनाएर गरिने ‘विकास’ एउटा मानवीय हृदय भएको मानिसको लागि स्वीकार्य विषय होइन।

पछिल्लो समय ‘सरकार’ले मच्चाएको यो सिंगो बर्बरतालाई मानव अधिकारको नजरबाट हेर्दा त्यहाँ नागरिकप्रतिको अभिभावकत्व थिएन। बरु सत्ताको अहंकार र शक्तिको कुरुप घमण्डको उपस्थितिले सुकुमवासी बस्तीहरूमा छपक्कै छोपेको थियो। यसले कानुनी शासनको उपहास मात्र गरेको छैन, सीमान्तकृत वर्गलाई सधैँका लागि नागरिक हुनुको गौरवबाटै विमुख गराउने गैरजिम्मेवारीपन देखियो।

वैकल्पिक व्यवस्था र उचित सूचना बिना कसैको पनि घरबार खोस्न पाइँदैन भन्ने मानवअधिकारको सामान्य हेक्का समेत सरकारलाई भएन। बस्ती खाली गर्नेबारे सुरक्षा निकायका प्रमुखलाई प्रधानमन्त्री बालेन शाहको निर्देशनपछि सोही राति केटाकेटी पढिरहेको बेला बुट बजार्दै प्रहरीहरू छिरे। कतिपय भान्छामा साँझको खान व्यस्त थिए भने कतिपय त सुत्ने तर्खरमा थिए। हामी रिपोर्टिङको क्रममा त्यहाँ पुग्दा थापाथली सुकुमवासी बस्तीका स्थानीयले सुनाएका थिए - चोर छिरेको छ कि भन्दै हप्कीदप्की गर्दै प्रहरी घरहरू छापा मार्न आइपगे।

यसरी अपराधी खोज्ने बहानामा गरिबका घरघरमा छापा मारियो, जहाँ भुइँमान्छेको आत्मसम्मान र मानवीय संवेदनशीलताको हेक्का राखिएन। ‘बाबु, यो देशमा अपराध बढ्नुको कारण हामी गरिब नै हो त ?,’ भन्दै थापाथलीकी गीता लामाले सोधेको यो प्रश्नले राज्यको नियतमाथि ठूलो प्रश्नचिन्ह हो।

७० वर्षीया कृष्णबिहारी तण्डुकार जस्ता पात्रहरूलाई कम्तीमा एक हप्ताको समयसमेत नदिई अपराधीझैँ व्यवहार गरियो। सडकमा खाना पकाएर खान बाध्य पारियो। २३ वर्षदेखि एउटा सानो छाप्रोमा पसल चलाएर छोरीज्वाइँ र आफ्नो जीविका धान्दै

आएकी वृद्धाको उठिबास लगाउँदा सहानुभूतिको साटो अपमान बोध गराएको अनुभव उनीहरूमा छ। उनीहरू सामाजिक सञ्जालमा तमासा र रमिता बन्न बाध्य पारिए, जसले सुकुमवासीको आत्मसम्मानलाई छियाछिया बनाएको स्पष्ट देखिन्थ्यो।

डोजर आतङ्कको सबैभन्दा बिझाउने दृश्य त तब देखियो, जब प्रहरीले बस्तीभित्र सञ्चारकर्मीलाई छिर्नै दिएन। हाम्रो पुस्ताका पत्रकारका लागि पहिलोपटक सडकमै 'मिडिया जोन' खडा गरेर सुकुमवासीका आर्तनाद, आँसु र रुवाबासी लुकाउने प्रपञ्च रचिएको दृश्य थियो, यो। हतियारधारी दस्ताको घेराभित्र निरीह सुकुमवासी आफ्ना सामान तान्दै रोइरहँदा प्रहरीले भने फेसबुकमा 'सहयोग गरिरहेको' भन्दै झुटो प्रचार गर्‍यो।

जबकी कतै बालबच्चा कोक्रोमा हल्लाउँदै गरेका आमाहरू त कतै आँसु चुहाउँदै भग्नावशेष पन्छाइरहेका अनुहारहरू सडकमा छरपस्ट देखिन्थे। धादिङमा पुर्खौली सम्पत्ति बाढीले बगाएपछि २० वर्षअघि थापाथली आएकी ५५ वर्षीया कान्छीमाया प्रजाजस्ता कयौँ परिवार सरकारको अस्पष्टता र संवादहीनताका कारण कुपण्डोलतिर महँगो कोठा खोजीमा भौँतारिन बाध्य बने। सरकारले कहाँ लैजाने र कसरी राख्ने भन्ने योजना स्पष्ट नपार्दा सुकुमवासी सकिनसकी जम्मा गरेको पैसा खर्च गरेर कोठा खोज्न विवश भए, जसले राज्य र नागरिकबीचको संवादहीनतालाई स्पष्ट रूपमा देखाउँछ।

थापाथली भत्काएर मनोहरा पुगेको सरकारी डोजरले त्यहाँ झडप र दर्जनौँ घाइतेको विदारक चित्र मात्रै कोरेन, कयौँ सपनाहरूको समेत सामूहिक 'हत्या' गरिदियो। कतिपय सुकुमवासीका पक्की घरहरूलाई सामाजिक सञ्जालमा 'हुकुमवासी' भन्दै ट्रोल गरिए पनि भित्री यथार्थ निकै फरक र मर्मस्पर्शी सुनिन्थे।

जस्तो, गोपाल नेपालीका छोराले साउदी अरबमा दुई वर्ष रगतपसिना बगाएर पठाएको पैसाले घरको पिलर ठडिएको थियो। हामीले सोही दिन मनोहरामा भेटेका उनी घर भत्किरहँदा टुलुटुलु हेरेर बस्नेबाहेक केही गर्न सकिरहेका थिएनन्। छुट्टीमा आएर त्यो घर बनाइदिएको छोरो विदेश गएपछि उतै ढल्यो। छोराको सम्झनासमेत बोकेको त्यो घरसँगै यता बुढेशकालको बास पनि क्षणभरमै भत्कियो।

त्यो घर गोपालका लागि केवल ढुङ्गा र इँटाको थुप्रो थिएन, छोराको सम्झनाको अन्तिम चिनो थियो। पुराना राजनीतिक दलको खेल र नयाँ सरकारको 'इगो'को सिकार सधैँ पिँधकै वर्ग बन्ने नियति




*थापाथलीस्थित सुकुमवासी बस्ती भत्काइदै*

फेरि दोहोरियो।

सोही दिन नुवाकोटमा सडक खनिँदा थातथलो गुमाएर २२ वर्षअघि मनोहरा आइपुगेका सोमबहादुर विकको खुट्टा हतारमा सामान निकाल्दा घाइते भयो। तर उनी उपचार पाउनुको साटो पानीमा रुझ्दै स्थानीय नेता खोज्न विवश थिए। कारण, उनलाई यसअघि नेताले दिएका ढाडस र आजको उठिबासलाई लिएर निकै प्रश्नहरू थिए। तर, यो वर्गसँग न त राज्यको पहुँच थियो, न त मिडियामा आफ्नो आवाज राख्ने सहजता नै।

यो शासकीय क्रुरताको सबैभन्दा गहिरो चोट अबोध बालबालिकाहरूमा पऱ्यो। बालअधिकार महासन्धिका पानाहरू सरकारी डोजरमुनि पुरिए। बालबालिकाकै आँखाअगाडि उनीहरूका परिवार अनि आफन्तको निर्मम अपमान गरियो।

तत्कालीन समयमा परीक्षा दिएर फर्किँदै गरेकी कक्षा १२ की विद्यार्थीले आफ्नै आँखाअगाडि घर भत्किँदै गरेको देख्दा भोग्नुपरेको मानसिक ट्रमाको हिसाब राज्यसँग कतै छैन। बल्खुकी सरिता राईकी श्रीमान् इन्द्रबहादुर राई आफ्नो टहरामा डोजर चल्ने कुरा सुनेपछि 'घर भत्केको हेर्न सक्दिनँ' भन्दै बर्बराएर निस्किए र दिउँसो बागमती नदीमा मृत भेटिए। रविन तामाङ र इन्द्रबहादुरको यो मृत्यु एउटा दुर्घटना मात्र थिएन। सरकारको परिपक्वता र करुणाको अभावले लिएको ज्यान थियो त्यो।

सबैभन्दा टीठलाग्दो दृश्य त तब देखियो, जब हामी रिपोर्टिङको क्रममा तीनदिनपछि थापाथलीतिर पुग्दा देख्यौँ। त्यहाँ ७० वर्ष नाघिसकेकी मीनाकुमारी बस्नेत डोजरले पुरिदिएको आफ्नो नागरिकता खोज्न भग्नावशेष खोतल्दै थिइन्। निन्याउरो अनुहार लगाउँदै एकतमास बोलिरहिन्, 'लडेको ढुंगाले त बास पाउँछ, हामी त मान्छे। के नै बिगारेका थियौँ र बाबु ?' उनको यो बिलौनाले सहरको मानवतालाई लज्जित तुल्याउँछ। यस्ता कयौँ उदाहरण सुकुमवासी बस्ती भत्कने क्रममा भेटिए।

जसरी बस्ती भत्काउन सरकारी हतारो देखियो, त्यति तदारुकता व्यवस्थापनको पाटोमा भने कतै भेटिएन। कीर्तिपुर लगायतका होल्डिङ सेन्टरमा पुगेका नागरिकहरू प्लास्टिकको पालमुनि गुम्सिएर, राज्यको निगरानीमा बस्न विवश छन्। यसलाई उनीहरू स्वयंले आफूहरूलाई कैदी सरह राखिएको बताउँछन्।

पालभित्रको राप र लामखुट्टेको टोकाइ सहँदै बसिरहेका सुत्केरी र वृद्धवृद्धाहरूको रोदनले सरकारको कथित सेल्टरकै खिल्ली उडाइरहेको छ। बस्ती भत्काउँदै गर्दा सरकारले १५ दिनभित्र पहिचान गरिसक्ने दाबी गरे पनि हप्तौँ बितिसक्दा पनि स्क्रिनिङको काम सकिएन। विस्थापितहरूलाई दिइने भनिएको १५ हजार रुपियाँको राहत आजको महँगीमा काठमाडौँ जस्तो सहरमा एक महिनाको कोठाभाडा तिर्न समेत पुग्दैन। यो सहायता गरिबहरूको बाध्यतामाथि राज्यले गरेको एउटा कुरुप ठट्टा मात्रै हो। यसले आफूहरूको वास्तविक समस्यालाई कहिल्यै छुन नसक्ने विस्थापित सुकुमवासीको गुनासो छ।

वर्तमान सत्तारुढ दलले राजनीतिक स्वार्थका लागि पुरानो भूमि आयोगलाई कानुनी छिद्र खोज्दै खारेज गरेर बलभद्र बास्कोटाको नेतृत्वमा नयाँ भूमि समिति त बनाए, तर त्यहाँ पनि चरम लापरबाही दोहोरियो। ६० दिनभित्र देशभरका भूमिहीनको लगत संकलन र प्रमाणीकरण सिध्याउने शासकीय सुधारको एक सय बुँदे कार्यसूचीमा ठुलो वाचा गरेको सरकारले एउटा समिति गठन गर्नै ६७ दिन लगायो।

यो सुस्तताले पीडित जनताको जलिरहेको घाउमा नुनचुक छर्कने काम मात्र गरेको बताउन गाह्रो छैन।

समिति बनाउनै ६७ दिन लगाउने सरकारले देशभरका लाखौं भूमिहीनको समस्या कसरी समाधान गर्छ ? त्यसैले अहिले सरकारका नीति र बजेट वक्तव्यहरू झुटो आश्वासन बाँडेर जनता अल्मल्याउने हतियार मात्रै हुन् कि भन्ने आशंका सुकुमवासीमा देखिन्छ। हिजोका दिनमा हजार दिनभित्र समस्या सुल्झाउने गफ दिने सरकारले अहिले नयाँ बजेटमार्फत एक वर्षभित्रै काम सक्ने अर्को दाबी गऱ्यो।

जेठ १५ मा आएको बजेट वक्तव्यमा आगामी आर्थिक वर्षभित्रै सुकुमवासी र अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्ने भनिए पनि उनीहरूलाई अब यस्ता आश्वासनमा रत्तिभर विश्वास हुन छाडेको छ। कारण, विगतको आयोगले संकलन गरेको १२ लाख ३३ हजारभन्दा बढी भूमिहीनको तथ्याङ्कलाई यो नयाँ समितिले स्वीकार गर्छ कि गर्दैन भन्ने पनि कतै स्पष्ट छैन। तथ्याङ्कलाई लत्याएर फेरि शून्यबाट लगत संकलन सुरु गरिएमा यो संकट अनन्तकालसम्म लम्बिने निश्चित प्राय: देखिन्छ।

अर्कोतर्फ, यसरी बस्ती हटाउँदा हुकुम्बासीहरू हटे भन्दै खुसी मनाउने जमात उत्तिकै देखिन्छ। तर, यो विस्थापनको सबैभन्दा कुरुप पाटो नै के हो भने, सुकुमवासीको नाममा जग्गा कब्जा गर्ने र लालपुर्जा दिलाउने 'हुकुमवासी' र दलालहरू सहजै उम्किए। अब उनीहरूलाई सम्पर्कमा ल्याउन र कारबाही गर्न पनि गाह्रो देखिन्छ। यस्तो सरकारी प्रकृयाको फाइदा त्यस्ता व्यक्तिले लिए भन्न गाह्रो छैन।

बरु यसको सिधा मारमा भने सस्तो भाडा खोजेर नदीकिनारमा बस्न बाध्य भएका वास्तविक गरिबहरू मात्र परे। संरचनागत लाभांश नपाएका सोमबहादुर विक, गोपाल नेपाली, गीता लामा, प्रकाश मगर जस्ता पिँधका वर्ग नै जहिले पनि राजनीतिक खेल र सरकारी इगोको सिकार बनिरहे।

'कामी, दलित भनेर सबैले हेपेकै छन्, म त सुकुमवासी भएँ भएँ, छोराहरू पनि सुकुमवासी नै रहने भए' हामीसँगको कुराकानीको क्रममा सोमबहादुर विकले पोखेका यी पीडाले यो देशमा गरिब र दलित हुनुको दोहोरो अभिशापलाई उजागर गर्छ। राज्यसँग गरिबको झुपडी कोपर्ने आवेग जति छ, उनीहरूको जीवन सुरक्षित बनाउने विवेक र इच्छाशक्ति त्यसको एक प्रतिशत पनि देखिँदैन। यो आजको समयको कुरुप यथार्थ हो।

सुकुमवासी समस्या एउटा कानुनी विवाद वा सुकुमवासी र हुकुमवासीको सामाजिक सञ्जालको बहस होइन, यो विशुद्ध रूपमा गम्भीर मानवअधिकारको संकट र राज्यको वर्गीय विभेदको परिणाम हो। सुकुमवासीहरू यो देशका सार्वभौम नागरिक हुन्, जसलाई राज्यले अतिक्रमणकारीको चस्माले हेर्न बन्द गर्नुपर्छ।

याद रहोस्, कुनै पनि सहरको असली सुन्दरता चौडा सडक र कञ्चन नदीले मात्र होइन, त्यहाँ बस्ने सबैभन्दा गरिब नागरिकले पाउने सामाजिक न्याय र आत्मसम्मानले निर्धारण गर्छ। त्यसैले सरकारले वैकल्पिक व्यवस्था नगरीकन गरिने विस्थापनलाई तत्काल रोकेर सरोकारवालाहरूसँग पारदर्शी संवाद सुरु गर्नुपर्छ। उनीहरूको जीविकोपार्जन, बालबालिकाको शिक्षा र स्वास्थ्यको पायक पर्ने स्थानमा सहमति गरेर मात्रै सम्मानजनक पुर्नस्थापनाको बाटो रोज्नुपर्छ।

*(लेखक : अनलाइनखबरमा कार्यरत हुनुहुन्छ।)*

# भूमि समस्या समाधानको प्रयत्न, वर्तमान अवस्था र कानुनी प्रबन्ध



प्रकाश अधिकारी

नेपाल कृषि प्रधान देश हो। प्राचीनकालदेखि नै यहाँका अधिकांश नागरिकको जीविकोपार्जनको मुख्य आधार कृषि रहँदै आएको छ। कृषि प्रणाली भूमि र त्यसको स्वामित्वसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ। नेपालको भौगोलिक बनोट, वन-जङ्गल, जलस्रोत, मेहनती जीवनशैली, कृषि उत्पादन र पशुपालनले नेपाली समाजको आर्थिक तथा सामाजिक संरचना निर्माणमा महत्वपूर्ण भूमिका खेलेका छन्। पशुपालनमा आधारित समाज क्रमश: कृषि उत्पादनमा केन्द्रित हुँदै जाँदा भूमि उत्पादनको प्रमुख साधनका रूपमा स्थापित भयो। यससँगै बसोबास, कृषि प्रणाली र सम्पत्तिको अवधारणा पनि व्यवस्थित हुँदै गयो। यही ऐतिहासिक विकासक्रमले नेपालको कृषि संस्कृतिलाई आजसम्म पनि विशिष्ट पहिचान दिएको छ।

भूमि व्यवस्थापनलाई व्यवस्थित बनाउन, परिवार तथा समाजमा उत्पन्न हुने विवादलाई कानुनी आधारमा समाधान गर्न तथा राज्यको आर्थिक आधार सुदृढ गर्न नेपाल सरकारले विभिन्न समयमा महत्त्वपूर्ण कानुनी तथा नीतिगत व्यवस्था गरेको छ। विशेषत: भूमि सम्बन्धी ऐन, २०२१ र त्यसअन्तर्गत बनेका नियमावली तथा संशोधनहरूले भूमि प्रशासनलाई संस्थागत बनाउने महत्वपूर्ण आधार तयार गरेका छन्। यी कानुनी व्यवस्थामार्फत आवादी र गैरआवादी जग्गाको वर्गीकरण, नाप-नक्सा, स्वामित्व निर्धारण, मोही हकको व्यवस्थापन, दोहोरो स्वामित्वको अन्त्य तथा जग्गाधनी प्रमाण-पुर्जाको माध्यमबाट भूमि स्वामित्वको कानुनी सुनिश्चितता गर्ने कार्य निरन्तर हुँदै आएको छ।

नेपालमा भएका राजनीतिक परिवर्तन विशेषत: २०४६ सालको जनआन्दोलन र २०६२/०६३ को जनआन्दोलनपछि बनेका सरकारले भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीका समस्या समाधानका लागि विभिन्न आयोग र समिति गठन गरेका छन्। २०५१ सालमा गठन भएको ऋषिराज लुम्साली नेतृत्वको सुकुमवासी समस्या समाधान आयोग तथा त्यसअन्तर्गत जिल्लामा गठन भएका संरचनाले उल्लेखनीय काम गरेका थिए। इलाममा नवलकेमी राईको नेतृत्वमा गठन भएको आयोगले समेत महत्त्वपूर्ण कार्य सम्पादन गरेको थियो। त्यसपछि पनि विभिन्न समयमा सरकारले भूमि व्यवस्थापन र सुकुमवासी समस्या समाधानका लागि आयोग, समिति तथा कार्यदल गठन गर्दै आएको छ।

यद्यपि, यी प्रयासहरू अपेक्षित रूपमा सफल हुन सकेका छैनन्। यसको प्रमुख कारण राजनीतिक अस्थिरता, सरकारको बारम्बार परिवर्तन, आयोगहरूको समयमै विघटन, संस्थागत निरन्तरताको

अभाव तथा सामाजिक न्यायका मुद्दालाई पर्याप्त प्राथमिकता नदिनु हो। भूमि समस्या जस्तो दीर्घकालीन सामाजिक विषयलाई समेत राजनीतिक स्वार्थका आधारमा हेर्ने प्रवृत्तिले समस्या समाधानको प्रक्रिया पटक-पटक अवरुद्ध भएको छ। सरकार परिवर्तनसँगै अघिल्ला आयोगका काम अलपत्र पार्ने, संरचना विघटन गर्ने तथा नयाँ संयन्त्र बनाउने अभ्यासले संस्थागत स्मृति र अनुभवको उपयोग हुन सकेको छैन। परिणामस्वरूप, भूमि सम्बन्धी समस्या समाधानमा अनावश्यक ढिलाइ हुँदै आएको छ।

नेपालको संविधान, २०७२ जारी भएपछि नागरिकका मौलिक हक तथा संवैधानिक अधिकार सुनिश्चित भएका छन्। तथापि, संविधान जारी भएको एक दशक बित्न लाग्दा पनि करिब १२ लाख परिवार भूमि सम्बन्धी समस्या समाधानको प्रतीक्षामा छन्। संविधानपछिको अवधिमा २०७७, २०७८ र २०८१ मा विभिन्न चरणमा भूमि समस्या समाधान आयोग गठन भए। तर राजनीतिक अस्थिरताका कारण ती आयोगले आफ्नो कार्यलाई निरन्तरता दिन सकेनन्। यद्यपि, यस अवधिमा भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन, प्रमाणीकरण, डिजिटल अभिलेखीकरण, निस्सा वितरण, नाप-नक्सा तथा करिब नौ हजार परिवारलाई जग्गाधनी प्रमाण-पुर्जा वितरण गर्ने महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन्।

यसबीच पुनः भएको राजनीतिक परिवर्तनपछि आयोग विघटन गरियो र केही नेपाल ऐन संशोधन अध्यादेशमार्फत यसको संरचना परिवर्तन गरियो। हाल भूमि सम्बन्धी नियमावलीको एक्काइसौँ संशोधनपछि केन्>मा पाँच सदस्यीय भूमि समस्या समाधान समिति तथा जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सात सदस्यीय समिति गठन गरिएको छ। नयाँ समितिलाई अघिल्ला आयोगहरूले सम्पन्न गरेका पहिचान, प्रमाणीकरण तथा अभिलेखीकरणका कार्यलाई निरन्तरता दिने जिम्मेवारी प्रदान गरिएको छ। यद्यपि, आयोग विघटन र नयाँ संरचना गठनको प्रक्रियाले लाभग्राही तथा सरोकारवालाबीच अन्योल, आशंका र अविश्वास उत्पन्न गरेको छ। सरकारले विगतका उपलब्धिलाई निरन्तरता दिने स्पष्ट प्रतिबद्धता र प्रभावकारी कार्यान्वयन देखाउन नसक्दा भूमिहीन समुदाय अझै अन्योलमा रहेको देखिन्छ।

संवैधानिक तथा कानुनी प्रक्रियाअनुसार भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण गर्दै भूस्वामित्व हस्तान्तरणको अभियान अघि बढिरहेको अवस्थामा केही स्थानमा भएका बलपूर्वक हटाउने कार्यले थप विवाद सिर्जना गरेको छ। उपयुक्त पुनर्स्थापना र वैकल्पिक व्यवस्थाविना सुकुमवासी बस्ती हटाउँदा उनीहरूको आवास अधिकार, जीविकोपार्जन तथा मानव अधिकारमाथि गम्भीर असर परेको छ। त्यसैले भूमि समस्या समाधानलाई केवल प्रशासनिक विषयका रूपमा होइन, संविधानद्वारा प्रत्याभूत आवास, सामाजिक न्याय र मानव अधिकारसँग प्रत्यक्ष जोडिएको विषयका रूपमा हेर्न आवश्यक छ।

२०८३ जेठमा पुनः भूमि समस्या समाधान समिति गठन गरिएको छ। मन्त्रिपरिषद्को निर्णयअनुसार केन्द्रमा समिति गठन गरिएको छ भने प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला समिति गठन भइसकेका छन्। नयाँ समितिले अघिल्ला तीन आयोगका कामको स्वामित्व

ग्रहण गर्दै बाँकी प्रक्रिया सम्पन्न गर्ने जिम्मेवारी पाएको छ। अब यसको सफलता विगतका उपलब्धिलाई संरक्षण गर्दै कार्यान्वयनमा निरन्तरता कायम गर्न सक्ने क्षमतामा निर्भर रहनेछ। वितरण हुने जग्गाको क्षेत्रफल तथा राजस्व निर्धारण सम्बन्धी व्यवस्था

भूमि सम्बन्धी नियमावली, २०२१ ( उन्नाइसौँ संशोधन) तथा भूमि सम्बन्धी ऐन, २०२१ को दफा ४१ ख अनुसार भूमिहीन दलित र भूमिहीन सुकुमवासीलाई आवास तथा कृषि प्रयोजनका लागि निश्चित मापदण्डका आधारमा नि:शुल्क जग्गा उपलब्ध गराउने व्यवस्था गरिएको छ। त्यस्तै, ऐनको दफा ४१ग अनुसार अव्यवस्थित बसोबासीलाई तोकिएको प्रक्रिया पूरा गरी निर्धारित राजस्व बुझाएपछि निरन्तर भोगचलनमा रहेको जग्गाको स्वामित्व प्रदान गर्ने तथा जग्गाधनी प्रमाण-पुर्जा वितरण गर्ने व्यवस्था रहेको छ। उपलब्ध गराइने जग्गाको क्षेत्रफल तथा राजस्व निर्धारण सम्बन्धी व्यवस्था नियमावलीले स्पष्ट रूपमा निर्धारण गरेको छ।

अव्यवस्थित बसोबासीले निरन्तर भोगचलनमा रहेको जग्गाका लागि अनुसूची-४ बमोजिमको निवेदन सम्बन्धित वडा कार्यालय वा स्थानीय तहले तोकेको केन्द्रमा पेश गर्नुपर्छ। प्राप्त निवेदन लगत सङ्कलन कार्यविधि, पहिचान तथा प्रमाणीकरण मापदण्ड, र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने कार्यविधि, २०८१ बमोजिम परीक्षण गरिन्छ। त्यसपछि नाप-नक्सा तथा क्षेत्रफलको यकिन गरी राजस्व निर्धारण गरिन्छ र सोही आधारमा जग्गा दर्ता तथा जग्गाधनी प्रमाण-पुर्जा वितरणको प्रक्रिया अघि बढाइन्छ।

प्रचलित कानुनी व्यवस्थाअनुसार भूमिहीन दलित तथा भूमिहीन सुकुमवासीलाई तोकिएको क्षेत्रफलसम्म आवास वा कृषि प्रयोजनका लागि उपलब्ध गराइने जग्गामा कुनै पनि राजस्व लाग्दैन। तर, अव्यवस्थित बसोबासीको हकमा भने राजस्व निर्धारणको छुट्टै व्यवस्था गरिएको छ।

- कृषि प्रयोजनका लागि १,७०० वर्गमिटरसम्म क्षेत्रफल भएको जग्गामा मालपोत कार्यालयले निर्धारण गरेको न्यूनतम रजिस्ट्रेशन मूल्याङ्कनको ५ प्रतिशत राजस्व लाग्ने व्यवस्था छ।
- १,७०० वर्गमिटरभन्दा बढी क्षेत्रफल भएको कृषि प्रयोजनको जग्गामा सोही न्यूनतम मूल्याङ्कनको १० प्रतिशत राजस्व लाग्ने व्यवस्था छ।
- आवास प्रयोजनका लागि उपलब्ध गराइने जग्गामा न्यूनतम मूल्याङ्कनको १० प्रतिशत राजस्व निर्धारण गरिएको छ।

नेपाल सरकारले २०८१ पुसमा भूमि समस्या समाधान आयोग गठन गरेपछि जिल्ला-जिल्लामा आयोग गठन आदेश, २०८१ बमोजिम जिल्ला समितिहरू सक्रिय रूपमा परिचालन गरिए। २०८३ जेठसम्म आयोगले देशभर उल्लेखनीय प्रगति हासिल गरेको देखिन्छ।

आयोगका अनुसार भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासी गरी ११ लाख ९३ हजार ५ सय ४ परिवारले निर्धारित ढाँचामा आवेदन दिएका छन्। अधुरा तथा प्रक्रियामा रहेका निवेदनसमेत समावेश गर्दा लाभग्राहीको संख्या करिब १२ लाख ५० हजार पुगेको छ। यस अवधिमा अधिकांश लाभग्राहीको पहिचान तथा प्रमाणीकरण सम्पन्न भएको, विवरण अनलाइन प्रणालीमा प्रविष्ट गरिएको, स्थानीय तहहरूमा अन्तरक्रिया तथा समन्वय

कार्यक्रम सञ्चालन गरिएको, नाप-नक्सा, राजस्व निर्धारण, जग्गाधनी प्रमाण-पुर्जा वितरण तथा सम्बन्धित मालपोत र नापी कार्यालयमा अभिलेख हस्तान्तरणसमेत सम्पन्न भएको छ।

आयोगका अनुसार अव्यवस्थित बसोबासीबाट मात्र रु. १,१६,९१,४६,४८७.७६ राजस्व नेपाल सरकारको कोषमा जम्मा भएको छ। यसले भूमि व्यवस्थापन कार्यक्रमले सामाजिक न्यायका साथै राजस्व संकलनमा समेत योगदान पुऱ्याएको देखाउँछ।

यस अवधिमा अपनाइएका कार्यप्रक्रियाबाट धेरै व्यावहारिक अनुभव, चुनौती र समाधानका उपाय पहिचान भएका छन्। त्यसैले विगतका आयोगहरूले विकास गरेका कार्यप्रणाली, तथ्याङ्क, अभिलेख तथा संस्थागत अनुभवलाई संरक्षण गर्दै वर्तमान भूमि समस्या समाधान समितिले आफ्नो कार्यलाई निरन्तरता दिनु आवश्यक छ। विगतका उपलब्धिलाई अस्वीकार गर्नुको सट्टा त्यसलाई आधार मानेर अघि बढ्नु नै प्रभावकारी र दिगो समाधानको मार्ग हुनेछ।

**कोशी प्रदेशको अवस्था विश्लेषण**

भूमिहीन दलित भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीहरुको पहिचान र प्रमाणिकरणसँग सम्बन्धी २०८२ चैत्र मसान्त सम्म कोशी प्रदेशका १४ जिल्लाहरुको तथ्यांङ्क विवरण निम्नानुसार रहेको छ।

| जिल्ला | भूमिहीन दलित | भूमिहीन सुकुमवासी | अव्यवस्थित बसोबासी | जम्मा |
|---|---|---|---|---|
| इलाम | २०२ | ७०९ | १७७२९ | १८६४० |
| उदयपुर | २५९६ | ५८४३ | ४२५०४ | ५०९४३ |
| ओखलढुङ्गा | १७ | ५६ | ७२ | १४५ |
| खोटाङ | ६२ | १६१ | ९२८ | ११५१ |
| झापा | २७९३ | १५०९५ | ३९७५१ | ५७६३९ |
| ताप्लेजुङ | १६२ | ३८१ | ७३८ | १२८१ |
| तेह्रथुम | २९ | ७५ | १३६० | १४६४ |
| धनकुटा | ११७ | ४०५ | ४५५४ | ५०७६ |
| पाँचथर | ७० | १०७ | ५१२० | ५२९७ |
| भोजपुर | ६८ | १८७ | ११०८ | १३६३ |
| मोरङ | ८७६१ | १९७८९ | ३८४५९ | ६७००९ |
| संखुवासभा | ८७ | २०४ | १७७ | ४६८ |
| सुनसरी | ६५६४ | १५१०७ | २२२२४ | ४३८९५ |
| सोलुखुम्बु | १७ | १३५ | १५ | १६७ |
| कुल जम्मा | २१५४५ | ५८२५४ | १७४७३९ | २५४५३८ |

*स्रोत भूमि समस्या समाधान आयोग केन्द्रीय कार्यालय ताहाचल काठमाण्डौ*

नेपालको संविधानले प्रत्येक नागरिकको आवास, सामाजिक न्याय र भूमिमा पहुँच सम्बन्धी अधिकारलाई मौलिक तथा नीतिगत अधिकारका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३७ ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक प्रदान गर्दै कानुनबमोजिम बाहेक कसैलाई पनि आफ्नै बासस्थानबाट हटाउन वा अतिक्रमण गर्न नपाइने व्यवस्था गरेको छ। त्यसैगरी धारा ४० अन्तर्गत राज्यले भूमिहीन दलितलाई एकपटक जमिन उपलब्ध गराउने तथा आवासविहीन दलितका लागि बसोबासको व्यवस्था गर्ने दायित्व स्पष्ट रूपमा उल्लेख गरिएको छ। धारा ४२ ले प्रत्येक किसानलाई कृषि प्रयोजनका लागि भूमिमा पहुँच, स्थानीय बीउबिजन तथा कृषि जैविक विविधताको संरक्षण र उपयोग गर्ने अधिकार सुनिश्चित गरेको छ।

यसका अतिरिक्त संविधानको भाग-४ अन्तर्गत कृषि तथा भूमि सुधार, सामाजिक न्याय, समावेशीकरण तथा मुक्त कमैया, कमलरी, हरवा-चरवा, हलिया, भूमिहीन सुकुमवासी लगायतका समुदायको पुन:स्थापना सम्बन्धी नीतिगत व्यवस्था गरिएको छ। यसबाट भूमि समस्या समाधान केवल प्रशासनिक विषय नभई संविधानले प्रत्याभूत गरेको सामाजिक न्याय, मानव अधिकार र राज्यको दायित्वसँग प्रत्यक्ष रूपमा सम्बन्धित विषय भएको स्पष्ट हुन्छ।

यद्यपि संवैधानिक तथा कानुनी व्यवस्था पर्याप्त हुँदाहुँदै पनि राजनीतिक अस्थिरता, सरकारको बारम्बार परिवर्तन, संस्थागत निरन्तरताको अभाव तथा कमजोर कार्यान्वयनका कारण भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको समस्या आजसम्म पूर्ण रूपमा समाधान हुन सकेको छैन। भूमि समस्या समाधानका लागि गठन भएका आयोग र समितिहरू सरकार परिवर्तनसँगै विघटन हुने, अघिल्ला उपलब्धिको स्वामित्व ग्रहण नगर्ने तथा नयाँ संरचना निर्माण गर्ने अभ्यासले समस्या झन् जटिल बनेको छ। परिणामस्वरूप संविधानले सुनिश्चित गरेका अधिकारहरू व्यवहारमा पूर्ण रूपमा कार्यान्वयन हुन सकेका छैनन्।

यसर्थ, भूमि समस्या समाधानलाई राजनीतिक परिवर्तनसँग जोडिने अस्थायी कार्यक्रमका रूपमा नभई राज्यको दीर्घकालीन राष्ट्रिय दायित्वका रूपमा अघि बढाउन आवश्यक छ। यसका लागि निम्न सुझावहरू सान्दर्भिक देखिन्छन्।

### १. संस्थागत निरन्तरताको सुनिश्चितता

सरकार वा राजनीतिक नेतृत्व परिवर्तनका आधारमा भूमि समस्या समाधानसँग सम्बन्धित आयोग वा समितिको विघटन गर्ने अभ्यास अन्त्य गरिनुपर्छ। संस्थागत निरन्तरता सुनिश्चित गर्दै विगतका उपलब्धिको स्वामित्व ग्रहण गर्ने व्यवस्था गरिनुपर्छ।

### २. उच्च राष्ट्रिय प्राथमिकता

भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापनलाई राष्ट्रिय गौरवको आयोजना सरह उच्च प्राथमिकतामा राखी आवश्यक स्रोत, जनशक्ति र बजेट सुनिश्चित गरिनुपर्छ।

### ३. लाभग्राही-केन्द्रित कार्यान्वयन

भूमिहीन समुदायलाई समस्या समाधानको केन्द्रमा राखी उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गरिनुपर्छ। भूमि व्यवस्थापन प्रक्रियालाई बिचौलिया र स्वार्थ समूहको प्रभावबाट मुक्त बनाइनुपर्छ।

**४. तीन तहका सरकारबीच स्पष्ट कार्यविभाजन**

संघ, प्रदेश र स्थानीय सरकारबीचको भूमिका, अधिकार, जिम्मेवारी तथा स्रोत व्यवस्थापन स्पष्ट रूपमा निर्धारण गरी प्रभावकारी समन्वयको व्यवस्था गरिनुपर्छ।

**५. संस्थागत समन्वय सुदृढीकरण**

केन्द्रीय समितिको सम्बन्धित मन्त्रालय तथा विभागसँग र जिल्ला समितिको स्थानीय तहसँग नियमित समन्वय तथा सहकार्यका लागि स्पष्ट कार्यप्रणाली विकास गरिनुपर्छ।

**६. कानुनी अस्पष्टताको अन्त्य**

भूमि सम्बन्धी ऐन र वन ऐनमा रहेको सरकारी तथा वन क्षेत्रको परिभाषासम्बन्धी अस्पष्टता हटाई दुवै कानुनबीच आवश्यक सामञ्जस्य कायम गरिनुपर्छ, ताकि कार्यान्वयनका क्रममा देखिने दोहोरो अधिकार दाबी र विवाद अन्त्य होस्।

**७. प्राविधिक जनशक्ति व्यवस्थापन**

भूमि व्यवस्थापनमा संलग्न प्राविधिक कर्मचारीलाई पूर्ण रूपमा जिल्ला समितिको कार्यगत नियन्त्रणमा राखी उनीहरूको जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरिनुपर्छ।

**८. पूर्णकालीन प्रशासनिक नेतृत्व**

जिल्ला समितिका सदस्य-सचिवलाई पूर्णकालीन जिम्मेवारी प्रदान गरी प्रभावकारी नेतृत्व, समन्वय र कार्यान्वयन सुनिश्चित गरिनुपर्छ।

**९. प्राविधिक पूर्वाधारको सुदृढीकरण**

नाप-नक्सा, डिजिटल अभिलेखीकरण, नक्सा मुद्रण तथा अन्य प्राविधिक कार्यका लागि आवश्यक उपकरण, प्रविधि र स्रोतसाधनको व्यवस्था संघ तथा प्रदेश सरकारले प्राथमिकताका साथ गर्नुपर्छ।

**१०. लालपुर्जा अद्यावधिक प्रक्रियाको सहजीकरण**

वितरण भइसकेका जग्गाधनी प्रमाण-पुर्जाको अभिलेखीकरण, अद्यावधिक तथा नामसारी लगायतका कार्य मालपोत र नापी कार्यालयबाट सरल, छिटो र लाभग्राहीमैत्री ढङ्गले सम्पन्न हुने व्यवस्था गर्नुपर्छ।

**११. विगतका उपलब्धिको संरक्षण**

विगतका आयोगहरूले तयार गरेका तथ्याङ्क, डिजिटल डाटाबेस, प्रमाणीकरण, अभिलेख तथा कागजातलाई आधिकारिक रूपमा स्वीकार गरी त्यसकै आधारमा बाँकी प्रक्रिया अघि बढाइनुपर्छ। एउटै कामका लागि लाभग्राहीलाई पटक-पटक आवेदन दिन बाध्य बनाउने अभ्यास अन्त्य गरी एकद्वार प्रणालीमार्फत सेवा प्रवाह गरिनुपर्छ।

भूमि समस्या समाधान केवल जग्गा वितरणको कार्यक्रम होइनह यो संविधानले सुनिश्चित गरेको आवासको अधिकार, सामाजिक न्याय, आर्थिक सशक्तीकरण र सम्मानपूर्ण जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो। विगतमा भएका प्रयासबाट प्राप्त उपलब्धिलाई संरक्षण गर्दै राजनीतिक प्रतिबद्धता, संस्थागत स्थायित्व, स्पष्ट कानुनी व्यवस्था र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सकिए मात्र भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको दीर्घकालीन समस्या समाधान सम्भव हुनेछ। त्यसैले भूमि समस्या समाधानलाई राजनीतिक परिवर्तनको प्रभावबाट मुक्त राखी राष्ट्रिय प्राथमिकताको कार्यक्रमका रूपमा निरन्तर अघि बढाउनु आजको आवश्यकता हो।

*(लेखक: मानव अधिकारकर्मी हुनुहुन्छ।)*

# भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीको भूमि अधिकार

नेपालमा भूमिहीनता र अव्यवस्थित बसोबास गम्भीर सामाजिक, आर्थिक तथा राजनीतिक समस्याका रूपमा विकसित हुँदै गएको छ। यसको पछाडि ऐतिहासिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक कारणहरूको संयुक्त प्रभाव रहेको छ। विगतमा जिमिन्दारी प्रथाको अन्त्य गरिए पनि त्यसअनुरूप भूमिको न्यायोचित पुनर्वितरण हुन सकेन। परिणामस्वरूप सामन्ती भूमि व्यवस्थाले भूस्वामित्वमा गहिरो असमानता कायम राख्यो र ठूलो संख्यामा नागरिक भूमिहीन बन्न पुगे। यद्यपि विभिन्न समयमा यो समस्या समाधानका लागि आयोग, समिति तथा नीतिगत प्रयासहरू गरिए, दृढ राजनीतिक इच्छाशक्ति, व्यावहारिक कानुनी व्यवस्था र प्रभावकारी संस्थागत संरचनाको अभावका कारण ती प्रयासहरूले अपेक्षित सफलता हासिल गर्न सकेनन्।



जगत देउजा

भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई उनीहरूले हाल उपयोग गरिरहेको वा आवश्यक परे अन्य उपयुक्त स्थानमा जग्गा उपलब्ध गराउनु केवल भूमि वितरणको विषय होइनह यो गरिबी न्यूनीकरण, खाद्य सुरक्षा, सामाजिक न्याय र सम्मानपूर्ण जीवन सुनिश्चित गर्ने आधार पनि हो। गैरकृषि पेशामा संलग्न परिवारका लागि आवासीय जग्गा पर्याप्त हुन सक्छ, तर कृषि पेशामा निर्भर परिवारलाई जीविकोपार्जन सुनिश्चित गर्न कृषियोग्य जमिनसमेत उपलब्ध गराइनु आवश्यक छ। यसले उत्पादन वृद्धि, आत्मनिर्भरता तथा ग्रामीण अर्थतन्त्रलाई समेत टेवा पुर्‍याउँछ।

विद्यमान कानुनी व्यवस्थाअनुसार सम्भव भएसम्म भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई उनीहरूले निरन्तर उपयोग गर्दै आएको जग्गा नै उपलब्ध गराउने व्यवस्था छ। यदि उक्त जग्गा आवासका लागि अनुपयुक्त भएमा वा कानुनबमोजिम वितरण गर्न नमिल्ने अवस्थामा मात्र अन्यत्र व्यवस्थापन गरिन्छ। त्यसैले पूर्ण रूपमा नयाँ स्थानमा पुनर्स्थापना गर्नुपर्ने परिवारको संख्या अपेक्षाकृत कम छ।

हालको कानुनी व्यवस्थाअनुसार २०६६ साल माघ २८ गतेभन्दा अघिदेखि ऐलानी जग्गामा बसोबास वा उपयोग गर्दै आएका अव्यवस्थित बसोबासीलाई निश्चित राजस्व लिएर जग्गा दर्ता गर्ने व्यवस्था छ। त्यसैले भूमिहीन तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन केवल प्रशासनिक प्रक्रिया होइनह पुस्तौंदेखि आफ्नै नाममा एक टुक्रा जमिनसमेत नभएका नागरिकको भूमि अधिकार सुनिश्चित गर्ने सामाजिक न्यायको अभियान हो। भूमि र आवासविहीन नागरिकले यस अधिकारको महत्व जति

गहिरो रूपमा अनुभूति गर्छन्, त्यति सहज रूपमा अरूले गर्न सक्दैनन्।

## सवैधानिक तथा कानुनी दायित्व

नेपालको संविधान, २०७२ ले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई व्यापक रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३७(१) ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक प्रत्याभूत गरेको छ। धारा ४०(५) ले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउने राज्यको दायित्व तोकेको छ भने धारा ४०(६) ले आवासविहीन दलितलाई बसोबासको व्यवस्था गर्ने जिम्मेवारी राज्यलाई दिएको छ।

त्यसैगरी, धारा ४२ अन्तर्गत सामाजिक न्यायको हकले आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत समुदायका नागरिकलाई आवाससहित विशेष अवसर र सुविधा सुनिश्चित गरेको छ। धारा ३६ ले खाद्य अधिकार प्रत्याभूत गरेको छ भने धारा ५१(ञ) अन्तर्गत मुक्त कमैया, कमलरी, हरुवा-चरुवा, हलिया, भूमिहीन तथा सुकुमवासीको पहिचान गरी बसोबासका लागि घरघडेरी, जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारी उपलब्ध गराई पुनर्स्थापना गर्ने राज्यको नीति उल्लेख गरिएको छ। धारा ५१(ज) ले अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने तथा योजनाबद्ध आवास विकास गर्ने दायित्व राज्यलाई दिएको छ।

यसरी हेर्दा भूमिहीनलाई भूमि उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने विषय कुनै पनि सरकारको वैकल्पिक नीति होइन, संविधानद्वारा निर्देशित अनिवार्य दायित्व हो। भूमिहीन नागरिकको भूमि अधिकार संवैधानिक अधिकार भएकाले त्यसलाई कुनै पनि बहानामा उपेक्षा गर्न मिल्दैन।

## समस्याको आकार

भूमिहीनता र अव्यवस्थित बसोबासको वास्तविक आकार बुझ्न भूमि आयोगहरूको अभिलेख पर्याप्त आधार बन्न सक्छ। २०७७ सालदेखि २०८३ साल वैशाखसम्म आयोगको प्रणालीमा १२ लाख १७ हजार ८ सय ९२ वटा निवेदन दर्ता भएका छन्। तीमध्ये ९९ हजार ३ सय १९ भूमिहीन दलित, १ लाख ८१ हजार ५ सय ५६ भूमिहीन सुकुमवासी र ९ लाख ३४



*सुकुमवासीहरुलाई राखिएको कीर्तिपुरस्थित राधास्वामी सत्संग भवन*

हजार ५ सय ६४ अव्यवस्थित बसोबासीका निवेदन रहेका छन्। यद्यपि केही निवेदन बदर भएका हुन सक्छन् र करिब दुई सय स्थानीय तहमा लगत संकलन तथा प्रणालीमा प्रविष्टिको काम अझै बाँकी छ।

यस आधारमा हेर्दा यो समस्या नेपालका करिब २० प्रतिशत घरधुरीसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ र कुनै न कुनै रूपमा सबै ७ सय ५३ स्थानीय तहमा विद्यमान छ। पछिल्लो चरणमा गठन भएका आयोगहरूले हालसम्म ९ सय १९ भूमिहीन दलित, १ हजार २ सय ४७ भूमिहीन सुकुमवासी, २ हजार ८ सय ३२ अव्यवस्थित बसोबासी तथा विगतका आयोगबाट अधुरा रहेका ४ हजार ३ सय २ परिवारसहित कुल करिब ९ हजार ३ सय परिवारलाई जग्गाधनी प्रमाणपत्र उपलब्ध गराएका छन्। यो उपलब्धि महत्त्वपूर्ण भए पनि समस्याको समग्र आकारसँग तुलना गर्दा अझै धेरै काम गर्न बाँकी रहेको स्पष्ट हुन्छ।

**भूमिहीनताको कारणहरू**

भूमिहीनता कुनै एक कारणबाट उत्पन्न हुने समस्या होइन। यो ऐतिहासिक अन्याय, असमान विकास, कमजोर भूमि प्रशासन, सामाजिक-राजनीतिक संरचना, प्राकृतिक विपत्ति तथा आर्थिक असुरक्षाजस्ता विभिन्न कारणहरूको संयुक्त परिणाम हो। त्यसैले यसको समाधान पनि बहुआयामिक दृष्टिकोणबाट खोजिनुपर्छ। नेपालमा भूमिहीनता बढ्नुका प्रमुख कारणहरू निम्नानुसार छन्।

**भूमिसुधारको प्रभावकारी कार्यान्वयन हुन नसक्नु**

नेपालमा विभिन्न समयमा भूमिसुधारसम्बन्धी नीति, कानुन र कार्यक्रमहरू लागू गरिए पनि तिनको प्रभावकारी कार्यान्वयन हुन सकेन। परिणामस्वरूप भूमिको असमान वितरण आज पनि गम्भीर समस्याका रूपमा कायम छ। सीमित व्यक्तिको हातमा ठूलो परिमाणमा जमिन केन्द्रित हुँदा भूमिहीन, सुकुमवासी तथा साना किसानले भूमिमा पहुँच प्राप्त गर्न सकेनन्। भूमिसुधारको मूल उद्देश्य न्यायोचित वितरण भए पनि राजनीतिक इच्छाशक्तिको अभाव र कार्यान्वयनको कमजोरीका कारण वास्तविक लाभ लक्षित समुदायसम्म पुग्न सकेन।

**प्राकृतिक प्रकोपका कारण भूमि गुम्नु**

नेपाल भौगोलिक रूपमा विपद्को उच्च जोखिममा रहेको मुलुक हो। बाढी, पहिरो, डुबान, नदी कटान तथा भूक्षयजस्ता प्राकृतिक प्रकोपले प्रत्येक वर्ष हजारौं परिवारको आवास र खेतीयोग्य जमिन नष्ट गर्ने गरेका छन्। विशेषगरी नदी किनार, भिरालो भूभाग र कमजोर भू-संरचना भएका क्षेत्रमा बसोबास गर्ने समुदाय बढी प्रभावित हुन्छन्। खेतीयोग्य जमिन बग्ने वा बसोबासयोग्य भूमि नष्ट भएपछि धेरै परिवार बाध्य भएर भूमिहीन बन्न पुग्छन्।

**राजनीतिक तथा सामाजिक कारण**

भूमिहीनता सिर्जना हुनुमा राजनीतिक र सामाजिक कारणहरूको पनि महत्त्वपूर्ण भूमिका छ। शक्तिको दुरुपयोग गरी सार्वजनिक वा निजी जग्गा कब्जा गर्ने प्रवृत्ति, कमजोर कानुनी कार्यान्वयन, न्यायमा सीमित पहुँच, भ्रष्टाचार, जालसाजीमार्फत जग्गा हडप्ने घटना तथा परिवारभित्रका अंशबण्डा र सम्पत्ति विवादले विशेषगरी

गरिब, दलित तथा सीमान्तकृत समुदायलाई भूमिबाट वञ्चित बनाएका छन्।

**अनुत्पादक जमिन र जीविकोपार्जनको संकट**

कतिपय परिवारसँग जमिन भए पनि त्यो उत्पादनशील हुँदैन। पाखो, भीरालो, सुक्खा वा न्यून उत्पादन हुने जमिनबाट परिवारको जीविकोपार्जन गर्न कठिन हुन्छ। पर्याप्त उत्पादन नहुँदा मानिसहरू वैकल्पिक रोजगारी वा बसाइँसराइका लागि बाध्य हुन्छन्। यसले क्रमश: जमिनसँगको सम्बन्ध कमजोर बनाउँदै भूमिहीनता वा अर्ध-भूमिहीनताको अवस्था सिर्जना गर्छ।

**परिवार विभाजन र अंशबण्डा**

परम्परागत रूपमा पुस्तान्तरण हुँदै आएको अंशबण्डा प्रणालीका कारण समयसँगै जमिन निरन्तर खण्डीकरण हुँदै गएको छ। परिवारका सदस्य संख्या बढ्दै जाँदा एउटै जग्गा धेरै भागमा विभाजन हुन्छ र प्रत्येक अंश जीविकोपार्जनका लागि अपर्याप्त बन्छ। यसरी सानो र अव्यावहारिक आकारमा विभाजित जमिनले परिवारलाई आर्थिक रूपमा धान्न नसक्दा भूमिहीनता वा अर्ध-भूमिहीनताको अवस्था सिर्जना हुन्छ।

**आर्थिक दबाब र ऋणको चक्र**

गरिबी, बेरोजगारी र आर्थिक अस्थिरताका कारण धेरै परिवार ऋण लिन बाध्य हुन्छन्। तर स्थायी आयस्रोतको अभावमा ऋण तिर्न नसक्दा अन्तत: आफ्नो जमिन बेच्नुपर्ने वा धितो राखेको जमिन गुमाउनुपर्ने अवस्था आउँछ। यसरी आर्थिक संकट र ऋणको चक्रले पनि भूमिहीनता बढाउन महत्त्वपूर्ण भूमिका खेलेको छ।

समग्रमा, भूमिहीनता केवल जमिनको अभावको समस्या होइनह यो ऐतिहासिक असमानता, कमजोर भूमिसुधार, प्राकृतिक विपद्, सामाजिक-राजनीतिक अन्याय तथा आर्थिक असुरक्षाको संयुक्त परिणाम हो। त्यसैले यसको समाधान पनि केवल जग्गा वितरणमा सीमित नरही प्रभावकारी भूमिसुधार, सामाजिक न्याय, विपद् व्यवस्थापन, रोजगारी सिर्जना तथा दिगो जीविकोपार्जनका कार्यक्रमसँग एकीकृत रूपमा अघि बढाइनु आवश्यक छ।

**अधिकारको पर्खाइमा उठीबास**

भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीहरू आज पनि आफ्नो भूमि अधिकार सुनिश्चित हुने आशामा छन्। सरकार फेरिएसँगै नयाँ आयोग गठन हुन्छ, नयाँ प्रतिबद्धता व्यक्त गरिन्छ र समाधानको आशा जाग्छ। तर विडम्बना, कतिपयले अधिकार प्राप्त गर्नुको सट्टा जबर्जस्ती उठीबासको पीडा भोग्नुपरेको छ। विगतमा पनि यस्ता घटना छिटपुट रूपमा भएका थिए, तर पछिल्लो अवधिमा विशेषगरी काठमाडौं उपत्यकामा गरिएको व्यापक उठीवासले राज्यको कार्यशैलीप्रति गम्भीर प्रश्न उठाएको छ।

काठमाडौंका विभिन्न बस्तीमा गरिएको उठीबास प्रक्रिया मानवीय र विधिसम्मत हुन सकेन। कम्तीमा स्थानीय सरकारको नेतृत्वमा सम्बन्धित बस्तीमा बसोबास गरिरहेका परिवारको घर, टहरा वा छाप्रोको अभिलेख राख्ने, फोटोसहित लगत संकलन गर्ने, वास्तविक भूमिहीन र अव्यवस्थित बसोबासीको पहिचान तथा प्रमाणीकरण गर्ने कार्य पहिल्यै सम्पन्न गर्न सकिन्थ्यो। त्यसपछि मात्र प्रभावित समुदाय र उनीहरूका प्रतिनिधि संस्थासँग परामर्श

गरेर सम्मानजनक स्थानान्तरणको प्रक्रिया अघि बढाउन सकिन्थ्यो। तर त्यसतर्फ पर्याप्त ध्यान दिइएन। उठीवासपछि पनि लगत संकलन, प्रमाणीकरण र पुन:स्थापनासम्बन्धी कार्य प्रभावकारी रूपमा अघि नबढ्नु झनै चिन्ताजनक विषय हो।

सरकारी जग्गामा बसोबास गर्ने सबै व्यक्ति एउटै अवस्था वा पृष्ठभूमिका हुँदैनन्। उनीहरूको जीवन संघर्ष, गरिबी र बाध्यता फरक-फरक छन्। कुनै विकल्प नपाएर अनेक दु:ख र कठिनाइ पार गर्दै शहरमा आश्रय लिन पुगेका भूमिहीन तथा शहरी गरिबलाई अपराधी वा देशद्रोहीसरह व्यवहार गर्नु न्यायोचित हुन सक्दैन।

यदि महानगरपालिकाले भूमि आयोगले तयार गरेको कार्यविधिअनुसार बस्तीमै पुगेर लगत संकलन गरेको भए वास्तविक भूमिहीन र अव्यवस्थित बसोबासीको पहिचान गरी सम्मानजनक व्यवस्थापन गर्ने आधार तयार हुन सक्थ्यो। त्यस्तो अवस्थामा सबै बस्ती तत्काल भत्काउनुपर्ने आवश्यकता पनि पर्दैनथ्यो।

नेपाल सामाजिक सुरक्षाको दृष्टिले अझै कमजोर मुलुक हो। पर्याप्त रोजगारी छैन, सस्तो र पहुँचयोग्य आवास कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएका छैनन्। शिक्षा र स्वास्थ्य सेवा महँगा छन्। यस्तो अवस्थामा गरिब नागरिकहरू कहाँ बस्ने भन्ने प्रश्नको जवाफ राज्यले दिन सक्नुपर्छ।

शहरी गरिबहरू शहरको अर्थतन्त्रका अदृश्य आधारस्तम्भ हुन्। निर्माण मजदुर, घरेलु श्रमिक, सरसफाइ कर्मचारी, चालक, होटल तथा रेस्टुरेन्टका कामदार, सुरक्षा गार्ड, तरकारी विक्रेता र दैनिक ज्यालादारी श्रमिकका रूपमा उनीहरूले शहरलाई चलायमान बनाइरहेका छन्। तर उनीहरूका लागि सुरक्षित र सुलभ आवासको व्यवस्था छैन। त्यसैले उनीहरूलाई केवल 'अतिक्रमणकारी' को संज्ञा दिएर हटाउनु समस्या समाधान होइनह यसले गरिबी, असमानता र सामाजिक बहिष्करणलाई झनै गहिरो बनाउँछ।

काठमाडौंका विभिन्न सरकारी जग्गामा वर्षौंदेखि बसोबास गर्दै आएका परिवारहरूको माग सरल थियो–हाम्रो लगत लिइयोस्, वास्तविक अवस्था छानबिन गरियोस्, सम्भव भए यहीँ व्यवस्थापन गरियोस् र सम्भव नभए वैकल्पिक स्थानको व्यवस्था गरियोस्। उनीहरूले कानूनअनुसारको प्रक्रियाको मात्र अपेक्षा गरेका थिए।

जबर्जस्ती विस्थापन राज्यको अन्तिम विकल्प हुनुपर्छ, पहिलो होइन। त्यो पनि कानूनले तोकेको विधि र प्रक्रियाअनुसार मात्र हुनुपर्छ। भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीलाई उनीहरूको बसोबासबाट हटाएर होल्डिङ सेन्टरमा राख्ने कानुनी आधार के हो भन्ने प्रश्न अझै स्पष्ट हुन सकेको छैन। त्यसमाथि सम्मानजनक पुन:स्थापनाको सट्टा केही महिनाको घरभाडा उपलब्ध गराएर होल्डिङ सेन्टर खाली गर्न दबाब दिनु अर्को अन्याय हो।

नेपाल अझै पनि ठूलो जनसंख्या गरिबीको रेखामुनि रहेको देश हो। जीविकोपार्जनको खोजीमा मानिसहरू शहरमा आउँछन् र कतिपय शहरभित्रै घरबारविहीन बन्न पुग्छन्। यस्तो यथार्थलाई बेवास्ता गरेर केवल कानुनी दृष्टिकोणबाट समस्या हेर्दा समाधान सम्भव हुँदैन।

जबर्जस्ती उठीवास आफैँमा हिंसाको एक रूप हो। कुनै पनि समस्याको समाधान राज्य र त्यसका निकायहरूले त्यसलाई कुन दृष्टिकोणबाट हेर्छन् भन्ने कुरामा निर्भर

हुन्छ। दुर्भाग्यवश, नेपालमा शहरी गरिब र सुकुमवासीलाई हेर्ने दृष्टिकोण अझै पनि पूर्वाग्रही छ। उनीहरूले परिवार, समाज र देशको अर्थतन्त्रमा पुऱ्याएको योगदानभन्दा पनि उनीहरूलाई नकारात्मक विशेषणले चित्रित गर्ने प्रवृत्ति बढी देखिन्छ।

सुशासन सुधार कार्यक्रमको बुँदा नं. ९१ अन्तर्गत भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको लगत संकलन तथा प्रमाणीकरणलाई प्राथमिकता दिइएको थियो। यो कार्य प्रभावकारी रूपमा सम्पन्न हुन सकेको भए समस्या समाधानको ठोस आधार तयार हुन सक्थ्यो। तर त्यसतर्फ पर्याप्त ध्यान नदिई बुँदा नं. ९२ अन्तर्गत अतिक्रमित जग्गा तत्काल खाली गराउने कार्यलाई प्राथमिकता दिइयो। आवासको संवैधानिक अधिकार माग गर्ने नागरिकलाई स्वत: अतिक्रमणकारीको रूपमा चित्रित गर्नु कुनै पनि कानुनको उद्देश्य होइन।

आज विस्थापित समुदायको प्रमुख चिन्ता रोजगारी, बालबालिकाको शिक्षा र स्थायी बसोबासको व्यवस्था कसरी हुन्छ भन्ने हो। यो व्यवस्थापन सजिलो छैन भन्ने कुरा अहिले निर्णयकर्ताले पनि अनुभव गरिरहेका होलान्। घर भत्काउनु सजिलो छ, तर वैकल्पिक जीवन निर्माण गर्नु अत्यन्त कठिन हुन्छ।

**उठीबास समाधान होइन**

कुनै परिवारको घर भत्किँदा केवल एउटा भौतिक संरचना मात्र नष्ट हुँदैन। त्यससँगै बालबालिकाको शिक्षा अवरुद्ध हुन्छ, रोजगारी गुम्छ, समुदायसँगको सामाजिक सम्बन्ध टुट्छ, स्वास्थ्य सेवा र खानेपानीको पहुँच कमजोर हुन्छ। महिला, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरू थप असुरक्षित बन्छन्। त्यसैले जबर्जस्ती उठीवास केवल प्रशासनिक कार्य होइन, गम्भीर मानव अधिकारको प्रश्न पनि हो।

राज्यले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्छ। तर भूमिको संरक्षण र नागरिकका मौलिक अधिकारको सम्मान दुवैलाई सन्तुलित रूपमा अघि बढाउनु पनि राज्यकै दायित्व हो। कुनै पनि लोकतान्त्रिक राज्यले आफ्ना नागरिकलाई उचित व्यवस्थापन नगरी सडकमा पुऱ्याउने अभ्यासलाई स्वीकार गर्न सक्दैन।

नेपालमा भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि विगत सात दशकमा अनेक आयोग, समिति र कार्यदल गठन भए। प्रत्येक सरकारले समाधानको प्रतिबद्धता जनायो, तर सरकार परिवर्तनसँगै नीति, संरचना र प्राथमिकता पनि बदलिँदै गए। परिणामस्वरूप लाखौं भूमिहीन नागरिकले बारम्बार आशा पाए, तर स्थायी समाधान पाएनन्। समस्या जहाँको त्यहीँ रह्यो र राज्यप्रतिको विश्वास क्रमश: कमजोर बन्दै गयो।

भूमिसम्बन्धी प्रश्नलाई दलगत स्वार्थभन्दा माथि उठाएर राष्ट्रिय दायित्वका रूपमा लिन नसक्नु नै आजको सबैभन्दा ठूलो कमजोरी हो। प्रत्येक नयाँ सरकारले अघिल्लो सरकारले सुरु गरेको प्रक्रियालाई निरन्तरता दिनुभन्दा नयाँ संरचना बनाउने वा पुराना संरचना विघटन गर्ने अभ्यास दोहोऱ्यायो। यसबाट प्रशासनिक अस्थिरता मात्र होइन, हजारौं कर्मचारी, स्थानीय सरकार र समुदायले गरेको वर्षौंको मेहनत पनि खेर गएको छ।

**परिणाममुखी सुधार आवश्यक**

कुनै आयोग अपेक्षाअनुसार सफल हुन सकेन भन्दैमा त्यसलाई विघटन गरेर प्रक्रिया नै रोक्नु समाधान होइन। आवश्यक

सुधार, संरचनागत परिमार्जन र कार्यसम्पादनको प्रभावकारिता बढाउँदै निरन्तरता दिनु नै उचित विकल्प हो। आयोगमा राजनीतिक नियुक्ति भएका थिए भन्ने आलोचना केही हदसम्म सही हुन सक्छ। तर समस्या केवल आयोगका पदाधिकारीमा मात्र सीमित थिएन। भूमि प्रशासन, नापी, मालपोत, स्थानीय सरकार, सम्बन्धित मन्त्रालय तथा अन्य निकायबीचको समन्वयको अभाव, जिम्मेवारीको अस्पष्टता, अपर्याप्त स्रोत-साधन र निर्णय प्रक्रियामा हुने ढिलाइ पनि समस्या समाधानमा प्रमुख बाधक बने।

राज्यले सुरु गरेको कुनै पनि प्रक्रिया राजनीतिक परिवर्तनसँगै अन्त्य हुनु हुँदैन। यस्ता कार्यक्रमले संस्थागत निरन्तरता पाउनुपर्छ। अन्यथा यसको सबैभन्दा ठूलो मूल्य फेरि पनि गरिब, भूमिहीन र सीमान्तकृत नागरिकले नै चुकाउनुपर्ने हुन्छ।

पछिल्लो सरकारले संघीय स्तरमा पूर्वन्यायाधीश र कर्मचारी सम्मिलित सानो संरचना तथा जिल्लामा कर्मचारीहरूको समिति गठन गरी भूमि व्यवस्थापनको काम अघि बढाएको छ। यो विगतका राजनीतिक नियुक्ति र कर्मचारीको मिश्रित मोडलभन्दा फरक अभ्यास हो। यो संरचनाले अपेक्षित परिणाम दिन सकोस् र विस्थापित समुदायको सम्मानजनक पुन:स्थापनासहित भूमि अधिकार सुनिश्चित गर्न सफल होस् भन्ने अपेक्षा गर्न सकिन्छ। यद्यपि यसको सफलता मुख्यत: स्थानीय सरकारसँगको प्रभावकारी समन्वय, सहकार्य र कार्यान्वयन क्षमतामा निर्भर रहनेछ।

## स्थानीय सरकार र समुदायको अग्रणी भूमिका

संघीय शासन व्यवस्थाले भूमि व्यवस्थापनमा स्थानीय सरकारलाई महत्वपूर्ण जिम्मेवारी दिएको छ। वास्तवमा भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीको वास्तविक अवस्था स्थानीय तहले नै सबैभन्दा राम्रोसँग बुझ्न सक्छ। कुन परिवार कहिलेदेखि बसोबास गरिरहेको छ, कससँग




*भक्तपुर, मनोहराको सुकुमवासी बस्ती भत्काइँदै*

वास्तवमै जग्गा छैन, कसलाई पुन:स्थापना आवश्यक छ, कुन बस्ती नियमित गर्न सकिन्छ र कुन स्थान जोखिमयुक्त छ भन्ने तथ्य स्थानीय सरकारसँग नै उपलब्ध हुन्छ। त्यसैले स्थानीय सरकार, समुदाय, प्राविधिक निकाय र नागरिक समाजको सहकार्यबाट मात्र वास्तविक लगत संकलन, प्रमाणीकरण र दिगो समाधान सम्भव हुन्छ।

भूमिहीन समुदायलाई प्राय: समस्याको स्रोतका रूपमा चित्रण गरिन्छ। तर उनीहरूलाई प्रक्रियाबाट बाहिर राखेर समाधान सम्भव छैन। उनीहरू स्वयं समाधानका प्रमुख साझेदार हुन्। वडा तथा पालिका स्तरमा समुदायको सहभागितासहित सहजीकरण समिति गठन गर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन। यदि समुदायलाई लगत संकलन, प्रमाणीकरण र विवाद समाधान प्रक्रियामा प्रत्यक्ष सहभागी गराइयो भने वास्तविक र झुटा दाबी छुट्याउन सजिलो हुनेछ, साथै सम्पूर्ण प्रक्रिया थप पारदर्शी र विश्वसनीय बन्नेछ।

सहभागितामूलक प्रक्रियाले पारदर्शिता बढाउँछ, विवाद घटाउँछ र राज्यप्रति नागरिकको विश्वाससमेत सुदृढ बनाउँछ। भूमि अधिकारको प्रश्न केवल प्रशासनिक विषय मात्र होइन, सामाजिक न्याय र सहमति निर्माणसँग जोडिएको विषय पनि हो।

**समाधान**

भूमिहीनता र अव्यवस्थित बसोबासीको समस्या समाधान असम्भव होइन, तर त्यसका लागि स्थानीय यथार्थमा आधारित कार्ययोजना आवश्यक छ। संघीय सरकारले एकरूप नीति बनाउने मात्र होइन, स्थानीय तहलाई आफ्नो क्षेत्रको वास्तविक अवस्थाअनुसार समाधान प्रस्ताव गर्ने अधिकार र जिम्मेवारी दिनुपर्छ। प्रत्येक स्थानीय तहले भूमिहीन, अव्यवस्थित बसोबासी, उपलब्ध गराउन सकिने जग्गा, नियमितीकरण गर्न सकिने बस्ती तथा स्थानान्तरण गर्नुपर्ने बस्तीहरूको विस्तृत अध्ययन गरी तथ्यमा आधारित प्रस्ताव तयार गर्नुपर्छ। संघीय सरकारले त्यस्ता प्रस्तावलाई स्पष्ट मापदण्डका आधारमा अनुमोदन गर्ने व्यवस्था गरिए समस्या समाधान अझ प्रभावकारी हुन सक्छ।

नेपालका सबै स्थानीय तहको सामाजिक, भौगोलिक र आर्थिक परिवेश एउटै छैन। त्यसैले एउटै नीति र एउटै कार्यविधि सबै ठाउँमा समान रूपमा लागू गरेर अपेक्षित परिणाम हासिल गर्न सकिँदैन। स्थानीय आवश्यकता र वास्तविकतालाई केन्द्रमा राखेर लचिलो कार्यान्वयन प्रणाली विकास गर्नु अपरिहार्य छ।

भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीको विषयलाई दलगत राजनीतिभन्दा माथि उठाएर राष्ट्रिय दायित्वका रूपमा लिनुपर्छ। कुनै पनि बस्ती हटाउनु अघि वैकल्पिक आवास, सम्मानजनक पुन:स्थापना र जीविकोपार्जनको स्पष्ट योजना अनिवार्य रूपमा तयार गरिनुपर्छ। साथै सस्तो, सुरक्षित र पहुँचयोग्य आवास कार्यक्रमलाई राष्ट्रिय प्राथमिकतामा राख्न आवश्यक छ। भूमिहीन समुदायको एकीकृत राष्ट्रिय तथ्यांक तयार गरी सामाजिक सुरक्षा, कृषि, रोजगारी, सीप विकास तथा गरिबी निवारणका कार्यक्रमसँग एकीकृत रूपमा जोड्न सके मात्र संविधानले प्रत्याभूत गरेको भूमि र आवासको अधिकार व्यवहारमा सुनिश्चित गर्न सकिनेछ।

*(लेखक : भूमि अधिकारका लागि क्रियाशील हुनुहुन्छ ।)*

# सुकुमवासी तथा भूमिहीनहरूको सवालः कानुनी दृष्टिकोण र दीर्घकालीन समाधान

**पृष्ठभूमि**

नेपालमा भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीहरूको समस्या दशकौँदेखि बल्झिँदै आएको राजनीतिक तथा सामाजिक सवाल हो। केन्द्रीय सरकार तथा स्थानीय सरकारले "सरकारी जग्गा संरक्षण र अतिक्रमण हटाउने" नाममा अपनाएको शैलीले यस समस्यालाई थप संवेदनशील र भयावह बनाएको छ। उपयुक्त र न्यायोचित वैकल्पिक व्यवस्थापन नै नगरी, कुनै पूर्वतयारी विना बस्तीहरूमा एक्कासि डोजर चलाउने, भौतिक संरचनाहरू भत्काउने र नागरिकलाई उनीहरूको थातथलोबाट उठिबास लगाउने कार्यहरू भइरहेका छन्।



**अधिवक्ता वसन्त गौतम**

यो 'डोजर संस्कृति' ले सुकुमवासी तथा भूमिहीनहरूमा गम्भीर मानवीय र मनोवैज्ञानिक संकट निम्त्याएको छ। घर भत्काउँदा सर्वसाधारण बेहोस हुने, बालबालिका, गर्भवती, सुत्केरी र ज्येष्ठ नागरिकहरू खुला आकाशमुनि बस्न बाध्य हुने जस्ता हृदयविदारक घटनाहरू सार्वजनिक भइरहेका छन्।

**महत्त्वपूर्ण दृष्टिकोणः** आवास केवल इँटा र माटोको छानो मात्र होइनह यो त सम्मानपूर्वक बाँच्न पाउने अधिकार र सामाजिक सुरक्षाको बलियो खम्बा हो।
बिना विकल्प गरिने विस्थापनले नागरिकको रोजीरोटी खोसिएको छ, बालबालिकाको शिक्षा अवरुद्ध भएको छ र उनीहरूको आत्मसम्मानमा गहिरो ठेस पुगेको छ। विकास र व्यवस्थापनको नाममा मानवीय संवेदनशीलतालाई पूर्णतः उपेक्षा गरिँदा राज्यको अभिभावकीय भूमिकामाथि नै गम्भीर प्रश्नचिह्न खडा भएको छ।

राष्ट्रिय भूमि आयोगको तथ्याङ्क र विभिन्न स्थलगत प्रतिवेदनहरूलाई हेर्दा नेपालमा लाखौँ परिवार भूमिहीन र सुकुमवासीका रूपमा जीवन गुजारा गरिरहेका छन्। उदाहरणका लागि, बाँके जिल्लामा मात्रै ५३ हजार ७ सय ५ भन्दा बढी परिवार भूमिहीन दलित, सुकुमवासी र अव्यवस्थित बसोबासीका रूपमा दर्ता भएका छन्। जतिबेला पनि सरकारले उठिबास लगाउन सक्छ भन्ने भयले उनीहरू सधैँ मानसिक तनावमा बाँचिरहेका छन्। वास्तविक सुकुमवासीहरूको पहिचान र प्रमाणीकरणको कार्य सुस्त हुनु र राजनीतिक अस्थिरताका कारण भूमि आयोगहरू विघटन भइरहनुले यो समस्या झन् जेलिएको छ।

यस क्षेत्रमा वास्तविक भूमिहीनहरू ओझेलमा पर्ने तर नक्कली लालपुर्जा बनाएर जग्गा किनबेच गर्ने र रकम असुल गर्ने भूमाफियाहरूको सञ्जाल सक्रिय हुनु अर्को ठूलो चुनौती बनेको छ। वर्षौंदेखि बसेको भए तापनि जग्गाको स्वामित्व दाबी गर्ने कानुनी प्रमाण (लालपुर्जा) नहुँदा उनीहरू राज्यबाट पाउने अन्य आधारभूत सेवा सुविधाबाट समेत वञ्चित छन्। सुकुमवासी बस्तीहरूमा बसोबास गर्ने बहुसङ्ख्यक नागरिकहरू दलित, जनजाति र आर्थिक रूपमा विपन्न

समुदायका भएकाले उनीहरूले सामाजिक र आर्थिक विभेदको दोहोरो मार समेत खेप्नुपरिरहेको छ।

भूमिहीन र सुकुमवासीहरूको आवास र भूमिको अधिकारलाई विभिन्न अन्तर्राष्ट्रिय कानुनहरूले मानव अधिकारको अभिन्न अङ्गका रूपमा स्वीकार गरेका छन्:

- मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR, १९४८) को धारा २५: प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य तथा कल्याणका लागि पर्याप्त आवास सहितको जीवनस्तरको अधिकार सुनिश्चित गरेको छ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICESCR, १९६६) को धारा ११ (१): राज्य पक्षहरूले प्रत्येक नागरिकको आवासको अधिकारलाई मान्यता दिँदै यसको परिपूर्तिका लागि उचित कदम चाल्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ।
- संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समिति (CESCR) को सामान्य टिप्पणी नं. ७: स्पष्ट रूपमा 'बलपूर्वक गरिने निष्कासन' ( Forceful Eviction) लाई मानव अधिकारको गम्भीर उल्लङ्घन मान्दै विकल्प विना कसैलाई पनि आवासबाट हटाउन नपाइने दृढ मत राख्दछ।

नेपालको संविधान (२०७२) ले नागरिकका मौलिक हकहरू मार्फत आवास र भूमिको अधिकारलाई उच्च प्राथमिकता दिएको छ:

- धारा १६: सम्मानपूर्वक बाँच्न पाउने अधिकार प्रत्याभूत गरेको छ।
- धारा ३७: प्रत्येक नागरिकलाई उपयुक्त आवासको अधिकार हुने र कानुन बमोजिम बाहेक कसैलाई पनि वासस्थानबाट नहटाइने स्पष्ट व्यवस्था गरेको छ।
- धारा ४० (उपधारा ५ र ६): भूमिहीन तथा आवासविहीन दलितहरूलाई कानुन बमोजिम एक पटक जमिन र बसोबासको व्यवस्था गर्नुपर्ने राज्यको अनिवार्य संवैधानिक दायित्व तोकेको छ।

यस संवैधानिक मर्मलाई कार्यान्वयन गर्न भूमि सम्बन्धी ऐन, २०२१ (आठौँ र नवौँ संशोधन) ले भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीहरूलाई पहिचान गरी एक पटकका लागि जग्गा उपलब्ध गराउने र बस्ती व्यवस्थापन गर्ने कानुनी मार्ग प्रशस्त गरेको छ। साथै, आवासको अधिकारसम्बन्धी ऐन, २०७५ ले प्रत्येक आवासविहीन नागरिकलाई उपयुक्त र सुरक्षित आवासको कानुनी अधिकार सुनिश्चित गर्दै वैकल्पिक व्यवस्थापनका प्रक्रियाहरूलाई स्पष्ट पारेको छ।

अधिकारवादी दृष्टिकोणले भूमिको सवाललाई केवल आर्थिक वा प्राविधिक विषय मात्र मान्दैन, यसलाई सामाजिक न्याय, समानता र मानव गरिमासँग जोडेर हेर्दछ। उपयुक्त विकल्प र कानुनी प्रक्रिया पूरा नगरी नागरिकलाई वासस्थानबाट हटाउनु भनेको उनीहरूको बाँच्न पाउने अधिकार खोस्नु हो। यस सम्बन्धमा नेपालको सर्वोच्च अदालतले विभिन्न फैसला र निर्देशनात्मक आदेशहरू मार्फत सुकुमवासी र भूमिहीनहरूको आवासको अधिकारका पक्षमा महत्त्वपूर्ण नजिरहरू प्रतिपादन गरेको छ:

- अदालतले 'बलपूर्वक निष्कासन विरुद्धको सिद्धान्त' स्थापित गर्दै जुनसुकै नागरिक सरकारी वा सार्वजनिक जग्गामा बसेको भए तापनि निजको मानवीय गरिमाको

सम्मान हुनुपर्ने र न्यायोचित वैकल्पिक व्यवस्था नगरी हटाउन नपाइने स्पष्ट पारेको छ।

- अदालतले आवासको अधिकारलाई धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने अधिकारको परिपूरक अंग मानेको छ, किनकि टाउको लुकाउने ओत नभएको नागरिकले सम्मानपूर्ण जीवन जिउन सक्दैन।
- राज्यको कल्याणकारी दायित्व अनुसार भूमिहीन र सुकुमवासीहरू विशेष संरक्षण आवश्यक भएका वर्ग भएकाले उनीहरूलाई दण्डित गर्नुको साटो सकारात्मक विभेदका आधारमा संरक्षण गर्नुपर्ने न्यायिक दृष्टिकोण रहेको छ।

बाँकेको कोहलपुर नगरपालिका-११ स्थित क्रिकेट मैदान आसपासको सुकुमवासी बस्तीमा २०८३ वैशाख २६ गते डोजर चलाएर स्थानीयलाई विस्थापित गरिएपछि त्यहाँको मानवीय संकट चुलिएको छ। विस्थापित प्रभावित परिवारहरूलाई नयाँ बसपार्क भवनमा निर्मित 'होल्डिङ सेन्टर' मा अस्थायी रूपमा सारिएको छ। प्राप्त विवरण अनुसार १०२ परिवारका २९७ जना नागरिकहरू कष्टकर जीवन बिताइरहेका छन्। यस बस्तीका कुल ७५३ प्रभावित परिवार मध्ये सेन्टर बाहिर पनि ७८ घरधुरीका २०७ जना छन्, जसमा दलित समुदायको बाहुल्यता रहेको छ।

होल्डिङ सेन्टरमा आश्रित भूमिहीनहरूले "हामी कतिन्जेल यसरी बस्ने र यहाँबाट पनि खेदिए कहाँ जाने" भन्ने दीर्घकालीन अन्योल र गम्भीर मानसिक चिन्ता भोगिरहेका छन्। एउटै ठूलो खुला हलमा धेरै परिवारका महिला, पुरुष, बालबालिका र वृद्धवृद्धाहरू सँगै बस्नुपर्दा गोपनीयता र लैङ्गिक संवेदनशीलताको ठूलो अभाव देखिएको छ, जसले महिला तथा बालबालिकाको सुरक्षामा जोखिम बढाएको छ।

दैनिक ज्यालादारी गरेर जीविकोपार्जन गर्ने यी नागरिकहरूको उठिबास भएपछि रोजगारी र खाद्य असुरक्षाको चरम समस्या पैदा भएको छ। साथै, पर्याप्त शौचालय, स्वच्छ खानेपानी र उचित सरसफाइको अभावले गर्दा सेन्टरमा महामारी फैलने र बिरामी पर्ने जोखिम उत्तिकै उच्च रहेको छ।

बाँके कोहलपुरको होल्डिङ सेन्टर र देशका अन्य क्षेत्रमा तत्काल विस्थापित भएका सुकुमवासीहरूको समस्या समाधानका लागि संघीय सरकार र स्थानीय सरकारले अविलम्ब कदम चाल्नुपर्ने देखिन्छ:

खाद्य सुरक्षा: पहिलो प्राथमिकताका रूपमा, दैनिक श्रम र रोजगारी गुमाएका ती परिवारहरूका लागि तत्काल रासनपानी, खाद्यान्न र शिशुहरूका लागि पौष्टिक आहारको उचित प्रबन्ध गरिनुपर्छ।

गोपनीयता र सुरक्षा: दोस्रो कदम अन्तर्गत, ठूला हलहरूमा कपडा वा अन्य अस्थायी अवरोधकहरू (Partitions) राखेर महिला, बालबालिका र ज्येष्ठ नागरिकहरूका लागि छुट्टै बस्ने प्रबन्ध मिलाई उनीहरूको गोपनीयता र सुरक्षा सुनिश्चित गरिनुपर्छ।

स्वास्थ्य र शिक्षा: तेस्रो रूपमा, सेन्टरभित्रै नियमित स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य र सरसफाइको अनुगमन गरिनुपर्छ र त्यहाँ रहेका बालबालिकाहरूको शैक्षिक निरन्तरताका लागि नजिकैका विद्यालयहरूमा भर्ना तथा शैक्षिक सामग्रीको व्यवस्था स्थानीय तहले मिलाउनु आवश्यक छ।

सुकुमवासी र भूमिहीनको समस्यालाई सधैंका लागि अन्त्य गर्न राज्यले कानुनी, नीतिगत र संरचनागत पक्षमा व्यापक सुधार गर्न आवश्यक छ:

- नीतिगत सुधार: सरकारी जग्गा खाली

गराउनु अगावै "अनिवार्य वैकल्पिक आवास" को सुनिश्चितता गर्ने स्थायी र स्पष्ट पुनर्वास नीति तथा कानुनी कार्यविधि तर्जुमा गरिनुपर्छ। अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धि अनुकूल हुने गरी विना विकल्प डोजर प्रयोग गर्ने कार्यलाई पूर्ण रूपमा निषेध गरिनुपर्छ।

- संरचनागत सुधार: सरकार परिवर्तन हुनासाथ भूमि आयोग विघटन हुने परिपाटीको अन्त्य गरी यसलाई स्वायत्त, निष्पक्ष र स्थायी कानुनी संरचनाका रूपमा विकास गरिनुपर्छ।
- समन्वय र प्रविधि: संघीय, प्रदेश र स्थानीय सरकार बीच जग्गा पहिचान र लगत सङ्कलनका लागि एकीकृत समन्वय संयन्त्र निर्माण गरिनुपर्छ। वास्तविक सुकुमवासी र नक्कली सुकुमवासी छुट्ट्याउन आधुनिक प्रविधि र डिजिटल प्रणालीको प्रयोग गरी लगत खोटरहित बनाउनु आजको मुख्य आवश्यकता हो।

संसारभरिका लोकतान्त्रिक मुलुकहरूमा राज्यको भूमिका बहुआयामिक हुन्छ, जहाँ एकातिर सार्वजनिक सम्पत्तिको रक्षा गर्ने कानुनी जिम्मेवारी हुन्छ भने अर्कोतिर आफ्ना नागरिकको सुरक्षा गर्ने मानवीय दायित्व रहन्छ। नेपालको सन्दर्भमा पनि सार्वजनिक तथा सरकारी जग्गाको अतिक्रमण रोक्नु, त्यसको संरक्षण र उचित व्यवस्थापन गर्नु राज्य तथा स्थानीय सरकारको अकाट्य कानुनी कर्तव्य र दायित्व हो।

तर, यो दायित्व पूरा गर्ने बहानामा आफ्नै भूमिहीन र सुकुमवासी नागरिकहरूलाई बिचल्लीमा पार्नु, उनीहरूको आवासको हक खोस्नु र आधारभूत मानव अधिकारको उल्लङ्घन गर्नु राज्यको जिम्मेवारीभित्र पर्दैन।

राज्यको वास्तविक सामर्थ्य र वैधता केवल डोजर चलाएर जग्गा खाली गराउनुमा मात्र होइन, बल्कि आफ्ना विपन्न नागरिकको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, सुरक्षित आवास र गाँस-बास-कपास जस्ता आधारभूत मानव अधिकारको रक्षा गर्नुमा झल्किन्छ।

त्यसैले, कानुनको पालना गराउने नाममा नागरिकको अधिकार नै समाप्त पार्ने शैलीको सट्टा, राज्यले सार्वजनिक जग्गाको संरक्षण र भूमिहीनहरूको अधिकार सुनिश्चितता दुवैलाई सँगसँगै लैजाने गरी जिम्मेवार र सन्तुलित भूमिका निर्वाह गर्नुपर्दछ।

भूमिहीन र सुकुमवासीहरू देशका नागरिक हुन्, उनीहरू राज्यका लागि समस्या वा बोझ होइनन्ह बरु राज्यले संरक्षण र सामाजिक न्याय दिनुपर्ने विशेष वर्ग हुन्। सरकारी जग्गाको संरक्षण गर्नु तिनै तहका सरकारको कानुनी दायित्व भए तापनि नागरिकको आधारभूत मानव अधिकार र संविधान प्रदत्त आवासको हकलाई कुल्चेर गरिने कुनै पनि विकास वा व्यवस्थापनले लोकतान्त्रिक राज्यको खल्लो रूप (खिल्ली) उडाउँछ।

बाँके जिल्लाको कोहलपुर होल्डिङ सेन्टरमा गुन्जिरहेको दर्दनाक आवाजलाई मत्थर पार्न र देशैभरिका सुकुमवासीहरूको आँसु पुछ्न अब राज्यले तदर्थवादी अर्थात् अस्थायी शैली छोड्नै पर्छ। बल प्रयोग र डोजर संस्कृतिको विकल्पमा कानुनी सुनिश्चितता, संरचनागत दृढता र मानवीय संवेदनशीलता सहितको दीर्घकालीन पुनर्वास योजना लागू गर्नु नै आजको एकमात्र न्यायोचित र उत्तम मार्ग हो।

*(लेखक: मानव अधिकारको क्षेत्रमा क्रियाशील हुनुहुन्छ।)*

# सरकारको अवैध डोजर र सुकुमवासीको मानव अधिकार हनन्

सुकुमवासी माथि राज्यले गरेको दमनले लोकतन्त्र र संघीयताको विषयमा ठुलो प्रश्नचिह्न उठाएको छ। हामीले देख्न चाहेको लोकतान्त्रिक समाज, संघीयता सहितको देश र सामाजिक न्याय सहितको रूपान्तरणको विषय संविधान, कानुन र नीतिको पानामा लेख्न मात्र काम लाग्ने हो कि भन्ने लागेको छ। यदि साँच्चै नै देशमा लोकतन्त्र थियो भने भूमिहीन सुकुमवासी– जो विपद्, द्वन्द्व, सामाजिक अन्याय, विभेद, आर्थिक पीडा र राज्यको संरचनाको सिकार भई आफ्नो थातथलो छोड्न बाध्य पारिएका परिवार हुन्– उनीहरूका बस्तीमा कुनै जानकारी, पूर्वतयारी, अस्थायी वा स्थायी व्यवस्थापन विना डोजर लगाइने थिएन। सदरमुकाम, सुगम वा सहरी क्षेत्रभित्र पस्दा झाडी, खुला स्थान र खोला किनारमा बसोबास गर्दै आएका ती बस्तीहरूलाई निर्मम रूपमा भत्काइयो।



भगवती अधिकारी

सुशासनका तत्त्वहरूमा विशेष गरेर सहभागिता, सदाचारिता, अल्पसंख्यकको अधिकार, शक्तिको उचित प्रयोग, मानव अधिकारको प्रत्याभूति, पारदर्शिता, कानुनको शासन र जवाफदेहिता हुनपर्दछ। तर, हामीले सुशासन कायम गर्नका लागि भनेर नयाँ तरिका, नयाँ जोस र नयाँ परिकल्पनाका साथ ल्याएको यस सरकारले सुकुमवासीहरूलाई घरबारविहीन बनाएर कस्तो सुशासन र कसका लागि सुशासन कायम गर्दैछ भन्ने आशंका उब्जेको छ। सुकुमवासीलाई इतिहासबाट मेटाउनको निम्ति ५३ वर्षदेखि वैध रूपमा बसोबास गरेको बस्तीमा अवैध तवरले डोजर चलाइयो। काठमाडौँका पुराना बस्तीहरूमध्ये कतिपय ५३ वर्षदेखि बसेका छन् भने नयाँ बस्तीको पनि २५ वर्षदेखि बसेको इतिहास रहेको छ। त्यो सुकुमवासी बस्ती हो भनेर प्रमाणित गर्न समुदायका प्रत्येक घरसँग फरक-फरक आधार र प्रमाणहरू रहेका छन्। समुदायको मात्र होइन, परिवारसँग नै पनि प्रमाण भइरहँदा "सुकुमवासीलाई हटाइएको होइन" भनेर भ्रामक विषय फैलाउँदै सरकारले आफ्नो कमजोरी दर्शाएको हो। आज ती बस्तीसँग आफू सुकुमवासी भएको प्रमाण छ, तर सरकारसँग ती परिवार सुकुमवासी होइनन् भन्ने कुनै प्रमाण छैन। प्रत्येक पटक सरकारको रूपान्तरणमा साक्षी बनेको सुकुमवासी समुदाय एक दिन अधिकार पाइन्छ भन्ने आशाले वर्षौंदेखि सरकारको जमिनको सुरक्षा गर्दै आएको थियोह तर आज आफ्नै परिवारको सुरक्षा गर्न नसकेर दुई जनाले आत्महत्या गरिसकेका छन्।

स्थानीय सरकार, प्रदेश सरकार र संघ सरकारले पटक-पटक पहिचान, सेवा

सुविधा, बजेट र योजनामा सुकुमवासी बस्तीहरूलाई वैधता दिँदै आएका थिए। स्थानीय सरकारले प्रत्येक घरमा ब्लक नम्बर र घर नम्बर सहित पारिवारिक परिचय पत्र वितरण गरिसकेको अवस्था थियो। कतिपय बस्तीहरूसँग सेतो पुर्जा रहेको, केही बस्तीको सरकारी नक्सामा नै विवरण उल्लेख भएको, र केही बस्तीलाई 'स्वासी' को रूपमा नै पहिचान दिलाइसकेको आधार र प्रमाणहरू पनि सुरक्षित थिए। यसका साथै, भूमि समस्या समाधान आयोगले लगत संकलन गरिसकेका बस्तीहरू पनि यसभित्र समाविष्ट रहेका थिए।

जोसँग पनि भेट्छु, उनीहरूले भन्ने गर्छन्– "प्रधानमन्त्रीले व्यवस्थापन नगरी त कहाँ बस्तीमा डोजर लग्यो होला र!" कसैले पनि देशको रूप फेर्न आएका प्रधानमन्त्री, त्यो पनि बालेन्द्र शाहमाथि यतिसम्म विश्वास गरेको देखिन्छ कि सुकुमवासीको विचल्ली त कहाँ गर्छन् र भनेको सुनिन्छ। तर, पहिलो दिन थापाथलीमा डोजर चलाउँदाको बखत म बस्तीमा नै थिएँ। त्यो समयदेखि आजको समयसम्म आइपुग्दा २६ वटा बस्तीका करिब ३ हजार ५ सय घरहरू दुई हप्तामा पूर्ण रूपमा ध्वस्त बनाइयो। यो सरकारले घर भत्काउनका लागि पूर्ण रूपमा तयारी गरेको थियो, तर सुकुमवासी व्यवस्थापनमा सरकारको कदम अवैध डोजर र गैरकानुनी तरिकामा पुगेको छ।

आजसम्म कुन परिवारलाई कहाँ, कसरी र कहिलेसम्म राखिने भन्ने कुराको कुनै निर्क्योल छैन। यसको नेतृत्व सरकारको कुन संरचनाले गरेको छ र व्यवस्थापनको जिम्मेवारी कसको हो भन्ने पनि तय छैन। सबैले सबै काम गरिरहँदा, रङ्गशालाबाट दिइएको दर्ताको नामावली चिट पनि सादा सेतो कागजमा हस्तलिखित कागजको टुक्रा मात्र छ। त्यसमा न कुनै छाप छ, न कुनै हस्ताक्षर, न त कुनै सम्पर्क विवरण नै राखिएको छ। त्यही पनि सुकुमवासीहरूले ती चिट बोकेर आफ्नो भत्केको घरतिर सामग्री समेट्न गएका थिए। स्थानीय सरकारको लेटरहेडमा लेखिएको पत्रले त अधिकार पाउन नसकिएको देशमा, अहिलेको सरकारले एउटा अनाधिकारिक सेतो कागजको चिटको भरमा अधिकार दिलाउने भरोसा दिएको पाइयो। सुशासन कायम गर्ने भनी गरिएको यस्तो गैरजिम्मेवारपूर्ण कार्यलाई सबैले 'व्यवस्थापन' भनेर प्रशंसा गरेको देख्नु र सुन्नु उदेकलाग्दो छ।

सरकारले बस्न र खान त दिएको छ, त्यही पनि कतै राम्रो व्यवस्था छैन। उठिबासका लागि चरणबद्ध प्रक्रिया पूरा गरी बस्ती विनाश गर्न सक्ने सरकारले व्यवस्थापनका लागि भने कुनै पनि तयारी गरेको देखिएन। भूमि अधिकारको सवाल तीनै तहको सरकारको मातहतमा आउने भए तापनि संघीय सरकारले उठिबास लगाएर "व्यवस्थापनको कार्य स्थानीय सरकारले गर्छ होला" भनेर बसेको देखिन्छ। स्थानीय सरकारलाई भने के हुँदैछ भन्ने कुराको पत्तै थिएन र छैन। हामीले खोजेको सुशासनमा लोकतान्त्रिक अभ्यास, तहगत संरचनाको समन्वय, मानव अधिकार र गरिब वर्गको संरक्षणको पाटोलाई मजाक बनाइएको छ। अब सुकुमवासीको विषय काठमाडौँको मात्र रहेन, यो ७० लाख भूमिहीन, सुकुमवासी र गरिब वर्गमाथिको अन्यायको विषय हो।

सरकारले आफूले एक पटक गरेको गल्तीलाई पुनः दोहोऱ्याउने तयारीमा जुटेको देखिन्छ। त्यसैले भूमिहीन सुकुमवासीलाई विधि र प्रक्रिया अनुसार पहिचान तथा प्रमाणीकरण गर्नुको साटो, जबर्जस्ती

निष्कासन गरेर अब पुर्जा प्रदान गर्ने समयसम्म २५ हजार वा १५ हजार रकम दिने तयारी गर्दैछ। पहिलो गल्तीलाई ढाकछोप गर्नका लागि यसरी विना तयारी अचानक यस प्रकारको सूचना दिन हतार गर्नु हुँदैनथ्यो। भोलिका दिनमा भइपरि आउन सक्ने जुन अवस्थामा पनि जोखिम र सीमान्तकृत वर्ग झन् अन्यायमा पर्ने भएकाले, रकम दिने अव्यवहारिक योजनाले कहिलेसम्म काम गर्न सक्छ? कुनै कार्यविधि र संरचना नभई, प्रक्रियागत रूपमा नजाने हो भने यो सरकारको अर्को गल्ती हुन जानेछ।

जो काठमाडौँमा नै रोजगार गरेर आफ्ना सन्तानलाई शिक्षा र परिवार धानेका छन्, ती व्यक्तिहरू फेरि काठमाडौँमा नै बस्न आउनुपर्ने हुन्छ। यो समयमा काठमाडौँ वरिपरि कोठा पाउन नै कठिन छ। त्यसमा पनि राहत स्वरूप दिइने भनिएको २५ हजार वा १५ हजारमा घरभाडा पाउन असम्भव जस्तै छ। परिवारको संख्या ठुलो हुनेहरूका लागि तोकिएको २५ हजार राहत होइन, यो क्षतिपूर्तिको स्वरूपमा परिवारको क्षति अनुसार आउनुपर्छ। जबर्जस्ती उठिबास हतारिएर गरेझैँ, व्यवस्थापन जस्तो संवेदनशील विषयमा छलफल र बहस नगरि निर्णय गर्नु भनेको अहिलेको आकस्मिक अवस्थामा फेरि अर्को जोखिम निम्त्याउनु मात्र हुनेछ।

काठमाडौँमा हतारमा निर्णय लिनु भन्दा सुकुमवासीहरूसँग छलफल गर्ने, विचार संकलन गर्ने तथा वैकल्पिक योजनाहरूका लागि भूमिहीन सुकुमवासी र सहरी गरिबको सवालमा कार्य गर्ने व्यक्ति वा समूहसँग चर्चा गरी सम्भावना र जोखिमको आकलन गरेर मात्र व्यवस्थापनको अस्थायी वा स्थायी योजना ल्याउन जरुरी छ। सरकारले अब पुर्जाको योजना कहिलेसम्म पूर्ण हुन्छ र यसका लागि सरकारले कुन गतिमा कसरी काम गर्दैछ भन्ने कुरा न ती सुकुमवासीलाई थाहा छ, न स्थानीय सरकारलाई, न संघीय सरकारको कुनै एक संरचनालाई नै थाहा छ। यसरी अन्धाधुन्ध तवरले राहत वा घरभाडा दिनुले मानव अधिकार उल्लंघनको अवस्थामा मलम लाग्छ भन्नु भ्रम मात्र हो।

आजको सरकारले निम्त्याएको विनाशबाट भोलि उब्जने परिणामको भागीदारी हुन के हामी सबै तयार छौँ? अझै पनि सरकार सच्चिएन र हामीले सच्याउनेतर्फ ध्यान दिएनौँ भने अन्यायले निम्त्याएको असमानताको प्रतिफलमा हामी सबै पर्नेछौँ। सुकुमवासीहरूसँग कुराकानी नै नगरि सरकारको कुनै एक व्यक्तिलाई जे ठीक लाग्यो त्यही नियम र योजना बनाएर ल्याउने तरिका सुशासनको वरखिलाफ रहेको छ। विगतमा दलितमाथिको अन्यायको माफी आजको पुस्ताले मागिरहँदा, भविष्यमा सुकुमवासीमाथिको अन्यायको माफी माग्नुपर्ने दिन नआओस्। त्यसका लागि सच्याउन जुट्न पर्ने आजको आवश्यकता हो। अब डोजर खेतीलाई बन्द गरि व्यवस्थापनका लागि सुकुमवासीहरूसँग नै समन्वय र छलफल गरि समाधानको बाटोमा लैजानुपर्ने हुन्छ। अझै पनि सरकार पक्षमा सुधार गर्न सक्ने स्थान बाँकी नै देखिन्छ।

*लेखक मानव अधिकार र भूमि अधिकारको क्षेत्रमा क्रियाशील हुनुहुन्छ।*

# सुकुमवासी उठीवास बारेको भ्रम र यथार्थः प्रश्नोत्तर

संविधानको प्रस्तावनामा समाजवाद लेखिएको छ। सामाजिक न्याय पनि लेखिएको छ। सत्तारूढ दल रास्वपाले सामाजिक लोकतन्त्रलाई आफ्नो आदर्शको रुपमा घोषणा गरेको छ। यस स्थितिमा समाजवाद, सामाजिक न्याय र सामाजिक लोकतन्त्रका पहिलो लाभग्राही भूमिहीन सुकुमवासी नागरिक हुनुपर्ने हो। तर यथार्थ ठीक उल्टो छ। उनीहरू आज उठिवासको चरम पीडा भोगिरहेका छन्। त्रास, अन्याय र निराशाबीच बाँच्न बाध्य छन्।



राजु प्रसाद चापागाईं



निराजन थपलिया

प्रधानमन्त्री बालेन्द्र शाहले गृहमन्त्रीका हैसियतमा दिएको ठाडो निर्देशनपछि काठमाडौंका धेरै बस्तीमा डोजर चलाइयो। जबरजस्ती उठिवासले हजारौं परिवार घरबारविहीन बनाइए। अन्यत्र आश्रय नपाएर सयौं परिवार सरकारी होल्डिङ सेन्टरमा विवशताको जिन्दगी बाँचिरहेका छन्। अब त्यहाँबाट पनि हटाउने अल्टिमेटम सरकारले दिएको छ। यो उनीहरूका लागि घाउमा नुनचुक छर्किए सरह भएको छ।

उठिवासको त्रास उनीहरूमा मात्र सीमित छैन। देशभर सार्वजनिक तथा सरकारी जग्गामा आश्रय लिएर लाखौं नागरिक बसिरहेका छन्। विगतको भूमि आयोगको तथ्याङ्कअनुसार भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासी परिवार संख्या १२ लाखभन्दा बढी छ। प्रभावित जनसंख्या झण्डै आधा करोड रहेको आंकलन गर्न सकिन्छ। उनीहरू त्रसित र आन्दोलित छन्। पछिल्लो समय सरकारले भूमि समस्या समाधानका लागि भनेर समिति गठन गरेको छ। तर त्यसप्रति प्रभावित समुदायमा विश्वास जाग्न सकेको छैन।

संविधान, राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुन तथा न्यायिक आदेश उल्लङ्घन गर्दै बस्ती उजाड्ने प्रवृत्ति नयाँ होइन। तर पछिल्लो समय यो झन् क्रूर बन्यो। रास्वपा सरकारले आफ्नै १००-बुँदे कार्यसूचीको बुँदा नम्बर ९१ मा गरेको वाचा (६० दिनमा प्रमाणिकरण र १००० दिनमा व्यवस्थापन) विपरीत घोषित अभियानकै रूपमा उठिवासलाई युद्धस्तरमा अघि बढायो। पर्याप्त सूचना दिने, पहिचान र प्रमाणीकरण गर्ने, परामर्श गर्ने, पुनर्वासको व्यवस्था गर्ने, विशेष संरक्षणको दरकार भएका नागरिकको हित र आवश्यकता सम्बोधन गर्ने समेतका कानुनी दायित्व पूर्ण रूपमा लत्याइयो।

अहिले सर्वोच्च अदालतको अन्तरिम

आदेशले थप उठिवास रोकेको छ। तर आदेश आउँदासम्म १५ हजारभन्दा बढी नागरिकले आफ्नो बासस्थान गुमाइसकेका थिए। उठिवास राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा विरोधको विषय बनेको छ। राष्ट्रसंघका विशेष प्रतिवेदकहरूले यसलाई मानवअधिकार उल्लङ्घन भन्दै नदोहोऱ्याउन आह्वान गरेका छन्। अर्कोतिर, यसलाई सामान्य कानुन कार्यान्वयनको परिणाम मानेर समर्थन गर्नेहरू पनि छन्।

त्यसैले समाजमा व्यापक भ्रम देखिन्छ। प्रधानमन्त्रीसहित सरकारी अधिकारीहरूले नै यसलाई जोखिमयुक्त स्थानबाट गरिएको 'उद्धार'का रूपमा प्रस्तुत गरेका छन्। यही भाष्यले भ्रमलाई अझ गहिरो बनाएको छ। परिणामस्वरूप, जबरजस्ती विस्थापनजस्तो गम्भीर मानवअधिकार उल्लङ्घनसमेत सामान्य घटनाजस्तो ठानिन थालेको छ। भूमिहीन परिवारका बालबालिका, गर्भवती र सुत्केरी महिला, बिरामी, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको रुवाबासीले पनि समाजलाई अब तरंगित गर्न छाडेको जस्तो देखिन्छ। बाँच्ने अर्को विकल्प नभएर सार्वजनिक वा सरकारी जग्गामा आश्रय लिन बाध्य भएका नागरिकलाई अपराधीझैँ हेर्ने प्रवृत्ति बढ्दो छ।

उठिवास के हो? उद्धार के हो? अतिक्रमण के हो, र कस्तो बसोबास जीविकाको बाध्यता? हुकुमबासी र सुकुमवासीबीच के फरक छ? भूमिहीनताको सबाल  के हो? सार्वजनिक हित आश्रयको संरक्षणमा छ कि उठिवासमा? यी र यस्ता आधारभूत प्रश्न आज पनि अनुत्तरित छन्। यही सन्दर्भमा, यस आलेखले प्रश्नोत्तर शैलीमा ती प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरेको छ।

**१. उठिवास के हो, के होइन?**

उठिवास वा जबरजस्ती विस्थापन भनेको कुनै व्यक्ति, परिवार वा समुदायलाई उनीहरू बस्दै आएको घर वा जमिनबाट उचित कानुनी प्रक्रिया र वैकल्पिक व्यवस्था बिना बलपूर्वक हटाउनु वा हट्न बाध्य पार्नु हो। यो स्थायी वा अस्थायी दुवै हुन सक्छ। तर वैध सार्वजनिक उद्देश्यका लागि कानुनले निर्धारण गरेको प्रक्रिया पालना गर्दै गरिएको निष्कासनलाई भने उठिवास मानिँदैन।

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले मानिसलाई आवासविहीन बनाउने जबरजस्ती निष्कासनलाई गम्भीर मानवअधिकार उल्लङ्घन मानेको छ। कुनै व्यक्तिको घर भत्काउने वा परिवारलाई आवासविहीनताको जोखिममा धकेल्ने कार्य अन्तर्राष्ट्रिय मानवअधिकार, मानवीय तथा फौजदारी कानुनले निषेध गरेको छ।

यदि यस्तो जबरजस्ती विस्थापन व्यापक वा योजनाबद्ध रूपमा गरिन्छ भने, त्यो मानवताविरुद्धको अपराधसमेत हुन सक्छ। यस्तो अवस्थामा राष्ट्रिय अदालत मात्र होइन, विश्वव्यापी क्षेत्राधिकार स्वीकार गरेका अन्य मुलुकका अदालतमा पनि मुद्दा चल्न सक्छ।

नेपालमा पनि आवासको हक सम्बन्धी ऐनको दफा ५ तथा भूमि सम्बन्धी ऐन-नियमावलीले निष्कासनको स्पष्ट कानुनी प्रक्रिया तोकेका छन्। ती प्रक्रिया पालना नगरी गरिने कुनै पनि निष्कासन उठिवास हो। त्यस्तो कार्य कानुनी रूपमा मान्य हुँदैन।

नेपालको संविधान, आवासको हक सम्बन्धी ऐन, भूमि सम्बन्धी ऐन-नियमावली तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिका प्रबन्धअन्तर्गत निष्कासनका स्पष्ट सर्त छन्। संयुक्त

राष्ट्रसंघका विकास-आधारित निष्कासन र विस्थापनसम्बन्धी आधारभूत सिद्धान्त तथा मार्गदर्शन, २००७ ले पनि यही अभ्यासलाई स्वीकार गरेका छन्। न्यूनतम रूपमा पहिचान र प्रमाणीकरण, प्रभावित समुदायसँग परामर्श, पर्याप्त र कारणसहितको लिखित सूचना, वैकल्पिक आवास वा पुनर्स्थापनाको व्यवस्था, तथा निष्कासनपछि मानव मर्यादाको संरक्षण सुनिश्चित हुनुपर्छ। यी सर्त पूरा भए मात्र निष्कासन कानुनी र न्यायोचित मानिन्छ। अन्यथा, त्यो उठीवास हो।

## २. खोला किनारबाट उठीवास : उद्धार कि अधिकार उल्लङ्घन?

खोला किनारबाट गरिएको उद्धार स्वेच्छिक वा सहमतिमा आधारित हुन्छ। यो तत्काल जीवन जोखिम भएको अवस्थामा गरिन्छ। यसको आफ्नै कानुनी प्रक्रिया र विपद् व्यवस्थापन संयन्त्र हुन्छन्। उद्धारको उद्देश्य ज्यानधन बचाउनु हो, वासस्थान नै तत्क्षण नष्ट गर्नु होइन।

उद्धारका नाममा डोजर लगाएर घर भत्काइँदैन। जीविकाको आधार नष्ट गरिँदैन। हतियारधारी सुरक्षाकर्मीको घेराबन्दीमा धम्कीपूर्ण सूचना दिइँदैन। उद्धारले त्रास होइन, सुरक्षा र आत्मविश्वास दिन्छ। राज्यप्रति भरोसा वढाउँछ।

तर तत्काल जोखिम छैन, कानुनी प्रक्रिया पालना गरिएको छैन, पर्याप्त सूचना र परामर्श छैन, वैकल्पिक आवासको व्यवस्था गरिएको छैन, र सम्पत्तिको संरक्षण गरिएको छैन भने त्यो उद्धार होइन। त्यो जबरजस्ती उठीवास हो। यस्तो कार्य गम्भीर मानवअधिकार उल्लङ्घन हो।

जोखिमयुक्त स्थानमा बसोबास भएको तथ्य मात्रले जबरजस्ती उठिवासलाई वैध बनाउँदैन। वास्तविक उद्धारले नागरिकलाई थप संकटमा धकेल्दैन, सुरक्षित स्थानमा पुऱ्याउँछ।

स्थानान्तरण गर्नुपरे पहिचान, प्रमाणीकरण, परामर्श, पर्याप्त सूचना र वैकल्पिक व्यवस्थाको सुनिश्चितता अनिवार्य हुन्छ। यी प्रक्रिया पालना भए मात्र निष्कासन न्यायसंगत र कानुनी हुन्छ।

यी आधारभूत शर्त पूरा नगरी गरिएको निष्कासन उद्धार होइन। त्यो अधिकार उल्लघन हो। त्यस्तो अवस्थामा "उद्धार" भन्ने भाष्य अधिकार उल्लघनलाई ढाकछोप गर्ने माध्यम मात्र बन्छ।

## ३. प्रमाणीकरण र निष्कासन : कुन पहिले?

उत्तर स्पष्ट छ-पहिले पहिचान र प्रमाणीकरण, त्यसपछि मात्र निष्कासन। यही कानुनी शासन र मानवअधिकारको स्थापित सिद्धान्त हो। यो राज्यको रोजाइ होइन, संवैधानिक दायित्व पनि हो।

संविधान, भूमिसम्बन्धी ऐन/नियमावली, आवासको हकसम्बन्धी ऐन, सर्वोच्च र उच्च अदालतका आदेश तथा सरकारकै १००-बुँदे कार्यसूचीले पनि यही क्रमलाई स्वीकार गरेका छन्।

बसोबास आवश्यकता हो कि अन्य उद्देश्यबाट प्रेरित? वैकल्पिक आवास आवश्यक छ कि छैन? यी प्रश्नको उत्तर प्रमाणीकरणबाटै प्राप्त हुन्छ। प्रमाणीकरणले वास्तविक अवस्था स्पष्ट गर्छ। प्रमाणीकरणबिना गरिएको निष्कासन स्वेच्छाचारी हुन्छ। यसले कानुनी शासन र मानवअधिकार दुवैको उल्लङ्घन गर्छ। तर व्यवहारमा क्रम उल्टिएको देखिन्छ- पहिले उठिवास, त्यसपछि छानबिन। यो दण्ड दिएपछि अनुसन्धान गरेजस्तै हो।

**४. अतिक्रमण र आश्रयबीचको फरक के हो?**

आवश्यकतावश सार्वजनिक वा सरकारी जग्गामा परिवारको सुरक्षा र बाँच्ने आधारका लागि आश्रय लिनु अतिक्रमण होइन। अतिक्रमणमा निजी लाभ, लोभ वा गैरकानुनी आर्जनको मनसाय हुन्छ। आश्रय भने आवश्यकता, गरिबी वा परिस्थितिजन्य बाध्यताबाट जन्मिएको हुन्छ। त्यसैले हरेक सार्वजनिक वा सरकारी जग्गाको बसोबासलाई अतिक्रमण मान्नु सामाजिक आर्थिक यथार्थता प्रतिकूल अन्यायपूर्ण हुन्छ। कुनै बसोबास आवश्यकताको उपज हो कि अतिक्रमण, त्यो तथ्य र प्रमाणका आधारमा मात्र निर्धारण हुन सक्छ। सार्वजनिक वा सरकारी जग्गामा बसेकै आधारमा कसैलाई अतिक्रमणकारी ठहर गर्न मिल्दैन।

राज्यले आफ्ना विपन्न र सीमान्तकृत समुदायलाई थप संकटमा धकेल्न सक्दैन। राज्यको दायित्व आश्रित र सहयोगापेक्षी नागरिकलाई दण्ड दिने होइन, संरक्षण गर्ने त्यो यथार्थतालाई आत्मसात गर्नु पर्दछ।

**५. सुकुमवासी र हुकुमबासीः फरक के?**

सुकुमवासी कानुनले परिभाषित गरेको शब्द हो। यो संविधानमा प्रयोग भएको छ र भूमिसम्बन्धी ऐनमा स्पष्ट परिभाषित छ। यसको अर्थ आफ्नो वा परिवारका सदस्यको नाममा नेपाल राज्य भित्र कतै पनि जग्गाको स्वामित्व नभएको व्यक्ति हो। हुकुमबासी भने कानुनी शब्द होइन। यो जनबोलीमा प्रचलित शब्द हो। सामान्यतः निजी लाभ, व्यापारिक उद्देश्य वा लोभका कारण सरकारी वा सार्वजनिक जग्गा कब्जा गर्ने व्यक्तिलाई हुकुमबासी भन्ने गरिन्छ।

कोही सुकुमवासी हो वा हुकुमबासी, त्यो प्रमाणीकरणबाट मात्र तय हुन्छ। अन्यत्र अनुपयोगी जग्गाको लालपुर्जा भएकै आधारमा कसैलाई हुकुमबासी भन्न मिल्दैन। न त लालपुर्जा नहुँदैमा कसैलाई भूमिहिन व्यक्ति भन्न मिल्छ न त लालपुर्जा हुँदैमा कसैलाई भूमिहीनताको समस्यामा नभएको मान्न मिल्छ। यो कुनै गणितिय विषय होइन। यसलाई सामाजिक,आर्थिक, सांस्कृतिक, वातावरणीय सापेक्षतामा हेर्नु पर्छ। कतिपयको भूस्वामित्व पनि छैन, गुणस्तरिय जिवनयापन गर्न अरु पर्याप्त आधार पनि छैन, कतिको भूस्वामित्व कहिं कतै छ तर त्यो भूमि वासयोग्य छैन। न त त्यो भूमि खनिखोस्री गरेर परिवारको जिविकोपार्जन नै चल्छ। यस अवस्थामा सहज जिवनयापनको खोजीमा सरकारी वा सार्वजनिक जग्गामा आश्रय लिन वाध्य भएको अवस्था छ भने त्यो पनि भूमिहिनताको समस्या नै हो। अव्यवस्थित वसोवासलाई कानुनले मान्यता दिनु पछाडीको कारण पनि त्यहि बस्तुस्थिति हो। केवल लालपुर्जा देखाएर उसलाई हुकुमबासी घोषणा गर्नु न्यायसंगत हुँदैन। यस्तो आधारमा जबरजस्ती उठिवास गराउनु अन्यायपूर्ण हुन्छ।

**६. आज माइकिङ, पर्सि उठीवासः के यही हो उचित प्रक्रिया?**

बिल्कुल होइन। कानुनले यस्तो प्रक्रिया स्वीकार गर्दैन। आज माइकिङ गरेर पर्सि खाली गर नत्र भतकाउँछौं भन्नु कानुनी सूचना होइन, धम्की हो।

प्रत्येक प्रभावित परिवारलाई पर्याप्त, लिखित र कारणसहितको सूचना दिनुपर्छ। सूचनामा निष्कासनको कारण, समयसीमा, स्थानान्तरणको योजना, जाने स्थान, त्यहाँको व्यवस्था र सम्पूर्ण प्रक्रियाबारे स्पष्ट जानकारी हुनुपर्छ।

आवासको हक सम्बन्धी ऐनको दफा ५ले पनि यही व्यवस्था गरेको छ। मानव बसोबास नभएको संरचना हटाउनु र मानव बस्ती खाली गराउनु एउटै विषय होइन। बस्ती हटाउने कार्य प्रत्यक्ष रूपमा मानवअधिकारको सवाल हो। त्यसैले प्रत्येक परिवारको अवस्था पहिचान गरी, परामर्श गरेर र आवश्यकताअनुसार पर्याप्त समय दिएपछि मात्र निष्कासनको प्रक्रिया अघि बढ्न सक्छ। सबैलाई एउटै समयसीमा तोक्नु उचित प्रक्रिया होइन। परिवारहरूमा विविधता हुन्छ, आवश्यकता र परिस्थिति फरक हुन्छन्। प्रत्येक परिवारले लिखित रूपमा र कारणसहितको सूचना पाएको हुनुपर्छ। त्यही नै कानुनी र न्यायोचित प्रक्रिया हो।

**७. सार्वजनिक हितः उठीवासमा कि आवास संरक्षणमा?**

सार्वजनिक हितलाई एकाङ्गी रूपमा बुझ्न मिल्दैन। सार्वजनिक वा सरकारी जग्गाको संरक्षण महत्त्वपूर्ण छ। तर नागरिकको जीवन र आवासको संरक्षण त्यसभन्दा वढता महत्वपूर्ण हो भन्ने वुझ्नु पर्छ। मानिसको बाँच्न पाउने अधिकारभन्दा माथि अर्को कुनै सार्वजनिक हित हुन सक्दैन। यदि भूमिहीन र आवासविहीन परिवारले विकल्प नपाउँदासम्म सार्वजनिक वा सरकारी जग्गामा आश्रय लिएर जीवन धानिरहेका छन् भने, त्यो पनि सार्वजनिक हितकै प्रवर्धन हो।

त्यसैले राज्यले निस्काशन पूर्व सुरक्षित र सम्मानजनक विकल्प सुनिश्चित गर्नै पर्छ। त्यसपछि मात्र स्थानान्तरण गर्न सकिन्छ। सार्वजनिक हितको नाममा नागरिकलाई आवासविहीन बनाउने वा झन् ठूलो विपत्तिमा धकेल्ने कार्य न कानुनी रूपमा उचित हुन्छ, न नैतिक र मानविय दृष्टिकोणमा नै उचित।

**८. जीविकोपार्जनको आधार खोस्ने उठीवास : मानवअधिकार उल्लङ्घन मात्रै कि अपराध पनि ?**

यो मानवअधिकार उल्लङ्घन मात्र होइन, अपराध पनि हो।

जीविकोपार्जनको अधिकार बाँच्न पाउने अधिकारसँग प्रत्यक्ष जोडिएको छ। कसैको जीविकाको आधार खोस्नु भनेको उसको जीवन नै जोखिममा पार्नु हो। त्यसैले घर मात्र होइन, आयआर्जनको स्रोतसमेत नष्ट गर्ने उठिवास गम्भीर कानुनी प्रश्न हो।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ को दफा ४० ले कसैको खाद्य तथा जीविकोपार्जनको आधार नष्ट गर्ने कार्यलाई अपराध मानेको छ। दफा ४२ अनुसार यस्तो कसुरमा पाँच वर्षसम्म कैद, पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ।

यस्तो अपराधको अनुसन्धान प्रहरीले गर्छ। मुद्दा सरकारी वकिलले चलाउँछन्। मुद्दाको सुनुवाइ जिल्ला अदालतमा हुन्छ।

**९. पुनर्वासविनाको उठीवासः अन्तर्राष्ट्रिय कानुनले मान्छ ?**

मान्यता दिँदैन। अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले नागरिकलाई आवासविहीन हुनबाट जोगाउने दायित्व राज्यलाई दिएको छ। त्यसैले पुनर्वास वा वैकल्पिक आवासको व्यवस्था नगरी गरिने उठिवास अन्तर्राष्ट्रिय कानुनसँग मेल खाँदैन।

नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र को धारा ११ ले पर्याप्त आवासको अधिकार सुनिश्चित गरेको छ। पुनर्वासविनाको जबरजस्ती निष्कासन यसै

अधिकारको उल्लङ्घन हो।

त्यस्तै, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ६ ले प्रत्याभूत गरेको जीवनको अधिकारसँग पनि यस्तो कार्य जोडिन्छ। किनकि आवास र जीविकाको आधार गुम्दा जीवन नै जोखिममा पर्छ।

यदि राष्ट्रिय स्तरमा प्रभावकारी उपचार नपाइए, नेपालले स्वीकार गरेका अन्तर्राष्ट्रिय सन्धिसम्झौता अन्तर्गतका संयन्त्रमा पनि उजुरी गर्न सकिन्छ। उठिवासले महिला, बालबालिका, अपा ता भएका व्यक्ति तथा सीमान्तकृत समुदायलाई असमान रूपमा असर गर्ने भएकाले सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकार महासन्धिहरू पनि लागू हुन्छन्।

यदि जबरजस्ती विस्थापन व्यापक, योजनाबद्ध र प्रणालीगत रूपमा गरिन्छ भने, त्यो अन्तर्राष्ट्रिय फौजदारी कानुनअन्तर्गत मानवताविरुद्धको अपराधसमेत हुन सक्छ। संयुक्त राष्ट्रसंघ मानवअधिकार प्रणाली अन्तर्गत जबरजस्ती उठिवासलाई गम्भीर मानवअधिकार उल्लङ्घनका रूपमा व्याख्या गरेका छन्।

## १०. उठीवासः अदालतको आदेश पालना कि अवहेलना?

बेलाबेला “अदालतको आदेश कार्यान्वयन गर्न उठिवास गर्नुपरेको हो” भन्ने तर्क सुनिन्छ। तर यो सत्य होइन।

नेपालका कुनै पनि अदालतले प्रमाणिकरण तथा वैकल्पिक आवासको व्यवस्था नगरी नागरिकलाई आवासविहीन बनाउने गरी बसेको ठाउँबाट हटाउन आदेश दिएका छैनन्। अदालतले जहिल्यै कानुनबमोजिमको उचित प्रक्रिया अपनाउन भनेका छन्।

उदाहरणका लागि, बागमती संरक्षणसम्बन्धी मुद्दा (०६७-WO-१००२)मा सर्वोच्च अदालतले पहिचान, प्रमाणीकरण र सम्मानजनक व्यवस्थापन गर्न आदेश दिएको थियो। त्यसलाई सिधै डोजर चलाउने अनुमति भन्न मिल्दैन।

थापाथलीको मुद्दा (०७९-WO-१२६७)मा पनि पाटन उच्च अदालतले प्रभावित परिवारको ६ महिना भित्र प्रमाणिकरण /पहिचान गरी, परामर्शका आधारमा योजना बनाएर व्यवस्थापन गर्न आदेश दिएको थियो। अर्थात् अदालतले उठिवास होइन, व्यवस्थित पुनर्स्थापनामा जोड दिएको थियो।

कतिपय मुद्दामा अदालतले विकल्प नहुँदासम्म प्रभावित परिवारलाई त्यहीँ बस्न दिन अन्तरिम आदेशसमेत दिएको छ। चितवनको कुशुमखोला आदिवासी चेपाङ परिवारलाई गरिएको जबरजस्ती उठिवासपछि, विकल्प नहुँदासम्म उनीहरूलाई सोही स्थानमा बस्न दिन सर्वोच्च अदालतले जारी गरेको अन्तरकालीन आदेश (०७७-WO-००३८) त्यसको उदाहरण हो। पदमपुर पुनर्वाससम्बन्धी मुद्दा (०७५-NF-००४१) मा सर्वोच्च अदालतले निकुञ्ज विस्तारका कारण विस्थापित भएका भूमिहीन सुकुमवासीलाई समेत भूमि उपलब्ध गराउन आदेश दिएको थियो।

अदालतका आदेशहरूको मूल भावना स्पष्ट छ। पहिले पहिचान, परामर्श, पुनर्वास र उचित प्रक्रिया, त्यसपछि मात्र आवश्यक भए निष्कासन। त्यसैले अदालतको आदेशलाई उठीवासको अनुमति भनेर व्याख्या गर्नु कानुनी रूपमा सही हुँदैन।

## ११. भूमिहीन सुकुमवासीको उठिवासले सम्पत्तिको हक उल्लङ्घन हुन्छ?

उल्लङ्घन हुन्छ। भूमिको स्वामित्व नभएको भन्दैमा सम्पत्तिको हक समाप्त हुँदैन। भूमि राज्यको वा अरू कसैको हुन सक्छ। तर आवश्यकतावश बनाएको घर, त्यसभित्रका सरसामान, जीविकोपार्जनका औजार र अन्य सम्पत्तिमाथि सम्बन्धित व्यक्तिकै हक रहन्छ। नेपालको संविधानको धारा २५ ले चल सम्पत्तिसमेत संरक्षण गरेको छ।

त्यसैले सार्वजनिक वा सरकारी जग्गामा बनेका संरचना भन्दैमा राज्यले ती जथाभावी भत्काउन सक्दैन। वैध कारणले निष्कासन गर्नुपरे पनि क्षतिको मूल्याङ्कन गरी उचित क्षतिपूर्ति दिनुपर्छ। भूमि स्वामित्व नभए पनि सम्पत्तिको हक र क्षतिपूर्तिको हक सुरक्षित रहन्छ।

## १२. संवेदनशील समूहप्रति राज्यको विशेष दायित्व हुन्छ?

विशेष दायित्व हुन्छ। यो कानुनी मात्र होइन, संवैधानिक दायित्व पनि हो। सर्वोच्च अदालतले राज्यलाई आफ्ना नागरिकको अभिभावक (एबचभलक एबतचष्बभ) का रूपमा मानेको छ। रिट नं. ०७१-WO-०२५७, (आदेश मिति २०७३/२/२६) मा अदालतले जीवन, खाद्य, आवास र आधारभूत आवश्यकताबाट वञ्चित नागरिकको संरक्षण गर्नु राज्यको पहिलो दायित्व भएको स्पष्ट गरेको छ।

त्यस्तै, रिट नं. ०७७-WO-०१३० (आदेश मिति २०७७/६/१५) मा सर्वोच्च अदालतले उपायविहीन, अलपत्र र जोखिममा रहेका नागरिकलाई संविधानले प्रत्याभूत गरेको संरक्षणको छहारीभित्र ल्याउनु राज्यको कर्तव्य भएको उल्लेख गरेको छ।

अदालतको स्पष्ट धारणा छ : राज्यले स्रोतको अभावलाई बहाना बनाएर आफ्नो जिम्मेवारीबाट पन्छिन सक्दैन। जीवन र मानव मर्यादाको संरक्षण राज्यको सर्वोच्च दायित्व हो। विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिला, अशक्त र विपन्न नागरिकप्रति राज्यको जिम्मेवारी अझ बढी हुन्छ।

भूमिहीन सुकुमवासीहरू प्रायः ऐतिहासिक विभेद, गरिबी र सामाजिक बहिष्करणका कारण यस्तो अवस्थामा पुगेका हुन्छन्। उनीहरूलाई उचित प्रक्रिया, परामर्श र पुनर्वासबिना उठिवास गर्नु राज्यको अभिभावकीय दायित्वविपरीत हुन्छ। यसले समानताको अधिकार, आवासको अधिकार र मानव मर्यादाको अधिकार उल्लरन हुन्छ। लोकतान्त्रिक राज्यको सफलता कमजोर नागरिकलाई विस्थापित गर्नुमा होइन, उनीहरूको संरक्षण र सशक्तीकरणका आधारमा मापन हुन्छ।

## १३. पुराना कानुन देखाएर मौलिक हक कार्यान्वयन गर्ने कानुनलाई पन्छाउन मिल्छ?

नेपालमा उठिवासलाई संविधान जारी हुनु पूर्व बनेका कानुनका आडमा औचित्य पुष्टि गर्न खोज्ने गरिएको छ। पछिल्ला उठिवासका घटनाका लागि सथानीय प्रशासन ऐनको आड लिएको देखिन्छ। त्यसो गर्न मिल्दैन। संविधानपछि बनेका कानुनहरूको उद्देश्य नै मौलिक हक कार्यान्वयन गर्नु हो। त्यसैले संविधानअघि बनेका कानुन देखाएर ती कानुनलाई निष्प्रभावी बनाउन सकिँदैन।

कानुन व्याख्याको स्थापित सिद्धान्त पनि यही हो। पछि बनेका कानुनसँग मेल

खाने गरी पुराना कानुनको व्याख्या, समायोजन ⁄परिमार्जन गरिनु पर्दछ। जहाँ बाझिन्छ, त्यहाँ संविधान र मौलिक हक कार्यान्वयन गर्ने कानुनले प्राथमिकता पाउँछन्।

राज्यले पुराना कानुन समयमै संशोधन नगर्ने, अनि तिनैको आडमा नागरिकका मौलिक हक सीमित गर्न मिल्दैन। त्यसैले कुनै एक थान क्षेत्रगत कानुन देखाएर जबरजस्ती उठिवासलाई कानुनी ठहर गर्न सकिँदैन।

**१४. उठिवास गराउने विकास सहायता : स्वीकार्य हुन्छ?**

स्वीकार्य हुँदैन। विकासको उद्देश्य मानिसको जीवन सुधार्नु हो, बिगार्नु होइन। संयुक्त राष्ट्रसंघको व्यवसाय तथा मानवअधिकारसम्बन्धी मार्गदर्शक सिद्धान्त (ग्ल्एक) ले राज्य, दातृ निकाय र निजी क्षेत्र सबैलाई मानवअधिकारको सम्मान गर्न भनेको छ। नेपालले पनि यी सिद्धान्त स्वीकार गरेको छ। त्यसैले शहरी सन्दौर्यकारणका नाउँमा विकास सहायता प्रयोग गरेर नागरिकलाई जबरजस्ती उठिवास गराउन मिल्दैन। मानवअधिकार उल्लरन गर्ने विकास न कानुनी हुन्छ, न स्वीकार्य। एसियाली विकास बैंक विश्व बैंक लगायतका दातृ संस्थाका पनि आफ्नै मापदण्ड छन्। ती मापदण्डले जबरजस्ती विस्थापन रोक्न र त्यो अपरिहार्य भए उचित प्रक्रिया, परामर्श, क्षतिपूर्ति, पुनर्स्थापना को व्यवस्था गर्न अनिवार्य गरेका छन्।मानिसलाई घरबारविहीन बनाएर गरिने विकास, विकास होइनह अधिकार उल्लरन हो। उठिवास लगाएर खाली गरिएको जमिनमा सृजना गरिएका विकास संरचना जतिसुकै राम्रा भएपनि तिनको वैधतामा प्रश्नहरु उठछन।

*(वरिष्ठ अधिवक्ता चापागाईं जवाफदेहिता निगरानी समितिका संयोजक हुनुहुन्छ। अधिवक्ता थपलिया एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक हुनुहुन्छ)*

**साभारः**

https://www.jusnepal.com/2026/07/07/8771/?fbclid=IwdGRjcAS7PNpjbGNrBLs6iV4dG4DYWVtAjExAHNydGMGYXBwX2lkDDM1MDY4NTUzMTcyOAABHusOVVYL-xy87MOE3T8p64v9lLfmp1vhqol-1Z137aUEOmZmh8D3dmCr4tUA_aem_9_-IYYCdHvp4dIdOd3bsBA

# भूमिहीनता : ऐतिहासिक अन्याय र अधिकारको खोजी

भूमिहीनता भनेको भूमिमा स्वामित्व वा पहुँच नहुने अवस्था हो। मानव जीवनका लागि भूमि मुख्यत: आवास र खेतीपातीको आधार हो। यसबाहेक व्यवसाय सञ्चालन, उत्पादन तथा आर्थिक गतिविधिका लागि पनि भूमिको महत्वपूर्ण भूमिका रहन्छ। पछिल्लो समय भूमि आर्थिक सम्पत्तिको प्रमुख स्रोतका रूपमा स्थापित भएको छ। बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) अनिवार्यजस्तै बनेको छ। तर, समाजका सबै नागरिकको भूमिमा समान पहुँच छैन। आफ्नै स्वामित्वमा जग्गा नभएका मानिसहरू सार्वजनिक, सरकारी, ऐलानी, वन क्षेत्र, नदी किनारालगायतका स्थानमा बसोबास गर्न बाध्य छन्। यस्ता बासिन्दामध्ये अधिकांश वास्तविक भूमिहीन हुन्। विभिन्न अनुमानअनुसार नेपालमा यस्ता परिवारको संख्या करिब १५ लाख र जनसंख्या ६० लाखभन्दा बढी रहेको मानिन्छ।



विश्वास नेपाली

नेपालमा भूमिहीनता लामो समयदेखि जटिल सामाजिक, आर्थिक र राजनीतिक समस्याका रूपमा रहँदै आएको छ। यस समस्याको समाधानका लागि हरेक सरकारले चासो देखाएको छ। विभिन्न समयमा आयोग, समिति र कार्यदल गठन गरी समाधान खोज्ने प्रयास पनि भएका छन्। तर, एउटा सरकारले गठन गरेको संरचनालाई अर्को सरकारले सत्तामा आउनेबित्तिकै विघटन गर्ने वा निष्क्रिय बनाउने प्रवृत्ति पनि उत्तिकै बलियो छ। सरकार परिवर्तनसँगै नीति र संरचना फेरिने यो अस्थिर अभ्यासका कारण भूमिहीनहरूको पुस्तौंदेखिको समस्या समाधानतर्फ उन्मुख हुन सकेको छैन। राजनीतिक अस्थिरताको सबैभन्दा ठूलो मूल्य भूमिहीन समुदायले नै चुकाइरहेका छन्।

भूमिहीनता कुनै एउटै कारणले उत्पन्न भएको समस्या होइन। यो ऐतिहासिक विभेद, सामाजिक बहिष्करण, अन्यायपूर्ण भूमि वितरण, आर्थिक असमानता र कमजोर भूमिसुधार नीतिको संयुक्त परिणाम हो। विशेषगरी ऐतिहासिक रूपमा हेपिएका, उत्पीडित र राज्यबाट वञ्चित गरिएका समुदायहरू भूमिहीनताको सबैभन्दा ठूलो मारमा परेका छन्। दलित समुदाय यसको प्रमुख उदाहरण हो।

आजका धेरै भूमिहीन परिवार इतिहासका विभिन्न कालखण्डदेखि नै भूमिको अधिकारबाट वञ्चित हुँदै आएका समुदायका सदस्य हुन्। उनीहरूलाई खेतीपाती र भूमिसँग सम्बन्धित उत्पादनशील गतिविधिबाट टाढा राखेर परम्परागत श्रममा सीमित गरियो। परिणामस्वरूप उनीहरूले भूमिमा स्वामित्व स्थापित गर्ने अवसर कहिल्यै पाएनन् र पुस्तौंदेखि भूमिको पहुँचबाट वञ्चित रहनुपर्यो।

नेपालमा भूमि वितरणको संरचना अझै पनि गहिरो रूपमा असमान छ। भूमिमा स्वामित्व हुने र नहुनेबीचको दूरी अत्यन्त फराकिलो छ। राज्यका कानुन, वित्तीय प्रणाली, सामाजिक प्रतिष्ठा र आर्थिक अवसरहरू समेत क्रमश: जग्गाधनी प्रमाणपुर्जासँग जोडिँदै गएका छन्। जसको स्वामित्वमा बढी भूमि छ, उसैले राज्यका स्रोत, अवसर र सुविधामा बढी पहुँच पाउने अवस्था विकसित भएको छ। फलत: समाजमा आर्थिक मात्र होइन, सामाजिक र राजनीतिक शक्ति पनि भूमिमा स्वामित्व भएकै वर्गमा केन्ि>त हुँदै गएको देखिन्छ।

नेपालको इतिहासमा भूमि राज्यको राजस्वको प्रमुख स्रोत थियो। भूमिकरबाट प्राप्त आम्दानीकै आधारमा राज्य सञ्चालन हुने भएकाले विभिन्न शासन व्यवस्थाले भूमि वितरणलाई राजनीतिक र प्रशासनिक साधनका रूपमा प्रयोग गरे। कर्मचारीलाई जागिर, रजौटा र पूर्वशासकलाई राज्य, स्थानीय अधिकारीलाई जिरायत वा उखडा, धार्मिक संस्थालाई गुठी तथा राज्यका प्रिय व्यक्तिलाई बिर्ताका रूपमा जग्गा वितरण गर्ने परम्परा स्थापित भयो। राणा शासनका बेला यस्तो वितरण झनै व्यापक बन्यो। तर, विडम्बना के थियो भने भूमि जोत्ने किसानले भने त्यसको स्वामित्व कहिल्यै पाएनन्। कृषक, कृषि मजदुर र श्रमिकहरूलाई भूमिको अधिकारबाट व्यवस्थित रूपमा टाढा राखियो। जग्गाधनीहरूले खेती गराउने, तर स्वामित्व आफैं राख्ने संरचनाले कमैया, हलिया, हरवा-चरवा लगायतका बन्धुवा श्रम प्रणालीलाई संस्थागत गर्यो। आजको भूमिहीन र सुकुमवासी समस्याको जरो यही ऐतिहासिक रूपमा अन्यायपूर्ण भूमि वितरण प्रणालीमा रहेको छ।

**कोही किन सधैं भूमिहीन ?**


अहिले जसरी भूमिहीनहरूलाई सरकारी तथा सार्वजनिक जग्गा, ज लको जग्गा, वन क्षेको जग्गा, नदी किनाराको जग्गा कब्जा भन्ने आरोप लगाइन्छ। धेरै हदसम्म त्यो सही छैन। मानव संसारको सभ्यताको विकास नै नदी किनारहरूबाट भएको पाइन्छ। मानव जब ढुङ्गे युगबाट कृषि युगमा प्रवेश गर्यो तव जमिनसँग सामिप्यता बढी भयो। जीवन-जीविकाकै सम्बन्ध गाँसियो। त्यसपछिका दिनमा मानवको लागि जमिनको महत्व बढ्दै गयो। कृषि युगको पहिलो सुरुवात पनि नदी किनाराबाट नै भएको हो। कृषि उपार्जनको लागि पानी महत्वपूर्ण थियो र छ। यसैले मानव जीवनको लामो समय खोला नदी र किनारामै बितेको थियो।

पहिले पहिले लालपुर्जाको चलन थिएन। आधुनिक जग्गा प्रशासनमा मात्रै लालपुर्जालाई जमिनको स्वामित्वको आधार र कानुनी दस्तावेजको मान्यता दिन थालिएको हो। ऊबेला जमिन तेरो-मेरो चलन पनि थिएन। परिवारको सुरुवातपछि जव मानिसहरू एकै ठाउँमा बस्न थाले तव आफ्नो घरबास, कृषि उत्पादन, चरिचरन र सुरक्षाको लागि जग्गा-जमिन घेराबार लगाउन थालियो। साँध सिमाना तोक्न थालियो। जब जमिनलाई निजी सम्पत्ति मानिन थालियो। यसको महत्व झन बढ्न थाल्यो।

राज्यको उत्पत्तिपछि राज्य सञ्चालनको खर्च जुटाउन जमिनलाई नै मुख्य आधार बनाइयो। जमिन उपभोग गर्ने जनताबाट कर उठाउन थालियो। पहिले पहिले त अन्नपात नै बुझाउने चलन थियो। सरकारी जागिरेहरूले पनि जमिन नै पाउने चलन थियो। जसलाई जागिर-जमिन

भनिन्थ्यो। शासक, प्रशासक हुने, उनीहरूको नजिकको हुनेले बिर्ता पाए, तलबमा जग्गा पाए, चाकरीमा जग्गा पाए, बक्सिसमा जग्गा पाए। शासकलाई खुसी बनाएवापत पनि जमिन पाए। अब कसैसँग नम्बरी (रैकर) जग्गा भयो। कसैले हलो जोतिरहे, सुकुमवासी भइरहे। हलिया भइराखे। हरवा चरवा भइराखे। पुर्जा लिने र जग्गा दर्ता गर्ने चलन धेरै पछि मात्रै सुरुवात भएको हो। राज्यशक्तिको पहुँचमा हुनेले जग्गा दर्ता गराएर पुर्जा लिए। समाजका तल्लो भुइँ वर्ग खासगरी दलित, जनजाति सीमान्तकृत समुदायलाई जमिनको पहुँच हिजोको दिनमा पनि दिइएन र आज पनि दिइएको छैन।

मानिसहरू पछि गाउँबाट शहर बन्न थाल्यो। सहरीकरण तीव्र भयो। गाउँघरमा आवादी घट्दै गए। गाउँमा बसेर काम नपाइने वा कम पाइने भएपनि मानिसहरूले विकल्प खोज्दै शहर बजारको बसाइ थाले। शहर पस्ने केही धनी भए। तर, कतिपय आजसम्म पनि भूमिहीनतामै छन्। सुकुमवासी छन्। अभावमा छन्। अन्यायमा छन्। असमानताको मूल जग नै जग्गाको असमान वितरण हो।



जग्गालाई प्रशासनिक अभ्यासमा ल्याउँदा नापीहरू भए। तिरो लिन थालियो। तिरो तिरे पनि कागज राख्न नजान्दा कतिले लालपुर्जा पाएनन्। ती पिँधमा रहे। कतिले नापीको समयमा जग्गा आफ्नो हो भनि नाम टिपाउन नसक्दा उनीहरू बसेको जग्गालाई सरकारी भनियो। वन क्षेत्र भनियो। हाट घाट भनियो। चरिचरन भनियो। कतिपय ठाउँमा त भूमिहीन सुकुमवासी बसोबास गर्दै आएको जग्गा पनि समाजका ठालु र टाठाहरूले आफ्नो नाममा नापी गराए र पुर्जा पनि लिए। यसैले अहिले भूमिहीन भनिएका सुकुमवासी देखिएकाहरू यस राज्यले विभिन्न समयमा गरेको असमान भूमि वितरणको उपज नै हो। त्यसैले त आज पनि समाजमा भूमि हुने वर्ग र नहुने वर्गबीचको अन्तर ठूलो छ।

**शहरमा सुकुमवासी**

पछिल्लो समय शहरी क्षेत्रमा बसोबास गर्ने भूमिहीन सुकुमवासीहरूको विषय सार्वजनिक बहसको केन्द्रमा छ। भूमिहीनता ग्रामीण भेगमा मात्र सीमित छैन, काठमाडौं उपत्यकालगायत देशका अधिकांश शहरहरूमा पनि ठूलो सङ्ख्यामा भूमिहीन सुकुमवासी बसोबास गर्दै आएका छन्। विडम्बना के छ भने, शहरको निर्माण, विस्तार र सञ्चालनमा उनीहरूको श्रमको महत्वपूर्ण योगदान रहे पनि उनीहरू आफैं सम्मानजनक आवास र भूमिको अधिकारबाट वञ्चित छन्। सडक, पुल, भवन, आवासीय परिसर र अन्य भौतिक संरचना निर्माणमा दिनरात श्रम गर्ने यी मजदुरहरूमध्ये अधिकांश भूमिहीन र सुकुमवासी परिवारका सदस्य हुन्। तर, उनीहरू आज पनि गरिबी, भूमिहीनता र असुरक्षित जीवनको दुष्चक्रबाट मुक्त हुन सकेका छैनन्। नदी तथा खोला किनारका जोखिमयुक्त क्षेत्रमा वर्षौंदेखि कष्टकर जीवन बिताउन उनीहरू बाध्य छन्।

इतिहासले देखाउँछ कि विभिन्न समयमा गाउँबाट शहरतर्फ बसाइँसराइ गर्ने क्रम तीव्र रह्यो। सशस्त्र द्वन्द्व, प्राकृतिक विपत्ति, गरिबी, रोजगारीको अभाव, जीविकोपार्जनको खोजी तथा ग्रामीण क्षेत्रमा भूमिमा पहुँच नहुनु यसका प्रमुख कारण थिए। धेरै परिवार सुरक्षित जीवन, नियमित मजदुरी र न्यूनतम आर्थिक अवसरको खोजीमा शहर पुगे। कतिपयसँग गाउँमै बसोबास वा खेतीपातीका लागि आफ्नै भूमि थिएन। यही बाध्यताले उनीहरूलाई शहरतर्फ धकेल्यो।

काठमाडौं आएका अधिकांश भूमिहीन सुकुमवासीसँग आफ्नै श्रम र आम्दानीबाट घरजग्गा खरिद गर्ने आर्थिक क्षमता थिएन। त्यसैले उनीहरूले सार्वजनिक, सरकारी वा ऐलानी जग्गा, विशेषगरी नदी र खोला किनारका खाली स्थानमा साना टहरा र झुपडी निर्माण गरेर बसोबास सुरु गरे। समयसँगै त्यहीँ परिवार विस्तार भए, नयाँ पुस्ता जन्मियो र बस्तीहरू क्रमश: ठूलो हुँदै गए। तर, दशकौंदेखि त्यहाँ बसोबास गरे पनि उनीहरूले उपयोग गरिरहेको जमिनमाथि कानुनी स्वामित्व भने स्थापित हुन सकेन।

भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासी पनि अन्य नागरिकसरह नेपाली नागरिक नै हुन्। उनीहरूसँग नागरिकता, मतदाता परिचयपत्र र अन्य कानुनी पहिचानका आधारहरू छन्, यद्यपि केही व्यक्ति अझै पनि विभिन्न कारणले नागरिकताबाट वञ्चित छन्। तर, उनीहरूको गरिबी र भूमिहीनताले उनीहरूलाई राजनीतिक रूपमा प्रयोग हुने अवस्थासम्म पुऱ्यायो। प्रत्येक निर्वाचनमा राजनीतिक दलहरूले उनीहरूको बस्ती पुगेर

जग्गा दर्ता गरिदिने, लालपुर्जा उपलब्ध गराउने र स्थायी बसोबासको व्यवस्था गर्ने आश्वासन दिए। ती आश्वासनका आधारमा उनीहरूले पटक-पटक मतदान गरे, सरकारहरू फेरिए र नेताहरू निर्वाचित भए। तर, उनीहरूको जीवनमा परिवर्तन आएन। लालपुर्जाको आश्वासन चुनावी नारामै सीमित रह्यो।

वर्षौंदेखि हामीले देख्दै, सुन्दै र पढ्दै आएको यथार्थ के हो भने सुकुमवासी बस्तीहरू बेला-बेलामा डोजर लगाएर भत्काइन्छन्, उठीबास गराइन्छ र त्यहाँ बस्ने नागरिकहरूलाई अपमानित गरिन्छ। तर, उनीहरूको सम्मानजनक पुनर्स्थापना र दीर्घकालीन व्यवस्थापनका लागि आवश्यक नीति, योजना र राजनीतिक प्रतिबद्धता भने अझै कमजोर देखिन्छ। परिणामतः पुस्तौंदेखि भूमिहीन सुकुमवासीहरूले असुरक्षा, अन्याय र अनिश्चितताको जीवन भोगिरहेका छन्।

काठमाडौँ उपत्यकामा मात्र होइन, देशभर भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीहरूको वास्तविक सङ्ख्या अझै यकिन हुन सकेको छैन। भूमि समस्या समाधानसम्बन्धी निकायको अद्यावधिक विवरणअनुसार हालसम्म १२ लाख ३६ हजार ६ सय ७५ परिवारले निवेदन दिएका छन्। यसमध्ये १ लाख १ हजार ९ सय २४ भूमिहीन दलित, १ लाख ८५ हजार ५ सय ६३ भूमिहीन सुकुमवासी र ९ लाख ४६ हजार १ सय ६८ अव्यवस्थित बसोबासी रहेका छन्। यद्यपि यो तथ्याङ्क पनि अन्तिम होइन, किनकि धेरै स्थानीय तहमा लगत सङ्कलन र प्रमाणीकरणको काम अझै जारी छ।

यथार्थमा राज्यले आजसम्म देशभरका भूमिहीन नागरिकको पूर्ण र विश्वसनीय अभिलेख तयार गर्न सकेको छैन। बरु उनीहरूलाई समस्या, बोझ वा अतिक्रमणकारीका रूपमा चित्रण गर्ने प्रवृत्ति बलियो देखिन्छ। भूमिहीनताको ऐतिहासिक, सामाजिक र आर्थिक कारणको गहिरो विश्लेषण गरी समाधान खोज्नुभन्दा उनीहरूलाई दोषारोपण गर्ने अभ्यास बढी देखिएको छ। यही कारण भूमिहीनताको समस्या समाधानभन्दा पनि झन् जटिल बन्दै गएको छ।

**भूमिहीनलाई न्याय : मानव अधिकार र सामाजिक न्यायको सवाल**

भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीको समस्या केवल कानुनी वा प्रशासनिक विषय होइनह यो सामाजिक न्याय, समानता र मानव अधिकारसँग प्रत्यक्ष रूपमा जोडिएको प्रश्न हो। भूमि अधिकार भनेको केवल सम्पत्तिको स्वामित्वको विषय मात्र होइन, सम्मानजनक जीवन, सुरक्षित आवास र जीविकोपार्जनको आधार सुनिश्चित गर्ने अधिकार पनि हो। त्यसैले भूमिहीनताको समाधानलाई विकास वा प्रशासनिक व्यवस्थापनको सीमित दृष्टिकोणबाट होइन, मानव अधिकार र सामाजिक न्यायको दृष्टिबाट हेर्न आवश्यक छ।

कुनै बस्ती हटाएर शहरलाई व्यवस्थित वा सुन्दर देखाउन सकिएला। तर त्यसका कारण गरिब, भूमिहीन र सीमान्तकृत नागरिक अझ असुरक्षित, विस्थापित र अधिकारविहीन बन्छन् भने त्यसलाई दिगो समाधान भन्न सकिँदैन। वास्तविक समाधान भनेको सबै नागरिकका लागि सम्मानजनक आवास, सुरक्षित बसोबास र भूमि अधिकार सुनिश्चित गर्नु हो। त्यसका लागि भूमिहीन तथा सुकुमवासीको योजनाबद्ध, दिगो र सम्मानजनक व्यवस्थापन आवश्यक छ।

त्यसरी मात्र उनीहरूले न्याय पाउन सक्छन्।

जमिन मानव जीवनको आधारभूत आवश्यकता हो। घर निर्माण, खाद्य उत्पादन, जीविकोपार्जन र सामाजिक सुरक्षाको आधार नै भूमि हो। मानिस मात्र होइन, पृथ्वीका अधिकांश जीवजन्तुको आश्रय पनि भूमि नै हो। प्रकृतिले भूमि सबैका लागि उपलब्ध गराएको भए पनि जनसङ्ख्या वृद्धि, असमान वितरण र ऐतिहासिक अन्यायका कारण भूमिमा पहुँच समान रहन सकेको छैन। यही कारण धेरै देशले भूमिको अधिकतम् हदबन्दी निर्धारण गरेका छन्, ताकि अत्यधिक भूमि केही व्यक्तिमा केन्द्रित नहोस् र भूमिहीन नागरिकलाई पनि अवसर मिलोस्।

नेपालमा भने एकातिर ठूलो परिमाणमा भूमि सीमित व्यक्तिको स्वामित्वमा छ भने अर्कोतर्फ हजारौँ परिवारसँग घर बनाउनसमेत एक टुक्रा जमिन छैन। उनीहरू बाध्य भएर खोला, नदी किनार, बगर, वन क्षेत्र तथा अन्य जोखिमयुक्त सार्वजनिक जग्गामा बसोबास गरिरहेका छन्। यसले भूमिमा रहेको गहिरो असमानता र ऐतिहासिक अन्यायलाई स्पष्ट रूपमा देखाउँछ। त्यसैले भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीको समस्या एकपटकका लागि न्यायपूर्ण, पारदर्शी र दीर्घकालीन रूपमा समाधान गर्न आवश्यक छ।

नेपालको संविधानले प्रत्येक नागरिकको सम्मानजनक जीवन, उपयुक्त आवास तथा सामाजिक न्यायको अधिकार सुनिश्चित गरेको छ। त्यसैले कुनै पनि नेपाली नागरिक घरबारविहीन भएर असुरक्षित जीवन बिताउन बाध्य नहुने अवस्था सिर्जना गर्नु राज्यको संवैधानिक तथा नैतिक दायित्व हो। भूमिहीन नागरिकलाई सुरक्षित आवास, भूमि अधिकार तथा जीविकोपार्जनको अवसर सुनिश्चित गर्न सकिए मात्र मानव अधिकारको वास्तविक प्रत्याभूति हुनेछ। यसबाट राष्ट्रिय संविधान, अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धि-सम्झौता तथा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताको पनि प्रभावकारी कार्यान्वयन हुनेछ।

लोकतन्त्रको वास्तविक अर्थ सबै नागरिकले समान सम्मान, समान अवसर र न्याय प्राप्त गर्नु हो। समाजका सबैभन्दा कमजोर र सीमान्तकृत नागरिकको अधिकार सुनिश्चित गर्न नसक्ने शासन व्यवस्था पूर्ण लोकतान्त्रिक हुन सक्दैन। वास्तवमा, आफ्नो अधिकार आफैँ सुरक्षित गर्न नसक्ने नागरिकका लागि नै राज्यको आवश्यकता हुन्छ। तर विडम्बना, दशकौँदेखि भूमिहीन नागरिकको समस्या समाधानमा राज्य प्रभावकारी बन्न सकेको छैन। सरकार फेरिए, आयोग बने र विघटन भए, नीति र कार्यक्रम आए, तर लाखौँ भूमिहीन नागरिकको अवस्था भने अपेक्षाअनुसार परिवर्तन हुन सकेन।

अब भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीको प्रश्नलाई दलगत राजनीति वा चुनावी नाराको विषय बनाउने होइन, राष्ट्रिय प्राथमिकताको विषयका रूपमा स्वीकार गर्न आवश्यक छ। न्यायपूर्ण, पारदर्शी र सहभागितामूलक प्रक्रियामार्फत भूमि अधिकार सुनिश्चित गर्नु नै लोकतन्त्रको सफलता, सामाजिक न्यायको स्थापना र मानव अधिकारप्रतिको वास्तविक सम्मान हुनेछ। वर्षौंदेखि थाती रहेको यो समस्या समाधान गरेर भूमिहीन नागरिकलाई सम्मानजनक जीवनको आधार उपलब्ध गराउनु आजको राज्यको सबैभन्दा महत्वपूर्ण दायित्व हो।

*(लेखक : भूमि अधिकारकर्मी हुनुहुन्छ ।)*

# सुकुमवासी बालबालिकाको शिक्षाको अधिकार

"बालबालिका वर्तमानका साझेदार र भविष्यका कर्णधार हुन्" भन्ने नारा नेपालमा लामो समयदेखि दोहोरिँदै आएको छ। तर, राज्यका विकास र व्यवस्थापनका योजनाबाट प्रभावित सुकुमवासी बस्तीका बालबालिकाको अवस्था हेर्दा यो प्रतिबद्धता व्यवहारमा पूर्ण रूपमा कार्यान्वयन हुन सकेको देखिँदैन। बस्ती हटाउने र स्थानान्तरण गर्ने प्रक्रियापछि ठूलो सङ्ख्यामा सुकुमवासी बालबालिका नियमित शिक्षाबाट वञ्चित भएका छन्।

जिल्ला प्रशासन कार्यालय, काठमाडौँले २०८३ वैशाखमा नदी किनारका सार्वजनिक तथा सरकारी जग्गामा बसोबास गर्दै आएका बस्तीहरू खाली गराउने निर्णय कार्यान्वयन गर्‍यो। त्यसक्रममा बस्तीका घर टहरा मात्र भत्किएनन्, बालबालिकाको सिकाइसँग जोडिएका विद्यालय, शैक्षिक सामग्री, पुस्तक, कापी, विद्यालय पोसाक तथा प्रमाणपत्रसमेत प्रभावित भए। विस्थापित परिवारका बालबालिका अनिश्चितता, मानसिक तनाव र असुरक्षाबीच विद्यालयबाहिर रहन बाध्य भए।


वरुण बस्याल

नेपाल सरकार मन्त्रिपरिषद्को २०८३ जेठ ५ गतेको निर्णयले प्रभावित बालबालिकाको पठनपाठनको निरन्तरताका लागि आवश्यक व्यवस्था गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सम्बन्धित स्थानीय तहलाई जिम्मेवारी दिएको थियो। तर, सम्बन्धित निकायहरूबीच प्रभावकारी समन्वयको अभाव र जिम्मेवारी पन्छाउने प्रवृत्तिका कारण धेरै बालबालिका समयमै विद्यालयमा फर्किन सकेनन्। होल्डिङ सेन्टरमा राखिएका तथा पछि स्व-व्यवस्थापनमा पठाइएका परिवारका बालबालिकाको शिक्षा अझ अनिश्चित बनेको देखिन्छ।

**शिक्षाको अधिकारः राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व**

नेपालको संविधान, २०७२ को धारा ३१ ले प्रत्येक नागरिकलाई शिक्षाको हक सुनिश्चित गरेको छ। राज्यले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्ध गराउनुपर्ने संवैधानिक दायित्व वहन गर्दछ। धारा ३९ ले प्रत्येक बालबालिकालाई शिक्षा, स्वास्थ्य, पालनपोषण तथा समुचित विकासको अधिकार प्रत्याभूत गरेको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ र शिक्षा ऐनले पनि कुनै प्रकारको भेदभावबिना सबै बालबालिकालाई शिक्षामा समान पहुँच सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेका छन्।

नेपाल पक्ष रहेको बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (ऋचऋ) ले प्रत्येक बालबालिकाको शिक्षाको अधिकारलाई मान्यता दिँदै प्राथमिक

शिक्षालाई अनिवार्य तथा निःशुल्क बनाउन राज्यलाई दायित्व तोकेको छ। त्यसैगरी मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले पनि सबैका लागि पहुँचयोग्य, समावेशी र भेदभावरहित शिक्षाको सुनिश्चिततामा जोड दिएका छन्। त्यसैले सुकुमवासी बस्तीका बालबालिकालाई शिक्षाबाट वञ्चित हुन नदिनु राज्यको कानुनी र नैतिक दायित्व हो।

## विस्थापन र शिक्षा अधिकारको अवस्था

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको तथ्याङ्कअनुसार बस्ती हटाउने प्रक्रियापछि हजारौँ नागरिक विस्थापित भएका छन्। आर्थिक रूपमा कमजोर र तत्काल वैकल्पिक बसोबासको व्यवस्था गर्न नसक्ने परिवारलाई विभिन्न होल्डिङ सेन्टरमा राखिएको थियो। सरकारले त्यहाँ आवास, भोजन, स्वास्थ्य सेवा, बालबालिकाको शिक्षा तथा मनोसामाजिक परामर्शलगायत आधारभूत सेवा उपलब्ध गराइएको दाबी गरे पनि सबै बालबालिकाको शिक्षामा निरन्तरता कायम हुन सकेन।

शिक्षा विकास तथा समन्वय एकाइ, काठमाडौँले गरेको विवरण सङ्कलनमा उल्लेख्य स[्याका बालबालिका विद्यालयमा भर्ना नभएको पाइएको थियो। कतिपय बालबालिकाले पुरानै विद्यालयमा फर्किन चाहना व्यक्त गरे भने केही नयाँ विद्यालयमा अध्ययन गर्न इच्छुक थिए। तथापि, अधिकांश बालबालिकाको नियमित पठनपाठनमा अवरोध सिर्जना भएको देखिन्छ।

विस्थापनको प्रभाव बालबालिकाको मानसिक स्वास्थ्यमा समेत परेको छ। बस्ती, विद्यालय र साथीभाइको वातावरण एकैपटक गुमाउँदा उनीहरू असुरक्षा, अन्योल र तनावको अवस्थामा पुगेका छन्। शिक्षा केवल विद्यालयमा भर्ना हुनु मात्र होइन, सुरक्षित र अनुकूल सिकाइ वातावरण प्राप्त गर्नु पनि हो। त्यस दृष्टिले प्रभावित बालबालिकाको शिक्षा अधिकार बहुआयामिक रूपमा प्रभावित भएको देखिन्छ।

## विद्यालयमा परेको प्रभाव

बस्ती हटाउने अभियानका क्रममा काठमाडौँ उपत्यकाका कम्तीमा तीन विद्यालय प्रत्यक्ष रूपमा प्रभावित भएका थिए। ती विद्यालयका करिब ५०० विद्यार्थीको पठनपाठनमा असर परेको थियो। प्रभावित विद्यालयहरूलाई अस्थायी रूपमा अन्य स्थानमा स्थानान्तरण गरी पठनपाठन सञ्चालन गर्ने प्रयास भए पनि पर्याप्त भौतिक पूर्वाधार, शैक्षिक सामग्री र सुरक्षित सिकाइ वातावरणको अभाव कायम छ।

विद्यालय भवन भत्काइएपछि कतिपय विद्यार्थीलाई टाढाबाट अध्ययनका लागि आउनुपर्ने अवस्था सिर्जना भएको छ। कतिपय विद्यालयले अस्थायी भवनबाट पठनपाठन सञ्चालन गरिरहेका छन् भने कतिपय विद्यार्थी अझै नियमित रूपमा विद्यालयमा फर्कन सकेका छैनन्। यसले सिकाइ उपलब्धि, विद्यालयप्रतिको आकर्षण र दीर्घकालीन शैक्षिक निरन्तरतामा नकारात्मक प्रभाव पार्ने जोखिम देखिन्छ।

## पीडित परिवारको चिन्ता

बस्ती हटाइएका परिवारलाई निश्चित समयभित्र स्व-व्यवस्थापन गर्न आग्रह गरिएपछि प्रभावित समुदायमा थप चिन्ता उत्पन्न भएको छ। राहतका रूपमा सीमित आर्थिक सहयोग प्रदान गरेर दीर्घकालीन पुनःस्थापनाको स्पष्ट योजना

नदिइएको भन्दै पीडितहरूले असन्तुष्टि जनाएका छन्। बसोबासको अनिश्चितताले बालबालिकाको शिक्षा निरन्तरतामा थप समस्या उत्पन्न गरेको छ।

यदि परिवारले पुन: बसोबासको स्थिर व्यवस्था प्राप्त गर्न सकेनन् भने बालबालिकाले विद्यालय परिवर्तन गर्नुपर्ने, अध्ययन छोड्ने वा पुन: विद्यालयबाहिर रहने जोखिम बढ्ने देखिन्छ। यस्तो अवस्था बालअधिकारको सर्वोत्तम हितको सिद्धान्तसँग मेल खाँदैन।

## राज्य र गैरसरकारी क्षेत्रका प्रयास

प्रभावित समुदायका बालबालिकाको शिक्षामा पर्न सक्ने असरप्रति विभिन्न शैक्षिक तथा अभिभावक संगठनहरूले चासो व्यक्त गरेका छन्। स्थानीय तह, सम्बन्धित सरकारी निकाय, विद्यालय र समुदायबीच समन्वय गरी बालबालिकाको शिक्षामा निरन्तरता कायम गर्न आवश्यक सहयोग गर्न उनीहरूले प्रतिबद्धता जनाएका छन्। नि:शुल्क अध्ययन, शैक्षिक सामग्री, यातायात तथा अन्य सहजीकरणात्मक उपायहरूको आवश्यकता औंल्याइएको छ।

यद्यपि, यस्ता प्रयासहरू मात्र पर्याप्त छैनन्। शिक्षा अधिकार सुनिश्चित गर्ने प्राथमिक दायित्व राज्यकै हो। विशेष परिस्थितिमा रहेका बालबालिकाका लागि विशेष संरक्षण र सहजीकरणको व्यवस्था गर्नु राज्यको संवैधानिक तथा अन्तर्राष्ट्रिय दायित्वभित्र पर्दछ।

## निष्कर्ष

सुकुमवासी बस्तीका बालबालिकाको शिक्षा अधिकारको सवाल केवल विद्यालय भर्ना वा शैक्षिक सामग्रीको उपलब्धतासँग मात्र सम्बन्धित छैन। यो संविधानले प्रत्याभूत गरेको मौलिक हक, बालबालिकाको सर्वोत्तम हित र सामाजिक न्यायसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो।

बस्ती हटाउने वा स्थानान्तरण गर्ने कार्यमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकतामा नराखिँदा उनीहरूको अध्ययन, मानसिक स्वास्थ्य, सामाजिक विकास र भविष्यमा गम्भीर असर परेको देखिन्छ। अस्थायी राहतका कार्यक्रमभन्दा पनि दीर्घकालीन पुन:स्थापना, समावेशी शैक्षिक पहुँच र बालअधिकारमैत्री नीतिगत व्यवस्था आजको आवश्यकता हो।

कुनै पनि बालबालिकाको शिक्षा उसको बसोबासको अवस्था, आर्थिक हैसियत वा सामाजिक पहिचानका आधारमा प्रभावित हुनु हुँदैन। सुकुमवासी बालबालिकाको शिक्षा अधिकार सुनिश्चित गर्नु केवल कानुनी दायित्व मात्र होइन, न्यायपूर्ण, समतामूलक र मानव अधिकारमैत्री समाज निर्माणको आधारभूत शर्त पनि हो। जबसम्म समाजका सबैभन्दा पछाडि पारिएका बालबालिकाले गुणस्तरीय र निरन्तर शिक्षामा समान पहुँच प्राप्त गर्दैनन्, तबसम्म नेपालको शिक्षा अधिकारसम्बन्धी संवैधानिक तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको वास्तविक कार्यान्वयन भएको मान्न सकिँदैन।

*(लेखक: युवा अधिकारकर्मी हुनुहुन्छ ।)*

# मधेश प्रदेशमा जबरजस्ती उठीबास र सिर्जित मानवीय संकट

**नागरिकलाई सडकमा पुऱ्याएर गरिने विकास वास्तविक विकास हुन सक्दैन। लोकतान्त्रिक र समाजवादउन्मुख राज्यमा नागरिकको टाउको लुकाउने ओत खोसिनु लोकतन्त्रको मर्म र संविधानको भावना विपरीत हो। तसर्थ, तीनै तहका सरकारले विधिको शासन, मानवीय संवेदनशीलता र सवैधानिक दायित्वप्रति प्रतिबद्ध रहँदै भूमिहीनता र जबरजस्ती उठिबासको समस्याको दिगो, न्यायपूर्ण र मानव अधिकारमैत्री समाधान खोज्न अब थप ढिलाइ गर्नु हुँदैन।**



भोला पासवान

**पृष्ठभूमि र सन्दर्भ**

नेपालको संविधान (२०७२) ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक र सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। तर पछिल्लो समय देशका विभिन्न सहरी तथा ग्रामीण क्षेत्रमा वैकल्पिक व्यवस्थाबिना तथा कानुनी प्रक्रियाको उचित पालना नगरी डोजर र प्रशासनिक शक्तिको प्रयोग गरी गरिब, भूमिहीन, सुकुमवासी तथा दलित बस्तीहरू भत्काउने र उठिबास लगाउने क्रम तीव्र बनेको छ। यो समस्या काठमाडौँ उपत्यकामा मात्र सीमित नरही तराई-मधेसका जिल्लाहरूमा पनि गम्भीर रूपमा देखा परेको छ, जहाँ वर्गीय, जातीय र सामाजिक रूपमा सीमान्तकृत समुदायहरू पुस्तौँदेखि बसोबास गर्दै आएको थातथलोबाट बेदखल भइरहेका छन्।

विशेषगरी मधेस प्रदेशमा गरिबी, भूमिहीनता र अव्यवस्थित बसोबासको समस्या पुरानो र जटिल छ। राष्ट्रिय भूमि आयोग, स्थानीय तह र सम्बन्धित निकायबीचको समन्वय अभाव, राजनीतिक उदासीनता तथा प्रशासनिक हतारोका कारण हजारौँ गरिब तथा दलित परिवारहरू गम्भीर मानवीय सङ्कटको सामना गर्न बाध्य भएका छन्।

**मधेस प्रदेशमा जबरजस्ती उठिबासका पछिल्ला घटना र सिर्जित त्रासदी**

**१. सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको घटना**

२०८३ वैशाख ४ गते सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-३, सकरपुरा टोलमा स्थानीय प्रशासनको रोहवरमा जेसिबी प्रयोग गरी सुकुमवासी बस्ती हटाइयो। वर्षौंदेखि बसोबास गर्दै आएका परिवारलाई घरभित्र रहेका खाद्यान्न, लत्ताकपडा, नागरिकता, जन्मदर्ता, विवाहदर्ता, बालबालिकाका पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीसमेत सुरक्षित रूपमा निकाल्ने अवसर नदिई घरहरू

भत्काइएको आरोप छ।

यस घटनाले गम्भीर मानवीय क्षति निम्त्यायो। आफ्नै अगाडि पुस्तौँदेखि बसोबास गर्दै आएको घर भत्काइएको दृश्य देखेर ८५ वर्षीया रतनी देवी मुखिया अचेत भएकी थिइन्। उपचारका क्रममा वैशाख ६ गते राजविराजस्थित जिल्ला अस्पतालमा उनको निधन भयो। यो घटना प्रशासनिक कारबाहीका मानवीय परिणामप्रति राज्यको संवेदनशीलतामाथि गम्भीर प्रश्न उठाउने उदाहरण बनेको छ।

त्यस्तै, उक्त उठिबासका कारण ३६ जना बालबालिका, दुई जना गर्भवती महिला, पाँच जना सुत्केरी आमा तथा दुई जना अपा ता भएका बालक खुला आकाशमुनि बस्न बाध्य भए। ४० डिग्री सेल्सियसभन्दा बढी तापक्रम र प्रतिकूल वातावरणका कारण बालबालिकामा ज्वरो, रुघाखोकी र झाडापखाला जस्ता स्वास्थ्य समस्या देखापरे।

**२. धनुषामा सुकुमवासीहरूको आन्दोलन र प्रतिवाद**

धनुषा जिल्लामा पनि स्थानीय तह र प्रशासनले गृह मन्त्रालयको २०८३ वैशाख १६ गतेको परिपत्रलाई आधार बनाउँदै वैशाख २१ गते सार्वजनिक जग्गा एक साताभित्र खाली गर्न सूचना जारी गर्‍यो। वैकल्पिक बसोबास तथा पुनर्स्थापनाको कुनै स्पष्ट योजना प्रस्तुत नगरी हटाउन खोजिएपछि भूमिहीन तथा सुकुमवासी समुदाय आन्दोलनमा उत्रिएका थिए।

आफ्नो आवासको अधिकारको रक्षा गर्न स्थानीय सुकुमवासीहरूले २०८३ वैशाख २५ गते जनकपुर-ढल्केवर सडकखण्ड अवरुद्ध गरी विरोध प्रदर्शन गरेका थिए। प्रदर्शनमा सहभागी वृद्धवृद्धा र महिलाहरूले "पहिले बसोबासको व्यवस्था गर, त्यसपछि मात्र हामी जग्गा छोड्छौँ" भन्ने माग राखेका थिए। यस घटनाले विकास र सौन्दर्यीकरणका नाममा सीमान्तकृत समुदायको जीवन र जीविकामाथि पर्न सक्ने प्रतिकूल प्रभावलाई उजागर गरेको छ।

**सवैधानिक अधिकार, कानुनी व्यवस्था र अन्तर्राष्ट्रिय प्रतिबद्धता**

नेपालको संविधान तथा नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूले सुरक्षित आवास, पुनर्स्थापना र मानवोचित जीवनको अधिकारलाई सुनिश्चित गरेका छन्। वैकल्पिक व्यवस्था नगरी गरिने निष्कासनलाई अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डले गम्भीर मानव अधिकार उल्ल८नका रूपमा व्याख्या गरेको छ।

**नेपालको संविधान**

धारा ३७ (आवासको हक) ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक सुनिश्चित गरेको छ। कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई उसको स्वामित्वमा रहेको वा बसोबास गरिरहेको वासस्थानबाट हटाउन वा अतिक्रमण गर्न नहुने व्यवस्था गरिएको छ।

धारा ४० (दलितको हक) ले भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमिन उपलब्ध गराउने र आवासविहीन दलितलाई बसोबासको व्यवस्था गर्ने राज्यको दायित्व निर्धारण गरेको छ। मधेस प्रदेशका धेरै भूमिहीन तथा सुकुमवासी परिवार दलित समुदायसँग सम्बन्धित भएकाले उनीहरूको उठिबास राज्यको संवैधानिक दायित्वसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो।

धारा ३८ (महिलाको हक) अन्तर्गत महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गरिएको छ। गर्भवती र सुत्केरी महिलालाई वैकल्पिक व्यवस्थाबिना खुला आकाशमुनि बस्न बाध्य बनाइनु यस संवैधानिक व्यवस्थाको प्रतिकूल कार्य हो।

**अन्तर्राष्ट्रिय मानव अधिकार कानुन**

मानव अधिकारको विश्वव्यापी

घोषणा (UDHR) तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICESCR) ले पर्याप्त आवासको अधिकारलाई मानव अधिकारको अभिन्न अङ्गका रूपमा स्वीकार गरेका छन्। संयुक्त राष्ट्रसंघका मापदण्डअनुसार पर्याप्त पूर्वसूचना, विधिसम्मत प्रक्रिया, उचित क्षतिपूर्ति र वैकल्पिक बसोबासको सुनिश्चितताबिना गरिने निष्कासनलाई "जबरजस्ती विस्थापन" मानिन्छ, जुन अन्तर्राष्ट्रिय मानव अधिकार कानुनअनुसार गम्भीर मानव अधिकार उल्लङ्घन हो।

**भूमि सम्बन्धी ऐन र सरकारी निकायको भूमिका**

भूमि सम्बन्धी ऐन, २०२१ को आठौँ र नवौँ संशोधनले भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीलाई एक पटकका लागि जग्गा उपलब्ध गराउने तथा उनीहरूको लगत सङ्कलन र प्रमाणीकरण गर्ने कानुनी व्यवस्था गरेको छ। राष्ट्रिय भूमि आयोग गठन भई लगत सङ्कलन र प्रमाणीकरणको प्रक्रिया सञ्चालन भइरहेका बेला आयोगको कार्यप्रक्रियालाई बेवास्ता गर्दै स्थानीय तहबाट डोजर प्रयोग गरी बस्ती हटाउने कार्यले कानुनी शासन र विधिसम्मत प्रक्रियामाथि गम्भीर प्रश्न उठाएको छ।

**नागरिक समाज, अधिकारवादी संस्था र जनप्रतिनिधिहरूको प्रतिक्रिया**

**मानव अधिकारवादी संस्थाहरूको संयुक्त प्रारम्भिक प्रतिवेदन**

२०८३ जेठमा नेपाल महिला एकता समाज, नेपाल बसोबास बस्ती संरक्षण समाज तथा अन्य अधिकारवादी संस्थाहरूले संयुक्त रूपमा सार्वजनिक गरेको प्रारम्भिक प्रतिवेदनले मधेस प्रदेशसहित देशका विभिन्न भागमा भइरहेका आवास अधिकार उल्लङ्घनका घटनाप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ। प्रतिवेदनमा सार्वजनिक जग्गा संरक्षण र सौन्दर्यीकरणका नाममा गरिएका निष्कासनका कार्यले महिला, बालबालिका, सुत्केरी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई गम्भीर मनोसामाजिक, स्वास्थ्य तथा खाद्य सङ्कटमा धकेलेको उल्लेख गर्दै तत्काल यस्ता कार्य रोक्न, पीडितहरूको पुनर्स्थापना गर्न र उचित क्षतिपूर्तिको व्यवस्था गर्न माग गरिएको छ।

**राष्ट्रिय भूमि अधिकार मञ्चको ध्यानाकर्षण**

सिरहासहित मधेस प्रदेशका विभिन्न जिल्लामा स्थानीय तहहरूले भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन तथा तथ्याङ्क प्रविष्टि प्रक्रियालाई अपेक्षित रूपमा अघि नबढाएको गुनासो बढ्दो छ। यस सन्दर्भमा २०८३ असार २२ गते राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, जिल्ला समिति सिरहाले प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारलाई पाँचबुँदे ध्यानाकर्षण पत्र बुझाएको थियो। मञ्चले स्थानीय तहलाई राष्ट्रिय भूमि आयोगको कार्यलाई तीव्रता दिन, वास्तविक भूमिहीन तथा सुकुमवासीको लगत प्रमाणीकरण गर्न र भूमि अधिकार सुनिश्चित गर्न आवश्यक निर्देशन दिन माग गरेको छ।

सिरहामा विगतमा लगत सङ्कलनका क्रममा भएका अनियमितताका विषयमा प्रहरी अनुसन्धान जारी रहेको र त्यसले भूमिहीन तथा सुकुमवासी समुदायलाई थप अन्योल र सास्तीमा पारेको गुनासो पनि उठाइएको छ।

**जनप्रतिनिधिहरूको स्थलगत अनुगमन**

घटनाको संवेदनशीलतालाई दृष्टिगत गर्दै विभिन्न राजनीतिक दलका जनप्रतिनिधिहरूले सप्तरीको सकरपुरा क्षेत्रको स्थलगत अनुगमन गरेका छन्। उनीहरूले प्रचण्ड गर्मीका बीच नागरिकलाई बिचल्ली बनाउने गरी गरिएको निष्कासनलाई अमानवीय भन्दै सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्। जनप्रतिनिधिहरूले

प्रभावित परिवारको पुनर्स्थापना, राहत र दीर्घकालीन समाधानका लागि सरकारलाई आवश्यक पहल गर्न आग्रह गरेका छन्।

**समस्याको सामाजिक-आर्थिक आयाम**

भूमिहीनता र सुकुमवासी समस्या केवल कानुनी वा जग्गा अतिक्रमणको विषय मात्र होइनह यो नेपालको ऐतिहासिक, राजनीतिक र सामाजिक-आर्थिक असमानताको परिणाम हो। मधेसका धेरै दलित र भूमिहीन समुदाय पुस्तौंदेखि हरवा-चरवा तथा कृषि मजदुरका रूपमा काम गर्दै आएका छन्। उनीहरूसँग आफ्नो नाममा बसोबासका लागि आवश्यक न्यूनतम जमिनसमेत छैन।

कतिपय अवस्थामा उठिबास लगाइएका परिवारलाई १५ हजार वा २५ हजार रुपैयाँ बराबरको सीमित आर्थिक सहायता प्रदान गरेर समस्याको समाधान खोज्ने प्रयास गरिएको देखिन्छ। तर, पुस्तौंदेखिको बसोबास गुमाएका, रोजगारीबाट वञ्चित भएका र आवासविहीन बनेका नागरिकका लागि यस्तो अल्पकालीन सहयोगले दिगो समाधान दिन सक्दैन। बालबालिकाको शिक्षा अवरुद्ध हुनु, स्वास्थ्य सङ्कट निम्तिनु र सुरक्षित आश्रयको अभावले उनीहरूलाई गरिबी र बहुआयामिक वञ्चितताको अझ गहिरो चक्रमा धकेल्ने जोखिम बढाउँछ।

**अगाडिको बाटो**

नागरिकको सुरक्षित आवासको हक सुनिश्चित गर्नु राज्यको प्राथमिक दायित्व हो। मधेस प्रदेशका तिलाठी कोइलाडी र धनुषाका घटनाले विकास र सुशासनको नाममा नागरिकको मौलिक हक र मानवीय संवेदनामाथि गम्भीर असर परेको यथार्थ उजागर गरेका छन्। यस मानवीय सङ्कटको समाधानका लागि निम्न कदम तत्काल आवश्यक देखिन्छ-

**जबरजस्ती उठिबासमा तत्काल रोक** : वैकल्पिक व्यवस्था, न्यायोचित क्षतिपूर्ति र सम्मानजनक पुनर्स्थापनाको सुनिश्चितता नभएसम्म कुनै पनि सुकुमवासी वा अव्यवस्थित बस्तीमाथि जबरजस्ती निष्कासनको कार्य रोक्नुपर्छ।

**भूमि आयोगको कार्यलाई तीव्रता** : राष्ट्रिय भूमि आयोग र स्थानीय तहले वास्तविक भूमिहीन तथा सुकुमवासीको पारदर्शी लगत सङ्कलन, प्रमाणीकरण र लालपुर्जा वितरण प्रक्रियालाई शीघ्रता दिनुपर्छ।

**मानवीय राहत र स्वास्थ्य सेवा** : विस्थापित भएका गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक तथा अपा ता भएका व्यक्तिका लागि सुरक्षित आश्रय, खाद्यान्न, खानेपानी तथा नि:शुल्क स्वास्थ्य सेवाको तत्काल व्यवस्था गरिनुपर्छ। साथै, उठिबासपछि मृत्यु भएकी रतनी देवी मुखियाको परिवारलाई उचित क्षतिपूर्ति प्रदान गरी घटनाका सम्बन्धमा निष्पक्ष छानबिन गरिनुपर्छ।

**दिगो पुनर्स्थापना नीति** : सरकारले तत्काल राहत वा नगद सहायता वितरणमा मात्र सीमित नभई शिक्षा, स्वास्थ्य, रोजगारी र आधारभूत सेवासहितको एकीकृत तथा दिगो पुनर्स्थापना योजना कार्यान्वयन गर्नुपर्छ।

नागरिकलाई सडकमा पुऱ्याएर गरिने विकास वास्तविक विकास हुन सक्दैन। लोकतान्त्रिक र समाजवादउन्मुख राज्यमा नागरिकको टाउको लुकाउने ओत खोसिनु लोकतन्त्रको मर्म र संविधानको भावना विपरीत हो। तसर्थ, तीनै तहका सरकारले विधिको शासन, मानवीय संवेदनशीलता र संवैधानिक दायित्वप्रति प्रतिबद्ध रहँदै भूमिहीनता र जबरजस्ती उठिबासको समस्याको दिगो, न्यायपूर्ण र मानव अधिकारमैत्री समाधान खोज्न अब थप ढिलाइ गर्नु हुँदैन।

*(लेखक: मानव अधिकारकर्मी हुनुहुन्छ ।)*

# अधिकारविहीन मुक्त कमैया



भोला महत

२०५७ साल साउन २ गते नेपाल सरकारले कमैया प्रथाको अन्त्य भएको घोषणा गर्दा हजारौं परिवारले स्वतन्त्र र सम्मानजनक जीवनको आशा गरेका थिए। तर दुई दशकभन्दा बढी समय बितिसक्दा पनि मुक्त कमैयाहरूको मुक्ति कागजमा मात्र सीमित भएको अनुभूति हुन्छ। राज्यले उनीहरूलाई जमिन उपलब्ध गराए पनि त्यसमाथि पूर्ण स्वामित्व प्रदान नगर्दा उनीहरू अझै असुरक्षित र अनिश्चित जीवन बिताउन बाध्य छन्।

मुक्त कमैयाहरूले बसोबासका लागि जग्गा पाए पनि आजसम्म त्यसको स्वामित्व स्पष्ट छैन। लालपुर्जा वितरणको प्रक्रिया पूर्ण हुन सकेको छैन। उनीहरूले प्राप्त गरेको जमिन बेचबिखन गर्न, धितो राख्न वा उत्तराधिकारका रूपमा हस्तान्तरण गर्न पाएका छैनन्। त्यति मात्र होइन, उनीहरू बसोबास गर्ने बस्तीमा खानेपानी, शिक्षा, स्वास्थ्य, सडकलगायत आधारभूत सेवाको पहुँच पनि पर्याप्त छैन। जमिन उपलब्ध गराउनु मात्र पुन:स्थापनाको अन्तिम लक्ष्य होइनह प्राप्त जमिनमाथि सुरक्षित र पूर्ण स्वामित्व स्थापित हुनु पनि उत्तिकै आवश्यक छ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानजनक जीवन र आवासको अधिकार सुनिश्चित गरेको छ। संविधानले सामाजिक न्याय र समानताको सिद्धान्तलाई पनि उच्च महत्व दिएको छ। त्यसैगरी, नेपालले विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धिहरूमार्फत आवास, सम्पत्ति तथा सम्मानपूर्वक बाँच्न पाउने अधिकारप्रति प्रतिबद्धता जनाएको छ। यी संवैधानिक, कानुनी र अन्तर्राष्ट्रिय दायित्वका आधारमा मुक्त कमैयाको पुन:स्थापना राज्यको नैतिक तथा कानुनी जिम्मेवारी हो। त्यसैले उनीहरूको जमिनमाथिको पूर्ण स्वामित्वको अधिकारलाई बेवास्ता गर्न वा त्यसको सुनिश्चिततामा ढिलाइ गर्न मिल्दैन।

राज्यले जमिन वितरण गरेर मात्र आफ्नो दायित्व पूरा भएको ठान्न सक्दैन। जबसम्म मुक्त कमैयाहरूले प्राप्त गरेको जमिनमा पूर्ण स्वामित्व, कानुनी सुरक्षा र आर्थिक उपयोगको अधिकार प्राप्त गर्दैनन्, तबसम्म उनीहरूको पुन:स्थापना अधुरै रहन्छ।

मुक्त कमैयाको सवाल केवल जमिनको सवाल होइन। यो सामाजिक न्याय, मानव अधिकार र नागरिक अधिकारसँग प्रत्यक्ष जोडिएको विषय हो। जमिनमाथिको पूर्ण स्वामित्व, सुरक्षित बसोबास, सम्मानजनक जीविकोपार्जन तथा कानुनी संरक्षण सुनिश्चित नगरेसम्म मुक्त कमैयाहरूको वास्तविक मुक्ति सम्भव हुँदैन। त्यसैले राज्यले आफ्नो संवैधानिक तथा नैतिक दायित्व पूरा गर्दै मुक्त कमैयाको पुन:स्थापनालाई प्राथमिकताका साथ सम्पन्न गर्नुपर्छ।

पूर्ण स्वामित्व नहुँदा मुक्त

कमैयाहरूले प्राप्त गरेको जमिनमा स्थायी बसोबासको अनुभूति गर्न सकेका छैनन्। बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन आवश्यक लालपुर्जा नहुँदा उनीहरूको वित्तीय पहुँच सीमित भएको छ। फलस्वरूप कृषि, साना व्यवसाय वा अन्य आयआर्जनका गतिविधिका लागि आवश्यक पूँजी जुटाउन कठिनाइ भइरहेको छ। त्यस्तै, पूर्ण स्वामित्वको अभावमा उनीहरूले आफ्नो सम्पत्ति कानुनी रूपमा सन्तान वा परिवारका सदस्यलाई हस्तान्तरण गर्न पनि सकिरहेका छैनन्। यसले भविष्यमा स्वामित्वसम्बन्धी विवाद सिर्जना हुने जोखिम बढाएको छ।

यसबाहेक, जग्गा बेच्न, साट्न वा अन्य आर्थिक प्रयोजनमा प्रयोग गर्न कानुनी अवरोध कायम छ। आफ्नो सम्पत्तिलाई आर्थिक स्रोतका रूपमा उपयोग गर्न नसक्दा आर्थिक उन्नतिको अवसर सीमित भएको छ। सम्पत्तिको सुरक्षा सुनिश्चित नहुँदा जीविकोपार्जनका आधारहरू कमजोर बन्दै गएका छन्।

सरकारले मुक्त कमैयाहरूलाई जमिन वितरण गरेको दुई दशकभन्दा बढी समय बितिसक्दा पनि उनीहरूले प्राप्त गरेको जमिनमाथि पूर्ण स्वामित्व नहुनु नेपालको संविधानले प्रत्याभूत गरेको आवासको अधिकारसमेतको उल्लङ्घन हो। सुरक्षित र सम्मानजनक आवासको अधिकार भनेको केवल बसोबास गर्न पाउनु मात्र होइनह त्यसमा कानुनी सुरक्षा, स्वामित्व र उपयोगको अधिकार पनि समावेश हुन्छ। पूर्ण स्वामित्वबिना आवासको अधिकार व्यवहारमा अधुरो रहन्छ।

त्यसैले जमिन हुनु र जमिनमाथि पूर्ण स्वामित्व हुनु फरक विषय हुन्। मुक्त कमैयाहरूले जमिन प्राप्त गरे पनि त्यसमाथि पूर्ण स्वामित्व नपाउँदा उनीहरू आर्थिक सशक्तीकरण, सामाजिक सम्मान, कानुनी सुरक्षा तथा दिगो पुन:स्थापनाका अवसरबाट वञ्चित भइरहेका छन्। उनीहरूको वास्तविक मुक्ति सुनिश्चित गर्न राज्यले पूर्ण स्वामित्वको अधिकार यथाशीघ्र प्रदान गर्न आवश्यक छ।

यही समस्याका कारण मुक्त कमैयाहरूले लामो समयदेखि विभिन्न कठिनाइ भोग्दै आएका छन्। आफूहरूले प्राप्त गरेको जमिनको पूर्ण स्वामित्व नहुँदा उत्पन्न भएका समस्याको समाधानका लागि २०८१ साल चैत महिनामा बाँके जिल्लाका विभिन्न स्थानमा बसोबास गर्ने करिब ७५० भन्दा बढी मुक्त कमैया परिवारले न्यायको खोजी गर्दै इन्सेक लुम्बिनी प्रदेश कार्यालयमा निवेदन दिएका थिए।

इन्सेकको पहल तथा नेपालगञ्जमा सार्वजनिक सरोकारका विषयमा सक्रिय रूपमा वकालत गर्दै आएको सार्वजनिक सरोकार कानुन व्यवसायी समूहको कानुनी सहयोगमा उच्च अदालत तुल्सीपुर, नेपालगञ्ज इजलासमा रिट निवेदन दायर गरिएको छ। उक्त मुद्दा हाल विचाराधीन अवस्थामा रहेको छ।

न्यायको पर्खाइमा रहेका मुक्त कमैयाहरूको पीडाप्रति राज्य गम्भीर बन्न आवश्यक छ। उनीहरूको न्याय र अधिकार सुनिश्चित गर्न इन्सेकसहित विभिन्न सामाजिक संस्था तथा कानुन व्यवसायीहरू निरन्तर प्रयासरत छन्। अब राज्यले पनि आफ्नो संवैधानिक दायित्व पूरा गर्दै मुक्त कमैयाहरूको जमिनमाथिको पूर्ण स्वामित्व सुनिश्चित गरी उनीहरूको पुन:स्थापनालाई वास्तविक अर्थमा सम्पन्न गर्न ढिलाइ गर्नु हुँदैन।

*(लेखक इन्सेक लुम्बिनी प्रदेश संयोजक हुनुहुन्छ ।)*

# कर्णाली प्रदेशमा भूमिहीन र सुकुमवासी समस्या

### १. परिचय

भूमिहीन सुकुमवासी समस्या नेपालका विभिन्न भागमा विद्यमान भए पनि कर्णाली प्रदेशमा यसको स्वरूप केही फरक र जटिल छ। कर्णाली भौगोलिक रूपमा विकट, आर्थिक रूपमा कमजोर र ऐतिहासिक रूपमा राज्यको विकास प्रक्रियाबाट पछि परेको क्षेत्र हो। यहाँका धेरै परिवारहरू पुस्तौंदेखि जमिनको स्वामित्वविहीन अवस्थामा जीवनयापन गरिरहेका छन्। कतिपयले सरकारी, सार्वजनिक वा वन क्षेत्रको जमिनमा बसोबास गर्दै आएका छन् भने कतिपय परिवारसँग बसोबासको प्रमाण भए पनि कानुनी स्वामित्व छैन।



नारायण सुवेदी

नेपालको संविधानले प्रत्येक नागरिकलाई आवासको अधिकार सुनिश्चित गरेको छ। संविधानको धारा ३७ ले उपयुक्त आवासको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ। तर व्यवहारमा हजारौं परिवार अझै भूमिहीन, अव्यवस्थित बसोबासी वा असुरक्षित आवासको अवस्थामा रहेका छन्। कर्णाली प्रदेशका विभिन्न जिल्लामा यो समस्या अझ गम्भीर रूपमा देखिएको छ।

भूमिहीन सुकुमवासीको समस्या केवल जमिनको स्वामित्वसँग मात्र सम्बन्धित विषय होइन। यो गरिबी, सामाजिक बहिष्करण, जातीय विभेद, शिक्षा, जभबतिज (स्वास्थ्य), जीविकोपार्जन र मानव अधिकारसँग समेत जोडिएको विषय हो। त्यसैले यसको समाधान पनि समग्र र दिगो ढंगबाट खोजिन आवश्यक छ। सुकुमवासीलाई जग्गा दिँदैमा समस्या समाधान हुँदैन। सुकुमवासीको समस्या उठाउँदा हामीले उनीहरूको जीवनयापनको विषयलाई प्राथमिकता दिनुपर्छ। यो समस्या समाधानका लागि विस्तृत अध्ययन गरिनु पर्छ।

सामान्य अर्थमा आफ्नो नाममा कुनै पनि जग्गा नभएको र स्थायी बसोबास तथा जीविकोपार्जनका लागि आवश्यक भूमि नपाएको व्यक्तिलाई भूमिहीन सुकुमवासी भनिन्छ। नेपाल सरकारले भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीलाई छुट्टाछुट्टै रूपमा परिभाषित गरेको छ।

- भूमिहीन सुकुमवासी: यसले बसोबास वा खेतीयोग्य जमिन नभएका परिवारलाई जनाउँछ।
- अव्यवस्थित बसोबासी: यसले केही कतै थोरै दर्ता जग्गा जमिन भई वर्षौंदेखि ऐलेनी जग्गा जोतभोग गरी बसेको व्यक्तिलाई बुझिन्छ।

कर्णाली प्रदेशमा यी दुवै प्रकारका परिवारहरूको संख्या उल्लेखनीय छ।

विगतमा जमिनको स्वामित्व सीमित व्यक्तिहरू र शक्तिशाली परिवारहरूको हातमा केन्>त थियो। दलित, विपन्न तथा सीमान्तकृत समुदायहरूलाई भूमि स्वामित्वबाट वञ्चित गरियो। उनीहरू श्रमिक वा आश्रितको रूपमा मात्र जीवन बिताउन बाध्य भए। दलित समुदायहरू विशेष गरी भूमिहीनताको मारमा परेका छन्। परम्परागत रूपमा उनीहरूलाई जमिनको

स्वामित्व प्राप्त गर्ने अवसर कम थियो। आज पनि कर्णालीका धेरै दलित परिवार भूमिहीन अवस्थामा रहेका छन्।

आफू जन्मे हुर्केका ठाउँ र बस्तीमा बस्न रमाउन पाउनु प्रत्येक मानिसको जन्मसिद्ध अधिकार हो। बाढी तथा पहिरो, अन्य प्राकृतिक विपद्का कारण धेरै परिवारले आफ्नो जमिन गुमाएका छन्। केही परिवार सुरक्षित स्थान खोज्दै आफ्नो थातथलो छोडेर अन्यत्र बसाइँ सरेका छन् तर कानुनी रूपमा जग्गाको स्वामित्व प्राप्त गर्न सकेका छैनन्। उदाहरणका रूपमा सुर्खेत जिल्लामा २०७२ सालमा आएको बाढीलाई लिन सकिन्छ।

तथ्याङ्कीय सन्दर्भ: नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ का अनुसार कर्णालीमा सन् २०२४ मा ४ हजार ४ सय ३७ जनाले बसाइँसराई गरेका थिए। सुर्खेतको चौकुने गाउँपालिकास्थित रेक्चा गाउँमा खानेपानीको समस्याका कारण थातथलो छोडेर विस्थापित हुनेको संख्या बढ्दै गएको छ। रेक्चा गाउँमा १ सय १० घरधुरी रहेकोमा हाल ७० घरधुरी मात्र रहेका छन्।

दुर्गम भूगोलका कारण भूमि प्रशासन र नापी सेवाको पहुँच लामो समयसम्म धेरै बस्तीमा पुग्न सकेन। फलस्वरूप धेरै परिवारको बसोबास अभिलेखीकरण हुन सकेन।

कर्णाली प्रदेशका सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रुकुम पश्चिम, कालिकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पालगायत जिल्लामा भूमिहीन तथा अव्यवस्थित बसोबास गरेका परिवारहरू रहेका छन्। विशेष गरी सडक पहुँच भएका क्षेत्रहरूमा सार्वजनिक तथा वन क्षेत्र अतिक्रमण गरी बसोबास गर्ने क्रम बढेको देखिन्छ। कतिपय परिवार दशकौँ अघिदेखि बसोबास गरिरहेको भए पनि स्वामित्व प्रमाणपत्र प्राप्त गर्न सकेका छैनन्।

सुर्खेत जिल्लामा बसाइँसराइका कारण अव्यवस्थित बसोबासीको संख्या उल्लेखनीय छ। दैलेख, जाजरकोट र सल्यानका दलित तथा विपन्न समुदायहरूमा भूमिहीनताको समस्या अझै गम्भीर देखिन्छ। कर्णाली प्रदेशमा भूमिहीन सुकुमवासीको विषयमा जिल्लागत आधिकारिक तथ्याङ्क पूर्ण रूपमा सार्वजनिक भएको छैन। तथापि उपलब्ध सरकारी तथा अनुसन्धान सामग्रीका आधारमा केही महत्त्वपूर्ण तथ्य प्रस्तुत गर्न सकिन्छ:

- आयोगको आवेदन: राष्ट्रिय भूमि आयोगमा प्राप्त निवेदनका आधारमा कर्णाली प्रदेशबाट करिब ४ हजार ७ सय ९७ जना भूमिहीन सुकुमवासी सम्बन्धी आवेदन परेको उल्लेख गरिएको छ। यद्यपि यो वास्तविक संख्या नभई आयोगमा दर्ता भएका निवेदनहरूको संख्या मात्र हो।
- कुल आवेदन: अर्कोतर्फ, हालको भूमि व्यवस्थापन प्रक्रियामा कर्णाली प्रदेशबाट करिब ५८ हजार आवेदन (भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासी समेत) परेको तथ्याङ्क सार्वजनिक भएको छ।

उपलब्ध प्रतिवेदन र स्थानीय तहहरूको कार्यप्रगतिका आधारमा भूमिहीन सुकुमवासीको समस्या कर्णाली प्रदेशमा बढी देखिने जिल्लाहरू सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रुकुम पश्चिम र कालिकोट रहेका छन्। विशेष गरी सुर्खेतमा अव्यवस्थित बसोबासीको संख्या बढी छ भने दैलेख, जाजरकोट र सल्यानमा दलित समुदायको भूमिहीनता उल्लेखनीय रहेको विभिन्न अध्ययनहरूले देखाएका छन्।

दैलेखको विशिष्ट समस्या (गुठी

जग्गा): कर्णालीका अन्य जिल्लाको तुलनामा दैलेख जिल्लामा सबैभन्दा बढी गुठी जग्गाको समस्या छ। गुठीको जग्गा मन्दिरको नाममा हुने भएकाले जोतभोग गरे पनि किनबेच गर्न र बैंक कर्जा पाउन समस्या छ। दैलेखमा करिब ७० प्रतिशत व्यक्तिको जमिन गुठीको नाममा रहेको छ।

अनुसन्धान तथा सामाजिक अध्ययनहरूले कर्णालीमा निम्न समुदायहरू भूमिहीनताको उच्च जोखिममा रहेको देखाउँछ:

- दलित समुदाय (कामी, दमाई, सार्की, बादी) र भूमिहीन दलित परिवार
- अति विपन्न खस तथा जनजाति परिवार
- एकल महिला नेतृत्व भएका परिवार
- प्राकृतिक विपद्बाट विस्थापित परिवार

कर्णालीका दलित समुदायहरू ऐतिहासिक रूपमा सामाजिक, आर्थिक र राजनीतिक रूपमा बहिष्करणमा परेको अध्ययनहरूले देखाएका छन्, जसले भूमिहीनताको समस्यालाई थप गम्भीर बनाएको छ।

- ऐतिहासिक नियन्त्रण: कर्णालीमा सयौं वर्षसम्म जमिनको स्वामित्व सीमित मुखिया, जिम्वाल, ठकुरी तथा सम्पन्न परिवारहरूको नियन्त्रणमा थियो। श्रम गर्ने समुदाय, विशेष गरी दलितहरू, उत्पादन प्रक्रियामा संलग्न भए पनि भूमि स्वामित्वबाट वञ्चित थिए।
- २०२१ को भूमिसुधार ऐन: भूमिहीनको सवाल २०२१ सालको भूमिसुधारले पनि पूर्ण समाधान गरेन। नेपालमा भूमिसुधार कार्यक्रम लागू भए पनि कर्णालीको दुर्गम भूगोल, कमजोर प्रशासनिक पहुँच र स्थानीय शक्ति संरचनाका कारण अपेक्षित सुधार हुन सकेन। धेरै परिवार पुस्तौंदेहकि भूमिविहीन नै रहे।
- २०४०-२०६० को दशक: यस समयपछि भूमिहीनको समस्या थप बढ्यो। जनसंख्या वृद्धि, परिवार विभाजन, साना जोत, गरिबी, पहिरो तथा बाढी र बसाइँसराइ जस्ता कारणले भूमिहीनता र अव्यवस्थित बसोबास बढ्दै गयो।
- सशस्त्र द्वन्द्व र विस्थापन: नेकपा माओवादीले सञ्चालन गरेको २०५२-२०६३ को सशस्त्र द्वन्द्व, प्राकृतिक विपद् र सडक विस्तारसँगै धेरै परिवार विस्थापित भए। कतिपयले सार्वजनिक वा वन क्षेत्र आसपास बसोबास गर्न थाले।

गरिबी: गरिबी भूमिहीनताको प्रमुख कारण हो। आर्थिक स्रोत नभएका परिवारहरूले जमिन खरिद गर्न सक्दैनन्।

जमिनको खण्डीकरण: जनसंख्या वृद्धि र परिवार विभाजनसँगै उपलब्ध जमिन टुक्रिँदै गएको छ। धेरै परिवारहरू सानो क्षेत्रफलको जमिनमा निर्भर छन् वा भूमिहीन बन्न पुगेका छन्।

कमजोर भूमि व्यवस्थापन: भूमि अभिलेख, नापी तथा दर्ता प्रणालीको कमजोरीले धेरै नागरिक कानुनी स्वामित्वबाट वञ्चित भएका छन्।

सामाजिक बहिष्करण: दलित, एकल महिला, अपा ता भएका व्यक्ति र सीमान्तकृत समुदायहरू भूमि अधिकार प्राप्त गर्ने प्रक्रियामा पछाडि परेका छन्।

प्राकृतिक विपद्: बाढी, पहिरो, भूकम्प, भूक्षय र जलवायु परिवर्तनले धेरै परिवारलाई विस्थापित बनाएको छ।

यसैगरी समाजमा विद्यमान जातीय विभेद, असमान भूमि वितरण, कमजोर भूमि

प्रशासन, रोजगारीको अभाव र भूमि सुधारको अपूर्ण कार्यान्वयन यसका प्रमुख कारणहरू हुन्।

भूमि र आवासको अधिकार मानव अधिकारको महत्त्वपूर्ण पक्ष हो। आवासको अधिकार केवल घर निर्माण गर्ने ठाउँ मात्र होइन, सम्मानपूर्वक बाँच्न सक्ने वातावरणसँग सम्बन्धित छ। भूमिहीनता मानव अधिकारका विभिन्न आयामसँग जोडिएको छ, जस्तैः आवासको अधिकार, खाद्य अधिकार, रोजगारीको अधिकार, शिक्षाको अधिकार र सामाजिक सुरक्षाको अधिकार। कर्णालीमा भूमिहीन सुकुमवासीको समस्या समाधान गर्नु मानव अधिकारको संरक्षण र सामाजिक न्यायको सुनिश्चिततासँग प्रत्यक्ष रूपमा सम्बन्धित छ।

नेपाल सरकारले विभिन्न समयमा भूमिसम्बन्धी आयोगहरू गठन गर्दै आएको छ। भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको लगत संकलन तथा जग्गा वितरणको जिम्मेवारी राष्ट्रिय भूमि आयोगलाई दिइएको छ। स्थानीय तहहरूले तथ्याङ्क संकलन, प्रमाणीकरण र सिफारिसको कार्य गरिरहेका छन्। भूमि व्यवस्थापनलाई व्यवस्थित गर्न विभिन्न नीति तथा कानुनी व्यवस्था गरिएका छन्।

स्थानीय सरकार भूमिहीन सुकुमवासी समस्या समाधानको प्रमुख तह हो। स्थानीय तहले वास्तविक तथ्याङ्क संकलन गर्ने, जग्गाको अवस्था पहिचान गर्ने, विवाद समाधान गर्ने, एकीकृत बस्ती विकास योजना बनाउने र जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्य गर्न सक्छन्।

मानव अधिकारका क्षेत्रमा कार्यरत संस्था, नागरिक समाज तथा सङ्घ संस्थाहरूले भूमिहीन सुकुमवासीको अधिकार सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्। नागरिक समाजले भूमिहीनताको अवस्था सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न सक्छन्। यसैगरी अधिकारमुखी पैरवी र वकालत, स्थानीय सरकार र समुदायबिच समन्वय, मानव अधिकार उल्लरनका घटनाको अनुगमन, कानुनी सचेतना कार्यक्रम, नीति सुधारका लागि सिफारिस र दलित, महिला र सीमान्तकृत समुदायको आवाज उठाउने लगायतका कार्य पनि नागरिक समाजले गर्न सक्छन्।

भूमिहीन, सुकुमवासी तथा अव्यवस्थित बसोबासीमाथि भइरहेको जबरजस्ती उठीबास, बेदखली तथा मानव अधिकार उल्लङ्घनका घटनाप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै सरकारलाई तत्काल हस्तक्षेप रोक्न कर्णाली प्रदेशस्थित नागरिक समाज संस्थाहरूले आग्रह गरेका थिए। इन्सेक, राष्ट्रिय भूमि अधिकार मञ्च लगायतका १५ संस्थाहरूले २०८३ वैशाख २३ गते सुर्खेतका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई बुझाएको ध्यानाकर्षण पत्रमा काठमाडौँ उपत्यका लगायतका स्थानमा पछिल्लो समय भइरहेका उठीबास, धरपकड र मानसिक त्रासका घटनाले नागरिकको सुरक्षित आवासको अधिकारमा गम्भीर असर परेको भन्दै वैकल्पिक व्यवस्था, पर्याप्त सूचना र कानुनी प्रक्रिया बिना नै सयौँ परिवारलाई विस्थापित गरिएको जनाएका थिए। यस कार्यले दलित, सुकुमवासी, आदिवासी जनजाति तथा अन्य सीमान्तकृत समुदाय पीडित भएको र यसले सामाजिक न्याय र समावेशी विकासको मूल मान्यतामाथि नै प्रश्न उठाएको नागरिक समाज संस्थाहरूको ठहर थियो।

देशका विभिन्न भागमा बसोबास गर्दै आएका भूमिहीन सुकुमवासीहरूको

बस्तीमा सरकारी निकायले डोजर प्रयोग गरी घरटहरा हटाउन थालेपछि कर्णाली प्रदेशका भूमिहीन सुकुमवासीहरूमा समेत डरत्रास र अन्योल बढेको थियो। बासस्थानको वैकल्पिक व्यवस्था नगरी बस्ती हटाउने कार्यको देशभरबाट व्यापक विरोध भएको थियो। इन्सेक लगायतका मानव अधिकार सङ्घ संस्था, नागरिक समाज तथा प्रभावित समुदायहरूले उक्त कदमले आवासको अधिकारमाथि आघात पुगेको भन्दै विरोध जनाएका थिए।

यसै क्रममा उक्त विषय न्यायिक निरूपणका लागि सर्वोच्च अदालतसम्म पुगेको थियो। २०८३ वैशाख २६ गते सर्वोच्च अदालतले भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई कानुनी प्रक्रिया पूरा नगरी जबरजस्ती हटाउन वा विस्थापित नगर्न अन्तरिम आदेश जारी गरेको थियो। उक्त आदेशपछि कर्णालीसहित देशभरका भूमिहीन सुकुमवासी समुदायमा राहत र आशाको सञ्चार भएको थियो। अदालतको आदेशले उनीहरूलाई तत्काल विस्थापनको जोखिमबाट केही हदसम्म सुरक्षित महसुस गराएको थियो भने भूमिहीन सुकुमवासी समस्याको दीर्घकालीन र न्यायोचित समाधानप्रति पनि अपेक्षा बढाएको थियो।


कर्णाली प्रदेशमा भूमिहीन सुकुमवासी समस्या केवल भूमि स्वामित्वको प्रश्न होइन, यो सामाजिक न्याय, गरिबी न्यूनीकरण, मानव अधिकार र समावेशी विकाससँग जोडिएको जटिल विषय हो। ऐतिहासिक विभेद, गरिबी, कमजोर भूमि प्रशासन, प्राकृतिक विपद् र सामाजिक बहिष्करणका कारण हजारौँ परिवार अझै भूमिहीन वा अव्यवस्थित बसोबासीको अवस्थामा छन्। कर्णालीमा भूमिहीन सुकुमवासीको समस्या मुख्यत: दलित समुदाय, विपन्न किसान र विस्थापित परिवारसँग सम्बन्धित छ। यसको जरा ऐतिहासिक भूमि असमानता, जातीय विभेद र गरिबीमा रहेको छ। त्यसैले समाधान केवल लालपुर्जा वितरणमा सीमित नभई सामाजिक न्याय, जीविकोपार्जन, सुरक्षित आवास र समावेशी विकाससँग जोडिनुपर्छ।

संविधानले सुनिश्चित गरेको आवासको अधिकार व्यवहारमा कार्यान्वयन गर्न राज्य, प्रदेश सरकार, स्थानीय तह, नागरिक समाज तथा समुदायबिच प्रभावकारी सहकार्य आवश्यक छ। भूमिहीन सुकुमवासीलाई केवल जग्गा वितरण गरेर मात्र समस्या समाधान हुँदैन। सुरक्षित आवास, आधारभूत सेवा, जीविकोपार्जनका अवसर र सामाजिक सम्मान सुनिश्चित गरिनुपर्छ।

कर्णालीको समृद्धि र सामाजिक न्यायको यात्रामा भूमिहीन सुकुमवासीको समस्या समाधान एक महत्त्वपूर्ण आधार हो। वास्तविक भूमिहीन नागरिकले भूमि अधिकार प्राप्त गरी सम्मानपूर्वक जीवनयापन गर्न सके मात्र संविधानले परिकल्पना गरेको समतामूलक समाज निर्माणको लक्ष्य सार्थक हुनेछ।

*(लेखक: इन्सेक कर्णाली प्रदेश संयोजक हुनुहुन्छ ।)*

# प्रकाशको सम्झनामा



नेपालको मानव अधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेको दुःखद् निधन भएको ३४ वर्ष बितेको छ। भारतको सर्वोच्च अदालतका भूतपूर्व प्रधान न्यायाधीश पी. एन. भगवतीको अध्यक्षतामा गठित साउथ एशियन टास्क फोर्स अन जुडिसियरी फर ह्युम्यान राइट्सको श्रीलंकामा भएको बैठकमा भाग लिएर ०४९ साउन १६ गते स्वदेश फर्किंदा उहाँ चढ्नुभएको थाई एयरलाइन्सको विमान नुवाकोटको घोप्टे भीरमा दुर्घटनाग्रस्त हुन पुगी उहाँको दुःखद् निधन भएको थियो।

# ३४ औं प्रकाश मानव अधिकार पुरस्कार रुद्रबहादुर खड्कालाई

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा इन्सेकका संस्थापक महासचिव अथक मानव अधिकार योद्धा प्रकाश काफ्लेको स्मृतिमा स्थापना गरिएको "प्रकाश मानव अधिकार पुरस्कार" यस वर्ष मानव अधिकारकर्मी रुद्रबहादुर खड्कालाई प्रदान गरिने निर्णय गरिएको छ। इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलको संयोजकत्वमा गठित प्रकाश मानव अधिकार पुरस्कार छनोट समितिले सो निर्णय गरेको हो। समितिमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य डा. लिली थापा र अधिकारकर्मी दुर्गा सोव सदस्य हुनुहुन्थ्यो।

सिन्धुली जिल्ला भीमान निवासी खड्का विगत २५ वर्षदेखि मानव अधिकार तथा सामाजिक न्यायका क्षेत्रमा क्रियाशील हुनुहुन्छ। यस वर्ष पुरस्कारका लागि सार्वजनिकरूपमा आह्वान गरिएअनुसार प्राप्त ५० जना योग्य मनोनयनहरूमध्येबाट एकजनाको छनोट गर्नु चुनौतीपूर्ण कार्य थियो। तर, निष्कलङ्क र नि:स्वार्थ भावनाबाट प्रेरित, मानवअधिकार संरक्षणमा अनवरत संघर्षरत खड्काको योगदानलाई सम्मान गर्नु आजको आवश्यकता हो भन्ने ठहर पुरस्कार छनौट समितिले गरेको छ। प्रतिकूल परिस्थितिहरूको बेवास्ता गर्दै, निर्भीकताका साथ उहाँले बढाउनु भएको अभियानले मानव अधिकारकर्मीहरूलाई थप प्रेरणा प्रदान गरेको छ।



मानव अधिकारका क्षेत्रमा सम्झौतारहित सङ्घर्ष गर्दै आउनु भएका खड्काको कार्यले जनचेतना अभिवृद्धिमा उल्लेख्य कार्य गरेको छ। इन्सेक उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै उहाँको अभियानको सफलताको शुभकामना व्यक्त गर्दछ। २०८३ साउन १६ गते काठमाडौंमा आयोजना हुने ३४ औं प्रकाश स्मृति दिवसको अवसरमा पुरस्कृत व्यक्तित्व खड्कालाई नगद ५० हजार रुपियाँ सहित सम्मानपत्र र इन्सेकको प्रतीक चिन्ह प्रदान गरिनेछ।

# नागरिकलाई आवासको अधिकार दिनु राज्यको दायित्व हो

**सुशील प्याकुरेल इन्सेकका संस्थापक अध्यक्ष तथा राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्त हुनुहुन्छ। उहाँले पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको मानव अधिकार तथा राजनीतिक विज्ञको भूमिका समेत निर्वाह गर्नुभएको थियो। श्री प्याकुरेलसँग भूमिहीनताको समस्याको विगत, वर्तमान र भविष्यका सम्बन्धमा इन्सेककर्मी बरुण बस्यालले गर्नुभएको कुराकानी प्राचीको यस अंकमा प्रस्तुत गरेका छौँ।**



**कमैया प्रथा कानुनी रूपमा त हट्यो। तर, श्रमजीवी जनताले अहिले पनि न्यूनतम पारिश्रमिक नपाएको, उनीहरूको सुरक्षा र अतिरिक्त समय बापतको रकम रोजगारदाताबाट नपाउने समस्या अझै छ। यसलाई हामीले कमैया वा दास प्रथाकै उपज भन्न मिल्छ कि मिल्दैन?**

एकदम मिल्छ। कमैया, हलि, हरवा, चरवा यी सबै कामसँग जोडेर दिइएका फरक-फरक नामहरू मात्र हुन्। तर, वास्तविक रूपमा त्यो प्रथा भनेको दास प्रथा नै हो। वि.स. २०२१-२०२२ सालतिर देशमा भूमि सुधार र नापी आयोगको स्थापना भयो। विपन्न नागरिकहरूको आफ्नै स्वामित्वको जग्गा जमिन थिएन। उनीहरू बसोबास गरेको भूमिलाई या तो सरकारी जग्गा ( ऐलानी) भनिन्थ्यो, वा उनीहरू कुनै ठूला भूमिपतिको जग्गामा बसोबास गर्दथे। हाम्रै घरको छेउमा एउटा पोखरी थियो। त्यो पोखरी वरिपरि बसेका घरपरिवारलाई भूमी नभएकै कारण समाजले तथाकथित 'तल्लो जात' भनेर विभेद गर्ने गर्दथ्यो। त्यतिबेला नम्बरी जग्गा भूमिपतिको र ऐलानी जग्गा सरकारको नाममा हो भनियो। ती नागरिकहरूको निर्मम उठीबास मैले आफ्नै आँखाले प्रत्यक्ष रूपमा देखेको छु। हामीले कतैबाट स्रोत जुटाएर १७ हजार व्यक्तिहरूसँग अन्तर्वार्ता गर्‍यौं र नेपालमै पहिलो पटक "कमैया व्यवस्था भित्र बाधा मजदुर" नामक रिपोर्ट सार्वजनिक गर्‍यौं। त्यसपछि सर्वोच्च अदालतमा मुद्दा दर्ता गरियो। हामीले त्यो मुद्दा हार्‍यौं। तत्कालीन समयका न्यायाधीशहरूले पनि राणा प्रधानमन्त्रीले दास विमोचन गरिसकेको छ, यो दास प्रथा होइन भन्नेहरूको आवाज मात्र सुन्नु भयो। तत्कालिन न्यायाधीशहरू आफैं

ठूला भूमिपति थिए र पश्चिम नेपालका नेताहरूले समेत आफ्ना घरमा कमैया राख्ने गर्दथे।

**हरवा, चरवा, हलिया र कमैयामा के फरक छ? के उनीहरूका मुद्दाहरू फरक–फरक हुन्?**

कमैयाहरूको परिवारहरूको पेशा मुख्य रूपमा मालिकले अराएसरह काम गर्ने हुन्थ्यो। जसमा पुरुषको काम मुख्यतया हलो जोत्ने हुन्छ, उनीहरू हरूवा पनि हुन्छन्। छोराछोरीको काम गाईवस्तु चराउने भएकाले उनीहरू चरवा हुन्छन्। महिलाहरूको काम कमलरीका रूपमा घरायसी काम गर्ने हुन्थ्यो।

अबल राख्ने जुन चलन छ, हरवाको काम चाहिँ मौसमी बाली अनुसार हुन्छ। उनीहरूलाई वार्षिक रूपमा केही अन्न दिएर काम गराइन्छ र करिब ६ महिना हरवाको काम हुने गर्दथ्यो। चरवालाई पनि सीमित खाद्य बाली दिएर काममा लगाइन्थ्यो। कमैयाको तुलनामा हरवा र चरवा अलिकति भए पनि स्वतन्त्र हुन्छन्। चरवाहरूले गाईवस्तु चराएर आएपछि स्याउला ल्याउने र गाईवस्तुलाई खान दिने जस्ता काम गर्नुपर्दथ्यो।

कमैया प्रथामा बस्नका लागि सानो बुकुरो (मालिकले दिने सानो घर) दिने र खान दिने कार्यबापत कुनै व्यक्ति वा सिंगो परिवारलाई अन्यत्र कतै काम गर्न जान नपाउने गरी बाँधिन्थ्यो। यसरी उनीहरूको श्रमलाई बाध्यकारी बनाइन्थ्यो। समग्रमा दासत्व र बाँधा श्रम सबैभन्दा बढी कमैया प्रथामा देखिन्थ्यो। हरवा प्रथामा उसको परिवारले नै बाध्यकारी रूपमा बाँधा श्रम नगरे पनि हुन्थ्यो भने कमैयामा चाहिँ अनिवार्य रूपमा सिंगो परिवारलाई नै काममा लगाइने कठोर बाध्यता थियो।

**काठमाडौँको सुकुमवासी बस्तीको समस्यालाई तपाईँ कसरी हेर्नुहुन्छ?**

अहिलेको बागमती नदी छेउछाउको समस्या विगतकै त्यसै ऐतिहासिक समस्याको आधुनिक रूप मात्र हो। अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत समितिले वि.स. २०८३ असार २ गतेसम्म गरेको तथ्याङ्कमा २ हजार ६ सय ६ घरधुरी र १ हजार १ सय ६ जना व्यक्तिले सुकुमवासीको सूचीमा नाम दर्ता गराएका छन्। नेपाल सरकारले २०८३ वैशाख १० गते बागमती नदी र यस आसपासका क्षेत्रमा अनधिकृत रूपमा बसोबास गरी बनाइएका संरचनाहरू हटाइने भनी सूचना सार्वजनिक गऱ्यो। त्यसपछि थापाथली, बल्खु, मनहरी, गैरीगाउँ, शान्तिनगर लगायतका क्षेत्रका तीनवटा विद्यालयसहितका संरचनाहरू भत्काइयो। यसरी २५ वर्षदेखि ५३ वर्षसम्म देखि बसिरहेका ३ हजार ५ सय घरहरूको उठीबास लगाइयो।

यो बलपूर्वक गरिएको उठीबास हो कि होइन भन्ने प्रश्न उठ्न सक्छ। तर, यो के हो भन्दा पनि यो किन भयो भन्ने कुरा बुझ्न आवश्यक छ। अहिलेका स्थानीय नेतृत्व तहका कतिपय नेतृत्वकर्ताहरूको पुर्ख्यौली घर मधेश वा सिरहातिर छ। उनीहरूका बुबाआमाले त्यहाँ कति जग्गा किनेर जोड्नुभयो? के हामीसँग यसको कुनै अभिलेख छ र ? वि.स. २०२१ सालभन्दा अगाडि मानिसहरूका बिर्तावारहरू र जिमदारहरूले "यति जग्गा तिम्रो भयो, यति मालपोत देऊ र यहाँ बस" भनेर मान्छेहरूलाई राखेका होइनन् र?

त्यहाँ के भयो भने, ठूला जातका मानिसहरूले जग्गा कब्जा गरे, साना जातले जग्गा नै पाएनन्। दलितहरू भूमिहीन हुनुको कारण यही हो। आर्थिक रूपमा सम्पन्न भएमा यहाँ कोही पनि दलित हुँदैन। अहिलेका मन्त्रीहरूका बाजे बराजुहरूले जग्गा कहाँबाट किनेका थिए ? अहिलेका अधिकांश भूमिपतिहरूको जग्गा के सबै उनीहरू

आफैँले कमाएर किनेका हुन् र ?

भूमि सबैको बराबर हुन्छ। भूमिको न्यायोचित वितरण नहुँदा नै यो समस्या आएको हो। हाम्रो मानव सभ्यता त नदी किनारकै सभ्यता हो। सिन्धुघाँटीको सभ्यता के हो ? मानिसहरू काठमाडौँको त्यो गनाउने र दुर्गन्धित ठाउँमा आएर किन बस्न बाध्य भए ? यसको जवाफदेही को हो ? भन्ने कुराको विश्लेषण राज्यले अहिलेसम्म किन गरेन ? फेरि नदीको सभ्यता भन्दैमा अहिलेको बागमतीको पानी पिउने कल्पना पनि गर्न सकिँदैन।

यहाँ मुख्य गल्ती कहाँ भयो भने, वास्तविक सुकुमवासी र बठ्याइँ गरेर जग्गा ओगट्नेहरूका बीचमा सरकारले समान व्यवहार गऱ्यो। उनीहरू दुवैलाई एउटै नजरले हेर्नु कदापि ठिक होइन। सुकुमवासी बस्तीमा बनेका ती चार तले भवन र ठूला संरचनाहरू आफैँ जादुले बनेका होइनन्। राज्यका निकायहरूको प्रत्यक्ष मिलेमतो वा चरम बेवास्ताका कारण ती संरचनाहरू बनेका हुन्। त्यहाँ बिजुली, खानेपानी, विद्यालय र पसलहरू किन र कसरी बन्न दिइयो ? यी सम्पूर्ण विषयले सुकुमवासी समस्या अहिलेसम्म समाधान नहुनुका कारणहरू स्पष्ट देखाउँछन्।

मानिस आवासविहीन भएपछि उसले आफ्नो खानेकुरा र जीविकाको व्यवस्था कसरी गर्न सक्छ र? पहिले जस्तै राज्यको भूमिलाई राजाको सम्पत्ति सोच्ने जुन पुरानो प्रचलन थियो, त्यसकै निरन्तरता स्वरूप अहिले पनि भूमि कुनै एक व्यक्ति (जस्तै प्रधानमन्त्री वा मेयर) को निजी सम्पत्ति हो भन्ने मानसिकता राख्नु अत्यन्तै गलत हो। कुन भूमिलाई के गर्ने भन्ने गुरुयोजना सरकारले बनाउनु ठीक हो। तर, त्यहाँ वर्षौंदेखि बसिरहेका मानिसहरूको जीवनशैली र जीविकालाई नहेरी, उनीहरूको शिक्षा, जभबतिज, खाद्य, आवास र रोजगारी जस्ता आधारभूत अधिकारलाई बेवास्ता गरेर संरचना भत्काउनु मानव अधिकारको उल्लंघन हो।

उनीहरूलाई बलपूर्वक होल्डिङ सेन्टरमा पठाएपछि त्यहाँ खाने-बस्ने व्यवस्था के भयो, कस्तो भयो? आजको आधुनिक विश्वमा राज्यले नागरिकलाई आवास र श्रमको अधिकार पनि दिन्न भन्न कदापि मिल्दैन। शासकहरूले कहिलेकाहीँ यस्तै स्वेच्छाचारी काम गर्छन्।

**काठमाडौँको भूमिहीनताको समस्या र राज्यका अन्य स्थानको सोही समस्याका बीचमा के भिन्नता छ ?**

काठमाडौँ र बाहिरको भूमिहीनताको समस्यामा केही पनि फरक छैन, मैले त दुवैलाई एउटै रूपमा देखिरहेको छु– यो केवल सरकारको दीर्घकालीन नीतिहीनताको उपज हो।

सङ्घीयता आएपछि पनि यो समस्या समाधानको बाटोतर्फ पटक्कै गएको छैन। किनभने हालसम्म कुनै पनि स्थानीय तहले "मेरो क्षेत्रमा यति जना मुसहर जनता छन्, यति सीमान्तकृत छन् वा यति दलित छन्, म उनीहरूको आवासको व्यवस्था यसरी गर्छु र भरणपोषणको सामूहिक योजना यसरी बनाउँछु" भनेर ठोस कदम चालेको देखिँदैन। स्थानीय तहकै अधिकार क्षेत्रमा भूमि वा जमिन रहेता पनि उनीहरूले सामूहिक खेतीको योजना बनाएर अघि बढेको कतै देखिँदैन। न त सामूहिक खेतीका लागि गरिब किसानलाई मल, खाद, बीउबिजन वा जमिनको व्यवस्था स्थानीय सरकारले गरेको छ। देशमा करिब १३-१४ प्रतिशत जनसंख्या रहेको दलित समुदायमध्ये अधिकांश नागरिकहरू भूमिहीन छन्, उनीहरूले भूमि कहिले पाउने? यो नै आजको मूल सवाल हो।

# इन्सेकका केही प्रकाशनहरू



जि.प्र.का. द. नं. २१/०४९/५०

# www.inseconline.org

# नेपालको पहिलो
# मानव अधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

**मानव अधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानव अधिकार स्थितिको जानकारी लिनुहोस् ।**

/inseconline /inseconline /INSECnepal